मधुपर्क

२०६६ कार्त्तिक

महाकवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी विशेषाङ्क

प्रकाशकीय

देवकोटा शतवार्षिकी र अपेक्षा

महाकवि लक्ष्मीप्रसाद देवकोटा जन्म शताव्दीको हामी लगभग अन्तिम समयमा आइपुगेका छौँ। एउटा युगमा बिरलै जन्मने देवकोटाजस्ता महान् प्रतिभाको जन्म शताव्दी जुन उत्साह र उल्लासपूर्वक मनाइनु पर्ने हो, त्यो देख्न पाइएन। यो गएको एक वर्ष महाकवि देवकोटा, नेपाली साहित्य र संस्कृतिको सन्दर्भमा जे जति चर्चा–परिचर्चा र कार्यक्रमहरूको अपेक्षा गरिएको थियो, त्यसको अलिकति पनि आभाष हुन सकेन। यसलाई नेपाली संस्कृतिकै विडम्बना मान्नुपर्छ।

नेपालीहरूले आशा गरेका थिए– यो वर्षभित्र महाकवि देवकोटाका कर्मघर स्मृति सङ्ग्रहालयमा परिणत भएको शुभ समाचार सुन्न पाइने छ। भग्नै भए पनि सम्भवतः अझै अस्तित्वमा रहेको देवकोटाको कर्मघरलाई देवकोटा स्मारक र सङ्ग्रहालयको रूपमा विकसित गर्न परिवारजन–लगायत राज्यले पनि चासो देखाउने छ। महाकविका कृतिहरूको लेखकस्वबाट पुरस्कार कोषको स्थापनामा स्वजनहरूको अग्रसरता रहने छ। त्यस अग्रसरतालाई सघाउन महाकविलाई माया गर्ने, आदर गर्ने नेपालीका सहयोगी हातहरू लामबद्ध हुनेछन्। यो हाम्रो विश्वास थियो। यो विश्वास देवकोटाको सम्मानस्मृतिमा हामीले प्रकाशित गरेका अघिल्लो अङ्कमा पनि हामीले प्रकट गरेका थियौँ। हामीले आशा गरेका थियौँ– सके त्रिभुवन विश्वविद्यालय, नसके पनि देवकोटाको एउटा महत्वपूर्ण साहित्यिक कालखण्ड बिताएका साहित्य सदनस्थित त्रिचन्द्र कलेजले देवकोटाको नाउँमा सम्मानित हुने सौभाग्य पाउने छ। प्रज्ञा प्रतिष्ठानका पुरस्कारले देवकोटाको नाउँ ग्रहण गरेर सार्थकता प्राप्त गर्ने छन्। धेरैले सोचेका थिए, नेपाल प्रज्ञा–प्रतिष्ठानका तर्फबाट वर्षभर विभिन्न कार्यक्रम गरिने छन्, सांस्कृतिक संस्थानले देवकोटाका कृतिहरूलाई भव्यतापूर्वक रङ्गमञ्चमा उतारेर देवकोटालाई सम्झने मात्र नभई रङ्गमञ्चको समेत विकासमा योगदान गर्ने छ। तर यी सबै मात्र आशा र अपेक्षामा सीमित रहन पुगे। सरकारले केही संस्थालाई संस्कृति मन्त्रालय मार्फत केही बजेट विनियोजन गरेर आफ्नो कर्तव्य पूरा भएको ठान्यो त्यो बजेट पाउने संस्थाहरूले केही औपचाकि कार्यक्रम गरेर बजेटको सदुपयोग गरे सायद् !

यस पृष्ठभूमिमा हामीले यो विशेषाङ्कका माध्यमबाट महाकविको सानो सम्मान गर्ने प्रयास गरेका छौँ। युगीन प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई सम्झनु पर्छ भन्ने हाम्रो ठम्याइको एउटा कृयात्मक प्रयोग मात्र हो यो। यस्तै ठम्याइको परिणाम थियो जन्म शताब्दीको सुरु महिनामा प्रकाशित मधुपर्ककै 'महाकवि देवकोटा विशेष अङ्क– कात्तिक २०६५'। त्यसकै अर्को शृङ्खलाका रूपमा प्रस्तुत 'महाकवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी विशेषाङ्क– २०६६' यहाँहरूको हातमा आएको छ। गोरखापत्र संस्थानले आफ्नो दायित्वबोध गरेर गरेको महाकवि देवकोटालाई सम्झने सानो प्रयास मात्र हो यो। नेपाली साहित्यका महान् प्रतिभा महाकवि देवकोटाप्रति समर्पित मधुपर्कको यो विशेष अङ्क तयारी क्रममा योगदान गर्नुहुने विद्वान् लेखक, साहित्यकार तथा सम्पादन, उत्पादन, वितरण आदिमा संलग्न सबै साथीहरूलाई धन्यवाद भन्नु प्रकाशकको दृष्टिले हामी हाम्रो कर्तव्य ठान्दछौँ ।

।। पत्र-पत्रांश ।।

पाठकका आँखामा भदौ अङ्क

मधुपर्कको हास्यव्यङ्ग्य विशेष भदौ अङ्क चाँडै रसास्वादन गर्न पाइयो। सम्पादकीयमा भनेझैं हामीले इतिहासको खुलेर सम्मान गर्नैपर्छ। प्रमोद प्रधानको आवरण लेखले अहिलेसम्म नेपाली हास्यव्यङ्ग्य निबन्धमा कलम चलाएर महत्त्वपूर्ण योगदान दिएका हस्ती स्रष्टाहरूप्रति सम्मान दर्शाएको अनुभूति भयो। चूडामणि खनाल र धनराज गिरीको हास्यव्यङ्ग्यले गम्भीरतामा डुबेको मेरो मनलाई हाँस्न बाध्य बनायो। विष्णु प्रभात र जयदेव गौतमको निबन्ध एकदमै उत्कृष्ट पाएँ। कवितामा रीता खत्री, रामगोपाल आशुतोष, वन्धुविक्रम क्षेत्री र कृष्णविनोद लम्साल जमेका छन्। यसपटक कथा र लघुकथाको ढुकुटीमा भारी वृद्धि भएको पाएँ। कथामा डा. लक्ष्मणप्रसाद गौतम, सोम सानु र डा. सुमनराज ताम्राकारलाई मन लगाएर पढेँ। आँकुरामा समेत पठनीय रचना समावेश गरेकोमा मधुपर्क परिवारलाई धन्यवाद।

-सिजन 'नयन' श्रेष्ठ
प्र.स. 'चम्किला ताराहरू' वाना-१, पाँचघरेगाउँ, संखुवासभा

✡✡✡

शरतऋतुको आगमनसँगै भदौ अङ्क हास्यव्यङ्ग्य विशेष हात लाग्यो। हास्यव्यङ्ग्यको क्षेत्रमा ख्यातिप्राप्त हास्यव्यङ्ग्यकारको तस्बिरसहितको चर्चा-परिचर्चा दिएर लेख पस्किँदा सह्राहनीय लाग्यो। गजलहरू थोरै पस्के पनि मीठा र रसिला छन्। प्रकट पंगेनी शिवको छोटो परिचय दिँदा आफैले भेटेजस्तो अनुभूति भयो। गजलतर्फ बामे सर्न सिकाउने प्रेरणाका स्रोत मेरा लागि उहाँ नै हुनुहुन्छ। गीत, कविताहरू नराम्रा छैनन्। कथाहरू समय सान्दर्भिक देखिए। मधुपर्कलाई अझै समय सान्दर्भिक र साहित्यप्रेमीमुखी बनाउन मोफसलका स्रष्टालाई पनि मौका दिनुपर्‍यो।

-वसन्त अधिकारी 'अधीर'
श्री घलेउत्तर कन्या मा.वि., वगुम,, लमजुङ

✡✡✡

प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार (२०६१)बाट सम्मानित गरिमामय पत्रिकामा 'फजल' लाई 'गजल' भनेर प्रकाशित गरिएकोमा साह्रै दुःख लाग्यो। वर्तमान समयमा गजल विधा सबैभन्दा लोकप्रिय र चर्चित विधा बनेको छ तर यसरी फजल (काफियारहित रचना) लाई गजल भनेर प्रकाशित गर्दा एकातिर गजल शब्दको अवमूल्यन हुने अर्कोतिर 'मधुपर्क' पनि आलोचनाको पात्र हुने र सम्पादक मण्डलको कार्यकुशलतामाथि शङ्का उत्पन्न हुन सक्ने भएकाले आगामी अङ्कहरूमा यस्तो त्रुटि नहोस्।

-दीपेन्द्र चन्द 'दीप'
बी.एड दोस्रो वर्ष, ज.ब. क्याम्पस, बैतडी

✡✡✡

मधुपर्क मेरो असाध्यै मन पर्ने पत्रिका हो। यो बिसुद्ध साहित्यिक पत्रिका भएकोले यसको लोकप्रियता दिन प्रतिदिन चुलिँदै गएको छ। साहित्यमा रुचि राख्ने लाखौं पाठकको ढुकढुकी बन्न सफल छ मधुपर्क। मजस्ता सिकारुको निम्ति मधुपर्क कोशेढुङ्गा नै हो। साहित्य सर्जकहरूका लेख, रचना, समीक्षा, समालोचना, जानकारीमूलक खुराक, विश्लेषण यस पत्रिकाका वास्तविक गहना हुन्। 'मधुपर्क' गुरु नै हो भन्ने मलाई लाग्दछ। नेपाली साहित्यिक आकाशलाई अझ बढी प्रकाशमय बनाउन, अझ बढी सुन्दर र सौम्य बनाउन मधुपर्क सफल रहोस्। आवाजविहीन प्रतिभाहरूको आवाज बन्न सकोस् मधुपर्क।

जेलको अन्धकार कोठाभित्र जिउँदै लाश भएर बाँच्नु पर्दाको पीडालाई भुल्ने एउटा अचुक औषधि बनेको छ - मधुपर्क मेरो निम्ति।

-मेखबहादुर मोक्तान (कैदी)
कारागार शाखा, डिल्लीबजार,काठमाडौं

✡✡✡

मधुपर्कको २०६६ भदौको अङ्क समयमै पढ्ने अवसर मिल्यो। नेपाली हास्यव्यङ्ग्य निबन्ध र दिवङ्गत स्रष्टाहरूका सम्बन्धमा लेखिएको प्रमोद प्रधानको मूल लेखलाई धन्यवाद नदिइरहन सक्दिन। आर. एम. डङ्गोलको कविता बाटो सोध्दै यतैकतै पढ्दा हराएको बाटोको नक्सा खोजेर कविले यहाँ आई पुगेछु भनेका रहेछन्। धनराज गिरीको हास्यव्यङ्ग्य विद्यार्थी शरणम् गच्छामिले मेरो मन असाध्यै हँसाउन पुग्यो। पुरूषोत्तम दाहालको सहर यात्रा र सुषमा मानन्धरको घर कथा निकै मार्मिक लाग्यो। मनु ब्राजाकी र वियोगी बुढाथोकीको गजल उत्कृष्ट लाग्यो। रीता खत्रीको म देश चपाइरहेछु कविताले कवयित्रीलाई दुःखको खडेरी परेको र सुखभोगले कवयित्री मात्तिएकाले कविता फुरेको हुनुपर्छजस्तो लाग्यो। मधुसूदन घिमिरे, राधा कार्की र राम्जी तिमल्सिनाका कविताहरूलाई नराम्रा भन्न सकिँदैन। हास्यव्यङ्ग्य पत्रकारिताका सम्बन्धमा वरिष्ठ हास्यव्यङ्ग्यकारहरू नरनाथ लुइँटेल, धर्मराज बराल र लक्ष्मण गाम्नागेको विचारमञ्च निकै राम्रो लागेकोले विचारमञ्चका लेखकलाई धन्यवाद दिन चाहान्छु। रमेशप्रसाद गौतमको देशको दुर्दशा कविताले आफू जन्मेको देशको बारेमा चिन्तित हुन पुगेको महसुस भयो। निर्मलकुमार आचार्यको गजलले प्रेमिकासँगको बारेमा गन्थन गरेको जस्तो लाग्यो। मधुपर्कमा वरिष्ठ साहित्यकारहरूको अन्तर्वार्ता पढ्न पाउनुपर्‍यो।

अरुणबहादुर खत्री 'नदी' सामाखुसी मार्ग ९३५/५४
वडा नं. २९ काठमाडौं

वर्ष ४२: अङ्क ६: पूर्णाङ्क ४८५ कातिक २०६६ (VOL. 42 NO. 6 OCT-NOV 2009)

मधुपर्क

श्रीओम श्रेष्ठ
नि. सम्पादक

तुलसीहरि कोइराला
उपसम्पादक

जानुका राई
ले-आउट/डिजाइन

पूर्णरत्न बज्राचार्य
आवरण/कला

फोटो
राजेन्द्र चित्रकार
नातिकाजी महर्जन

गोपालप्रसाद भट्टराई
मुद्रण व्यवस्था

भीम खरेल
वितरण व्यवस्था

गोरखापत्र संस्थान
धर्मपथ, काठमाडौं
फोन नं. ४२४४४३५,
४२५५७२६,४२५५७३०
(**एक्स नं.**२५२ **र** २५४),
पो.ब. नं. २३

e-mail,
madhupark@gorkhapa-tra.org.np
web, www.gorkhapa-tra.org.np

कार्यकारी अध्यक्ष
विजय चालिसे तथा
महाप्रबन्धक शम्भु श्रेष्ठद्वारा
गोरखापत्र संस्थानको लागि
मुद्रित तथा प्रकाशित

शतवार्षिकीको सन्देश

महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६ कात्तिक २७–२०१६ भदौ २९) नेपाली भाषासाहित्यका युगस्रष्टा हुन्। साहित्यका प्रायः सबै विधामा सिद्धहस्त महाकवि देवकोटा महासागरजस्तै हुन्। उनको बारेमा जति अध्ययन–अनुसन्धान गर्दा पनि कहिलै पूर्ण हुन नसक्ने र जति सम्मान अर्पण गर्दा पनि कमी नै हुने योगदान र व्यक्तित्व सावित भइसकेको छ।

महाकवि देवकोटा लेखक, समालोचक, अनुवादक, विद्रोही, क्रान्तिकारी, सुधारवादी, मानवतावादी, पत्रकार, सामाजिक–साहित्यिक सङ्गठक, एकेडेमी संयोजक, विश्वविद्यालय संस्थापक, प्राध्यापक, मन्त्री धेरै भएर चिनिन्छन् अर्थात् अनेक परिचय भएर पनि महाकविकै रूपमा चिनिन्छन्। नेपाली साहित्यलाई विश्वसाहित्यमाझ चिनाउने महाकवि आम नेपालीका हृदयमा सबैभन्दा बढी पढिने लोकप्रिय स्रष्टाका रूपमा स्थापित छन्। शब्दकर्म र जीवनकर्ममा कहिल्यै अन्तर नदेखाउने आदर्श स्रष्टा महाकविको जन्म शतवार्षिकीसम्म आइपुग्दा पनि लोकप्रियता झन्झन् बढिरहनु आफैँमा गौरवशाली व्यक्तित्वको साक्षी हो। यही कारण महाकविको शतवार्षिकी समारोह नेपालभित्र मात्र नभएर नेपालीहरू भएका विश्वका धेरै राष्ट्रहरूमा मनाइरहेका छन्। यो श्रद्धा संस्मरणले विश्वभरि छरिएर रहेका नेपालीहरू महाकविको नाममा फेरि एकपटक जागृत र सङ्गठित हुन खोजिरहेको अनुभव हुन्छ। यो सन्देशले भाषासाहित्य मात्र नभएर समग्र नेपाल र नेपालीको हितका लागि सार्थक प्रयास ठहर्ने आशा गर्नसकिन्छ।

तर साहित्यलाई अनुत्पादक क्षेत्र ठान्ने शासकीय मानसिकतामा भने कुनै अन्तर आउन सकेको छैन। यही कारण महाकविजस्ता विराट् प्रतिभाले आठ महिनासम्म प्रज्ञाप्रतिष्ठानबाट तलब रोक्काको सजाय पाउनुपर्‍यो। त्यही कारण देवकोटाले स्वास्थ्य उपचारको अभावमा जीवन गुमाउनुपर्‍यो तर मृत्युपश्चात् भने काजकिरिया गर्न मात्र नभएर ऋण तिर्नसमेत सहयोग गर्‍यो। यदि जीवितअवस्थामै शासकको त्यस्तो सोच भएको भए महाकविले बढी बाँच्न पाउने र साहित्यिक भण्डार अझ धनी हुने स्पष्ट थियो। बाँचुञ्जेल उपेक्षा गर्ने र मरेपछि सम्मान गर्ने शासकीय प्रवृत्ति नै भएको छ। देशमा धेरैपटक व्यवस्था र सरकार परिवर्तन भइसके तर भाषासाहित्यप्रति भने शासकीय मानसिकतामा आजसम्म कुनै परिवर्तन आउन सकेको छैन। फलतः अहिले पनि धेरै देवकोटाहरू रोग र अभावसँग जुधिरहेका छन्, कति देवकोटाहरूले देवकोटाकै नियति भोगेका छन्। राष्ट्लाई स्तरीय सिर्जनाद्वारा साहित्यकलाको भण्डार धनी बनाउने स्रष्टाहरू गरिब बनिरहनुपरेको छ। यो विडम्बना कुन तन्त्रसम्म चलिरहने हो र कस्तो तन्त्रको आशा गरिरहने हो ? प्रश्न, प्रश्नमा नै सीमित छ।

तीन वर्षदेखि प्रज्ञाप्रतिष्ठान रित्तो हुने देशमा महाकविको शतवार्षिकी कार्यक्रमहरू जनस्तरबाट जे जस्तो रूपमा भइरहेका छन्, त्यो भने गौरवपूर्ण छ। यसबाट जनताले साहित्यप्रति प्रकट गरेको सद्भाव स्पष्ट हुन्छ। तसर्थ सरकारको मुख ताक्ने प्रवृत्ति त्यागेर महाकविको जन्म र कर्मघर, उनले प्रयोग गरेका सामानहरूको संरक्षणार्थ 'महाकवि सङ्ग्रहालय'को घोषणा गर्नसके महाकविप्रति सच्चा सम्मान, श्रद्धाञ्जली र शतवार्षिकी मनाउनुको सार्थकता हुने थियो।

'मधुपर्क' ले महाकवि शतवार्षिकी विशेषाङ्क प्रकाशनको लागि छोटो समयमा गरेको अनुरोधमा धेरै अमूल्य रचनाहरू प्राप्त हुनुलाई मधुपर्कप्रतिको सद्भाव सम्झिएका छौँ। यसप्रति हामी सदैव आभारी छौँ तर आफ्नै बाध्यताका कारण कतिपय लेखहरूलाई विशेषाङ्कमा समावेश गराउन नसकेकोमा क्षमा चाहन्छौँ र केही स्तरीय लेख–रचनाहरू भने आगामी अङ्कमा प्रकाशित गर्दै जाने पनि जानकारी गराउँदछौँ। ❐

यस अङ्कको मूल्य रु. ३५।- वार्षिक रु. २१०।- भा. रु. १३।- वार्षिक भा.रु. १५०।- (हुलाक खर्चबाहेक)

विषय - सूची

लेख / संस्मरण / समालोचना

६. अजम्मरी महाकविप्रति -माधव नेपाल
८. महाकवि देवकोटाको लोकप्रियता र ... -गोविन्द भट्ट
१२. वास्तवमा महाकवि देवकोटाको अन्तर्वार्ता... -भैरव रिसाल
१४. देवकोटाद्वारा रचित विश्वसाहित्य... -मदनमणि दीक्षित
१७. महाकविः सम्झनाको तरेलीमा -कृष्णप्रसाद पराजुली
२१. महाकवि देवकोटाको शतवार्षिकी... -पुरुषोत्तम बस्नेत
२४. महाकवि देवकोटा र मार्क्सवाद -मोदनाथ प्रश्रित
२६. महाकवि र उनको साहित्यिक पत्रकारिता -डा. तुलसी भट्टराई
३०. महाकवि विषयमा मेरो विद्यावारिधि -डा. कुमार ब. जोशी
३४. देवकोटाजीसँग सुतेको रात -फणीन्द्रराज खेताला
३६. मन परेका कविः महाकवि -रमा शर्मा
३८. देवकोटा शतवार्षिकी : ... -बैरागी काइँला
४०. काव्यात्मक आलोकमा ..... -आनन्ददेव भट्ट
४२. पीडा, वेदना र करुणाका ... -डा. केशव प्र. उपाध्याय
४५. डा. प्रभाकर माचवेको पत्र -प्रदीप नेपाल
४६. महाकवि देवकोटा : शोकका ... -शिव रेग्मी
४८. देवकोटाको भूमिकाकारिता -डा. कुमारप्रसाद कोइराला
५२. देवकोटा : जीवन्त कविता ! -तेजेश्वरबाबु ग्वंग :
५६. महाकवि देवकोटाको प्राज्ञिक यात्रा -नरेन्द्रराज प्रसाईं
६२. 'पागल'को परिमार्जन र महाकविप्रति मनपर्दी -रोचक घिमिरे
६६. देवकोटा : विदेशी स्रष्टाको स्मृति प्रदेशमा -प्रकाश सायमी
६९. महाकवि : सहानुभूति होइन सम्मान पात्र
७०. घरका महाकवि परका .... -दधिराज सुवेदी
७२. कालजयी खण्डकाव्य : मुनामदन -शिवप्रसाद भट्टराई
७८. महाकवि : अमेरिका र वेद मेहता -गोविन्द गिरी प्रेरणा
८०. 'वनकुसुम' महाकाव्यमा .... -प्रा. गोपीकृष्ण शर्मा
८२. देवकोटाको विचारयात्रा र ..... -डा. ऋषिराज बराल
८८. 'स्मृति' को सानो रेखी हाल्दा -राममणि रिसाल
९०. देवकोटाको पहिलो कथा.... -इद्रिस सायल
९४. नेपाल बाहिर देवकोटा -महेश पौड्याल 'प्रारम्भ'
९६. महाकवि : उपेक्षा, असहयोग र लेखकस्व विवाद -कृष्ण अविरल
९९. मुनामदन र जि वयाला लाछि मदुनि...-प्रा. नर्मदेश्वर प्रधान
१०२. महाकवि देवकोटा चित्रकला.... -रमेश खनाल

कविता

५. महाकवि देवकोटाको अन्तिम कविता
७. महाकवि देवकोटाप्रति -राष्ट्रकवि माधव घिमिरे
२९. कविता- -अनु. देव रञ्जित
३३. तिम्रो आस्था-फूल नेपाल -जीवनाथ धमला
३७. महाकवि र चुरोट -नारायणप्रसाद भुसाल 'धनञ्जय'
३९. सपूत राष्ट्रको -ललिता 'दोषी'
४४. म शून्यमा शून्यसरी बिलाएँ -भानुभक्त पोखरेल
५५. त्यो पो उदायो भरे -भाग्यशाली अधिकारी
६१. प्रजातन्त्रका प्रमिथस हो-ऊ -कलानिधि दाहाल
७५. महाकविप्रति -राधा बाँस्कोटा
७६. 'ज्योति-स्तम्भ'... -श्यामदास वैष्णव
७९. देवकोटाप्रति -खेमचन्द्र अधिकारी 'खेपा'
९१. श्रद्धाञ्जली -रविबाबु प्रतीक्षा

स्तम्भ

९२. 'दार्जीलिङको बाघचूली'मा देवकोटा-गीता त्रिपाठी
२. पत्र-पत्रांश
१०४. पुस्तक समीक्षा
१०८. विचारमञ्च : जनताबाट अनुमोदित 'महाकवि'- तुलसीहरि कोइराला
१११. प्रसङ्गवश : महाकविका गणेशकवि भन्नुहुन्छ -श्रीओम रोदन

आभार : महाकवि देवकोटा शताब्दी महोत्सवद्वारा आयोजित चित्रकला महोत्सवका सम्पूर्ण कलाकारहरू

महाकवि देवकोटाको अन्तिम कविता र फोटो



तस्बिर : मदनमणि दीक्षित

अजम्मरी महाकविप्रति

–माधव नेपाल
प्रधानमन्त्री

महाकवि लक्ष्मीप्रसाद देवकोटालाई सम्झेर उहाँमै केन्द्रित रहेर जुन चित्रकला महोत्सव आयोजना गर्नुभएको छ, यो वास्तवमा उहाँप्रतिको ठूलो सम्मान हो । साहित्य, कला, सङ्गीतजस्ता मौलिक सिर्जनाहरूबाट राष्ट्रको सेवा गर्ने स्रष्टाहरू अजम्मरी हुन्छन् र उनीहरूको सम्झना सधैँभरि भइरहन्छ भन्ने कुराको द्योतक आजको कार्यक्रम हो भन्ने मलाई लाग्छ ।

महाकवि देवकोटाका बारेमा मैले धेरै भनिरहनुपर्दैन । उहाँको मृत्युको आधा शताब्दीपछि आजसम्म पनि सधैँ उत्तिकै चर्चा पाइरहने उहाँको उचाइ बराबरका नेपाली स्रष्टाहरू कोही छैनन् भन्दा अत्युक्ति नहोला । मैले बुझेसम्म आजसम्म नेपालमा सबभन्दा बढी खोज, अनुसन्धान, अध्ययन र विवेचना कसैको भएको छ भने महाकवि देवकोटाको नै भएको छ । उहाँका विषयमा कैयौँ पुस्तकहरू लेखिएका छन् । विभिन्न विद्वान्हरूले विद्यावारिधिहरू हासिल गर्नुभएको छ । विद्यालयदेखि विश्वविद्यालय तहसम्म सम्भवतः सबभन्दा बढी पढिने-पढाइने स्रष्टा पनि देवकोटा नै हुनुहुन्छ ।

मुलुकले सधैँ–सधैँ सपुतहरू पाउँदैन । आ–आफ्नो युगमा, आ–आफ्नो क्षेत्रमा एकाध जना व्यक्तित्वहरू जन्मिन्छन्, जसले युगौँयुगसम्म पनि आफूलाई स्थापित गराउने सफलता पाउँछन् । महाकवि देवकोटाको जन्म शताब्दी मनाइरहेको यस अवस्थामा उहाँ नेपालीहरूको मात्र होइन, विदेशी साहित्यकारहरूको दिमागमा पनि जीवित हुनुहुन्छ । त्यस्ता स्रष्टालाई महोत्सवको आयोजना गरी सम्झनुले वास्तवमा मुलुककै कला र साहित्यप्रति सम्मान भएको छ भन्ने मलाई लाग्छ ।

लक्ष्मीप्रसाद देवकोटा जुन समयमा जन्मिनुभयो, जुन समयमा उहाँले शिक्षा हासिल गर्नुभयो र जुन समयमा उहाँले साहित्य रचना गर्नुभयो, त्यो समय आजभन्दा निकै भिन्न थियो । जहानियाँ राणाशासन र राजतन्त्रका बीचमा पनि उहाँले एउटा विद्रोही र क्रान्तिकारी साहित्यकारका रूपमा आफूलाई स्थापित गराउनु चानचुने कुरा थिएन । वास्तवमा उहाँको त्यही विशिष्ट गुणले नै हामीले आजसम्म पनि उत्तिकै मर्यादा र सम्मानका साथ सम्झिरहेका छौँ ।

महाकवि देवकोटाको जन्म शताब्दीको अवसर पारेर आज यहाँ मुलुकका प्रतिष्ठित चित्रकारहरू भेला हुनुभएको छ । उहाँहरूको चित्रकला पनि महाकवि देवकोटामै समर्पित छ । चित्रकारहरूले देवकोटालाई आ–आफ्नै कोणबाट हेर्नुभएको छ ।

लक्ष्मीप्रसाद देवकोटा राजनीतिमा पनि लाग्नुभएको थियो । शिक्षामन्त्रीका रूपमा पनि उहाँले मुलुकको सेवा गर्नुभएको थियो तर उहाँको राजनीतिक व्यक्तित्वका बारेमा मानिसहरूलाई त्यति धेरै मतलब छैन तर उहाँले नेपाली भाषालाई अन्तर्राष्ट्रिय जगत्मा पुर्‍याउनका लागि समेत गरेको योगदान भने आज पनि ताजै छ ।

अवश्य पनि महाकवि देवकोटाका यिनै अमर कार्यहरूको सम्झना गर्दै 'महाकवि देवकोटा शताब्दी महोत्सव २०६६' मनाउने निर्णय भएको छ । यस वर्षभरि विभिन्न कार्यक्रम आयोजना गर्नका लागि शतवार्षिकी समारोह समिति नै गठन भएको छ । आगामी दिनमा पनि यस्ता कार्यक्रमहरू जारी राख्नुहुने नै छ । आफ्नो युगका महान् स्रष्टा लक्ष्मीप्रसाद देवकोटाप्रति हार्दिक श्रद्धा व्यक्त गर्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु ।

(महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकीको अवसरमा आयोजित चित्रकला महोत्सव (२३ साउन, ०६६) मा प्रमुख अतिथिको रूपमा व्यक्त गर्नुभएको मन्तव्य)





महाकवि देवकोटाप्रति
(शतवार्षिकीको अवसरमा)

पचास वर्षकै देख्छु सय वर्ष पुगे पनि
सिर्जियौ रचनाभित्र अजरामर जीवनी

तारा आकाशगङ्गाका थिए सग्बग फिँजझैँ
उर्बरा यस धर्तीमा फुल्न आतुर बीजझैँ
जूनको सपना देख्थे कलिका पारिजातका
सुस्तरी झर्न दूर्वामा रश्मिसाथ प्रभातका

दुवाइदेखि लहरै लेखिएछ मिथिलाकला
भण्डारसम्म लक्ष्मीले चालेका चारू पाइला
आयौ लक्ष्मी ! यही राति खोली उज्ज्वल लोचन
अँध्यारो यस धर्तीमा दिव्य ज्योति जगाउन

तिमी सौन्दर्यको भित्र सत्य देख्ने महाकवि
थुङ्गामा सयपत्रीका छिप्ने छिपछिपे छवि
प्रतिभा छहरा छुट्ने भुल्भुले मूल हौ तिमी
अहे, ईश्वरको हाँसो पाएका फूल हौ तिमी ।

महाकवि देवकोटाप्रति

(शतवार्षिकीको अवसरमा)

पचास वर्षकै देख्छु सय वर्ष पुगे पनि
सिर्जियौ रचनाभित्र अजरामर जीवनी

तारा आकाशगङ्गाका थिए सग्बग फिँजझैँ
उर्बरा यस धर्तीमा फुल्न आतुर बीजझैँ
जूनको सपना देख्थे कलिका पारिजातका
सुस्तरी झर्न दूर्वामा रश्मिसाथ प्रभातका

दुवाइदेखि लहरै लेखिएछ मिथिलाकला
भण्डारसम्म लक्ष्मीले चालेका चारू पाइला
आयौ लक्ष्मी ! यही राति खोली उज्ज्वल लोचन
अँध्यारो यस धर्तीमा दिव्य ज्योति जगाउन

तिमी सौन्दर्यको भित्र सत्य देख्ने महाकवि
थुङ्गामा सयपत्रीका छिप्ने छिपछिपे छवि
प्रतिभा छहरा छुट्ने भुल्भुले मूल हौ तिमी
अहे, ईश्वरको हाँसो पाएका फूल हौ तिमी ।

–राष्ट्रकवि माधव घिमिरे
२०६६/६/१६

महाकवि देवकोटाको लोकप्रियता र त्यसका केही आधारहरू

–गोविन्द भट्ट

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यजगत्का एक महारथी मात्र थिएनन् त्यसबाहेक अझै उनी आफ्नो अद्‌भूत प्रतिभा, बहुआयामिक चरित्र र बहुपक्षीय योगदानहरूका कारण तत्कालीन नेपाली समाजका एक सुप्रतिष्ठित राष्ट्रिय व्यक्ति अनि अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आधुनिक नेपालका एक सम्मानित प्रतिनिधि-पुरुष पनि हुन पुगेका थिए। त्यसैले उनी आफ्नै विधामा मात्र सीमित रहिरहन खोज्ने अन्य निकै स्रष्टाहरूभन्दा अलि फरक श्रेणीमा पर्दछन्। उदाहरणका लागि उनलाई हाम्रै वरिपरिको दक्षिण एसिया क्षेत्रका रवीन्द्रनाथ टैगोर, फैज अहमद फैज, मोहमद इकबाल, नजरुल इस्लाम अनि त्यस बाहिरका मायाकोब्स्की, शेली, गेटे, मोराभिया, पाब्लो नेरुदा र आई छिङ्जस्ता आफ्ना कृतिहरू र अन्य सार्वजनिक कार्यकलापहरूबाट स्वदेशको सीमा नाघेर र अन्तर्राष्ट्रिय व्यक्तित्व बनिसकेका देशभक्त मनीषिहरूको पङ्क्तिमा पनि सहजै उभ्याउन सकिन्छ। उनी भारत तथा चीनका साथै भौगोलिक दृष्टिबाट सुदूर भेगमा पर्ने रुस, अङ्ग्रेजी भाषी युरोप र अमेरिकामा समेत अनुदित भएर अन्य नेपाली स्रष्टाहरूभन्दा बढी सुपरिचित भइसकेको पाइन्छ। उनका नाउँमा राजधानी काठमाडौँ मात्र हैन मोफसलका सहर-बजार र केही ग्रामीण क्षेत्रहरूमा समेत अनेकौँ वाचनालय, पुस्तकालय, पार्क, सडक गल्ली, साहित्यिक सङ्घसंस्था र पुरस्कारहरू स्थापित गरिएका छन्, उनका विषयमा हजारौँ लेख रचना, दर्जनौँ शोधग्रन्थ र केही महाकाव्यहरूसमेत रचिएका र त्यसगरी अनेकौँ चुट्किला, कथा र किंवदन्तीहरू बनेका छन् र चित्रहरू कोरिएका छन्। अझ विदेशमा पनि उनको सालिक राखिएको र यौटा नगरको नामकरण गरिएको छ। यसरी हेर्दा सम्भवतः हाम्रा प्राथमिककालका भानुभक्त आचार्यपछि देश र विदेश दुवैतिर यतिसारो मान्यता र लोकप्रियता आर्जन गर्दै नेपालीको नाउँ फिँजाउने अर्का स्रष्टा लक्ष्मीप्रसाद देवकोटा नै हुन पुगेको देखिन्छ।

देवकोटाको महानता र यस्तो व्यापक लोकप्रियताका मूल आधारहरू के हुन् त ? हाम्रो साहित्यको त्यस कालखण्डको नेपाली आकाशमा आ-आफ्नै प्रतिभाले प्रकाशित अनेकौँ नक्षेत्रहरू रहे पनि तीमध्येमा देवकोटा नै किन त्यसरी ताराहरूका बीच एक चन्द्रझैँ जाज्वल्यमान हुन पुगे त ? देवकोटाप्रतिको यो श्रद्धा र स्नहेको अटुट भावधारा के उनका केही महाकाव्य, खण्डकाव्य र अन्य केही कृतिहरूका कारण नै यसरी प्रवाहित भइरहेको हो त ? देवकोटा यसरी सामान्यहरूका बीच असामान्य वा समानहरूका बीच विशिष्ट र सर्वप्रमुख हुनुका पछाडि के कस्ता कारकतत्त्वहरू रहे त ? अथवा एक विद्वान् समीक्षकले औँल्याएझैँ देवकोटालाई प्रदान गरिएको 'महान्'को यो विशेषण "देवकोटाको साहित्यिक व्यक्तित्वलाई ठम्याएर दिइएको हो कि श्रद्धा र भक्ति मुछेर दिइएको यो विशेषण देवकोटाका भक्तगणको हो हो मा हो हो मिलाउने पुरानो नेपाली प्रचलनकै पुनरुक्ति मात्र" हो ?

यी सबै गम्भीर प्रश्नहरू हुन् र हामीले ती सबैको समाधान गर्नै पर्दछ। के उनको जीवनसित अभिन्नरूपमा गाँसिएका यस्ता महत्त्वपूर्ण पक्षहरूलाई साहित्यभन्दा बाहिरका विषय वा राजनीतिका कुरा भनेर झिकिदिँदा देवकोटाको साहित्यलाई बुझ्न र उनको समग्र मूल्याङ्कन गर्न सकिएला ? के हामीले अब विशुद्ध साहित्यवादमा साँघुरिएर रहेको पुरानो समीक्षा प्रणालीलाई छाडेर सर्वाङ्गीण दृष्टिसहितको नयाँ समाजशास्त्रीय समीक्षा पद्धतिलाई अँगाल्ने बेला आएन र ? अहिलेलाई सङ्क्षेपमा तिनको उत्तर दिँदै के भन्न सकिन्छ भने देवकोटा स्रष्टा व्यक्तित्व र सार्वजनिक व्यक्तित्व यी दुवैका योगदानहरू अर्थात् नेपाली साहित्यका साथै नेपालको स्वतन्त्रता र प्रतिष्ठाका लागि उनले गरेका अन्य निःशर्त सेवा परिश्रम त्याग तपस्या सङ्घर्ष जीवनदान पनि समग्रमा उनको महानता र लोकप्रियताका कारण हुन्।

लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यलाई एक भकारी ग्रन्थहरू दिए र त्यसबाहेक अझै उनका अप्रकाशित कृतिहरूको लेखाजोखा गर्न त बाँकी नै रहेको छ तर उनको साहित्यिक पक्ष उनको महत्त्वपूर्ण पक्ष भए पनि सम्पूर्ण जीवनको समग्र पक्ष भने होइन र उनको सार्वजनिक व्यक्तित्वलाई पनि त्यसमा जोडेर नहेरेसम्म उनको सर्वाङ्गीण मूल्याङ्कन पनि गर्न सकिने छैन। अझसम्म देवकोटालाई एक कविका रूपमा मात्र हेरेर वा प्रस्तुत गरेर उनको वास्तविक छविलाई खण्डित र सङ्कुचित पारिएको हुनाले नै उनीबारे माथिका ती केही प्रश्नहरू खडा भएका हुन्।

महाकवि देवकोटाको जीवन उनको साहित्यभन्दा कम विविधतापूर्ण र मर्मस्पर्शी छैन। उनको कथा पनि स्वयं नै एक महाकाव्य वा उपन्यासजस्तो लाग्दछ। उनले नेपाली साहित्यलाई मात्र हैन नेपालको प्रजातान्त्रिक आन्दोलन तथा

जनपक्षीय साहित्यिक सांस्कृतिक जागरणमा पनि प्रभावकारी योगदानहरू गरेर नेपाली समाजलाई अझै उन्नत र जागृत बनाउन तर्फ सक्रिय भूमिका खेले। प्रजातन्त्रका लागि २००४ देखि २००६ सालसम्म बनारसमा निर्वासित जीवन बिताउँदा उनका जहानपरिवारको विचल्ली, राणाशासकहरूद्वारा उनको घर रोक्का र त्रिचन्द्र कलेजको प्राध्यापकको जागिरबाट निष्काशन, तिनताकै ओखतीको अभावमा माइलो छोरोको असामयिक निधन र विदेशमा कविता बेचेर पेट पाल्नुपर्ने विवशताबीच पनि उनले कुनै गनगन वा गुनासो गरेको सुनिएन। नेपाल फर्केर आएपछि पनि निकै वर्ष बेरोजगारीको स्थिति र रातदिन ट्युशन पढाएर गृहस्थी चलाउनुपर्ने बाध्यता। अर्को छोरोको पनि निधन र त्यसको बज्रप्रहार सहँदै उनले सहँदै खप्दै आफ्नो र अन्य साहित्य साधन सामाजिक कार्यकलाप यथावत् चलाइ नै रहे। त्यसैगरी जीवनको उत्तरार्द्धमा क्यान्सरको अपरेशनपछि हाडछाला मात्र बाँकी रहेर मरणासन्न अवस्थामा पुगेका ती महाकविले प्रज्ञाप्रतिष्ठानबाट आफूले पाउनुपर्ने आठ महिनाको पारिश्रमिक रोकिएकोले गुन्द्रुक सिस्नो खाएर जिनतिन बाँच्नुपरेको अवस्था जनाउँदै बारम्बार आफ्ना हाकिम, मन्त्री र राजदरबारमा अनुरोध आग्रह गर्नु र बिन्तीपत्र चढाउनु परेको बृतान्त पनि ज्यादै हृदयविदारक छ। अघि राणाकालमा स्थापित नेपाल भाषा प्रकाशिनी समिति र प्रजातन्त्रकालमा स्थापित नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा कुनै खासै अन्तर देखिएन। जीवनभरि देश सेवा र साहित्य सेवा गरेर विश्वमै नेपालको प्रतिष्ठा बढाउने महाकविले अन्तिम अवस्थामा त्यसरी प्रताडित र अपमानित हुनुपरेको घटना साँच्चि नै नेपाली साहित्यको इतिहासमै एक कलङ्क भएर रहेको छ तर पनि देशभक्त देवकोटाले निधन हुनुअघिसम्म प्रजातन्त्र फलोस्–फुलोस्, त्यो मर्न नपाओस् भन्ने सन्देश नेपालीहरूलाई दिइरहे।

यस सन्दर्भमा, यौटा दुःखको कुरो त के हो भने देवकोटाको सार्वजनिक व्यक्तित्वका राष्ट्रिय र अन्तर्राष्ट्रिय आयामहरूलाई अदेखा गर्दै हामीकहाँ अझसम्म पनि नराम्ररी जरो गाडेर बसेको परम्परावादी शास्त्रीय समीक्षा पद्धतिका अनुयायीहरूले एकपक्षीय दृष्टिबाट उनलाई नेपालीका प्रथम महाकाव्यकार र अनेकौं महाकाव्य, खण्डकाव्य, निबन्ध रचना आदिका अद्‌भूत चमत्कारी आँसुकवि, तीन महिना, अझ दस दिनमै महाकाव्यहरू लेखिदिनसक्ने, श्लोकमै कुरा गर्न र भाषण दिनसक्ने, एक बसाइमै खण्डकाव्य लेखी सिध्याएर उठ्ने एक अलौकिक सारस्वत प्रतिभा आदिका रूपमा मात्र उभ्याउँदै आएका छन्। त्यसैगरी उनीहरूले उनका शिल्पविधान, भाषाशैली, बेजोड कल्पनाशक्ति र अभिव्यञ्जनात्मक क्षमताजस्ता काव्यकलाका रीतिवादी विश्लेषण विवेचनामा अथवा उनका रचनाहरूमा अन्तर्निहित प्रकृति दर्शन, सौन्दर्य दृष्टि, आध्यात्मिक प्रवृत्ति, रहस्यवाद र आदर्शवादजस्ता विषयवस्तुहरूको अमूर्त व्याख्या विश्लेषण गर्नमा नै बढी परिश्रम खर्चेका छन्। त्यसैगरी, अर्कातिर पाश्चात्य शिक्षाबाट प्रभावित आधुनिक प्राध्यापक र अङ्ग्रेजीवाजहरूले पनि उनलाई मुख्यतः युरोपेली रोमान्टिसिज्मका पक्का अनुयायी र त्यस धारका एक प्रमुख नेपाली प्रतिनिधिका रूपमा मात्र सीमित गरिदिन खोजेको देखिन्छ तर समग्रमा यी दुवैथरिका विद्वान्हरूबाट सच्चा देवकोटाप्रति न्याय हुन सकेको छैन। अब हामीले यी सङ्कीर्ण घेराहरूबाट निस्कँदै र जडसूत्रवादी पद्धतिहरूलाई सच्याउँदै देवकोटाका कृति, व्यक्तित्व र अन्य सामाजिक–सांस्कृतिक योगदानको ऐतिहासिक परिप्रेक्ष्यमा र समाजशास्त्रीय दृष्टिबाट सर्वाङ्गीण व्याख्या गर्नुपर्ने भएको छ। विगतमा एक दुई विद्वान्ले त्यसतर्फ प्रयास गरेजस्तो देखिए पनि त्यो अपर्याप्त रहेको छ र केहीले यसलाई सरसरी छोएर मात्र पन्छाइदिने गरेका छन्।



हो, देवकोटा एक सर्वमान्य महाकवि मात्र थिएनन्। हाम्रा प्राचीन शास्त्रहरूले हाम्रा कविहरूबाट असाधारण प्रतिभा मात्र हैन, एक सत्पुरुषमा हुनुपर्ने असल स्वभाव र नैतिक गुणहरूको पनि अपेक्षा गरेका छन्। यस अर्थमा पनि देवकोटा एक सभ्य, शिष्ट र उदार मनका सन्तव्यक्ति थिए। उनको विशिष्ट व्यक्तित्वको संरचनामा उनका विलक्षण कविप्रतिभा र मानवीय सद्‌गुणहरूको समष्टिगत योगदान रहेको थियो र ती एकअर्काका परिपूरक हुन गएका थिए। को महान् हो वा कसलाई महान् भन्ने ? प्रश्न केही व्यक्ति वा समूहले निर्णय गर्ने समस्या नभएर कुनै व्यक्तिको सर्वाङ्गीण व्यक्तित्व र राष्ट्र तथा समाजका लागि उसले गरेका योगदानहरूका आधारमा वस्तुगत ढङ्गबाट निर्धारित गरिने विषय हो। देवकोटा, नेपाली साहित्यलाई महाकाव्यको सर्वथा अभाव भएका बेला एक वा दुई मात्र हैन अनेकौं महाकाव्यहरू लेखेर महाकवि कहलिएका हुन्। प्रारम्भतिर एक सुप्रसिद्ध समीक्षकले औंल्याएझैं, नवोदित कविहरूका निम्ति उनको प्रखर प्रतिभाशाली र मानवीय व्यक्तित्व, "वरवृक्ष समान हुनाले त्यस तल अन्य वनस्पतिले उद्‌भिन्न हुने सुयोग कसरी पाइने हो" भन्ने एक ठूलो चुनौती खडा भइसकेको थियो। त्यसैगरी आफ्ना लागि लाभ–हानि र मान–अपमानको कुनै वास्ता नगरी हाम्रो राष्ट्रिय जागरणका विविध क्षेत्रहरूमा पूर्णतः समर्पित र निरन्तर साधनारत रहने एक निष्ठ तपस्वी तथा सरल निष्कपट र निर्मल चरित्रका शुद्धबुद्ध आत्मा भएका एक साधुसन्तका रूपमा देवकोटाको सुरम्य छवि जनमानसमा अङ्कित भइरहँदा क्रमशः नेपाली समाजमा उनको व्यक्तित्वले एक महापुरुषको स्वरूप पनि धारण गर्न थालेको देखिन्छ। यस अर्थमा, प्रतिभा र मानवत्व–यी दुवै मिलेर बनेको पूर्णकदको उनको जस्तो अग्लो आकृति यस युगमा अरू कसैले पाउन सकेन। एकातिर उनका समकक्षी र बौद्धिक समुदाय उनको

प्रतिभाले कायल थिए भने अर्कातिर सर्वसाधारणका बीच पनि आफ्ना शिष्ट संवेदनशील चरित्र र व्यवहारका कारण उनी लोकप्रिय हुँदै गए।



आधुनिक नेपाली साहित्यमा देवकोटाको प्रादुर्भाव र प्रसार, उनको सिर्जनशील जीवन र दुःखान्त अवसान एक अत्यन्त विस्मयकारी घटना हुन गएझैँ लाग्छ र त्यसले अझसम्म पनि हाम्रो अन्तश्चेतनालाई तरङ्गित गरिरहन छाडेको छैन। देवकोटाको सङ्घर्षशील, अशान्त र अव्यवस्थित जीवन अनि आखिरमा असह्य अन्तर्दाहका बीच भएको उनको अतिकष्टपूर्ण मरण देखे-सुनेका उनका असङ्ख्य प्रशंसक, अनुयायी, आत्मीयजन र काव्य प्रेमीहरू आज पनि विगतमा आफूले केही गर्न नपाएको आत्मग्लानि र पश्चातापमा आफ्ना ती दिवङ्गत महाकविप्रति भावविह्वल भएर आफ्नो श्रद्धाञ्जली अर्पण गरिरहेका छन्। यो महाकविप्रति नेपाली साहित्यका तत्कालीन सामन्तहरूबाट भएको कृतघ्नता, दुराग्रहपूर्ण, व्यवहार, विश्वासघातप्रति जनआक्रोश र असन्तुष्टिको एक जीवन्त अभिव्यक्ति हो। यसरी कुनै स्रष्टाको वास्तविक मूल्याङ्कन उसका कृतिहरूलाई मात्र आधार बनाएर पूर्ण वा पर्याप्त हुँदोरहेनछ। सीमित सङ्ख्याका शिक्षित वर्ग, समीक्षक र प्राध्यापकहरूबाट त्यस्ता कृतिहरूबारे गरिने मूल्याङ्कनको आफ्नै प्राविधिक महत्त्व भए पनि यथार्थमा स्रष्टाहरू आफ्ना कृतिहरूबाहेक आफ्नो नैतिक र मानवीय व्यक्तित्व तथा अन्य सामाजिक योगदानहरूका कारण पनि आफ्ना समकालीनहरूका माझ असामान्य र अग्ला हुन पुग्दा रहेछन्। यो कुरा अन्य राष्ट्का स्रष्टाहरूको जीवन र त्यहाँको साहित्यका इतिहासमा पनि देखिन्छ। लक्ष्मीप्रसाद देवकोटा हामीकहाँ त्यसका एक उदाहरणीय दृष्टान्त हुन्।

नेपालमा २००७ सालपछि एकताका राणा विरोधी क्रियाकलापमा लागेको पृष्ठभूमि वा त्यसबेलाका प्रमुख राजनीतिक दल अथवा सत्ताकेन्द्रसितको सम्बन्धका आधारमा केही लेखक तथा कविहरू समाजमा प्रतिष्ठित हुन खोजिरहेका थिए र त्यसरी उनीहरू नै हाम्रो सांस्कृतिक-प्राज्ञिक क्षेत्रका उच्च प्रशासनिक पद र नेतृत्वदायी तहमा नियुक्त पनि भइरहेका थिए। तत्कालीन शासक वर्गलाई पनि आफ्नो राजनीतिक प्रभावको विस्तार गर्नका लागि त्यस्ता चतुर बुद्धिजीवीहरूको आवश्यकता पर्न गएको थियो। जो बौद्धिक हुनुका साथै राजनीतिक-प्रशासनिक क्षेत्रमा पनि भरपर्दा व्यवस्थापक हुन सक्थे तर कुनै पदप्रतिष्ठाको लोभलालसा र महत्त्वाकाङ्क्षा नभएका स्वाभिमानी देवकोटा त्यस्तो हानथापको प्रपञ्चमा परेनन्। सत्ताधारीहरूबाट उनलाई बेवास्ता पनि गरियो। हुन त वि.सं. १९८९ सालमै राणाशासनविरुद्ध लाइब्रेरी काण्डमा संलग्न भएबापत दण्ड पाइसकेका र २००४ सालतिर राजनीतिक निर्वासनमा बस्दा युगवाणीको सम्पादन र पहाडी पुकार जस्तो क्रान्तिकारी रचना प्रकाशित गरिसकेका देवकोटाको राजनीतिक र साहित्यिक हैसियत पनि कुनै अर्थमा अरूभन्दा कम थिएन तर उनले त्यस्तो फोहोरी राजनीतिभन्दा देशको साहित्यिक-सांस्कृतिक नवजागरणका लागि एकाग्र भएर आफ्नो प्रतिभाले योगदान गर्ने बाटो नै रोजे।

सामान्य जनताका बीच देवकोटाको लोकप्रियताको अर्को कारण के थियो भने सामान्यतः हाम्रा कैयन् वरिष्ठ साहित्यकारहरूमा देखिने ईर्ष्या-द्वेष, दुईधारे चरित्र, पदप्रतिष्ठा वा पैसाको चाहना, पाखण्ड र अहङ्कार र अवसरवादी प्रवृत्ति उनमा कहिल्यै देखिएन। सामान्य अन्य व्यवसायहरूमा आफ्नै सहकर्मीहरूबीच पाइने अस्वस्थ प्रतिस्पर्धा, एकअर्काको कुरा काट्ने वा खुट्टा तान्ने तुच्छता, आफूलाई श्रेष्ठ ठानेर र अरूलाई होच्याउने-गिराउने छुच्चो बानी र जालझेल गर्ने कुटिल मानसिकताबाट हाम्रो नेपाली साहित्यजगत् पनि मुक्त रहन सकेको देखिन्न। बाहिर देख्दा वा सुन्दा निकै साहित्यकारहरू आदर्श नैतिकताका प्रवक्ता शुद्ध पवित्र प्राणी, दुराचार-भ्रष्टाचारका कट्टर बैरी, पक्का प्रजातन्त्रवादी वा प्रगतिशील लागे पनि तीमध्येका अनेकौँको आन्तरिक जीवन र बाह्यरूपमा विचार र व्यवहारमा ठूलो अन्तर रहेको भेटिन्छ। त्यसैगरी, राजनीति गरेर आफ्नो साहित्यिक ओहदा उठाउने वा साहित्यमार्फत राजनीतिक शक्ति आर्जन गर्ने कूटनीतिक साहित्यकारहरूको कुनै अभाव रहेको छैन। यस्ता छलकपट र दौडादौडमा समय र श्रम लगाउनभन्दा सिर्जनात्मक कार्यकलापहरूमा जुटेर आफ्नो बलबुद्धि र प्रतिभाबाटै सामाजिक प्रतिष्ठा आर्जन गर्नुपर्दछ र त्यो नै स्थायी पनि हुन्छ भन्ने कुरामा उनको बढी विश्वास थियो। हुन पनि हो, त्यस्ता टपर्टुइयाँहरूको पछि लागेको भए आज उनी यसरी सबैका प्रिय र सम्मानित महाकवि देवकोटा भएर बाँचिरहन सक्ने थिएनन्। केही वर्षहरू पछि उनी एक दुई प्राज्ञिक र प्रशासनिक पदहरूमा पनि पुगे तर ती सबै कसैको दयामाया वा कृपादृष्टिबाट नभएर आफ्नै प्रतिभा तथा योगदानका कारण प्राप्त भएका थिए।

अर्को कुरा शिक्षित वा अशिक्षित सबै तहका मानिसहरूले आफ्ना बुद्धिजीवी स्रष्टा साहित्यकारहरूलाई निरन्तर नियालिरहेका हुन्छन् तर शिक्षित व्यक्तिहरूको निरीक्षण र मूल्याङ्कनभन्दा सर्वसाधारण नागरिकहरूको मापदण्ड बढी यथार्थपरक र व्यावहारिक भएको पाइन्छ।

सामान्य मानिसहरू कुनै साहित्यकारका रचना पढ्न वा बुझ्न नसके पनि तिनका शील-स्वभाव, बोलीवचन र आचार व्यवहार हेरेर, उनीहरूलाई एकअर्काबाट छुट्याउँदै त्यसै अनुसारको स्नेह र सम्मान दिने गर्दछन् र सुरुमा ती आफ्ना स्रष्टाहरूको प्रतिभाबाट केही आकर्षित भए पनि त्यो अवस्था पछिसम्म स्थायी रहँदैन। उनीहरूलाई पाण्डित्य-प्रदर्शन, सामान्य नरनारीहरूभन्दा आफूलाई फरक वा माथि ठान्ने प्रवृत्ति, मौकाअनुसार आफ्नो रूपरङ फेरिरहने स्वभाव र स्वाँगआडम्बर मन पर्दैन। त्यसैले उनीहरूले धेरै स्रष्टाहरूलाई भन्दा सबैसित मैत्रीभाव, समानता विनम्रताको व्यवहार गर्ने, ठूला महाकवि भएर पनि असल मानिस हुन नबिर्सने देवकोटालाई नै मन पराए, आफ्नो तर्फबाट पूरा स्नेह र सम्मान दिए। उनका सबै सद्गुणहरू सम्झेर उनका केही दुर्गुण वा दोषहरू पनि बिर्सिदिए। यसबाट के बुझ्न सकिन्छ भने साहित्यकार विद्वान् वा कुनै विषयको विशेषज्ञ हुँदैमा समाजबाट सम्मान वा स्नेहको दाबी गर्न पाइन्न जनतामा लोकप्रियता हासिल गर्न सकिन्न। त्यो सम्मान, स्नेह र लोकप्रियता पाउनका लागि त हाम्रा स्रष्टाहरूको विचार र व्यवहार पनि उत्तिकै सम्मानजनक र प्यारो हुनुपर्दोरहेछ।

देवकोटाका सबै कृतिहरू आजको नेपालका लागि उपयोगी वा सान्दर्भिक नभए पनि नेपाली साहित्यलाई विकसित र समृद्ध तुल्याउनमा तिनको आफ्नै ऐतिहासिक महत्त्व रहेको छ। विश्वका अन्य विराट प्रतिभाहरूका जस्तै उनका कैयन् मान्यताहरूलाई पनि पुस्तकालयका ग्रन्थहरूभित्रै राखिदिएर मानव इतिहास र नेपाली समाज दुवै नै आज निकै अगाडि बढिसकेका छन् तर विगतमा आफ्नो समय सीमाभित्रै रहेर ती सबैले हाम्रो राष्ट्रको सभ्यता र संस्कृतिको उत्थानका लागि निकै रचनात्मक श्रेयदानहरू पनि गरे र त्यो नै उल्लेखनीय कुरा हो। तिनका गुणदोषहरूलाई बढाइ-चढाई खोतलिरहनुभन्दा हामीले पनि तिनै ऐतिहासिक सीमाहरूलाई दृष्टिगत गरेर व्यक्ति देवकोटा र स्रष्टा देवकोटाको मूल्याङ्कन गर्नु युक्तिसङ्गत हुनेछ।

केही 'कलाका लागि कलावादी' समीक्षकहरूबाट देवकोटा एकदमै अन्तर्मुखी र आत्मकेन्द्रित स्रष्टा थिए र उनले बाहिरको संसारसित मतलब नै राखेनन् भन्ने खालका धारणाहरू व्यक्त गरिएको छ तर यहाँ बिर्सनै नहुने कुरा के हो भने उनले साहित्यको अध्ययन कक्षबाट बाहिर निस्केर पनि राष्ट्रका लागि निकै महत्त्वपूर्ण कामहरू गरेका छन् उनले हाम्रो शिक्षा व्यवस्था र प्राज्ञिक क्षेत्रको संस्थागत विकास, राष्ट्रिय जीवनमा नेपाली भाषाको प्रचलन र स्थायित्व, हाम्रा लोकसंस्कृति र साहित्यहरूको संरक्षण जस्ता विषयहरूमा पनि निकै दूरगामी महत्त्वका योगदानहरू गरेको पाइन्छ। त्यसका साथै आधुनिक विश्वमा नेपाली साहित्यलाई पुऱ्याएर त्यसको मौलिक पहिचान र आफ्नै स्थान कायम गराउनमा उनले गरेको प्रयास प्रशंसनीय मानिन्छ। उनले विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा नेपाली प्रतिनिधिमण्डलहरूको नेतृत्व गर्दै विश्वशान्ति, समानता, स्वतन्त्रता र न्यायको प्रवर्द्धन गर्ने सङ्घर्षमा नेपाली स्रष्टाहरूको सहभागिता प्रकट गरेर तेस्रो विकासशीलजगत् र अन्य राष्ट्रका देशभक्त, प्रगतिशील र लोकतान्त्रिक शक्तिहरूसित हाम्रो मैत्री सम्बन्ध बढाउनमा पनि उनको भूमिका स्मरणीय रहेको छ। कविता लेखेर मात्र हैन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका यस्ता अनेकौँ गतिविधिहरूमा सक्रिय हुँदै नेपाल र नेपालीको स्वाभिमान बढाउने कामहरू गरेका कारण पनि उनी महान् र लोकप्रिय भएका हुन्। नेपालका तर्फबाट बाह्यजगत्का सामु प्रस्तुत गर्न लायकका हाम्रा केही विभूतिहरूमा उनलाई पनि सहजै समावेश गर्न सकिन्छ।

नेपालमा देवकोटाले पाएको लोकप्रियता र ख्याति स्वाभाविक र स्वःस्फूर्त छ। हिजोआज सम्पूर्ण देशले विभिन्न कार्यक्रम र समारोहहरूको आयोजना गरेर उनको शताब्दी वर्ष मनाइरहेको छ। यो समारोह वर्ष, निष्कामभावबाट कुनै प्रतिफलको आशा नगरी निरन्तर देशसेवामा लागिरहने उनको तपस्वी जीवनका लागि अनि नेपालमा प्रजातन्त्रको स्थापना तथा हाम्रो सामाजिक-सांस्कृतिक नवजागरणका निम्ति उनले निर्वाह गरेका अनेकौँ महत्त्वपूर्ण भूमिकाहरूका लागि देशवासीहरूले उनलाई श्रद्धा र प्रेमपूर्वक चढाएको यौटा सानो उपहार हो। त्यसैगरी यो उनले नेपाली साहित्यलाई सम्पन्न र उन्नत बनाउन अविकसित अवस्थाबाट विकसित अवस्थामा पुऱ्याउन र आधुनिक विश्वमा परिचित र प्रतिष्ठित तुल्याउनतर्फ आजीवन गरेको परिश्रम र साधना अनि हाम्रो लोकसाहित्य तथा जनसंस्कृतिको पुनरुत्थानका निम्ति उनले गरेका अमूल्य योगदानहरूका लागि पनि नेपालको साहित्यजगत्ले उनलाई दिएको सम्मान र पुरस्कार पनि हो। ❐

वास्तवमा महाकवि देवकोटाको अन्तर्वार्ता नै थियो

–भैरव रिसाल

महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वास्थ्य दिन प्रतिदिन बिग्रँदै गएको कुरा प्रचारमा आइरहेका थिए। त्यतिबेला म हालखवर दैनिकमा संवाददाता पत्रकार थिएँ। त्यस समयमा हालखवर अपराह्न अड्डा छुट्ने बेलामा निस्कन्थ्यो। यौटा पत्रिकाको मूल्य दुई पैसा पर्थ्यो। लक्ष्मीप्रसाद देवकोटाको बारेमा समाचार सङ्कलन गर्न सम्पादक दाताराम शर्मासँग सल्लाह गरेँ। तत्पश्चात् म देवकोटा निवास हान्निएँ। पत्रिकाको कार्यालय कमलपोखरीनिर थियो। मसँग साइकल छदैँथियो। देवकोटा निवास पुगी सरासर उहाँको कोठामा गई शिष्टाचारपूर्वक अभिवादन गरेँ र हालखवर पत्रिकाबाट समाचारका लागि आएको जानकारी गराएँ। स्वभावतः महाकवि देवकोटा खुसी हुनुभयो। यो दिन थियो २०१६ असार ३ गते बिहान। देवकोटासँग लगभग आधाघण्टा कुरा भयो होला।

"उहाँ (लक्ष्मीप्रसाद देवकोटा) तासकन्दमा भएको एसियाली लेखक सम्मेलनमा नेपालका तर्फबाट भागलिन गएदेखि उहाँको तलब रोकिएकोमा आठ महिनापछि एकैपटक तलब दिइयो। तलब दिँदा अनुशासनको नाममा एक महिनाको तलब काटी सात महिनाको मात्र दिइयो। अहिले उहाँको रोगले यस्तो भयङ्कर रूप लिने कारणमध्ये मूल कारण आठ महिनासम्म नियमितरूपले खानसमेत नपाउनु हो भन्ने अनुमान गरिएको छ।"

(नेपालको राजनीतिक दर्पण दोस्रो भाग द्वितीयावृत्ति २०३६ पृष्ठ २४९ ग्रीष्मबहादुर देवकोटाद्वारा लिखित।)

त्यही कुराकानीका आधारमा मैले समाचार बनाएँ जुन 'हालखबर' दैनिक पत्रिकामा छापियो। महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वास्थ्य बिग्रनुको कारण तथा आर्थिक अवस्था, एकेडेमीसँगको सम्बन्धमा समाचार केन्द्रित थियो। यस खवरको स्रोत वा आधार महाकवि लक्ष्मीप्रसाद देवकोटा स्वयं आफैँ हुनुहुन्थ्यो। उहाँको नाम नै उल्लेख गरी लेख्दा एकेडेमीबाट बल्लबल्ल पाउन थालिएको मासिक तलब पनि फेरि रोकिएला, महाकवि देवकोटालाई असहयोग गर्नेहरू बढी क्रुद्ध होलान्, पाउने रकम कलममा पनि उल्टो प्रभाव पर्ला भन्ने सल्लाहले नै उहाँको नाम उल्लेख नगरी समाचार बनेको हो। वास्तवमा यो अन्तर्वार्ता नै थियो। नेपाल सांस्कृतिक सङ्घले देवकोटाको बिग्रँदै गएको स्वास्थ्यप्रति चिन्ता गर्दै २०१६ वैशाख २५ मा उहाँले एकेडेमीबाट पाउने भत्ता पाउन नसकेकोले राज्यको ध्यानाकर्षण होस् भन्ने निवेदन पनि गरेको थियो। परन्तु तलब आठ महिनाको पाउनुपर्नेमा मात्र सात महिनाको दिइयो। कला मन्दिरले सार्वजनिक चन्दा जम्मा गरी ९० रुपियाँ जुटाएर महाकविलाई उपलब्ध गरायो। नब्बे रुपियाँको मूल्य पनि त्यति बेला निक्कै ठूलो हुन्थ्यो। त्यसकालागि उहाँले कृतज्ञता पनि सार्वजनिक गर्नुभयो। कान्तिपुर नगरपालिकाका अध्यक्ष र सदस्यहरूले एक एक महिनाको तलबको जम्मा ५,७००। रुपियाँमध्ये पहिलो किस्तामा आधा रकम दिए।

तत्कालीन सोभियत सङ्घको तासकन्द शहरमा आयोजित एसियाली लेखक सम्मेलनमा भागलिन गएबापत महाकवि देवकोटाको नेपाल एकेडेमीबाट आउने मासिक तलब ६०० (हो क्यारे) रुपियाँ थियो जो रोकिएको थियो। आठ महिनापछि तलब दिँदा पनि सो सम्मेलनमा भाग लिएबापत सजायस्वरूप एक महिनाको पूरै तलब कटाएर मात्र दिइयो। त्यसबेला राजा थिए महेन्द्र र नेपाल एकेडेमीका भाइसचान्सलर थिए बालचन्द्र शर्मा। एकेडेमीका चान्सलर भने राजा महेन्द्र नै थिए कविहृदयका राजा ! गीतकार राजा !! उसैका लागि, फेरि उसैका लागि पत्नी वियोग शोक साहित्यका नायक तर यता थलिएका देवकोटाको आठ महिना तलब रोकियो !!!

नेपाल कति अनौठो मुलुक ! महाकवि लक्ष्मीप्रसाद देवकोटालाई उपचारार्थ सोभियत सङ्घ पठाउने व्यवस्था गरिदिएको भए उहाँ बच्ने यथेष्ट सम्भावना हुनसक्थ्यो। त्यसको उल्टो तलबसमेत आठ महिनासम्म रोकियो र मृत्युको नजिकसम्म धकेलियो। जब अब उपचारको सम्भावना देखिन छोड्यो तब कवि राजा महेन्द्रले भा.रु. दुई हजारसमेत दिए। पछि उहाँको मरणोपरान्त सरकारबाट ऋण तिर्न २२ हजार, काजक्रिया गर्न तीन हजार र दुई छोरा वालिग नहुञ्जेल अध्ययन गराउन मासिक जनही एक सय रुपियाँ दिने व्यवस्था पनि भयो।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वास्थ्य दिनदिन बिग्रँदै थियो। म हालखवर दैनिक पत्रिकामार्फत समयसमयमा उहाँको स्वास्थ्य र उपचारका प्रयत्नहरूको रिपोर्टिङ गर्दै थिएँ। ती समाचारको कहिले त राम्रो प्रतिक्रिया हुने गर्थ्यो भने कहिले प्रभावोत्पादक हुँदैनथ्यो तर म महाकवि कलकत्तामा उपचार गर्न जाँदाको, फर्कंदाकोसमेत रिपोर्टिङ गर्ने गर्थे। जुनबेलासम्म महाकवि लक्ष्मीप्रसाद देवकोटाको रोगमा उपयुक्त उपचार सम्भव थियो त्यसबेलासम्म उहाँसँग ओखतीमूलोका लागि रकम थिएन। देवकोटालाई ओखती किन्न मात्र हैन चामल, नून किन्न पनि कठिन थियो भन्ने वस्तुस्थिति उहाँको सम्पर्कमा भएका प्रायः सबैलाई थाहा थियो।

त्यतिबेला नेपालको राजनीति सङ्क्रमणकालमा थियो। २०१५ जेठ २ का दिन नेपाली काङ्ग्रेसका नेता सुवर्णशमशेर जबराले अर्को व्यवस्था नभएसम्म अध्यक्षता गर्ने गरी मन्त्रीपरिषद् बनेको थियो भने २०१६ जेठ १३ मा विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा निर्वाचित सरकार निर्माण भएको थियो। महाकविको ऋण तिरिदिने र काजक्रिया खर्च दिने सरकारले उपचार गर्न सघाएको भए कति सार्थक हुने थियो होला।

वि.सं. २०१६ आश्विन १० गते महाकविको निधनको तेह्रौं दिन देवकोटा शोक समितिको तत्वावधानमा विराट मौन जुलुससहित टुँडिखेलमा शोकसभा भयो। त्यस शोकसभाको निमित्त राजा महेन्द्रबाट निम्न सन्देश आएको थियो:_

"स्वर्गीय महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाको

असामयिक निधनमा आज शोकसभा जुनरूपले मनाइँदैछ त्यसको फलस्वरूप दिवंगत आत्मालाई शान्ति मिलोस् भनी ईश्वरसँग हाम्रो हार्दिक प्रार्थना छ। नेपाली साहित्य जगत्‌मा उहाँको निष्काम सेवा कुनै नेपालीले बिर्सन सक्ने कुरा छैन। हामीहरूको बीच उहाँ नहुँदा एक अपूरो भावनाको अनुभव हुनु स्वाभाविकै छ।

हुन त उहाँको असाध्य रोगको विकट अवस्थामाथि खासगरि नेपाल एकेडेमीबाट पनि यथासक्य मेहनत भएकैजस्तो लाग्छ। सोबारे हाम्रा हजुरमा जाहेर हुन आएकै बखत पनि हुनसक्ने सहायता प्रदान गरिएको थियो तर अति दुःखको घटना घटिहाल्यो। उहाँप्रति साहित्य जगत्‌ले जति श्रद्धा भाव प्रकट गरे पनि अपूरो नै हुन्छ।

अन्तमा फेरि एकपल्ट प्रार्थना गर्दछौँ कि दिवंगत आत्मालाई चिरशान्ति मिलोस्।"

प्र.मं. विश्वेश्वरप्रसाद कोइरालाले शोकसभामा श्रद्धाञ्जली अर्पण गर्दै-"देवकोटाज्यू एक दैन्य जीवन बिताएर जानुभयो। उहाँप्रति घटेकाजस्ता घटना सबैप्रति घटिरहन्छन्। जबसम्म समाजमा रहेका आर्थिक विषमता आदिजस्ता अनेक खराबीहरू हटाई समाजलाई अगाडि बढाउने कामतिर लाग्न सक्तैनौँ तबसम्म प्रचलित परिपाटीअनुसार शोकसभा मनाएर विधि पुऱ्याउने काम गर्दैमा वा कसैका परिवारको केही व्यवस्था गरिँदैमा जिम्मेदारी पूरा गरेको भन्नुहुँदैन" भन्नुभयो।

नि. सं. मं. श्री गणेशमान सिंहले श्रद्धाञ्जली अर्पण गर्दै- "कमलको फूल हिलोबाट उम्रेर पानीमा फूलेझैँ कविले एक सानो परिवारमा जन्म लिनुभई सामन्ती समाजबाट निस्कन खोज्नुभयो र क्रान्तिकारीहरूलाई साथ दिनुभयो तर उहाँ दाल-भात डुकुको फिक्रीबाट उम्कन नपाइकनै स्वर्गवास हुनुभयो "।

महाकवि श्री लक्ष्मीप्रसाद देवकोटालाई क्यान्सर रोग लागेको थाहा भएछ। नेपालमा तत्कालीन अवस्थामा उपलब्ध रोग निदान र उपचार विधिबमोजिम उपचारको प्रयत्न भयो। परन्तु निको हुने छाँट देखापरेन। अहिले जस्तो छ्यास्छ्यास्ती छापाहरू थिएनन् त्यतिखेर। एफ्.एम. रेडियोहरूको त कल्पना नै पनि थिएन। थियो भने त्यही यौटा रेडियो नेपाल हो। तसर्थ महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वास्थ्य सम्बन्धमा पत्रकारिताले गम्भीररूपमा मुद्दा उठाउने अवस्था थिएन।

यो समाचार हो महाकवि लक्ष्मीप्रसाद देवकोटासम्बन्धी तत्कालीन हालखवर दैनिक पत्रिकामा छापिएको अन्तर्वार्तामा आधारित तर अन्तर्वार्ता नभनिएको समाचार। महाकवि देवकोटाको २०१६ साल भदौ २९ गते पशुपति आर्यघाटमा देहावसान भयो। उनको जन्म वि.स. १९६६ कात्तिक अमावास्या (लक्ष्मीपूजाको दिन) काठमाडौँको डिल्लीबजारमा भएको हो।

कविराजा कुलपति भएको संस्था नेपाल एकेडेमीले तत्कालीन अवस्थामा आठआठ महिना लामो अवधिसम्म तलब रोकिँदा त्यत्रो समयसम्म औषधि खान मात्र टुटेन नियमितरूपले बिहान-बेलुकी देवकोटाको भान्छामा आगो पनि बल्ल पाएन। अनि त रोग असाध्य, दुःसाध्य भएर आयो। ३ असारमा हालखवरले महाकविबारेको स्वास्थ्य र दरिद्रताको समाचार प्रकाशन गऱ्यो। त्यहीदिन महाकविको पुरानो बिन्तिपत्रको आधारमा राजाले दुई हजार भारतीय रुपियाँ उपचार गर्न पठाएछन् तर समय गुज्रिसकेको थियो।

महाकविको स्वास्थ्य अत्यन्त गम्भीर हुने क्रम तीव्र हुँदैजाँदा असह्य आन्तरिक वेदना कम गर्न उहाँ ५ ग्रेन मर्फिन र ३ ग्रेन निद्राको ओखती खाइ महानिद्रामा लीन हुने इच्छा चिकित्सकहरू र अरू सामुन्ने पनि बराबर प्रकट गर्नुहुन्थ्यो। उहाँलाई भेट्न आउने आगन्तुकहरूसँग पनि पोटासियम साइनाइड माग्नु हुन्थ्यो।

महाकवि देवकोटालाई ११ भदौका दिन पशुपति देवपत्तनस्थित हरिकीर्तन भवनमा स्थानान्तरण गरियो शान्तभवन अस्पतालबाट। फेरि पेटको पानी झिक्न भनी शान्तभवन अस्पतालै लगियो। अन्तमा २७ भाद्र बिहान ५:३० बजे आर्यघाट लगियो। आफूलाई हेर्न आउने माझ यसो मान्छे हेरी "म आज साम्यवादी देशमा भएको भए मेरो यो दशा हुने थिएन" भन्नु हुन्थ्यो रे भन्नेहरू पनि देवकोटाकै वरिपरि थिए।

ग्रीष्मबहादुर देवकोटाको उक्त पुस्तकमा लेखिएको छ प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले मन्त्री गणेशमान सिंहमार्फत महाकविको अन्तिम इच्छा सोध्दा देवकोटाले "म माटोमा मिले पनि नयाँ नेपालको निर्माण होस् प्रजातन्त्र फलोस् फुलोस् मर्न नपाओस्। असह्य वेदना भएकोले मलाई ५ ग्रेन मर्फिन र ३ ग्रेन सुत्ने औषधि दिइयोस्। मैले तिर्नुपर्ने १०, १२ हजारको ऋण छ मेरो घर बेचेर सो ऋण तिरियोस् भन्नुभयो" रे ।

त्रिचन्द्र कलेजका प्राध्यापक फणीन्द्रप्रसाद लोहनी र लक्ष्मीप्रसाद देवकोटाको साह्रै मिल्ती रहेछ किशोरवयदेखि नै। फणीन्द्रका भाइ वेदप्रसाद लोहनी यी दुईका फुच्चे सहयोगी रहेछन्। यी दुई व्यक्तित्व पढ्नेताकासँगै पढ्ने, यौटै ओछ्यानमा सुत्ने गर्दा रहेछन् वेदप्रसाद झगडा गरीगरी यी दुईको माझमा सुत्थे रे। वि.सं. २०५९ मा मैले रेडियो सगरमाथामा 'उहिले बाजेका पालामा' कार्यक्रमका अतिथि वेदप्रसाद लोहनी- जो क्यान्सरबाट थला परेका थिए र नभन्दै २०६० वैशाख एकमा त बिति पनि हाले-देवकोटाको सन्दर्भमा मर्माहत अभिव्यक्ति दिँदै थिए। तत्कालीन शान्तभवन अस्पतालमा महाकवि लक्ष्मीप्रसादले एकान्त पर्दा हार्दिक अनुनय गर्नुभयो रे "मलाई माया गर्छौ भने पोटासियम साइनाइट ल्याइदेउ असह्य वेदना भयो"। त्योभन्दा देवकोटा ओछ्यानमा छट्पटाइरहेका थिए रे। वेदप्रसाद भन्दै थिए तर आज ओखतीले त्यस्तो छट्पटीलाई मत्थरपार्छ। यो अन्तर मात्र ४३ वर्ष बीचको हो। कत्रो प्रगति औषधि विज्ञानमा !

रामजीप्रसाद अर्याल (कालो रामे) महाकवि लक्ष्मीप्रसाद देवकोटाको विलक्षण प्रतिभाको उदाहरण दिँदै मसँग भन्थे। एकदिन देवकोटाको घरमा दाउरा बेच्नेले दाउरा ल्याए रे। त्यतिबेला काठमाडौँका प्रायः सबै घरमा दाउराले नै खाना पाक्थ्यो। दाउरेसँग महाकविले भने रे माथि दाउरा राखी मसँग भेट्नु। दाउरेले उनीसँग भेट्दा तामाङ भाषाका केही शब्द सिके रे। तत्कालै तामाङ भाषा र शैलीमा कविता लेखेर तिनै दाउरेलाई सुनाइ भाषा शुद्धाशुद्धिसमेत गराए रे।

यस्तो विलक्षण प्रतिभाशाली महाकवि लक्ष्मीप्रसाद देवकोटा समयमा उपयुक्त औषधोपचार गर्न नपाई र बिरामी हुँदा पनि दुई छाक साधारण खानासमेत नियमितरूपमा खान नपाई अकाल मर्नुपऱ्यो। नेपालको असाधारण प्रतिभा तत्कालीन सरकारको दृष्टिकोणको यो यौटा साह्रै विषाद लाग्दो दृष्टान्त हो। सहानुभूतिका चिल्ला तथा चिप्ला शव्दाबली र वास्तविक सहयोगबीच कत्रो अन्तर !

-२०६६ भदौ २४

देवकोटाद्वारा रचित विश्वसाहित्य 'शाकुन्तल इपिक'

–मदनमणि दीक्षित

महाकवि लक्ष्मीप्रसाद देवकोटा साहिँलो छोरो हुनुहुन्थ्यो। उहाँको जेठो दाजु लेखनाथ देवकोटा ' जिन्सीअड्डा' भन्ने सरकारी कार्यालयमा काम गर्नुहुन्थ्यो। त्यो अड्डको मुख्य काम नेपालबाट विदेशतिर वस्तुहरूको निकासी र पैठारी गर्ने जिम्मा पाएको थियो। त्यो अड्डाको मुख्य हाकिम अर्थात् आजको भाषामा डाइरेक्टर जनरल प्रधानमन्त्री चन्द्रशमशेरको साहिँलो छोरो केशरशमशेर जङ्गबहादुर राणा थिए तर मैले बाल्यकालमै थाहा पाएअनुसार तिनी कहिल्यै पनि जिन्सी अड्डामा हाजिर भएनन्, अड्डाका हाकिम र सबै कर्मचारीहरू निजको घर केशरमहलमा सातामा एकपटक जाने गर्दथे।

मेरा पिता जिन्सी अड्डाका हाकिम हुनुहुन्थ्यो। उहाँको दर्जा अड्डाको खरदार भए तापनि लेखनाथ देवकोटाले मेरा पिताको मातहतमा रहेर काम गर्नु पर्दथ्यो। त्यसैबेला लेखनाथ देवकोटाले आफ्नो साहिँलो भाइ लक्ष्मी प्र. देवकोटालाई पढ्न पटना भारतमा पठाए। त्यस्तैमा मेरी माहिली दिदी विमलादेवीको विवाह काठमाडौँको रानीपोखरी तलाउ पश्चिम उत्तरमा रहेको ठूला धनाढ्य परिवारका छोरासित कुरा छिनियो। मेरा पिता निकै प्रसन्न हुनुभयो र त्यो दिन जिन्सी अड्डातिर जान शान्ति निकेतनको आफ्नो जेठो दाजु राममणि आचार्य दीक्षितको घरबाट हिँड्नुभयो।

चन्द्रशमशेरको अवसानको तीन वर्षपछिसम्म देशका प्रधानमन्त्री हुन पुगेका भीमशमशेरले आफ्नो शासनकालमा काठमाडौँका ५२ ब्राह्मण परिवारलाई निकै नै दुःख दिए। तीमध्ये सबैभन्दा बढी पीडा मेरो पिताले भोग्नुपरेको थियो। त्यस्तै अवस्थामा आफ्नी माहिली छोरीको विवाहको कुरा छिनिएको घटनाबाट निकै प्रशन्नसाथ हिँड्दै डिल्लीबजारतिर जाँदा मेरो पिताले आफ्नो साहिँलो काकाका कान्छो छोरा र केही वर्षअघि मात्र भारतको कलकत्तामा ई.सन् १९२२ मा एम.बी.बीए.स. उत्तीर्ण भई नेपालको पहिलो नेपाली डाक्टर कहलिन थाल्नुभएका डा. सिद्धिमणि आचार्य दीक्षितलाई उहाँको घर अगाडि सडकमा भेट्नु भयो। दाजु लक्ष्मणमणि दीक्षित त्यस्तो प्रसन्न मुद्रामा देखापर्नु भएकोलाई इङ्गित गर्दै– "दाइ, आज यस्तो प्रसन्न मुद्रा किन ?" भनी सोध्नुभयो र त्यो बिहान माहिली छोरीका विवाहको कुरो छिन्ने काम सम्पन्न भएकोबारे थाहा भएपछि डा. सिद्धिमणिले भन्नुभएछ– "दाइ त्यो भण्डारी केटोलाई आफ्नी छोरी नदिनुहोस्। त्यो केटो क्षयरोगले ग्रस्त भई मेरो उपचारमा रहेको छ। मैले अनुमान गरेअनुसार अब त्यसको जीवन पन्ध्र महिना जति मात्र बाँकी छ।"

डा. भाइबाट त्यस्तो कुरा सुनेपछि मेरो पिता साह्रै आत्तिनुभएछ। त्यसै आतेसमा उहाँ हाल पुतलीसडकको पश्चिमदक्षिण कुनामा रहेको नेसनल ट्रेडिङ कम्पनी (त्यसबेला जिन्सी अड्डा रहेको आफ्नो काम गर्ने कोठामा) पुग्नुभयो। त्यहाँ लेखनाथ देवकोटा हुनुहुन्थ्यो। दुवैबीच गहिरो मैत्री सम्बन्ध थियो। मेरा पिताले एक घण्टा पहिले माहिली छोरीको विवाह छिनिएको र त्यसपछि डा. सिद्धिमणिले बाटोमा बताउनुभएको सबै कुरा लेखनाथ देवकोटालाई बताएर अब आफूले के गर्ने भन्नेबारे रनभुल्लमा परेको बताउनुभयो। लेखनाथ देवकोटाले सान्त्वना दिन खोज्नुभयो तर मेरो पिताको चित्त बुझेनछ। त्यस्तो देखेर लेखनाथ देवकोटाले भन्नुभएछ– "त्यस्तै हो भने मेरो ठाइलो भाइ मित्रनाथ देवकोटा छँदैछ, त्यसको विवाह भएको छैन। दाइले स्वीकार गर्ने भए दाइकी माहिली छोरी मेरो ठाइलो भाइलाई दिनोस्, स्वीकार गर्छु। त्यति सुन्नु के थियो, मेरा पिताको गुमेको होस् फर्कियो। उहाँले लेखनाथ देवकोटालाई सँगै लिएर डिल्लीबजारस्थित उहाँको घर पुऱ्याई आफ्नो पैतृक घर शान्ति निकेतनमा गएर आफ्ना पितामाता र दाजुभाइ सबैलाई जम्मा गरी त्यो दिनको सम्पूर्ण कुरा र डा. सिद्धिमणिले भन्नुभएको भण्डारीको छोरोलाई क्षयरोग लागेकोबारे बताउनुभयो।

त्यो दिन बिहान माहिली दिदीको कुरा छिन्दा म पनि शान्ति निकेतन गएको थिएँ। कुरा छिनेपछि म आफ्नो घर विशालनगरतिर फर्किएँ, पिताजी आफ्नो जिन्सी अड्डातिर जानुभएको थियो। साँझमा बत्ती बलेपछि घर फर्किएर पिताजीले माताजीलाई यावत् कुरा बताउनुभयो। लेखनाथ देवकाटोको घरबाट फर्किएर शान्ति निकेतन पुगेपछि परिवारलाई सबै कुरा बताएर आफ्नी माहिली छोरी भण्डारी केटोलाई होइन कि लेखनाथ देवकोटाका ठाइँला भाइलाई आफूले दिने निर्णय गरेको र देवकोटाले पनि स्वीकार गरेको कुरा बताएपछि 'माहिला पण्डित' मेराबाजे काशीनाथ आचार्य दीक्षितको परिवारमा रडाको नै मच्चिएछ। कुरा छिनिसकेको ठाउँमा नै छोरी दिनुपर्छ, त्यसो नगरी अर्को ठाउँमा दिएमा तिम्री छोरी वैकल्या ठहरिने छे, कसैले बिहे गर्ने छैन भन्नेमा परिवारका बहुसङ्ख्यक परिवार अडेछन्। काहिँला र ठूलाकान्छा भाइहरू यक्षमणि दिक्षित र नरेन्द्रमणि दीक्षितले भने लेखनाथ देवकोटाका भाइलाई छोरी दिनु उचित छ, क्षयरोग लागेको भण्डारीको छोरोलाई आफ्नी छोरी किन दिने भन्ने आफ्नो मनाइमा अड्नुभएछ।

यो सबै भएको दोस्रो दिन लेखनाथ देवकोटाले आफ्नो पुरेतसँगै लिएर शान्ति निकेतन आई दुई दिनपछि जन्तिसमेत लिएर आउने र भोलिपल्ट विवाह सम्पन्न भएपछि आफ्नो घर लैजाने निर्णय गर्नुभयो। भयो पनि त्यस्तै तर लेखनाथ देवकोटाले जन्ती लिएर आउने बेलामा प्रधानमन्त्री भीमशमशेर छेउ कसैले "यसरी पर्कैल्या छोरीको विवाह हुन लागेकोमा रोकी पाउँ" अनि उजुरी गरेछन्। त्यो उजुरी सुनेकै एक जना जिन्सी अड्डाको कारिन्दाले "सरकार यसबेला त लेखनाथ देवकोटा बाजेले जन्ती

लिएर शान्ति निकेतन पुगिसके होलान्" भनी जाहेर गरेपछि भीमशमशेर पहिले नै आफूलाई त्यसबारे किन नबताएको भनी उजुरवालालाई हप्काएछन्।

काठमाडौँमा यी सबै हुँदा ई.सन. १९३२ को असारतिर लक्ष्मीप्रसाद देवकोटा पटना विश्वविद्यालयमा स्नातक पढ्दै हुनुहुन्थ्यो। सके उहाँ त्यसबेला मुनामदन खण्डकाव्यको मस्यौदा गर्दै हुनुहुन्थ्यो। उहाँको त्यो मुनामदन खण्डकाव्यको रचना हुँदा काठमाडौँको बाहुन समाज अर्थात् लेखनाथ देवकोटाको आफ्नो समाज कस्तो थियो भन्ने देखाउन यो विवरण प्रस्तुत गरेको हुँ। मैले आजभन्दा झण्डै १५ वर्ष पहिले रत्नराज्यलक्ष्मी क्याम्पसमा लक्ष्मी प्र. देवकोटा स्मृति दिवस मनाउँदा एउटा प्रश्न गरेको थिएँ। तत्कालीन नेपाली समाज संवत् १९९० पछिको नेपाली साहित्यकारहरूका नाटकका मुख्य पुरुषहरूलाई लेखकले भारतका सहरहरूमा पठाएका छन् तर लक्ष्मी प्र. देवकोटाले मुनामदनको मुख्यपात्र मदनलाई भारततिर होइन, तिब्बततिर किन पठाएका होलान् ? यो घटनाको मुख्य कारण के हुन सक्छ ? भनी प्रश्न गरेको थिएँ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको अपशान हुँदा आर्यघाटको कोठामा मैले उहाँलाई भेटेको थिएँ। मैले तस्बिर खिच्दा लक्ष्मीप्रसाद देवकोटाको मुखबाट "संसाररूपी सुख स्वर्गभित्र,

रमे रमाई लिई भित्र चित्र
सारा भयो त्यो मुखभूमि तुल्य...
आखिर श्रीकृष्ण रहेछ एक,
नभक्तिभो, ज्ञान नभो विवेक"

आफ्नो जीवनको अन्तिम कविता गुन्गुनाउँदै हुनुहुन्थ्यो। त्यसबेला उहाँको दाहिने हातका दुई औँलाबीच चुरोट सल्किरहेकै थियो।

माथि मैले संवत् १९८८/८९ तिरको समाजको एउटा घटनाबारे उल्लेख गरेर लक्ष्मी प्र. देवकोटाको समकालीन सामाजिक परिवेशबारे चर्चा गरी रत्नराज्यलक्ष्मी क्याम्पसमा गरेको प्रश्नलाई आफैँले उत्तर दिने चेष्टा पनि गरेँ। ९१ सालको साउनतिर हामी स-परिवार वाराणसी र आफ्नो मौजा बारा जिल्लामा बस्न गयौँ। २२ वर्षपछि हामी दाजुभाइको परिवार काठमाडौँ फर्कियो। लक्ष्मी प्र. देवकोटासित मेरो एकपटक मात्र भेट भएको थियो। त्यो भेटमा उहाँले मलाई -"मदन, तिमी भेज बन्छौ" ? भनी सोध्नुभएको थियो। म अलमलमा परेको थिएँ। उहाँका कविता र निबन्धहरू बनारसमा र वीरगन्जमा बस्ता पढ्ने गरेको थिएँ तर नेपाली भाषाका कवितालाई म त्यतिसारो रुचाउन्नथेँ।

एकदिन वीरगन्जमा म प्रधानाध्यापक छँदाजस्तो लाग्छ, मैले उहाँको 'शाकुन्तल महाकाव्य' पढेँ। संस्कृतका महाकवि कालीदासको 'अभिज्ञान शाकुन्तल' पढिसकेको मैले देवकोटालाई कालीदासकै दिशामा र केही नजिक पनि ठाने। त्यस्तैमा, काठमाडौँका विख्यात साहित्यकार भवानी भिक्षु पश्चिम नेपालतिर जान वीरगन्ज आएर बस्नुभयो। उहाँ त्रिजुद्ध हाइस्कुलमा पनि आउनुभयो। प्रधानाध्यापकको कोठामा बसेर हामी कुराकानी गर्दै थियौँ। उहाँले भन्नुभयो- "महिना दिन पहिले लक्ष्मीप्रसाद देवकोटा बनारस जानुभयो र विश्वेश्वरप्रसाद कोइरालासित भेट गर्नुभएछ। उहाँ बनारसमा नेपालीहरू बसोबास गरेको घरको तल्लो चीसो छिँडीमा बस्नुभएको छ रे", केही महिना पहिले ई. सन् १९४५ मा पटनामा काली प्र. उपाध्यायको घरमा मैले कोइरालालाई भेटेको र राजनीतिमा आउन उहाँले गर्नुभएको आग्रहलाई अस्वीकार गरिसकेको थिएँ। लक्ष्मी प्र. देवकोटाले बनारस गएर राजनीतिक सम्पर्क प्रारम्भ गर्नुभयो भन्ने कुरा भवानी भिक्षुबाट थाहा पाएपछि मलाई चित्त बुझेन तर त्यो दिन मैले केही भनिनँ।

समय बित्दै गयो। वि.सं. २०१३ सालमा वीरगन्जको बसाइँ छोडेर स-परिवार म काठमाडौँ आएँ। २०१५ सालपछि डा. के आई. सिंहको प्रधानमन्त्रित्वको तीन महिने अवधिमा लक्ष्मी प्र. देवकोटा शिक्षामन्त्री हुनुभयो। म हालखबरमा प्रधानसम्पादक थिएँ। भर्खरको समय थियो। मैले मैतिदेवीको घरमा देवकोटालाई भेटेँ। के काम थियो म सम्झिन्न तर उहाँले दिनुभएको जवाफबाट मलाई सन्तोष भएन। के.आई. सिंहको सरकार विघटन भयो। लक्ष्मी प्र. देवकोटाको रोग झन् बढ्यो दैनिक हालखबरमा मैले त्यो समाचार प्रकाशित गरेँ र उहाँलाई भेट्न आर्यघाट पनि गएँ।

उहाँमा हुक्का तान्ने र चुरोट खाने बानी युवा अवस्थादेखि नै सुरु भएको थियो। त्यही बानीले नै क्यान्सर रोगलाई सहायक बनाएर उहाँको जीवनको अन्त्य गर्‍यो।

संवत् २०४८ मा लक्ष्मी प्र. देवकोटाको 'Shokuntala Epic' नामक पुस्तक प्रकाशित भयो। महाकविले त्यो पुस्तक संवत् २००५ पछिका दस वर्षभित्र कहिले लेख्नुभएको थियो भन्नेबारे आजसम्म निर्क्योल भएको छैन। मुद्रणका निम्ति छापाखानामा पठाउनुभन्दा पहिले अङ्ग्रेजी भाषामा लेखेर टाइप गरिएको त्यो पुस्तकका ठाउँठाउँका प्रकरणहरूमा हेरफेर भएका छन्। त्यो अवधिमा नेपालमा रहेका कुनै अङ्ग्रेज विद्वान्ले ती प्रकरणमा देवकोटाकै अनुरोधमा हेरफेर गरिएको जस्तो देखापर्छ। डिल्लीबजारस्थित नेपाल सांस्कृतिक सङ्घले उक्त पुस्तकको सम्पूर्ण पाण्डुलिपि प्राप्त गरेपछि 'पाठ वेद' बारे के गर्ने भन्ने छलफल गरेको थियो। मैले पनि सम्पूर्ण पाण्डुलिपि पढेको थिएँ। सो पढेपछि मैले तीनवटै पाठ वेदलाई प्रकाशित

गर्नुपर्छ भनी सल्लाह दिएको थिएँ। उक्त पुस्तकमा भूमिका लेखिदिन नेपाल सांस्कृतिक सङ्घका अध्यक्ष रहनुभएका वासुदेव रिमालले मसित आग्रह गर्नुभएको थियो तर मैले 'महाकवि देवकोटाले अङ्ग्रेजी भाषामा लेख्नुभएको ' shakuntala Epic' को भूमिका लेख्ने क्षमता ममा छैन भनेर इन्कार गरेको थिएँ।

संवत् २०४८ मा सामान्य पुस्तकको रूपमा प्रकाशित भयो।

पुस्तकको भूमिका लेख्न मैले केही महिना पहिले इन्कार गरिसकेको थिएँ, तथापि नेपाल सांस्कृतिक सङ्घले मलाई सभापति हुन बोलाएपछि मैले देवकोटाको संवत् २००२ मा लेखिएको शाकुन्तल महाकाव्यका साथै संवत् २०४८ मा प्रकाशित भएको Shakuntala Epic गरी दुवै पुस्तकबीच तुलना गर्ने दृष्टिकोणले पढेँ र आफ्नो विचारलाई विवरणमा लेखेर १४ पृष्ठको भाषणजस्तै तयार पारेँ। त्यो वर्षको लक्ष्मीपूजाको बिहान नेपाल सांस्कृतिक सङ्घमा ठूलो सभा भयो। पाँच जना विद्वान्ले बोली सक्नुभएपछि उद्घोषकले मलाई आफ्नो विचार प्रस्तुत गर्न बोलाउनुभयो। त्यसैबेला प्रधानमन्त्रीले मतिर फर्किएर आफ्नो दाहिने हातको दुईवटा औँलाले एक इन्च जति ठाउँ मतिर देखाउनुभयो। अर्थात् मैले सकेसम्म छोटो बोलुँ भन्ने उहाँको सङ्केत थियो। मैले आफ्नो १४ पृष्ठ लामो लिखित विचारलाई एकदमै छोट्याएर जम्मा साढे चार मिनेटभित्र आफ्नो प्रवचनलाई सिध्याउनु परेको थियो। त्यो दिनका निम्ति मैले तयार पारेको १४ पृष्ठ लामो वक्तव्य त्यसपछि कुनै नेपाली पत्रिकामा प्रकाशित भएको छ। आफ्नो लेखमा मैले प्रकट गरेका विचारको सार यस प्रकारको रहेको थियो।

महाकवि लक्ष्मी प्र. देवकोटाले ऋग्वेदिक ब्राह्मण ग्रन्थ र महाभारतमा रहेका शाकुन्तल र निजको छोरा भरतदेव शान्तिको कथामा आधारित शाकुन्तल महाकाव्य नेपाली भाषामा संवत् २००२ मा नै देवकोटाले प्रकाशित गरिसक्नु भएको थियो। ऋग्वेदको ब्राह्मणमा रहेको नाडपित कुलो छेउकी शाकुन्तलको कथालाई महाभारतले सम्बद्ध र रसात्मक आख्यानको रूपमा प्रस्तुत गरेको थियो। त्यसपछि सन् ४०० तिर लौकिक संस्कृतिका महाकवि कालिदासले अभिज्ञान शाकुन्तलको नामबाट संस्कृत नाट्यशास्त्रको विश्व विख्यात् नाटक प्रस्तुत गरेका थिए।

संवत् २००२ मा देवकोटाले संस्कृत पद्यमा लेख्नुभएको शाकुन्तल महाकाव्यले महाकवि कालिदासभन्दा पहिलाका दुष्यन्त–शकुन्तलाका कथालाई छोडेर महाकवि कालिदासको नाटक 'अभिज्ञान शाकुन्तल' लाई पद्यमा अनुसरण गर्ने अत्यन्त प्रशंसनीय प्रयास गर्नुभयो। यो प्रयासले संस्कृत साहित्यको कालिदाशीय प्रवृत्ति र पद्धतिलाई नेपाली महाकाव्यमा प्रस्तुत गर्नुएको थियो। देवकोटाको शाकुन्तल महाकाव्यले लेखनाथ पौडेलका कृतिहरूलाई उछिनेको मात्र होइन, नाटककार बालकृष्ण समको कलमलाई पनि नाघेर अघि बढेको छ।

'शाकुन्तल महाकाव्य' ले नेपाली भाषामा त्यति ठूलो उपलब्धि प्राप्त गरिसकेको आठ/दस वर्षपछि देवकोटाले फेरि कुन नयाँ उपलब्धि देखाउन अङ्ग्रेजी भाषामा शाकुन्तल महाकाव्य लेख्नु परेको थियो भन्नेतिर विचार गर्दा यो अङ्ग्रेजी कृतिको औचित्य प्रमाणित हुन्छ। देवकोटाको अङ्ग्रेजीमा लेखिएको शाकुन्तल महाकाव्यले नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यदेखि लेखनाथ पौड्याल, बालकृष्ण सम र स्वयं आफ्नै संव्त २००२ सम्मको काव्यधाराभन्दा पृथक मात्र होइन, ती सबैभन्दा माथिल्लो स्तरको अभिव्यक्ति प्रस्तुत गर्दछ। अङ्ग्रेजीमा लेखिएको शाकुन्तल महाकाव्यले नेपाली काव्यधारालाई आर्ष र लौकिक संस्कृति काव्यधाराभन्दा माथि उठाएको मात्र होइन, नेपाली काव्य धारामा नयाँशैली रसात्मकता, प्राञ्जल अभिव्यक्ति तथा युरोपेली साहित्यका शैली र किट्सजस्ता विश्वस्तरीय कविहरूलाई पनि यो बीसौँ शताब्दीमा आएर नाघ्ने चेष्टा गरेजस्तो मैले देखेको छु। मैले पढ्दा अङ्ग्रेजी भाषाको शाकुन्तल महाकाव्य मुक्त छन्दमा तर उच्चस्तरीय र प्रौढ अङ्ग्रेजी भाषामा प्रस्तुत गरिएको छ। यसमा उपमाहरू पनि लौकिक संस्कृतका भन्दा परिमार्जित र आधुनिकरूपका छन्। त्यसो गर्दा महाकवि देवकोटाले ऐतेरेय ब्राह्मणकालीन समाजका अभिव्यक्ति शैलीहरूलाई उल्लङ्घन नगरी प्रस्तुत हुनु भएको छ। Shakuntal Epic लाई हेर्दा नेपालमा नेपाली कविहरूको अत्याधुनिक प्रौढता तथा उच्चस्तरीय साहित्यिक कृति अङ्ग्रेजी भाषामा प्रस्तुत गरेर नेपाली र नेपाली साहित्यको इज्जतबारे विश्वका प्रसिद्ध लेखकहरूसामु सगौरव प्रस्तुत गर्न सकिन्छ भन्ने देखाएको छ।

उपयुक्त कुरा छोटकरीमा भनेपछि संवत् २०४८ को लक्ष्मीपूजाको दिन नेपाल सांस्कृतिक सङ्घमा मैले थप केही कुरा पनि भनेको थिएँ।

"प्रस्तुत Shukuntal Epic लाई सरकारले हालका प्रकाशकबाट अधिग्रहण गरेर अङ्ग्रेजी भाषामा ठूलो टाइपमा प्रकाशित गर्दा त्यसलाई De Luxe संस्करणको रूपमा मुद्रण गरी सुरुमा नेपाल सरकारले विदेशमा रहेका दूतावासहरूमार्फत त्यहाँका विद्वान्हरूबीच एक हजारप्रति जति पुस्तकलाई थप केही नभनी नम्रतापूर्वक वितरण गर्ने प्रबन्ध गरोस्।" त्यसबेलाको मेरो त्यो प्रस्तावलाई सरकारले सुनेन, तथापि आफ्नो प्रस्तावमा म अझै अडेको छु र वर्तमान प्रधानमन्त्री माधवकुमार नेपालसामु म फेरि दोहोऱ्याउँछु। अहिले संयुक्त राष्ट्रसङ्घले विश्वभाषा भनी छवटा भाषालाई स्वीकार गरेको छ। तीमध्ये अङ्ग्रेजी एउटा हो, यद्यपि मैले हेर्दा अङ्ग्रेजी भाषाले नै विश्वको पहिलो भाषाको रूपमा ठाउँ ग्रहण गरिसकेको छ। Shakuntal Epic लाई अहिले त्रिभुवन विश्वविद्यालयले स्वीकार गरिसकेको रहेछ तर त्यतिलाई मात्र म पर्याप्त ठान्दिन। ❐

महाकवि : सम्झनाको तरेलीमा

☐ कृष्णप्रसाद पराजुली

नदेख्तैका देवकोटा

म पहाडबाट आएको पछीजस्तै थिएँ। गाउने लत त सानैदेखि लागेको हो। पछि कोरकार गर्न मन लाग्यो। म जे पाए पनि पढ्थैं। नाम सुनियो– लेखनाथ, बालकृष्ण र लक्ष्मीप्रसाद नेपालका ठूला कवि हुन्। त्यसमा पनि देवकोटा त बित्पातै पो छन् अरे। साथीहरूका बीच कुरा भयो– "महाकवि देवकोटाको 'मुनामदन' असाध्यै राम्रो छ।"

मैले पुस्तक पसलबाट किनेरै ल्याएँ। सिरानीमै राखेर पढैं, दोहऱ्याएँ, तेहऱ्याएँ। २००३ सालतिरको किशोरवयमा साँच्चै त्यसले मलाई मुहुनी नै लगायो। अब मलाई देवकोटालाई देख्न पाए हुन्थ्यो जस्तो लाग्यो, लागिरह्यो–कस्ता होलान् उनी ? मुनामदनका कतिपय अंश कण्ठै थिए मलाई मैले अरूका प्रेमपत्र लेखिदिँदा मुनामदनकै पङ्क्तिसमेत हालिदिएको थिएँ यसरी–

नछोडी जानोस् हे मेरा प्राण ! अकेली मलाई
मनको वनमा ननिभ्ने गरी विरह जलाई।

देवकोटाका कविताका पङ्क्ति त हृदयमा टाँसिए तर आफू नयाँनयाँ नै भएको र पढाइमा लागिरहेको हुँदा मैले उनलाई देख्न पाइनँ, केही पर्खनै पऱ्यो।

देखेपछिका देवकोटा

धेरै अघिका दिन थिए ती। कहिले जाडो, कहिले हुस्सु, कहिले तुवाँलो। काठमाडौँसँग भर्खरभर्खरकै चिनारी थियो। हामी नेपाली प्रथमा परीक्षा दिन प्रयास गर्दै थियौँ। त्यसैताकको कुरा हो।

हामी पुगिरहन्थ्यौँ– घण्टाघर, सरस्वती सदन। त्यता हिँड्न त बाटामा अरू मान्छे पनि हिँड्थे, आउजाउ गर्थे तर सबैको अनुहार आँखामा टाँसिएन। एक जनाको भने किन हो छविचित्र आँखामा प्रतिबिम्बित भइरह्यो। भव्य शरीर, उच्च ललाट, घुम्रिएर पाटा परेका केश थिए उनका। आँखा उनका एकतमासका, मास्तिर आकाशतिर उडेजस्ता, केही खोजिरहेजस्ता लाग्थ्यो मलाई। "ऊ महाकवि लक्ष्मीप्रसाद देवकोटा ! उनै त हुन् नि।" साथीमध्येकै कोही फुसफुसायो।

बागबजार, डिल्लीबजारतिर पुग्दा पनि उनलाई देखैं– कहिले आइरहेको, कहिले गइरहेको; कतै साइकल चढिरहेका हुन्थे, कतै डोऱ्याइरहेका र कतै पैदल नै। एक–दुईपल्ट डिल्लीबजारको कालिकास्थानतिर लाग्ने सडकको मोडमा रहेको पसलमा चियाचमेना पनि गरिरहेको देख्थैं। मानिसहरू भन्थे– "यिनको कोटको खल्तीमा रसभरी र लालमोहन पनि हुन्छ। खल्तीबाट रस चुहाउँदै हिँड्छन्।" खै के हो त्यो चाहिँ देखिएन।

२००७ सालपछि भर्खर प्रजातन्त्र घोषणा भएका दिन थिए त्यसैताक महाकवि देवकोटालाई मैले यटखाबहालमा देखैं, राम्रैसँग– कोट पहिरेका, क्रिम कलरको गलबन्दी गुतेका खाइलाग्दा थिए। चौडा निधार, हेर्दैमा भव्य लाग्ने अनुहार, उही– आकाश ताकेर हेरिरहेकाजस्ता आँखा, कल्पनामा डुबेजस्तो, खेलेजस्तो, केकेजस्तो केके !

टङ्कप्रसाद, खड्गमान सिंह आदि राजनीतिज्ञ रहेको त्यस सभामा लेखनाथ, देवकोटाजस्ता आदरणीय साहित्यकारलाई मञ्चमा आसीन गराइएको थियो। कति राम्रो ! त्यस दिन देवकोटाले केही बोले, सायद कविता पनि पढे। म मनभरि पारेर, आँखाभरि छापेर फर्कें।

२००९ सालमा महाकवि देवकोटाले दरबार स्कुलको माथि बरन्डाबाट भित्र पसेर एक दिन हाम्रो नेपाली कक्षा लिएका थिए। कक्षा थियो– मुनामदनकै विषयमा बताउने। उनी त मसिनो स्वर निकालेर गाउँदा पनि रहेछन्। हाम्रो कक्षामा उनले साहित्यको कुरा गरे। 'मुनामदन' कै प्रसङ्ग झिके र लोकलयको कुरा पनि गरे। हामीले आ–आफ्नो क्षमताअनुसार बुझ्यौँ। त्यस दिन म फुरुङ्ग थिएँ– देवकोटालाई नजिकैबाट देख्न पाएकोमा र अझ उनका वाणी पनि सुन्न पाएकोमा।

२०१० लाग्दाका दिन थिए। नेपाली शिक्षापरिषद्ले तीन दिनसम्म साहित्य सम्मेलन गऱ्यो– सरस्वती सदनमा। तिनताक साहित्य सम्मेलन कम हुन्थ्यो। भइहाले पनि धेरै समयका बीचमा। हाम्रा निम्ति सरस्वती सदनको यो सम्मेलन ऐतिहासिक जस्तै भयो। त्यहाँ मैले 'त्यो गोठालो' शीर्षक कविता सुनाएको थिएँ। कविता ठीकै थियो, तैपनि देवकोटाले धाप मारे। मैले आशीर्वाद सम्झें।

मलाई २००७ सालपछि नै हो, एक दिन साथीहरूसँग कुराकानी भयो– "महाकवि देवकोटाको घरमा जाने ?"

"ओहो ! जाने, किन नजाने ? तर हामीसँग बोल्छन् र ?"

"किन बोल्दैनन्, बोल्छन्। कस्ता रमाइला छन् रे ! बरु उनलाई लेख्ने मानिस बढी मन पर्छ अरे !"

हामी पनि सिकारु एक–दुई रचना बोकेर लाग्यौँ डिल्लीबजारतिर। फोनको चलन त त्यतिखेर छँदै थिएन, समय पनि लिएका थिएनौँ। भेट होला नि भनेर एक दिन बिहानै गएका थियौँ।

पीपलको बोटदेखि तल उत्तरपूर्व फाँटमा देवकोटाको निवास (सके दुईतले घर) रहेछ– कविकुञ्ज। हामी आँगनबाट दलान हुँदै भऱ्याङ चढेर पहिलो तला उक्ल्यौँ। माथि पुग्नासाथ छेवैमा रहेछ उनको कोठा। हामीले भन्यौँ– "महाकविलाई भेट्न आएका, आउन सक्छौँ कि ?"

हामीले अनुमति मात्र पाएनौँ महाकवि देवकोटासँग घरमै भेट भयो– त्यो पनि कोठामै। उनले भने– "बाबुहरू कहाँबाट आउनुभो ? आउनुहोस्।"

हामी भित्र पुगेर बस्यौँ। साथी थिए– आर० के० (रामकृष्ण) मिश्र र कार्की बन्धु। साथीहरूसँग सल्लाह भएअनुसार हामीले पनि दुई बट्टा कैँचीमार र दुई बट्टा फूलमार चुरोट लगेका थियौँ। चुरोटका बट्टा उनको अगाडि राखिदिएपछि उनले मुसुमुसु हाँस्तै बट्टा खोली चुरोट सल्काएर धुवाँ फाल्दै सोधे– "भन्नुहोस् किन आउनुभयो ?"

हामीले विनीत स्वरमा भन्यौँ– "हामी हजुरसँग भेट्न आएका। हामी पनि लेख्न चाहन्छौँ। हामीले लेखेको हुन्छ कि हुँदैन, भनिदिनुपर्‍यो।"

अनि हामीले आफ्ना रचना (कविता, कथा) सुनायौँ। महाकविको उज्यालो अनुहारबाट वाणी फुट्यो– "अहा ! प्रतिभाको छनक छ, परिपाक केही पुगेको छैन। पछि स्वतः राम्रो भएर आउँछ। लेख्दै जानुहोस्।" यसरी देवकोटाले हाम्रा रचना सुने, फुर्क्याए र उत्साह दिए। अरू पनि आएका रहेछन्। गिलास पुगेनन् कि के हो, हामीले कचौरामा समेत चिया खाएका थियौँ।

त्यसपछि त के चाहियो र ! महाकवि देवकोटालाई देखेपछि परैबाट चिन्न थालेँ म। देखिन्थ्यो घण्टाघर वरपर, डिल्लीबजारको उकालोमा, लप्टनको चियापसलमा। जहाँ देखे पनि हामी हात जोड्थ्यौँ, उनी मुस्कुराउँथे। त्यो मुस्कुराहट बादल छिचोलेर झुलुक्क निस्केको घामजस्तै लाग्थ्यो।

त्यसपल्ट हामी एक घण्टा लगभग बसेर हात जोडी बिदा भयौँ। बाटाभरि देवकोटाकै झझल्को आइरह्यो।

अहिलेसम्म घण्टाघर, सरस्वती सदन, बागबजार, डिल्लीबजार, पीपलको बोट, यटखाबहाल जहाँ पुग्दा पनि ती बेलाका प्रसङ्ग र महाकवि देवकोटाको भव्य अनुहार स्मृतिको छायाँ बनेर आँखाभरि आइरहन्छ। मानौँ धेरै अघिदेखि हाम्रो मधुर सम्बन्ध थियो जस्तो लाग्छ मलाई।

सुनेका देवकोटा

२००४ सालमा देवकोटा बनारसमा बस्थे। उनको काम थियो– युगवाणीको सम्पादन र कविताको सिर्जना। देवकोटालाई चुरोट असाध्यै खानुपर्थ्यो। साथमा पैसा हुँदैनथ्यो। कविता भने उनी डङ्गुर नै लेखिरहन्थे। एक दिन सौभाग्य पुस्तकालयका टीकादत्त धितालले भने–"एक श्लोकको चार आना दिन्छु।" देवकोटाले तुरुन्तै चार श्लोक बुझाए, एक रुपियाँ लिएर गए। भोलिपल्ट बिहान २५ श्लोक लिएर आए। सबा छ रुपियाँ दिनुपर्‍यो। फेरि त्यसै दिन बेलुकी वा अर्को दिन बिहान १०० श्लोक लगे। २५ रुपियाँ दिनुपर्ने भो। अब टीकादत्त धितालको सातो जान लाग्यो। त्यति खेर बनारसमा २५ रुपियाँले दुई महिनाको खर्च पुग्थ्यो। त्यसमाथि हजारौँ श्लोक ल्याए भने के गर्ने ! धितालले भने– "हैन कविजी ! तपाईं लेखेजति मलाई दिँदै जानुहोस्। म तपाईंलाई दिनको दुई–दुई रुपियाँ गरी महिनामा साठी पुर्‍याउँछु।" त्यो सर्त पनि मन्जुर भयो।

दिनको दुई रुपियाँमा खाना, चिया, खाजा, चुरोट, अरू गर्दा प्रायः पुग्दैनथ्यो। राति निद्रा नलाग्दा उनी लेखिरहन्थे तर चुरोट सकिन्थ्यो। उनी राति नै सौभाग्य पुस्तकालयको ढोकामा पुगेर ढकढकाउँथे। धिताल दुकानमै सुतेका हुन्थे। दुई–तीनपल्ट ढकढकाएपछि धिताल सोध्थे– "कौन है ?"

"म देवकोटा। राति निद्रा लागेन, चुरोट सकियो। दुई रुपियाँ अरू (पेस्की) पाऊँ न !"

"कविजी क्या गजब हुनुहुन्छ" भन्दै धिताल ढोका अलिकति खोली दुई रुपियाँ दिन्थे अनि देवकोटा 'धन्यवाद !' भन्दै जान्थे पान, सिगरेटको दुकानमा। त्यहाँ पनि त्यसरी नै दुकानको ढोका ढकढक्याएपछि चुरोट लिएर जान्थे र कोठामा पुगेर रातभरि पनि लेख्थे।

हरि श्रेष्ठले एउटा संस्मरणात्मक लेख लेखेका छन्– ' देवकोटाको चुरोट'। त्यो लेख प्रकाशित छ– मेरो आफ्नै सम्पादनमा निस्केको नेराबि (सँगालो १०, २०२८ हिउँद) मा। त्यसमा बलरामले बताएअनुसार भनिएको छ। ती बलराम श्रमजीवी हुन् वा उपाध्याय हुन् थाहा भएन। देवकोटा र साथीहरू एक साँझ बनारसको रेल्वे स्टेसनमा टहलिन गएका थिए। देवकोटालाई चुरोटको तलतल लागेको थियो। उनले भने– "किन्न आफूसँग पैसा छैन। चुरोट खान पाए हुन्थ्यो। तपाईंहरूसँग होला ?"

"मसँग एउटै मात्र बाँकी छ। पैसा पनि सकिएछ। यही एउटा भए पनि खानुस् कविजी !" भट्टराई (कृष्णप्रसाद होलान् कि !) ले भने।

देवकोटाले त्यो चुरोट बडो स्वाद लिएर खाए, एकै छिनमा सिद्धिहाल्यो। फेरि तलतल लाग्दालाग्दै असह्य भयो। देवकोटा रन्थनिँदै घुमे। उनले रेलमा दोस्रो श्रेणीको डिब्बामा एक जना सज्जनले (सके साथीसँग बसी) मजासँग चुरोट खाइरहेको देखेछन्। देवकोटा त्यही डिब्बामा पसी उनीसँगै बस्न पुगेछन् र शिष्टता र लाचारीसाथ चुरोट मागेछन्। कुराकानीका क्रममा देवकोटाले ती सज्जनलाई प्रभावित पारिहाले। सज्जन चुरोट झिक्तै गए, देवकोटा चुरोटमै मग्न भए। ट्रेन चल्न थाल्यो। देवकोटाले सबै थोक बिर्से। उनीहरू त फैजाबाद पो पुगिसकेछन्।

यात्रीले भने– "लौ, म त यहीँ ओर्लन्छु। फैजाबाद आइपुग्यो। यही हो मेरो घर, तपाईं कहाँ जाने ?"

"के यो फैजाबाद हो ?"

"हो, यो फैजाबाद हो।"

"अहो ! म त बनारसको स्टेसनमा साथीहरूसँग टहलिन मात्र आएको थिएँ।" देवकोटाले सुस्केरा हाले।

"यो त फैजाबाद हो नि। बनारसबाट त यहाँ निकै टाढा आइसक्यौँ।"

"लौ मार्‍यो, मैले कसरी बिर्सेछु !"

"तपाईं किन रेलभित्र पस्नुभएको त ?"

"चुरोटको तलतल लागेको थियो। तपाईंले चुरोट खाइरहेको देख्ता मागूँ भनेर मात्रै डिब्बामा पसेको हुँ।"

"अब तपाईं कसरी फर्कनुहुन्छ त ?"

देवकोटा केही बोल्न सकेनन्। फर्कनलाई पनि पैसा नै चाहिन्थ्यो। चुरोट किन्नलाई पैसा नभएका देवकोटा रेलको टिकट किनून् कसरी !

ती भद्र यात्रीले देवकोटालाई आफूकहाँ लगे, दुई दिन बसाएपछि तेस्रो दिन बनारसको टिकट काटी खल्तीमा मनग्य चुरोट हालिदिएर त्यतै आउने मानिसका साथ लगाएर

पठाइदिए ।

यता देवकोटाका साथीहरूमा तहल्का मच्चिएको थियो । देवकोटा बेपत्ता हुनु अचम्मै हो । कुरा हुन्थ्यो– "यो राणाजीकै चाल हो । तिनकै पिट्ठूले उनलाई फकाएर–फर्काएर नेपाल पुऱ्याएको हुनुपर्छ ।"

देवकोटाको खोजी भइरहेकै थियो । तीन दिनपछि देवकोटा ढल्किँदै आएका देखिए स्टेसनमा । साथीहरूले छक्क पर्दै सोधे– "अहो ! देवकोटाजी, कहाँ पुगेर ? हामी त हैरान भइसक्यौँ ।"

देवकोटाले भने– "चुरोटको तलतल लागिहाल्यो । पैसा थिएन । रेलको डिब्बाभित्र एक जना सज्जन चुरोट खाँदै रहेछन् । उनैसँग कुरा गर्दै चुरोट खाँदा मग्न भई म त फैजाबाद पो पुगेछु । उनले दुई–तीन दिन आफ्नै घरमा राखेपछि सम्मानसाथ फर्काइदिए र आउँदै छु ।"

हिन्दी साहित्यजगत्मा जयशङ्करप्रसादको आँसु खण्डकाव्य निकै चर्चित थियो । एक दिन बनारसमा पढ्न बस्ने विद्यार्थीहरूसँगको भेटघाटका क्रममा उनीहरूले देवकोटालाई कविता चाहियो भन्ने माग गरे । देवकोटा थाकेका रहेछन् त्यस दिन । उनले भने– "म भन्छु, तपाईंहरू लेख्नुहोस् । बरु के विषयमा लेख्ने भन्नुहोस् ।"

विद्यार्थीहरूले उही जयशङ्करप्रसादको आँसु सम्झे । उनीहरूले भने– ".... आँसु माथि ।

देवकोटा बोल्दै गए । देवेन्द्रराज उपाध्याय गणेश बने । वरिपरि अरू रामहरि जोशीलगायत कोको थिए थाहा भएन । देवकोटा धाराप्रवाह कविता भन्दै गए । गणेश हुनेलाई लेख्नै आच्छु–आच्छु पऱ्यो, तैपनि उनले लेखे । त्यो आँसु दार्जीलिङबाट निस्कने भारतीको कुनै अङ्कमा २००६ सालमा छापिएको छ ।

केदारमान व्यथितका अनुसार एकपल्ट देवकोटाले उनलाई जोड दिएर भने– "व्यथितजी, लौ हिँड्नोस्– उत्तरापन्थमा तपस्या गर्न जाऔँ ।" बोलेपछि बोल्यो–बोल्यो गर्ने देवकोटाको बानी । व्यथितले नाइँनास्ती गर्न सकेनन् । उनीहरू दुवै हिँडेर बालाजु बाइसधारामाथि पुगेर बसे । साथमा पैसा थिएन । भोक लाग्यो । देवकोटाले गएर पसलेसँग भनेछन्– "म लक्ष्मीप्रसाद देवकोटा हुँ । मलाई 'महाकवि' भन्छन् । पैसा लिएर हिँडिएन । दुई माना बदाम दिनुहुन्छ ?"

बदामपसलेले हेऱ्यो, त्यत्रो व्यक्तित्व । ऊ प्रभावित भयो र बदाम दियो । दुवैले त्यो बदाम छोडाएर खाए । खाइसकेपछि व्यथितले भनेछन्– "उत्तरापन्थमा जाँदा सी० आई० डी. पछि लागेका हुन्छन् । भागेर जाने ठाउँ पनि हुँदैन, खानेकुरा पनि पाइँदैन । बरु दक्षिणपट्टि लागौँ । उता कसैले केही गर्न सक्तैन । चनाभुजा खाएर पनि बाँचिन्छ ।"

"हो हगि ? लौ फर्कौं ।" अनि आएछन् दुवै जना सहरतिरै ।

लगौँटीको भरमा गमलङ्ग कमल ओढी मुख छोपेर सुतेका अनि "म मरेँ, मरेको मान्छेले भात खाँदैन" भनिरहेका देवकोटालाई व्यथितले नै चिमोटेर "कहाँ मर्नुभएको छ ?" भन्दै धोती किनेर ल्याइदिएको, वासुदेव लुइँटेलले उसिनेको आलु खुवाएको भरमा फालिएको कविता चोरेर छपाएको आदि अन्य प्रसङ्ग पनि छँदै छन् ।

महाकवि देवकोटा त्रि–चन्द्र कलेजमा पढाउँदै रहेछन् । कुनै अङ्ग्रेज महासय आएका रहेछन् । उनले देवकोटाको बोलाइ, विद्वत्ता र प्रतिभा देखेर सोधे– "यहाँ उहाँको तलब कति छ ?"

२००२–०३ मा कलेजमा पढाउँदा सायद देवकोटाको तलब थियो मासिक ९० रुपियाँ । सबै अकमकिए । सागरमणिले चलाखी गरेर वर्ष दिनको जोडी भनेछन्– "थाउजेन्ड एट्टी अर्थात् १,०८०।– ।"

सुनेकै कुरा हो । दार्जीलिङ जाँदा नेपालका त्रिमूर्ति 'लेबाल' (लेखनाथ, बालकृष्ण, लक्ष्मीप्रसाद) अघिल्लै दिन साँझ टाइगर हिल (व्याघ्रशिखर) पुगेछन् । बिहान सूर्योदय हेरेर कवितामा अभिव्यक्ति दिने सल्लाह भएछ तीनै जना कविको । लेखनाथले दाह्री मुसार्दै भाका हाले–

गयो माथी–माथी

मधुरस लिँदै स्वर्णकलश

समले कलात्मक पारामा भने–

सूर्यले पृथ्वीको घुम्टो उघारी हेरे

सधैँकी ख्याउटी, निन्याउरी पृथ्वी

अनि देवकोटाले कल्पनाशीलताको प्रवाह छोडे–

सुन सूर्य भए/सुनको जलले

सुनद्वार खुल्यो/सुनको नभमा ...

सुनतार बजाउँछ कल्कलले ।

अनि अरू दुई कविले देवकोटालाई लक्ष्य गर्दै भनेका थिए रे– "तपाईंको राम्रो भयो ।"

महाकवि देवकोटा सोभियत रुसको तासकन्दबाट फर्केपछिको कुरा हो । २०१५ सालतिर हुनुपर्छ । एउटा प्रवचनसभा भयो– तीनधारा पाठशालाअगाडिको खुला चौरमा त्यति खेर चौर खाली थियो । देवकोटाले घण्टौँ बोले त्यहाँ । उनको शब्दप्रवाह, लच्छादार भाषा– हामी सबै मुग्ध भयौँ । देवकोटाले बोल्दाबोल्दै सिमसिम पानी पऱ्यो, तैपनि कोही त्यहाँबाट यताउति हलचल गरेन । त्यस्तो टुना थियो महाकविको प्रवचनमा । त्यस बेला रेकर्ड (ध्वन्याङ्कन) गर्ने साधन–सुविधा थिएन क्यार । यदि त्यो प्रवचन रेकर्ड भएर लिपिबद्ध हुन सकेको भए एउटा बेजोड यात्राकृति वा नियात्रा हुने थियो ।

सुनिन्छ– तासकन्दमै छँदा महाकविले अङ्ग्रेजीमा एउटा निबन्ध लेखेछन्– 'दि काउ' । विद्यार्थीले लेखेजस्तो गाईका विषयमा के होला र भन्ने लाग्यो रे पहिले रसियाली विद्वान्लाई । पढ्दै जाँदा पो तीन छक परेछन् उनीहरू । देवकोटाको प्रतिभा देखेर रसियाली लेखक–विद्वान्हरूले सोधेछन्– "तपाईंहरूकहाँ किताब छापिँदा एकपल्टमा कति छापिन्छन् ?"

के भनूँ, के भनूँ भयो नेपालका लेखकहरूलाई । नेपाली भाषा प्रकाशिनी समितिसम्मले पनि १ हजार, ५ सय किताब छाप्ने बेला थियो । तैपनि इज्जत राख्ने गरी अलि बढाएर भन्नुपर्छ भन्ने सल्लाह भएछ र नेपाली लेखकका प्रतिनिधिले भनेछन्– "तीन हजार ।"

रसियाली लेखकहरूको किताब एकपल्टमा घटीमा २५ हजार छापिँदो रहेछ । उनीहरूले 'च्च–च्च' गर्दै भनेछन्– "त्यसो भए त नेपालका लेखकहरूलाई दुःखै होला हगि ?"

देवकोटालाई क्यान्सररूपी राक्षसले आक्रमण गर्‍यो। उपचार गराए, शान्तभवनमा बसे। पछि त उपचारले पनि छोएन। पीडैपीडामा उनी गई पनि हाले।

देवकोटाको अवसानपछि प्रहरी पत्रिकाले विशेषाङ्क निकाल्यो। मैले कविता लेखें। छापियो। त्यति बेलाको गद्यलयात्मक कविता हो–

शोकको आँसु

दुई हजार सोह्रको भदौ उनन्तीस,
कस्तो निठुरी दिन आएछ !
पशुपति आर्यघाटमा,
घाम डुबेझैँ साँझमा
हे प्रतिभाका छवि !
महाकवि ! तिमी अस्तायौ !

यहाँ बत्ती निभ्नै परेन–
अँध्यारो–अँध्यारो भो
यहाँ जून हराउनै परेन–
धर्ती सारा सुनसान भो !
हिमालले पनि वियोगले
शिर आफ्नो निहुरायो,
बादलले पनि चिन्ताको आँसु–
यहाँ पानी बर्सायो !

कोइलीले वसन्तलाई पर्खेझैँ
पर्खे पनि भेट नहुने गरी गयौ !
दलिनमा पनि कविता लेख्ने प्रिय कवि !
यहीँ ओहोरदोहोर गर्दै तिमी
जब हिँडिरहेझैँ, मुस्कुराइरहेझैँ लाग्छ
अनि निरन्तर सम्झनाको बाडुलीमा
अचानक देख्न नपाउँदा
धुँक्का छोडी रोइरहूँ लाग्छ !

अनन्त कल्पना लिएर आएथ्यौ
नयाँ युगको रथ हाँकेथ्यौ,
लाखौँ व्यथा र भार बोकी
आँसुको कथा र सङ्घर्षमै तिमीले जीवन बितायौ
धूलो–धूलोमा सुवास र स्मृति छोडेर
बैगुनी दुनियाँबाट आखिर
आज कहाँ–कहाँ बिलायौ !

उज्यालो संसार पार्ने अझै धोको थियो
विधिले छिटै जीवन–तार चुँडालिदियो,
यसरी हामीलाई बिलौनाको गीत गाई
अश्रु–मसीले कविता लेख्नुपर्ने गरायौ
हे महान् साहित्यका रवि !
महाकवि ! तिमी अस्तायौ !

प्रहरी (महाकवि लक्ष्मीप्रसाद श्रद्धाञ्जली) : १/२, २०१६ पुस

देवकोटाले लेखेका थिए– उद्देश्य के लिनु उडी छुनु चन्द्र एक। चन्द्रमा छुने उनको दिव्य कल्पना नै थियो। हुन पनि उनी जुन दिन दिवङ्गत भए त्यसै दिन रसियाली लुनाले चन्द्रलोकमा प्रवेश गर्‍यो। यो पनि अचम्मैको संयोग थियो।

महाकवि देवकोटालाई प्रायः गरिबको श्रेणीमा राखिन्छ। मेरो अनुमानअनुसार उनी गरिब होइनन्, गरिब बन्न पुगेका हुन्। उनको उपार्जन चानचुने थिएन। उनी कवि मात्र थिए, अर्थशास्त्री–वाणिज्यवेत्ता केही थिएनन्। साङ्गोपाङ्ग मिलेन, सञ्चयवृत्ति भएन, त्यसैले सधैँ पुगेस–पुगेस भयो। त्यसमाथि देवकोटाले कहिल्यै पनि साधना र सुविधा खोजेनन्। उनी सधैँ–सधैँ अरूले नभेट्ने मनका धनी भइरहे।

देवकोटा बाँचेकै समयको एउटा घटना मैले सुनेको छु। डिल्लीबजारतिरकै एक जना मासिक सय खाने सुब्बाबाजे थिए। उनी घोडा चढेर अड्डा जान्थे। सयस पनि थियो। बिहान–बेलुका उनी नैनसुतको सुकिलो भोटो–सुरुवाल पहिरेर घरमा बस्थे, मखमलीका चट्टी लगाउँथे। दिउँसो दौरा–सुरुवाल, कोट, टोपी लगाएर चाँदतोडासहित काममा निक्कन्थे। घरमा थिए उनकी पत्नी, भान्से बाहुनी, छोरा र छोरी।

बिहानबेलुका सुब्बा बाजे मसिनु चामलको भात, मुगी वा रहरको दाल, मेथीचम्सुरको तरकारी, अचार, दूधसँग भान्सा गर्थे; अड्डाबाट फर्केपछि खाजामा मेथी हालेर भुटेको आलु तरकारी र दुइटा जिलेबीसँग एक गमर्को चिउरा खान्थे। गाई पनि पालेका थिए। मासिक एक सय अर्थात् वर्षको बाह्र सय खान्कीमा त्यो सब चलेको थियो। त्यसै अवस्थामा एक विद्यार्थीसँग एक सय लिएर टिउसन गर्ने र थुप्रै–थुप्रै विद्यार्थीका गुरु देवकोटा गरिब कसरी भए, किन भए ?

सुनैकै कुरा हो– देवकोटा त एक रातको लेखनले समेत छोरीको बिहे टार्न सक्थे। त्यसलाई पनि प्रस्ट पारूँ :

देवकोटाकी छोरीको विवाह आउन एक हप्ता पनि बाँकी थिएन। घरमा आइमाई केटाकेटी कराए– "लौन बुबा हजुर ! के गरिस्या ? बिहेलाई चाहिने कुराको केही जोरजाम छैन। अहिलेसम्म दुना–टपरी पनि गाँस्न पाएको छैन। पैसाको जोहो कसरी गर्ने ? कहिले गर्ने ? बिती नै सक्यो।"

देवकोटाले भने– "बज्यै, पख, पख, अहिले चुप लाग। बरु मलाई एक गोल्टिन चुरोट उधारो मगाइदेऊ। भोलि बिहान म तिमीलाई पैसा दिन्छु।"

त्यस्तै भयो, देवकोटाले रातभरि लेखे। भोलिपल्ट बिहानै लेखिएको कापी लिएर पुगे उनी भक्तबहादुर बुकसेलरकहाँ। भक्तबहादुरले देवकोटालाई पाँच सय महेन्द्रमल्लीको थैली दिए र घर आई त्यो थैली उनले मनकुमारीका हातमा थमाइदिए।

तात्तातै चाहिने कुरा सबै बजारबाट आयो, दुना–टपरी र बोहताको सट्टा मुन्चासाहुकहाँबाट प्लेट–रिकापी आए। मिठाई आयो। सबै जोहो भयो। जन्ती मक्ख परे, घरगाउँले रमाए।

देवकोटाले रातभरिमा खण्डकाव्य लेखेको चर्चा सुनिन्छ। छोरीको विवाह गराउने एक रातमा लेखियो भनेको त्यही काव्य 'कुञ्जिनी' हुनुपर्छ।

बिसौनी

महाकवि देवकोटा होनहार प्रतिभा थिए। मैले पन्ध्र तारा र नेपाली साहित्यमा उनलाई 'ध्रुबतारा' भनेको छु। समले उनलाई 'सरस्वतीप्रसाद' भनेका थिए। पारसमणि प्रधानले 'इलेक्ट्रिक कवि' भने। 'बिजुली कवि' भनेको त यता पनि सुनिन्थ्यो। उनको शतवार्षिकी भव्य रूपमा मनाऔँ।

सानेपा, ललितपुर

महाकवि देवकोटाको सतबार्षिकी मनाउने जिम्मा राज्यको हो

–पुरूषोत्तम बस्नेत

नेपालका अधिनायक शासकहरूले यहाँका स्रष्टाहरूप्रति देखाएको व्यवहार, स्रष्टाहरूप्रतिको कठोरता, असहिष्णुता आदिका अनेक उदाहरणहरू हाम्रा अगाडि छन्। मकैको खेती लेखेबापत कृष्णलाल अधिकारीले जेलमै प्राण विसर्जन गर्नु परेको थियो। धरणीधर कोइराला र सूर्यविक्रम ज्ञवालीले लामो अवधिसम्म निर्वासित भएर रहनु परेको थियो। सोमनाथ सिग्देल, शम्भुप्रसाद ढुङ्गेल, बाबुराम आचार्य, चित्तधर हृदय, चक्रपाणी चालिसेदेखि यता आएर स्रष्टा दमनको लामो शृङ्खलाले लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, चन्द्रमान मास्केसम्म पुगेर कठोर निरङ्कुशताको अरू अनेक नमुनाहरू प्रस्तुत गरेको थियो।

भीमशमशेरलाई चन्द्रशमशेर भन्दा तुलनात्मक रूपमा केही उदार मानिन्थ्यो। उनी नेपालको प्रधानमन्त्री वा श्री ३ महाराज भनिने पदमा आसीन भएपछि केही चेतनशील व्यक्तिहरूले काठमाडौँको मछेन्द्र बहालमा पुस्तकालय स्थापना गर्ने निर्णय गरे तर 'श्री ३ महाराज' को स्वीकृतिवेगर त्यसबेला कुनै पनि कार्य गर्न निषेध थियो। त्यसैले पुस्तकालय खोल्ने स्वीकृतिको माग राखेर, भीमशमशेरलाई दिन एउटा आवेदन पत्र तयार पारियो। त्यसमा पैंतालीस जना जतिले हस्ताक्षर गरिसकेका थिए। अरू केहीले हस्ताक्षर गर्न बाँकी थियो। त्यो आवेदन पत्रमा कुनै राजनीतिक रङ थिएन, त्यसलाई गोप्य पनि राखिएको थिएन। विशुद्ध तवरले पुस्तकालय खोल्ने अनुमतिको माग मात्र त्यसमा थियो तर केही चेतनशील समूहको सामूहिक प्रयत्न त्यसमा रहेकाले, त्यसलाई राणाहरूले सहन गर्न सकेनन्। त्यो निवेदन जफत गरियो र त्यसमा दस्तखत गर्नेहरू – कृष्णप्रसाद कोइराला, जोगवीर सिंह कंसाकार, चित्तधर हृदय, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, महेन्द्रविक्रम शाह, शंकरदेव पन्त, वैकुण्ठप्रसाद लाकौल, तुलसीमेहर, प्रेमबहादुर कंसाकारलगायत धेरैलाई वि.सं. १९८७ को वैशाखमा पक्राउ गरियो। सुरुमा पक्राउ गरिएका सबैलाई कडा नियन्त्रणमा राखेर श्री ३ को गाथगद्दी ताकेको अभियोग लगाइएको थियो तर केही दिनपछि सबैलाई एक-एक सय जरिवाना गरेर छाडियो।

यसरी महाकवि देवकोटाले तरुणवयमा नै साहित्यिक क्षेत्रमा आफ्नो सुदृढ पाइला टेक्नुभन्दा पहिले देशको निमित्त केही गर्न खोज्दा, पुस्तकालयको स्थापना गर्न खोज्दा राणाहरूबाट सजायको भागी हुनु परेको थियो। त्यसभन्दा निकै पहिलेदेखि राणातन्त्रले देशको अघि जाने सबै मार्गहरू अवरुद्ध गरेर मुलुकलाई अन्धकारतिर धकेलिरहेको यथार्थप्रति उहाँ सचेत हुनुहुन्थ्यो।

वि.सं. १९९७ साल काण्डमा जागरणका कविता लेखेबापत सिद्धिचरण श्रेष्ठलाई तथा केदारमान व्यथित, चित्तधर हृदयहरूले पनि जेलको कठोर यातना बेहोर्नु पर्‍यो। त्यस काण्डमा महाकवि देवकोटालाई पनि कडा निगरानीमा राखिएको थियो। श्री ३ महाराजको स्तुति नलेखेर, विशुद्ध साहित्यको रचना गरेकोमा राणाहरूको कडा दृष्टि देवकोटामाथि परिसकेको थियो।

वि.सं. २००३ को माघमा नेपाली राष्ट्रिय काङ्ग्रेसको कलकत्तामा विधिवत गठन भयो। त्यसले देशभित्रका चेतनशील वर्गलाई नयाँ उत्साह प्रदान गर्‍यो। त्यही उत्साहमा नेपाली राष्ट्रिय काङ्ग्रेसलाई सहयोग गर्न महाकवि देवकोटा २००४ मा भूमिगतरूपले बनारस पुग्नुभयो। २००४ को वसन्त पञ्चमीको दिनदेखि नेपाली राष्ट्रिय काङ्ग्रेसको मुखपत्रको रूपमा– 'युगवाणी' को प्रकाशन प्रारम्भ भयो। महाकवि देवकोटाले त्यसको सम्पादन समूहमा रहेर काम गर्नुभएको थियो। त्यसैबेला उहाँले सरल भाषामा लेखेको – 'पहाडी पुकार' र अरू कतिपय कविताहरू नेपालको जनसङ्घर्षलाई अघि बढ्न साहस र उत्साह प्रदान गर्ने क्रान्तिकारी कविताहरू थिए।

२००७ को जन-क्रान्ति र त्यसभन्दा केही पहिले नेपालका अरू पनि कविलेखहरू निरङ्कुश राणातन्त्रको विरोधमा सक्रियताका साथ संलग्न हुनुभयो। केदारमान व्यथित र विजय मल्लले भारत र नेपालको जेलमा लामो यातना बेहोर्नु पर्‍यो। गोविन्द गोठाले, गोपालप्रसाद रिमाल, हृदयचन्द्रसिंह प्रधान, युद्धप्रसाद मिश्र आदि पनि राणातन्त्रको विरोध अभियानमा लाग्नुभयो।

२००७ को मङ्सिर १९ गते काठमाडौँ जुलुस प्रदर्शनको बर्बर दमनमा न्हुछेरत्नले शहादत प्राप्त गरे। सहिद न्हुछेरत्नप्रति सम्मान प्रक्रट गर्दै, मङ्सिर २० गते बालकृष्णशमशेर र जङ्गबहादुर राणाले असनस्थित न्हुछेरत्नको घरमा पुगेर, त्यसै दिनदेखि उहाँले आफू र आफ्नो परिवारको नामबाट – 'शेरजङ्गबहादुर राणा' भन्ने शब्दावलीलाई हटाएर बाँकी रहेको 'शम' लाई समतामूलक शब्द– 'सम' मा परिणत गरेर, आफू

सत्तासीन राणाबाट सर्वसाधरण – बालकृष्ण सम भएर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यसैदिन, मङ्सिर २० गते अपरान्ह बालकृष्ण सम, उहाँका छोरा तयसबेलाका युवा साहित्यकार जनार्दन सम, बालकृष्ण समकै छोरी– कवयित्री रश्मी राज्यलक्ष्मी शााह एवं उपन्यासकार डायमण्डशमशेर राणासमेत राणाहरूकै एक समूहबाट एकतन्त्रीय राणाशासनको विरोधमा जुलुस प्रदर्शन भएको थियो । उहाँहरू सबैलाई जुलुसबाटै पक्राउ गरिएको थियो । यसरी देशमा प्रजातन्त्र स्थापनाको सङ्घर्षमा महाकवि देवकोटा, सम र सिद्धिचरणलगायत अरू अनेक कवि–लेखकहरूले आफूलाई समाहित गर्नुभएको थियो ।

देशमा प्रजातन्त्रको स्थापना गर्न तथा प्रजातान्त्रिक सुदृढ पारेर, नेपाललाई सम्पूर्ण नेपालीहरूको आस्थाको धरोहरूको रूपमा उभ्याएर, नेपाललाई शान्त, स्निग्ध र समुन्नत नेपालमा रूपान्तरण गर्न मन, वचन, लेखन र अरू कर्मले महाकवि देवकोटा लागिरहनुभयो ।

२००९ को वैशाख १ गते गठन गरिएको सल्लाहकार सभाको सदस्यमा महाकवि देवकोटा पनि रहनुभएको थियो । २००९ को असारमा यो सल्लाहकार सभाको राजा त्रिभुवनबाट उद्घाटन भयो । त्यसको पहिलो बैठक सिंहदरबारको ग्यालरी बैठकमा बस्यो । त्यसको अध्यक्षमा कृष्णप्रसाद भट्टराई र उपाध्यक्षमा शिवपतिप्रताप शाह छानिनुभएको थियो । साधारणतः संसद्कै रूपमा यो सल्लाहकार सभालाई सञ्चालन गरिएको थियो । त्यसैले त्यसमा प्रतिपक्षी बेञ्चलाई पनि मान्यता दिइएको थियो । ऋषिकेश शाह प्रतिपक्षी दलको नेता र केदारमान व्यथित उपनेता हुनुहुन्थ्यो । यो प्रतिपक्षी दलमा रहने अरू चार जना सदस्यहरूमा लक्ष्मीप्रसाद देवकोटा, पुन्यप्रभादेवी ढुङ्गाना, गुलावनारायण झा र शिवप्रसाद रौनियार हुनुहुन्थ्यो । छोटो अवधिसम्म मात्र यो सल्लाहकार सभा सञ्चालन भयो तर त्यसलाई संसदीय परम्परा, संसदीय प्रणाली र संसदीय आदर्शअनुरूपले अघि बढाउन देवकोटाले महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको थियो । राजा त्रिभुवनले संवैधानिक राजाको सीमारेखालाई अतिक्रमण गरेर जाने क्रममा, २००९ को भदौ २० गते यो सल्लाहकार सभालाई विघटन गरियो ।

२०११ वैशाख १ गते पुनः अर्को सल्लाहकार सभाको गठन भयो । त्यसमा पनि महाकवि देवकोटालाई मनोनित गरिएको थियो तर नेपाली काङ्ग्रेसले त्यसमा भाग लिएन । महाकवि देवकोटाले त्यो सल्लाहकार सभाको बैठकमा पनि प्रजातान्त्रिक परिपाटीलाई संस्थागतरूपले अघि बढाउन, देशको उत्थानमा ध्यान दिन र राष्ट्र र जनताको हित विपरीतका कार्यहरू रोक्न अनेकपटक सरकारको ध्यान आकर्षण गराउनुभएको थियो ।

२०१४ मा डा. के. आई. सिंहको प्रधानमन्त्रित्वमा गठित मन्त्रिमण्डलमा महाकवि देवकोटालाई शिक्षामन्त्री बनाइएको थियो । देश सङ्कटमा परेको बेला, सङ्कट निराकरणमा यसरी राजनीतिमा सक्रियताका साथ संलग्न भएर महाकविले राजनीतिक क्षेत्रमा आफ्ना अमूल्य समय प्रदान गर्नुभएको थियो ।

महाकवि देवकोटाको यही–देश र जनताको हित र हकप्रतिको प्रतिबद्धता र निरङ्कुशताको विरोध, आत्मसमर्पण नगर्ने स्वाभिमान–यिनै कारणले राजा महेन्द्रबाट उहाँका प्रति कठोर व्यवहार गरिएको थियो । नेपालमा एकेडेमीको निर्माणमा महाकवि देवकोटाले अथक प्रयत्न गर्नुभएको थियो । यसमा वी.पी. कोइरालाले उहाँलाई अनेक तरहले सहयोग गर्नुभएको थियो । यसबारेमा सम्पूर्ण कुराहरू अघि बढेपछि राजा महेन्द्रले पनि यसमा उचित ध्यान दिन थालेका थिए । राजा महेन्द्रले वी.पी.लाई पनि त्यो एकेडेमीमा रहन आग्रह गरेका थिए । यो नवस्थापित संस्था–साहित्य, भाषा र संस्कृतिको विशुद्ध संस्था हुनुपर्छ । त्यसमा राजनीतिज्ञहरू रहँदा राजनीतिक आभास आउन सक्छ भन्ने धारणामा, वी.पी.ले त्यसमा रहन अस्वीकार गर्नुभएको थियो । वी.पी.ले त्यसको उपकुलपतिमा महाकवि देवकोटालाई राखिनुपर्छ, त्यसले यो संस्थाको उचाइ बढाउँछ भन्नुभएको थियो तर यसको विधिवत रूपले स्थापना हुँदा यसलाई –'रोयल नेपाल ऐकेडेमी' भनियो र यसको उपकुलपतिमा बालचन्द्र शर्मालाई मनोनित गरियो । महाकवि देवकोटालाई सदस्यमा मात्र राखियो ।

२०१५ मा महाकवि देवकोटाको कलकत्तामा पेटको ठूलो अप्रेशन भयो । उहाँ क्यान्सरको कठोर आक्रमणमा परिसकेको, त्यसैबेला चिकित्सकहरूले थाहा पाएका थिए । उहाँलाई त्यसबेला औषधि सेवन गरिरहनु पर्थ्यो तर तासकन्दमा सम्पन्न अफ्रो–एसियाली लेखक सङ्घको सम्मेलनमा भाग लिन स्वीकृति नलिइकन गएको विषयलाई एक ठूलो अभियोग लगाएर एकेडेमीले उहाँको तलब–भत्ता रोक्का गऱ्यो । नियमित रूपले उहाँले औषधि सेवन गर्न पाउनु भएन । त्यसले उहाँमाथिको रोगको आक्रमण अझ तीव्रतर हुँदै गयो । यी सबै उहाँको निरङ्कुशताको विरोध एवं देश र जनताको हितप्रतिको प्रतिबद्धताका कारणहरू थिए ।

महाकवि देवकोटाले यो धरतीसित आफ्नो जीवनको अन्तिम केही समय मात्र बाँकी रहेको एक हृदयविदारक

क्षणमा पनि तत्कालीन मन्त्री गणेशमान सिंहसित भन्नुभएको थियो– 'म त यो माटोमा विलीन हुँदैछु। नेपाल समुन्नत बनोस्। प्रजातन्त्र फलोस्–फूलोस्। यो मर्न नपावस्।' यो उहाँको प्रजातन्त्रप्रतिको अगाध आस्थाको प्रतीक थियो। मृत्युको अति नजिकै पुगिसकेको, जीवनको अन्तिम क्षणमा पनि उहाँले देश, जनता र प्रजातन्त्रलाई एक–अर्काका परिपुरको रूपमा हेर्नुभएको थियो।

महाकविको निधनको तेह्रौँ दिन, आश्विन १० गते 'देवकोटा शोक समिति' ले राजधानीमा विराट मौन जुलुस निकालेको थियो। त्यो जुलुसका धेरै सहभागीहरूले 'प्रजातन्त्र फलोस्–फुलोस्। यो मर्न नपावस्' भन्ने महाकविको यही अन्तिम वाक्य र उहाँको फोटो अङ्कित ब्यानर बोकेका थिए। त्यो विशाल जुलुस दरबार हाइस्कुलबाट प्रारम्भ भएर सहर परिक्रमा गर्दै टुँडिखेलको खरीको बोटमा पुगेर शोकसभामा परिणत भएको थियो। त्यो शोकसभामा प्रधानमन्त्री वी.पी. कोइरालाले महाकविलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो। मन्त्री गणेशमान सिंह, बालकृष्ण सम र अरूहरूले पनि उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।

२०१६ को जेठ १३ गते नेपालमा प्रथम जननिर्वाचित सरकारको गठन भएको थियो। त्यसबेला निकै पहिलेदेखि तलब रोकिएको एक अत्यन्त कठिन स्थितिमा महाकवि देवकोटा एक कठोर रोगको आक्रमणको मुकाविला गरिरहनुभएको थियो। त्यो सरकारले महाकवि देवकोटाको प्राण रक्षाको जिम्मा राज्यको हो भन्ने यथार्थलाई महसुस गरेर, उहाँको उपचारको उचित व्यवस्था गऱ्यो। उहाँको देहान्तपछि उहाँको परिवारलाई २२ हजार र काजकिरियालाई तीन हजार रकम सरकारले प्रदान गऱ्यो। वालिग नभएसम्म उहाँका छोराहरूको पठन–पाठनको व्यवस्था गरिदिने निर्णय गऱ्यो।

महाकविको २०१६ साल भदौ २९ गते निधन भएको थियो। त्यसैदिन प्रधानमन्त्री वी.पी. कोइरालाले शोक विह्वल भएर, उहाँको निधनमा गहिरो दुःख प्रकट गर्नुभएको थियो। त्यसको भोलिपल्ट भदौ ३० का दिन बसेको प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री कोइरालाले देशले एक महान् विभूतिलाई गुमाउनु परेको छ भन्दै महाकवि देवकोटाको निधन नेपालको निमित्त मात्र होइन, सम्पूर्ण विश्वकै निमित्त एक अपुरणीय क्षति हो भन्नुभएको थियो। उहाँले संसद्मा व्यक्त गर्दै, शोक प्रस्ताव र कार्य स्थगन प्रस्ताव राख्नुभएको थियो। यसलाई सबै सांसदहरूले सर्वसम्मतिबाट पारित गरेका थिए।

यसरी नेपालको पहिलो जननिर्वाचित सरकार र पहिलो संसद्ले महाकवि देवकोटाको निधनमा शोक प्रकट गरेर, उहाँको योगदानको सम्मान गरेको थियो। अमर स्रष्टा महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिक समारोह राज्यले जिम्मेवारपूर्ण तवरले मनाएर, उहाँको अप्रकाशित कृतिहरूको खोजी गर्ने, उहाँका कृतिहरूको शोध र सन्धान गर्नेहरूलाई प्रोत्साहन गर्ने, उहाँको नामबाट शैक्षिक क्षेत्रमा, देशव्यापी तवरले– महाकवि देवकोटा साक्षरता अभियान वा दसौं कक्षासम्म महाकवि देवकोटा निःशुल्क शिक्षा वा महाकवि देवकोटा साहित्यकार सहयोग योजना आदि कार्यक्रमहरू प्रस्तुत गर्न सकेको भए, गणतन्त्रात्मक पद्धतिमा प्रवेश गरेको नेपालले महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति उचित सम्मान गरेको ठहरिने थियो। ❒

महाकविका केही प्रकाशित कृतिहरु

महाकवि देवकोटा र मार्क्सवाद

❖ **मोदनाथ प्रश्रित**

लक्ष्मीप्रसाद देवकोटा पण्डित परिवारमा जन्मेर धार्मिक वातावरणमा हुर्केका थिए। त्यसैले उनी युवावस्थाको पहिलो चरणसम्म ईश्वरवादी थिए, भाग्य र परलोकमा विश्वास गर्थे। उनका सुरुका कृतिहरूमा यत्रतत्र यी कुरा व्यक्त भएका छन्। उनको १९९० सालको नाटक 'सावित्री सत्यवान्' धार्मिक र 'ईश्वरीय आस्थाको' ज्वलन्त नमुना हो। आफ्नो नाटकको प्रमुख पात्र सत्यवान्को शब्दमा देवकोटा भन्दछन्–

सेवा ईश्वरको, जस्ले स्वर्ग लैजान्छ, पितृको
जस्ले ऋण तिरी दिन्छ, बन्धुवर्ग पराइको
जस्ले सौन्दर्यले भर्छ संसार सब, देशको
प्राणीको जसमा आफैँ अन्तर्गत छ ईश्वर।

१९९२ मा रचित सबभन्दा लोकप्रिय कृति 'मुनामदन' र अन्य रचनामा ईश्वर, सृष्टि, स्वर्ग, ब्रह्मजस्ता कुरा विभिन्न पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् देवकोटाले–

'ईश्वर माथि मुटु छ साथी जङ्घार तरूँला।'
'ईश्वर ! तैँले रचेर फेरि कसरी बिगारिस्
सृष्टिको फूल रचेर त्यस्तो कसरी लतारिस् ?'
'कर्ममै पूजा ईश्वर भन्छ यो लक्ष्मी प्रसाद।'
(मुनामदन)

'बाबा हुन् ब्रह्म हाम्रा' (जीवन वन) आदि।

पैंतीसको उमेरतिर लेखेको एक निबन्धमा उनले ईश्वरवादका विरोधीहरू र वैधानिकहरूलाई अन्धा भनेका छन्–

"ईश्वरविना संसार नै शून्य छ। कारण नभई कार्य हुँदैन।.... यत्रो विश्वको काँट र अडान देख्दादेख्दै यसमा चैतन्ययुक्त महापुरुषको सत्ता देखिँदैन भन्नु अन्धोपन हो। ... वैज्ञानिकहरू अन्धोकाकताली सम्झेर प्रकृतिलाई देखाउँछन् तर विश्वमा अन्धता छैन।"

(पाँचोटा चाहिने कुराहरू)

यसप्रकार ईश्वर, स्वर्गजस्ता कुरामा दृढ विश्वास हुँदाहुँदै पनि युवा देवकोटामा मानवतालाई उच्च स्थान दिने प्रवृत्ति थियो।

बुद्ध देवको नजर अगाडि
यही भिखारी आएथ्यो
मूर्ति यसैमा, शब्द यिनैमा
मुटुको शूल कराएथ्यो
महान् दयाको सागर ठूलो
शब्द यिनैमा लहराएथ्यो।
(**भिखारी**)

मानवतावादी दर्शन दैवी सत्तालाई भन्दा मानवीय सत्तालाई माथि राख्ने सामाजिक चिन्तनको क्रममा अघि बढेको हो। १९९७ सालको सहिद काण्डले देवकोटाको मानवतावादलाई तीव्ररूपले उत्प्रेरित गऱ्यो। त्यसबेला उनमा देवतालाई भन्दा सहिदलाई, स्वर्गलाई भन्दा धर्तीलाई महत्त्व दिने चिन्तन देखापऱ्यो–

धर्म बोले– "कुन मन्दिरमा पूजा गर्छौ आऊ,"
मैले बोलेँ "वीरहरूको बलिदान भएका ठाउँ।"
योगी बोले– "चढाऊ समाधि खुल्छ तिमीकन स्वर्गद्वार।"
मैले बोलेँ– "बाल्नुछ बत्ती अझ छ अँध्यारो संसार।"

(बन)

तर १९९७ को घटनाले उनमा पारेको प्रभाव केही समयपछि अलि धूमिल भएजस्तो देखिन्छ। २००२ र ०३ सालमा रचेका 'शाकुन्तल', 'सुलोचना' 'महाराणा प्रताप' आदि जस्ता महाकाव्यमा उनले गाई र ब्राह्मणलाई सुखी बनाउने, हिन्दू राज्यको किल्ला ठडाउने 'लेच्छ' (हिन्दूधर्मका विरोधी)हरूको संहार गर्ने, प्राचीन धर्म संस्कृतिलाई नेपालमा हुर्काउनेजस्ता कुराको दुन्दुभिघोष गर्छन्–

"हामी यहाँ बनाउँला ऋषिको सपना नयाँ
गो–ब्राह्मण सुखी पाली धर्मको दुनियाँ हरा
स्वर्गीय भारती राज्य हिन्दू किल्ला रमाइलो।"
(**'सुलोचना' मा दुष्ट मर्दन**)

तर जब देवकोटा २००४ सालमा बनारस गई 'नेपाली राष्ट्रिय काङ्ग्रेस'को मुखपत्र 'युगवाणी' को सम्पादन गर्न थाले, अत्याचारी निरङ्कुश राणाशाहीविरुद्ध कलम चलाउने क्रममा उनी 'प्राचीन हिन्दू राज्य' को सपनाबाट वर्तमान लोकतन्त्र स्थापनाको यथार्थ धरातलमा ओर्ले। उनको स्वाभिमान गर्ज्यो–

ज्यानै यो जाओस् प्राणै यो जाओस् पर्वाह गर्दैनौं
मानिसलाई चाहिने हक नलिई छाड्दैनौं,
मर्नु त एक दिन अवश्यै पर्छ पशुझैँ नजिऊँ
मानिस हुँ भने मानिसझैँ जिऊँ मानिसको हक लिऊँ।
(पहाडी पुकार, २००५)

बनारसमा काङ्ग्रेसको केन्द्रीय कार्यालयमा बसेर

क्रान्तिकारी पत्रकारिता गर्दा काङ्ग्रेस नेतृत्वको पदको झगडा र दक्षिणपन्थी गठबन्धन देख्दा देवकोटा दिक्क भए। त्यहाँ आफू जस्तै दिक्क भएका पुष्पलालजस्ता वामपन्थी नेतासँग छलफल र मार्क्सवादको अध्ययन गर्दागर्दै उनको झुकाउ क्रमशः वामपन्थतिर बढ्न थाल्यो। २००६ सालमा उनले 'ईश्वरवाद र अनिश्वरवाद' शीर्षकमा मार्क्सवाद उन्मुख पहिलो लेख लेखे। त्यसमा उनी भन्छन्–

"ईश्वरमा प्रशस्त घून–कीरा छन्। ईश्वरवादसँग निरङ्कुशतन्त्रको भूत, देवतन्त्रको भूत, थिचाइ मिचाइ, अत्याचार नादिरशाही तथा जातिलुट चलेकाले ईश्वरवाद आधुनिक संसारको नाकमा धेरै गन्हाएको छ। ..... ईश्वरवादमा अनावश्यक चलाकीहरू छन्। एकदृष्टिकोण पूरा गर्नका लागि अनन्त क्लेश र गडबडसमेत यसमा पाइन्छन्। ईश्वरवादले गर्दा ध्वंसात्मक वृत्तिहरू पैदा गरेको छ। .... क्रियाशील, प्रगतिशील, मानव विकासको नैतिक अनिश्वरवाद, निस्कृय, अनुन्नत, अवकाश, अनैतिक अन्धा उल्टो, मोलको ईश्वरवाद भन्दा समाजोपयोगी छ।"

यसरी देवकोटा वामपक्षतिर झुक्न थालेपछि काङ्ग्रेस पार्टीबाट उनी उपेक्षित हुँदै गए। आर्थिक प्रबन्धबाट वञ्चित हुँदै गएपछि उनी बाध्य भएर २००६ को दसैंतिर नेपाल फर्के। २००७ को परिवर्तनबाट उनी पूरा सन्तुष्ट भएनन्। त्यसपछिको नेतृत्वको आलोचनामा उनले लेखे–

निर्लज्ज नेतृत्वको नीरस रसनाको
रण्डीको नाच हेर !
जनअधिकारको डंडाल्नोको भांच हेर !
....
यो अमानवको मानव जगत्लाई
एक आगाको लप्कोले झैँ हेर्दछु साथी !
.... **तूफान हुन्छ मेरो सास**
जरूर साथी ! म पागल।
(पागल)

२०१० मा रोमानियामा भएको अन्तर्राष्ट्रिय युवा महोत्सवमा देवकोटा नेपाली प्रतिनिधिको रूपमा गए। त्यसै सन्दर्भमा उनी अरू समाजवादी देश हङ्गेरी, चेकोस्लोभाकिया, रुस, चिन आदि घुमे। त्यहाँको समाजवादमुखी व्यवस्थाहरूबाट उनी निकै प्रभावित भए। मार्क्सवादप्रति उनको आस्था र विश्वास बढ्दै गयो। २०१३ मा दिल्लीमा भएको एसियाली लेखक सम्मेलनमा उनी साम्राज्यवादविरुद्ध खुलारूपमा बोले। २०१५ मा उनले तासकन्दमा साम्राज्यवादको विपक्षमा जोडदार भाषण दिए। त्यसबाट विश्वका प्रतिनिधिहरू प्रभावित भए। उनको ख्याती संसारभरि फैलियो। देवकोटा कम्युनिस्ट भए भन्ने प्रचार हुँदैगयो।

२०१० पछिका उनका रचनाहरूमा मार्क्सवादी दर्शनको स्पष्ट छाप देखापर्न थाल्यो। लेखनाथ पौडेलको 'तरुण तपसी' को समीक्षामा उनले लेखे– "लेखनाथजीको भावशैली, त्यसको मूलाधार नै प्राचीन छन्, न कि अर्वाचीन। उहाँमा म द्वन्द्वात्मक भौतिकवादको नाम निशाना पनि देख्दिन। .... यो प्रवृत्तिले उहाँको एकतत्त्व विश्वलाई मात्र ढाक्न सक्तछ। मार्क्सको तत्त्वलाई ढाक्न सक्तैन।"

देवकोटाले आफ्ना सबै पुराना काव्यकृतिमा रहेका विचारभन्दा फरक क्रान्तिकारी कोणबाट रचनाहरू लेख्दै गए। मार्क्सवादको अतिरिक्तमूल्यको सिद्धान्त (श्रम शोषणद्वारा गरिने नाफा) को विरुद्ध कविता बोल्यो–

रूधिर–खेदको श्रम ठगी ठगी
नबन साँढका पुष्ट जिन्दगी
धन जमिनको झूट शान ली
नपिस दुर्बला गर्व ज्ञान ली।

२०१२ सालको 'कृषिवाला' नाटकमा किसान क्रान्तिलाई समर्थन गर्दै लेखे–

धर्तीको यो मालिक्याई ठालुबाट खोस
एक आवाज गर किसान एक डल्लो बनी
हजार गरिब एकातिर अर्कातिर धनी।
....
बोल बोल किसान भाइ हो ! धर्तीपुत्र, जिन्दावाद !"

उनले– २०१०–०१५ को बीचमा को 'प्रमिथस' महाकाव्यमा लेखे–

नमर्न नमर्न नित्य क्रान्ति क्रान्ति गर
तिमिरको विरुद्ध उठ, सशस्त्र हो मानव !

महाकवि देवकोटाले रुसको समर्थनमा, क्रान्तिकारी चिनियाँ जनता र माओजेदोङ्कोबारेमा कविता लेखे।

यो स्पुतनिकहरूको देश हो
हजारौं नयाँ शान्तिपूर्ण विचारहरूको देश हो
यहाँ विश्व विनाशको लागि हैन
सिर्जनाको लागि अणुको मुटु उघारिएको छ।
....
सुपत्रहरू ए चीनका
तिमीले रगत बगाएका छौ र गुलाबका फूल फक्रेका छन्। पूर्व छ रातो ! कालो रात ढलिसकेको छ।

यसरी मार्क्सवादी सिद्धान्त र समाजवादी व्यवस्थाको पक्षमा महाकवि देवकोटा सशक्तरूपले उभिन पुगेका थिए।

–वागस्थली

महाकवि र उनको साहित्यिक पत्रकारिता

– डा. तुलसी भट्टराई

शब्द चातुर्य नै साहित्य हो भन्नेलाई म ठीक जवाफ दिन सक्तिन। शैलीमा विश्वास गर्नेसँग मेरो बिन्ती यत्ति छ कि म कुनै शैलीका निम्ति लेख्दिन, लेख्तछु– लेख्नका लागि र आएका विचार मानवहरूलाई सच्चा प्रकाशमा गर्नाका निमित्त। प्राकृतिक तवरले जस्तो विषयमा मन जसरी डुल्यो जस्तो झल्काझल्की फेला पर्‍यो, उस्तै लेखिदिन्छु। राम्रो बनाउने सचेत भावले कला बिग्रन्छ। मन तीन मासाको छैन, तीन तोलाको अलङ्कारले के गर्नु।

महाकवि देवकोटा

● तिलमाधव देवकोटा र राज्यलक्ष्मीदेवीबाट वि.सं. १९६६ कात्तिक २७ गते धोबीधारा काठमाडौँमा जन्मिएका तीर्थमाधव नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा नामबाट प्रसिद्ध भए। गाई–तिहारे औंसी– लक्ष्मीपूजाका दिन जन्मिएका कारण उनको नाम लक्ष्मीप्रसाद राखिएको भनिन्छ।

● तत्कालीन समयका उच्चशिक्षित– बी.ए., बीएल र एम.ए को पनि अध्ययन गरेका देवकोटा अत्यन्त तीक्ष्ण बुद्धि र ज्ञानका धनी थिए। उनीले आफ्नो सम्पूर्ण जीवन लेखनमा नै अर्पित गरे। वि.सं. १९९१ मा 'पूर्णिमाको जलधि' कविता गोर्खापत्रमा छापिएपछि पाठकसामु देखा परेका देवकोटाले १९९३ मा गोसाइँकुण्डको यात्रा गरेपछि यात्राबाट प्रभावित भएर पहाडी जीवन, मुनामदन, लुनी, म्हेन्दु आदि कृतिहरू रचना गरेको कुरा उल्लेख छ।

घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले देवकोटा म्याट्रिक गरेपछि नै ट्युसनमा लागेका थिए। अनि आजीवन ट्युसन मास्टरकै रूपमा परिचित भए।

पचासभन्दा बढी ग्रन्थका रचयिता देवकोटाका थुप्रै रचनाहरू अझै पनि अप्रकाशित छन् भनेर विज्ञहरू बताउने गर्छन्। पत्रपत्रिकामा छापिएका थुप्रै रचनाहरू सङ्गृहित हुन बाँकी नै छन्। निधन भएको पचास वर्ष पुगिसकेको छ। अनि यसवर्ष जन्मशताब्दी मनाइँदै छ।

मानवतावाद

फर्कफर्क हे आउ समाउ, मानिसहरुको पाउ
मलम लगाऊ आर्तहरुको चहराइरहेको घाउ
मानिसहरु भई ईश्वरको त्यो, दिव्य मुहार हसाउ।
मेरो अमृत मानिसहरुको सेवा

● मानवतावादी, प्रकृतिवादी, राष्ट्रवादी र क्रान्तिकारी हुन् देवकोटा भनेर विभिन्न रूपमा व्याख्या–विश्लेषण गर्नेहरू पनि छन्।

धर्तीको यो मालिक्याइँ ठाउँबाट खोस
एक आवाज गर किसान एकै डल्लो बनी
हजार गरिब एकातिर अर्कोतिर धनी
हातमा लाठी लेउ सबै (कृषिबाला)

राष्ट्रियभाव

"हीरा सानो हुन्छ, मोती सानो हुन्छ, मणि सानो हुन्छ, मिष्टभाषी शिशु सानो हुन्छ, आँखाको नानी सानो हुन्छ, मुटुको केन्द्रको झल्को झन् सबैभन्दा सानो हुन्छ। नेपाल पृथ्वीको सानो सिरिबिन्दु नै होस् तर यही परमानन्द घनीभूत छ।" यसरी देवकोटाले नेपाललाई एउटा सानो विश्वका रूपमा कल्पना गर्छन्।

फुल्दो गुलावबीच ज्ञान अनेक फुल्छन्
उद्यानमा बस गई सब तत्त्व खुल्छन्।

"यहाँ बाग्नर कोदाली खनिरहेछन्, शेक्सपियर हलो जोत्ता हुन्, इलियट र टर्नर भेडा चराउँदा हुन्, सेक्रेटिज गुफामा घोत्लिरहेका होलान्। म कहाँ सान्डोले दाउराका भारी बोकेर ल्याउँछन्, मेरो वनमा हेलेन किलरहरू गीत गाउँछन्, यहाँ कति सावित्री छन् जसको कथा संसारले सुनेको छैन, यहाँ कति साहित्य छ– जो लेखिएकै छैन...।"

सभ्यता हाम्रो नेपाल राम्रो संस्कृति पवित्र
लुकेको स्वर्ग समुच्च जाति यसका छन् विचित्र।

पुस्तकालय काण्ड

● देवकोटासहित छयालीस जनाले हस्ताक्षर गरेर पुस्तकालय खोल्ने अनुमतिका लागि श्री ३ भीमशमशेरकहाँ बिन्तीपत्र दिएका थिए तर पुस्तकालय खोलेर राजनीति गर्न लागेको आरोपमा सबैलाई पक्राउ र जरिवाना गरियो। जसमा एक सय रुपियाँ जरिवाना र आइन्दा कुनै पनि यस्ता काम नगर्ने भनेर सर्तसहित छोडिएको थियो। यो घटना थियो– वि.सं. १९८७ वैशाखको। महाकवि देवकोटाले पुस्तकालय खोलेर सरस्वतीको साधना–अध्ययन लेखन गर्न खोज्दा सय रू. जरिवाना र आइन्दा यस्तो काम नगर्ने भनेर कागज, गर्नुपर्दा त्यसैबेलादेखि राणाशासन विरुद्धको अन्तर्चेतना जागृत हुँदैगएको देखिन्छ।

इन्द्रिय गोरू शरीर हलोमा बाँधी बाँधी खनखन खेत
बीउ छन् जगमा कर्म हजारौं रोप, फलाउ लहलह खेत।
छोटो छ जीवन सबै गरूँला भनेको
बन्दैन एक रतिसम्म बसी गुनेको

निर्वासनसँगै युगवाणी

● नेपाली साहित्यपरिषद्का सभापति बनेर भाषा साहित्यको सेवामा समर्पित भएका देवकोटा राणातन्त्रबाट दुःखी भएर २००४ साउन ३ गते काठमाडौँबाट बनारसतिर लागे। (चूम बन्धु देवकोटा पृ.२४६) तत्कालीन अवस्था–राणासत्ताका बेला राणाविरोधी गतिविधिमा संलग्न भएको भनी

घर खानतलासी भयो। त्यतिबेला पत्नी छोराछोरीको दुर्दशा भएको थियो। बनारसमा नेपाली राष्ट्रिय काङ्ग्रेससँग आबद्ध भएर रहन थालेका देवकोटा २००४ माघ १३ देखि पहिलो प्रकाशन प्रारम्भ भएको 'युगवाणी' पत्रिकाको सम्पादक बने।

– बनारस बसेकै बेला युगवाणीको सम्पादनसँगै बीसवटा विभिन्न कृतिहरू रचना गरेका थिए।

युगवाणीको प्रथम अङ्कको आवरणमा उल्लेख भएअनुसार– भट्टराईबन्धु प्रकाशन/ साप्ताहिक/सम्पादक मण्डल : लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद उपाध्याय, बालचन्द्र शर्मा, कृष्णप्रसाद उपाध्याय भनेर विवरण पाइन्छ।

●"नेपाली भाषाभाषीहरूको आवश्यकताको अनुभव गरी युगवाणीको प्रकाशन सुरु गरिएको। भाषा, साहित्यको प्रचारप्रसारसँगै निष्पक्ष राजनीतिक विवेचना गर्नु पनि यस पत्रिकाको उद्देश्य हो। समाजको विकासका लागि सामाजिक स्तर विकसित हुनुपर्छ, यसनिम्ति समाजशास्त्रको अध्ययन आवश्यक छ। त्यसकारण पत्रिकाले समाजशास्त्रको दिग्दर्शन गराउने काम पनि लिएको छ। देशका मान्छेलाई शिक्षित र सम्पन्न बनाउन शैक्षिक र आर्थिक योजना पनि प्रकाशित गर्दै लैजाने।"

युगवाणी अङ्क १ को सम्पादकीय यो सारांशसँगै अर्को सानो अंश :

"ऋषि आज छैनन् भन्नु फुलो हो। बन्न सक्तैनन् भन्नु धुलो हो। युग नचिनेर हाड घोट्नु कट्टरता हो। ... युगवाणी भन्ने शब्द आजको यथार्थ आवाज हो। ... यहाँ छ ताजा नरम सत्य अहिलेको /आजको हल भोलिको बालीको बीउ। यसको नाम युगवाणी हो। सम्पादकीय १/१ पृ.३ .

जनचेतना जागरण

डेढ करोडका आँसु यसमा, यसमा डेढ करोडौं यात्रा
यसमा सारा नेपालीको अन्तर्हृदयको नवभाषा
यसमा स्वर्ग नवीन मनोहर, यसमा शीतल जलखानी
भविष्यचेता अन्तस्तलको उद्गारित यो युगवाणी।– देवकोटा

–युगौंदेखिको अन्धकार हटाउन युगवाणी प्रारम्भ गरिएको र यसले नेपालभित्र र बाहिर समेतका डेढ करोड नेपालीलाई जगाउने काम गर्नेछ भनेर देवकोटा स्वयंले लेखेका छन्।



● 'युगवाणी' को प्रमुख उद्देश्य तत्कालीन राणासत्ता समाप्त पार्ने अभियानमा वैचारिक चेतना जगाउनु रहे पनि यसको प्रकाशन सामग्री हेर्दा साहित्यिक पत्रकारिताको विकासमा पनि राम्रो योगदान दिएको देखिन्छ। देवकोटाका साहित्यिक लेख, रचना, सम्पादकीय र कविताहरू युगवाणीका मुख्य स्तम्भ बनेका छन्। त्यस्तै अन्य साहित्यकारहरूको रचना पनि छापिने गरेका थिए।

आँधी चढ्ने आत्माहरु हो, भीम, अब उठ, अब जाऊ।
देश रुने छन्, चूप बसे अति दुःख पाऊ, दुःख पाऊ।
मर्नु त एकदिन अवश्य पर्छ पशुझैं न जिऊँ
मानिस हुँ भने मानिसझैं जिऊँ मानिसको हक लिऊँ।

●राणातन्त्रका विरोधसँगै प्रजातान्त्रिक सङ्घर्षमा लागेका देवकोटा २०१४ साउन ११ देखि कात्तिक २९ सम्म करिब साढे तीन महिना तत्कालीन नेपाल सरकारका शिक्षा तथा स्वायत्तशासन मन्त्री बनेका थिए। त्यतिबेला डा. के. आई. सिंहको प्रधानमन्त्रित्वमा देवकोटालाई मन्त्री बनाएर बौद्धिक एवं स्रष्टा क्षेत्रको यसरी प्रतिनिधित्व गराइएको थियो।

उज्यालो छ हाँसो अँध्यारो छ आँसु
यता जिन्दगानी उता कालपासो

●महाकवि देवकोटा– जनताका लागि जनभाषामा साहित्य सिर्जना गर्ने स्रष्टा हुन् भनेका छन् धेरैले। यथार्थमा उनका कृतिहरू अध्ययन गर्दा (शाकुन्तल महाकाव्य र अन्य केही खण्डकाव्य, कविताबाहेक) देवकोटाले साँच्चैं नै सर्वसाधारण जनताका लागि सिर्जना गरेका छन्।

२०१६ भाद्र २९ गते साँझ ६ बजे पशुपति आर्यघाटमा देवकोटाको निधन भएको थियो।

धर्मपत्नी मनदेवी, छोरीहरू– सावित्री, अम्बिका, मुना र मीरा अनि छोरा– पद्मप्रसाद र दीपकप्रसादलाई छोडेर यसरी उनी बिदा भएका थिए।

उद्देश्य के लिनु ! उडी छुनु चन्द्र एक

●महाकवि देवकोटा तत्कालीन समयका शासक बबरशमशेरका नाति नातिनीलाई ट्युसन पढाउँथे। नेपाली काङ्ग्रेसका स्वतन्त्रता सेनानी बनेका थिए, मन्त्री पनि भए तर कसैसँग हात नथाप्ने भएकाले आर्थिक रूपमा सधैं दीनहीन नै रहे। अन्त्यबेला पनि गरिबीमा नै समाप्त भयो।

साहित्यिक पत्रकारिता

●महाकवि देवकोटाको पहिलो कविता 'गरिब' शीर्षकमा 'शारदा' को अङ्क १, मा (१९९१, फागुनमा) छापिएको थियो। देवकोटाको पहिलो प्रकाशित कविता 'पूर्णिमाको जलधि' शीर्षकमा थियो पनि भन्नेहरू छन्। –चूम बन्धु देवकोटा पृ. ३९) तर नेपाली साहित्यमा – नेपालभित्रबाट प्रकाशित साहित्यिक पत्रिकामा 'शारदा' को स्थान र नाम अद्वितीय छ। यस्तो पत्रिकाको प्रथम अङ्कमा नै देवकोटाको कविता छापिनुलाई– देवकोटाले सुरु गरेको युग (पृ. ३०) पनि र देवकोटाको भनिएको छ।

–शारदाका नियमित स्तम्भकै रूपमा देवकोटाका रचना छापिँदै आएका छन्। विक्रम संवत् २००० को प्रारम्भदेखि २००४ सम्म देवकोटाले शारदाको सम्पादकीय लेख्ने गरेको कुरा धेरैको चर्चामा पाइन्छ।

●यसरी देवकोटालाई साहित्यिक पत्रकारिताको प्रारम्भ गराउने पत्रिका शारदा नै हो भन्न सकिन्छ।

प्रगति र देवकोटा

२००९ बाट प्रकाशन प्रारम्भ भएको र आफ्नो समयको

लक्ष्मीप्रसाद शतवार्षिक विशेषाङ्क

प्रसिद्ध पत्रिका 'प्रगति' सँग पनि देवकोटाको राम्रो सम्बन्ध थियो।

डिल्लीबजारस्थित लप्टनको होटल त्यसबेलाका बुद्धिजीवीहरूको केन्द्रजस्तो थियो। मन्त्री, नेता, साहित्यकार, शिक्षक, विद्यार्थी त्यहीँ आउँथे। देवकोटाको प्रायः बस्ने ठाउँ त्यहीँ भएकाले अरूहरूलाई आकर्षित गर्ने गरेको थियो। त्यहीँ बसेर देवकोटा पत्रपत्रिकाहरू पढ्थे, प्रगतिका ग्राहक बनाउँथे, आफ्ना कविता सुनाउँथे। चूम बन्धु देवकोटा पृ. ४८२

– उक्त उद्धरणबाट देवकोटाको प्रगतिसँग राम्रो सम्बन्ध थियो भन्ने प्रस्ट हुन्छ। तसर्थ देवकोटाले साहित्यिक पत्रकारिताको विकासमा प्रगतिका माध्यमबाट पनि योगदान दिएका थिए।

इन्द्रेनी र देवकोटा

● २०१२ को फागुनतिर महाकवि देवकोटालगायतका त्यसबेला चर्चामा आइसकेका स्रष्टाहरूले विभिन्न छलफलबाट एउटा संस्था बनाएर साहित्यिक पत्रिका निकाल्ने निर्णय गरे। जसको परिणामस्वरूप 'काव्य प्रतिष्ठान' नामक संस्थाको गठन भयो।

– संस्थाका अध्यक्ष थिए – लक्ष्मीप्रसाद देवकोटा। सचिवमा विजयबहादुर मल्ल अनि सदस्यहरूमा क्रमशः माधवप्रसाद घिमिरे, शङ्कर गार्ग्येय, भीमदर्शन रोका र ईश्वर बराल (सम्पादक)।

– २०१३ वैशाखमा यही काव्यप्रतिष्ठानबाट 'इन्द्रेनी' नामक साहित्यिक मासिक प्रकाशन प्रारम्भ भयो।

– काव्यप्रतिष्ठान प्रकाशनमा प्रकाशित इन्द्रेनीको प्रथम अङ्क जोरगणेश प्रेस पाको पोखलड्याङ, नेपालबाट छापिएको थियो।

– वार्षिक चन्दा २० र प्रति अङ्क २/– रू. निर्धारण गरिएको इन्द्रेनी कविताप्रधान पत्रिका थियो। कसैकसैले पत्रिकाको मूल्य महँगो भएको कुरा पनि गरेछन्। अनि दोस्रो अङ्कको सम्पादकीयमा भनिएको छ –

"हामीले प्रत्येक लेखकमा एक कविताको निम्ति रू. २०/– पारिश्रमिक अर्पित गरेका छौँ। इन्द्रेनीले सर्वप्रथम यो प्रणाली नेपालमा चलाउने आँट गरेको छ।"

'इन्द्रेनी' पत्रिकाको प्रकाशन किन गरिएको भन्ने सम्बन्धमा यस्तो भनाइ छ :

काव्यतत्त्वका सारा शाश्वत मापदण्डका साथ काव्यमा नयाँ धारा ल्याउन यसको संयक मूल्याङ्कन गर्न तथा नयाँ आदर्श स्थापित गर्न हामीले एउटा कविबन्धुको गठन बनाएका छौँ। यसले आफ्नो प्रकाशनका साथसाथ बेलाबखत कवि सम्मेलन, प्रवचन गरेर गराएर Clearing house को काम पनि गर्नेछ। यस खातिर हामीले इन्द्रेनीको प्रकाशन थालेका छौँ। यो महिनामहिनामा प्रकाशित हुनेछ। .... यसमा कविता प्रकाशन गर्ने... । प्रत्येक अङ्कमा एउटा उच्च कोटिको कथा छाप्ने ......। हामीले रुचि परिष्कार गर्नु गराउनु छ। मानसिक भोक जगाउनुछ। नेपाली भाषाका पुस्तक पत्रिका अति थोरै बिक्छन्। यसको प्रमुख कारण हो ठाउँमा पुऱ्याउन नसक्नु। हुलाकको नितान्त अपर्याप्तता र असुविधा अनि शिक्षाको अभाव।

– कविताका पुस्तकको बिक्री नेपालीमा मात्र किन संसारको प्रत्येक साहित्यमा अपेक्षाकृत थोरै छ। .... कविताकै किताब हामीले प्रकाशन गर्न खोज्नु उरन्ठ्याउलो मात हो। ... यसलाई चलाउन हामी सदस्यले जनंगि १००/– चन्दा प्रारम्भिक कोषमा राखेका छौँ। ..... दुई हजार जना मात्र यसका ग्राहक बनिदिए हाम्रो इन्द्रेनी दिगो रहनेछ .... ।

● इन्द्रेनीको प्रथम अङ्कमा प्रतिष्ठानका सदस्यबाहेक जनार्दन सम र भवानी भिक्षुका कविता छापिएका छन्। यो अङ्क जम्मा चालीस पृष्ठको छ। दोस्रो अङ्क नेपाली र अङ्ग्रेजीमा छ। एकातिर नेपाली र अर्कातिर त्यसैको अङ्ग्रेजी अनुवाद। यो चाहिँ ७० पृष्ठको छ।

तेस्रो अङ्कको पछाडि गातामा का.मे.आ. दर्ता नं. ७४ छापिएको छ। पहिले दर्ताका निम्ति दिइएको निवेदन तेस्रो अङ्कमा पुग्दा मात्र स्वीकृत भएछ होला।

पाँचौँ अङ्कमा पुग्दा काव्यप्रतिष्ठान सदस्यमण्डलको पुनर्गठन भएको पाइन्छ। जसअनुसार अध्यक्षमा लक्ष्मीप्रसाद देवकोटा। सचिवमा शङ्करप्रसाद लामिछाने, सदस्यहरू बालकृष्ण सम, भीमदर्शन रोका, केदारमान व्यथित र माधवप्रसाद घिमिरे (सम्पादक)। इन्द्रेनीको सातौँ अङ्क – एसियाली लेखक सम्मेलनाङ्क भनिएको छ। यो अङ्क पनि अङ्ग्रेजी र नेपालीमा छ। अनि १७६ पृष्ठको छ। दोस्रो अङ्क नेपाली र अङ्ग्रेजीमा थियो भने सातौँ चाहिँ अङ्ग्रेजी र नेपालीमा अर्थात् पहिले अङ्ग्रेजी अनुवाद अनि मूल नेपाली। पहिलो अङ्कमा छापिएको शङ्कर गार्ग्येय नै पाँचौँ अङ्कमा सचिवका रूपमा शङ्करप्रसाद लामिछाने भएर उदाएका रहेछन्।

– 'इन्द्रेनी' को आठौँ अङ्क प्रकाशित भएपछि यसको यही अन्त्य भएछ। त्यति ठूलो उद्देश्यसाथ, त्यति ठूल्ठूला साहित्य महारथीहरूको गठनबाट प्रारम्भ भएको इन्द्रेनी जम्मा आठ अङ्क प्रकाशित भएपछि स्थगित भयो।

● महाकवि देवकोटाको अध्यक्षतामा प्रारम्भ भएको यस इन्द्रेनीको प्रकाशन र यसभित्रका सामग्री अध्ययन गर्दा त्यतिबेलाका साहित्यिक पत्रिकाहरूमा यसको फरक पहिचान थियो भन्न सकिन्छ।

– त्यतिबेलाका धेरै जना कवि स्रष्टाहरूका रचना इन्द्रेनीमा प्रकाशित छन्। प्रत्येक अङ्कमा साहित्य चर्चा र साहित्य मीमांसा – विमर्श भएका स्तरीय समीक्षाहरू छापिएका छन्। कविता र लेखहरूको चयन राम्ररी गरिएको छ। आठवटा अङ्कको प्रकाशनपछि बन्द गरिएको भए पनि इन्द्रेनीले साहित्यिक पत्रकारिताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरा उल्लेख गर्नैपर्ने हुन्छ।

– यसरी नेपाली वाङ्मयका अद्वितीय स्रष्टा–साधक महाकवि देवकोटाको व्यक्तित्व र कृतित्वमा साहित्यिक पत्रकारिता पनि जोडिन आएको छ। नेपाली वाङ्मयका प्रायः सबै विधामा कलम चलाएका देवकोटाको शारदाबाट प्रारम्भ गरेको साहित्यिक पत्रकारिता 'युगवाणी' का सम्पादकका रूपमा निकै झाङ्गिन्छ – फैलिन्छ।

– 'प्रगति' मा पनि देवकोटाको लगानी पर्दछ अनि 'इन्द्रेनी' बाट चाहिँ उनको साहित्यिक पत्रकारिता राम्ररी नै विकसित हुन्छ। इन्द्रेनीको सम्पादन, प्रकाशन र यसको स्तरीयता र उच्चता हेर्दा महाकवि देवकोटालाई सफल 'साहित्यिक पत्रकार' भनेर उपाधि दिन सकिने आधारहरू प्रशस्त भेटिन्छन्। यद्यपि महाकवि देवकोटा इन्द्रेनीको प्रत्यक्ष सम्पादकका रूपमा देखिँदैनन् तर काव्यप्रतिष्ठानका अध्यक्ष देवकोटाकै संयोजन र व्यवस्थापनमा इन्द्रेनी निस्किएको थियो। अनि यस पत्रिकाको दोस्रो र सातौँ अङ्क नेपाली र अङ्ग्रेजीमा निकाल्न देवकोटाले नै विशेष सम्पादन गरेको कुरा उल्लेखनीय छ। ❐

कविता

(महाकवि लक्ष्मीप्रसाद देवकोटाको
शीर्षकविनाको अङ्ग्रेजी कविताको नेपालीमा अनुवाद

मध्य रातको नीरबखतामा पिल्पिलाउँदो मधुरो प्रकाशमा
सम्पूर्ण संसारमा आँखामा छाएको बेला मेरो आत्मामा प्रश्न उठ्छ–
"जीवनको सार के हो ?"
करूणामयका अश्रुकण जस्ता सहस्रौं ताराहरू टिल्पिल टिल्पिल गर्छन्ः
र मनले खालि चाल पाउँछ :
जीवन ! ओ जीवन ! अफशोच ! तेरो चोला, तेरो बास छोटो छ।

"ताराहरू ती पानीका थोपाहरू जस्ता छन्, आँखामा टल्कने थोपाजस्ता छन्
आकाश रङ्को कमलको फूलजस्ता नीला पत्रमा रहने
पानीका बिन्दुजस्ता छन् ।" आकाश त्यस्तै भन्छ। अनि भन्छ
"जीवन, ओ जीवन ! अफशोच !
पानीका थोपाजस्तै छ, संसार पनि उस्तै छ।
त्यसो भए हे परमेश्वर ! यी सबै सौन्दर्य, यी सबै शोभा के को निम्ति ?"
गम्भीर स्वरले मेरो आत्माले प्रश्न गर्छ :
"झर्दो आँसुमाथि यी सबै प्रकाश के को निम्ति ?
ईश्वर भन्छन्– समय र स्थान दुवैलाई बेग्लाबेग्लै तताउँछु
मेरा निर्मित मेरा आफ्नै रश्मिहरू मैले बनाएका ती बेग्लाबेग्लै टुक्राहरूमा बस्छन्
मेरो आफ्नो सुवास मैले तिनीहरूमा फुकिदिएको छु :
मेरा फूलहरू रङ्गीचङ्गी फूलहरू नै फुलाउने गरेकी हुँ
कमलदलको काखामा बसेका जलबिन्दुबाट यो सौन्दर्य उब्जेको हो
जुन तिनीहरूको मुटु हो।"

अनु : देव रञ्जित

साभार– कविवर श्यामदास वैष्णवमार्फत अङ्ग्रेजी कविता अङ्ग्रेजी मासिक 'वसुधा' वर्ष १२, अङ्क १२, १९६९ : वि.सं. २०२६ मार्गमा प्रकाशित कविता।



महाकवि विषयमा मेरो विद्यावारिधि

– डा. कुमारबहादुर जोशी

वि.सं. २०३१ साल चैतमा मित्र वासुदेव त्रिपाठीको लामो भूमिकासहित मेरो महाकवि देवकोटा र उनका महाकाव्य सहयोगी प्रकाशन, काठमाडौँबाट प्रकाशित भयो। त्यतिबेला म त्रि–चन्द्र क्याम्पसमा पढाउँथेँ। मेरो औपचारिक शिक्षा संस्कृतमा दर्शनशास्त्री, अङ्ग्रेजीमा बी.ए. र नेपालीमा एम.ए. थियो। खास गरेर एस.एल.सी. कोर्स पढ्न सुरू गर्दा अर्थात् वि. सं. २०१५ सालतिर कोर्समा समाविष्ट महाकवि देवकोटाका दुई कविता 'यात्री' र 'मार्ग' पढेपछि म देवकोटाप्रति निकै आकर्षित हुन थालेको थिएँ। यसो त पछि आई.ए. पढ्दासम्ममा लेखनाथको 'जीवनचङ्गा' र माधव घिमिरेको 'विश्वबन्धु' जस्ता कविता पढेपछि म लेखनाथ र माधव घिमिरेप्रति पनि कम आकर्षित हुन थालेको थिइनँ तर विशेष आकर्षित चाहिँ देवकोटाप्रति नै हुन थालेको थिएँ। कविता वा साहित्यको एउटा प्रमुख गुण सर्वकालीन हृदयस्पर्शिता जो हो, त्यो उक्त तीनै कविका कवितामा नपाइने होइन तर विषयवस्तु र प्रस्तुतिशैली तथा शिल्पको नवोन्मेष र नवीन सौन्दर्यचेतनाका सन्दर्भमा देवकोटा मलाई सर्वाधिक मनपर्ने कवि बनिसकेका थिए। त्यतिञ्जेल (२०३१ साल) सम्ममा मेरा सञ्चयन (निबन्धसङ्ग्रह, २०२५), सिंहसार्थवाह (खण्डकाव्य, २०२६) र चार अमर कविका पाँच काव्यकृति (समालोचनासङ्ग्रह, २०२९) पनि प्रकाशित भइसकेका थिए। अनि यिनै सब पृष्ठभूमिमा होला, मलाई त्रि.वि. नेपाली शिक्षण समिति, कीर्तिपुरमा आंशिकरूपमा कक्षा लिइदिन आग्रह आयो, खास गरी मित्रद्वय वासुदेव त्रिपाठी र ठाकुर पराजुलीमार्फत। अनि म २०३२ सालको आधाआधिदेखि कीर्तिपुरमा पनि पढाउन जान थालेँ।

यस्तैमा, २०३३ सालमा मेरो सरुवा त्रि–चन्द्रबाट नेपाली शिक्षण समिति (हाल केन्द्रीय नेपाली विभाग) कीर्तिपुरमा भयो। त्यतिखेर यहाँ ताराप्रसाद जोशी रिटायर्ड हुने र उहाँको ठाउँमा वासुदेव त्रिपाठी विभागीय प्रमुख बन्नुहुने निश्चितप्राय भइसकेको रहेछ। केही समयपछि यस्तै भयो पनि। त्यतिखेर नेपाली विभागमा २०२४ सालमा नेपालीमा एम.ए. गर्ने हामी सहपाठीहरू चार जना जम्मा हुन आइपुगेका थियौँ– वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, वल्लभमणि दाहाल र म स्वयं। हामी चार जना औधि मन मिल्ने साथी थियौँ। मैले यहाँ अरू विषयका साथै मुख्यतया महाकवि देवकोटा पढाउने जिम्मेवारी पाएँ। अनि त मलाई 'के खोज्छस् काना ? आँखा' भइहाल्यो। म रमाइरमाइ महाकवि देवकोटाको पठन–पाठनमा विशेषरूपमा केन्द्रित हुन थालेँ। यसैबीच एकदिन मेरो मनमा महाकवि देवकोटा विषयमा विद्यावारिधि गर्न पाए हुन्थ्यो भन्ने लाग्यो र सो कुरा मित्र त्रिपाठीलाई सुनाउँदा उहाँले मलाई हौसला दिँदै भन्नुभयो– "महाकवि देवकोटामा विद्यावारिधि तपाईंले नगरे कल्ले गर्ने ? तपाईंले महाकवि देवकोटा र उनका महाकाव्य लेखी नै सक्नुभएको छ भने तपाईंलाई त्यति गाह्रो पनि नहोला।" त्रिपाठीले यसो भन्नुहुँदा मैले उहाँले मेरो उक्त महाकवि देवकोटा र उनका महाकाव्यको भूमिकामा लेख्नु भएको कुरा सम्झन पुगेँ, जुन यस्तो छः "देवकोटा–साहित्यको अनुगमबाट आगम (निष्कर्ष) तिर पुग्नाका लागि समालोचकले आफूलाई माझ्नु र खार्नुका साथै आफ्नो जीवन समर्पण गर्नुपर्ने देखिन्छ। यस दृष्टिले म कुमार जोशीलाई आह्वान गर्न चाहन्छु किनभने वर्षौंसम्म उहाँ देवकोटा–साहित्यमा डुब्नु भएको छ र अझै डुब्दै हुनुहुन्छ। अनि देवकोटा उहाँको अध्ययन–रुचिको केन्द्रीय साहित्य रहेको पाइन्छ। त्यसैले उहाँकै आगामी अझ विस्तृत र परिपक्व देवकोटा–समालोचना–ग्रन्थ नै प्रस्तुत महाकवि देवकोटा र उनका महाकाव्यको अझ सशक्त विकल्प बनोस् ! इत्यादि।" आफ्ना मित्र र विभागीय प्रमुख अनि 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन' शीर्षकमा विद्यावारिधि गरिसक्नु भएका त्रिपाठीका यी कुराले म हौसिएँ, अनि उहाँकै सरसल्लाहमा मैले महाकवि देवकोटा विषयमा विद्यावारिधि शोधकार्य गर्नका निम्ति २०३३ साल साउनमा त्रिभुवन विश्वविद्यालयमा नाम दर्ता गराएँ। मेरो र अझ खास विश्वविद्यालयको आग्रहमा त्रिपाठी नै मेरो शोधनिर्देशक बन्नुभयो भने शोधविशेषज्ञद्वयमा डा. चूडामणि बन्धु र डा. मोहनहिमांशु थापा रहनुभयो। महाकवि देवकोटा विषयक मेरो शोधकार्य औपचारिकरूपमा यसरी नै सुरु भएको हो।

विश्वविद्यालयमा आफ्नो पढाउने काम सकिएपछि देवकोटाले लेखेका र देवकोटाबारे लेखिएका लेख–रचनाहरू जम्मा गर्न उपत्यकाका प्रमुख पुस्तकालयहरू धाउन थालेँ– कहिले मदन पुरस्कार पुस्तकालय त कहिले राष्ट्रिय पुस्तकालय तथा अभिलेखालय, कहिले पद्मकन्या क्याम्पस पुस्तकालय त कहिले केशर पुस्तकालय अनि कहिले चाहिँ त्रि.वि.केन्द्रीय पुस्तकालय। त्यो बेला फोटोकपी मेसिन हामीकहाँ आइसकेको थिएन त्यसैले सार्ने काम सबै हातैले

लेखेर गर्नुपर्थ्यो। यसो हुँदा सामग्री-सङ्कलनमै मेरो समय र श्रम ज्यादा लाग्यो- करिब तीन/चार वर्ष नै तर सामग्री सङ्कलनको काम शोधकार्य गर्दा शोध पूरा नहुञ्जेलसम्म नै चलिरहने रहेछ, मैले पछि अनुभव गरेँ।

नेपाली साहित्यका प्रायः सबै विधामा कलम चलाएर प्रचुर रचना प्रदान गर्ने बहुमुखी प्रतिभा लक्ष्मीप्रसाद देवकोटाको मूल सिर्जनक्षेत्र कविताविधा जो हो, त्यो नै मेरो शोधक्षेत्र थियो भने मेरो शोधशीर्षक थियो- 'महाकवि देवकोटाको कवितायात्रा र त्यसका मोड-उपमोडहरूको विवेचना'। यसअनुसार महाकवि देवकोटाका कविता-कृतिहरू अर्थात् फुटकर कविता, काव्य-खण्डकाव्य तथा महाकाव्यहरू के-कति छन्, पत्ता लगाएर तिनको सङ्कलन गर्नु नै मेरो प्राथमिक काम थियो र मैले उक्त प्रकार तीन/चार वर्ष परिश्रम गरेर प्रथमतः यही काम मोटामोटीमा पूरा गरेँ। फलस्वरूप देवकोटाले लेखेका प्रकाशित-अप्रकाशित गरी लगभग ७०० जति फुटकर कविताहरू, २१ वटा खण्डकाव्यहरू ('मैना' काव्यसङ्ग्रहमा सङ्ग्रहित सातवटा खण्डकाव्यसहित) तथा छवटा महाकाव्यहरू (देवकोटाले लेख्न प्रारम्भ गरेका तथा प्रारम्भिक केही अंश पत्रपत्रिकामा प्रकाशितसमेत भएका भए पनि अधूरै छाडेका 'सुषमालोचन', 'भक्त प्रह्लाद' तथा 'सत्याभास' वा 'बुद्धचरित्र' जस्ता महाकाव्यबाहेक) भेटिए। ५० वर्षको मात्र जीवन (१९६६-२०१६) बाँचेका भए पनि दसै वर्षको उमेर (१९७६ साल) देखि कविता लेखेर नेपाली साहित्यका क्षेत्रमा पदार्पण गर्ने देवकोटाले आफ्नो जीवनको अन्तिम समय अर्थात् २०१६ सालसम्म नै कवित्व मात्र होइन, आँसुकवित्व र महाकवित्वसमेत प्रकट गर्दै नेपाली साहित्यका सबैजसो विधा र खास गरी कविताविधालाई अपूर्व समृद्धि प्रदान गरेका हुन्। यस्ता आँसुकवि-महाकविका कलमबाट उक्त प्रकार कविता, खण्डकाव्य तथा महाकाव्यहरू रचिनु अस्वाभाविक पनि होइन तर ती सबको कालक्रमिक र गहन अध्ययन गरी कवि देवकोटाको कवितायात्राका मोड-उपमोडहरू पहिल्याउने र तिनको विश्लेषण गर्ने अनि तिनका कवितात्मक प्राप्ति/अप्राप्तिको विवेचना गर्दै देवकोटाको कवित्वको सिङ्गो स्वरूप ठम्याउने काममा अघि सरेको म भने कहिले आत्तिन्थेँ त कहिले अत्तालिन्थेँ पनि। अनि यदाकदा शोधनिर्देशकसँग म आफ्नो शोधकार्य यस्तो विस्तृत विषयवस्तु र शीर्षकको सट्टा सीमित विषयवस्तु र शीर्षकमा गरूँ कि भनी सल्लाह पनि माग्थेँ। यस्ता क्षणहरूमा शोधनिर्देशक मलाई सम्झाउँदै भन्नुहुन्थ्यो- "जोशीजी, महाकवि देवकोटा विषयमा आधारभूत शोधकार्य नै नभइसकेको अहिलेको परिप्रेक्ष्यमा विस्तृत क्षेत्रमै शोधकार्य गर्नु उपयुक्त हुन्छ, यो शोधकार्य तपाईंले पूरा गर्नुभयो भने यसले पछिका लागि जुगानुजुगसम्म जगको काम गर्नेछ।" इत्यादि ...

यसैबीच महाकवि देवकोटाको व्यक्तित्व र कृतित्वका विषयमा उनीसँग प्रत्यक्ष सम्पर्कमा रहेका उनका परिवार, विद्यार्थी, कलाकार, साहित्यकार तथा समालोचकहरूसँग पनि अन्तर्वार्ता लिने विषयमा निर्देशकसँग छलफल भयो र उहाँको निर्देशनअनुसार मैले नमुना प्रश्नावली बनाएर तयार पारेपछि म अन्तर्वार्ता लिने काममा पनि लाग्न थालेँ। यस सिलसिलामा कहिले बालकृष्ण समकहाँ त कहिले सिद्धिचरणकहाँ, कहिले भवानी भिक्षुकहाँ त कहिले केदारमान 'व्यथित' कहाँ, कहिले माधव घिमिरेकहाँ त कहिले श्यामदास वैष्णवकहाँ पुगेँ। यसैगरी म सूर्यविक्रम ज्ञवाली, डा. ईश्वर बराल र बदरीनाथ भट्टराईकहाँ पनि पुगेँ भने मा. रत्नदास प्रकाश र देवकोटाका ट्युसनछात्र धनमणि आचार्यकहाँ पनि पुगेँ। देवकोटाका नातेदारहरूमा चाहिँ म खास गरी देवकोटाका काहिँला भाइ मित्रनाथ देवकोटा, कान्छी दिदी देवेन्द्रकुमारी र भानिज कोमलनाथ पौड्याल अनि म मेरा भाइ वसन्तकुमार शर्मा नेपालकहाँ पनि पुगेँ। यसरी म जहाँजहाँ पुगेँ उहाँहरू सबैले मलाई अमूल्य समय उपलब्ध गराई मैले सोधेका प्रश्नहरूको झिंझो नमानी उत्तर दिएर मनग्गे सहयोग गर्नुभयो। उहाँहरूमध्ये कति जनासँग त मैले अनेक दिन, हप्ता र महिना लगाएर पनि अन्तर्वार्ता गरेको थिएँ। आज उहाँहरूमध्ये कति जना हामीमाझ हुनुहुन्न, दिवङ्गत भइसक्नुभएको छ। यसरी दिवङ्गत बनेकाहरू सबैका आत्माको चिरशान्तिका लागि म परमेश्वरसँग प्रार्थना गर्दछु र जीवित जो हुनुहुन्छ, उहाँहरूप्रति चाहिँ आज पनि म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। उहाँहरूसँगका यी अन्तरङ्ग संवाद वा अन्तर्वार्ताबाट मैले महाकवि देवकोटाका व्यक्तित्व र कृतित्वका विविध पक्षमा अनेक अमूल्य सूचना र दुर्लभ जानकारीहरू हासिल गरेँ, यसबाट महाकवि देवकोटालाई बुझ्न र उनका अनेक कृतिहरूको लेखाजोखा गर्न मलाई निकै बल मिल्यो। महाकवि देवकोटाविषयक यी अन्तर्वार्ताहरू एकत्रित गरी मैले एक व्यक्तित्व : अनेक दृष्टि नामको एउटा सङ्ग्रह तयार पारेँ। यसमा मेरो आग्रहलाई स्वीकार गरी वरिष्ठ समालोचक प्रो. यदुनाथ खनालले सारगर्भित भूमिका लेखिदिनुभयो। यो पुस्तक पछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (हाल नेपाल प्रज्ञा-प्रतिष्ठान) बाट वि. सं. २०४३ सालमा प्रकाशित भयो, अनि यसलाई त्रिभुवन विश्वविद्यालयको एम.ए. नेपालीको पाठ्यक्रममा समावेश पनि गरियो।

महाकवि देवकोटा विषयक अन्तर्वार्ताहरूको प्रस्तुत चर्चा-प्रसङ्गमा म मेरा हितैषी बन्धुहरू, खास गरी कवि वासु शशी, समालोचक कृष्णचन्द्रसिंह प्रधान तथा साहित्यिक पत्रकार एवं उपन्यासकार नगेन्द्रराज शर्माप्रति पनि हार्दिक आभार व्यक्त नगरी रहन सक्तिन किनभने त्यो बेला, अर्थात् मैले अन्तर्वार्ता गर्न जाने बेलामा भवानी भिक्षु रोग शय्यामा हुनुहुन्थ्यो, उहाँकहाँ मलाई वासुदाइले आफूसँगै लिएर गई समय नमागिदिनुभएको भए सायद भिक्षुसँग मैले

अन्तर्वार्ता गर्न पाउने थिइनँ। यसै गरी मलाई केदारमान 'व्यथित'कहाँ कृष्णचन्द्रदाइले र सूर्यविक्रम ज्ञवालीबहाँ मित्र नगेन्द्रराज शर्माले आफूसँगै लिएर गई उहाँहरूसँग अन्तर्वार्ताका निमित्त समय जुराइदिनुभएको थियो।

जे होस्, उपर्युक्त अन्तर्वार्ता-समयावधि (२०३६-२०३९ साल) बीच पनि समय मिलाई म महाकवि देवकोटाका कविताकृतिहरूको अध्ययनमा समेत एकोहोरिन थालिसकेको थिएँ। यसैबीच पाँच वर्षे म्याद सकिएकोले मैले विद्यावारिधि शोधदर्ता पुनः गराउनुपर्‍यो र गराएँ।

यस प्रकार शोधकार्यमा संलग्न रहँदारहँदै मैले आफूलाई त्रि.वि.पाठ्यक्रम विकास केन्द्रले त्रि.वि.मानविकीतर्फको स्नातकस्तरीय तत्कालीन पाठ्यक्रमअनुसार लेख्न भनी जिम्मा दिएको एउटा पाठ्यपुस्तक पाश्चात्य साहित्यका प्रमुख वाद पनि लेखेर तयार पारी बुझाउन सकें, जसको प्रकाशन उक्त केन्द्रबाट २०३८ सालमा भयो र यसैसाल मेरो पदोन्नति पनि भयो– उपप्राध्यापकबाट सह-प्राध्यापकमा। यसबाट मलाई पठन-पाठन र अध्ययन-अनुसन्धानमा लाग्न थप प्रेरणा प्राप्त भयो।

यसपछि अथवा भनुँ २०४० सालको प्रारम्भदेखि चाहिँ म एकमना र पूर्णरूपेण महाकवि देवकाटाकै काव्य/कविताहरूको सघन अध्ययन, विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहन थालेँ। म बिहान झिसमिसेमै उठिसक्थेँ र नित्यकर्मपछि चकटीमा पलेँटी कसेर लेखपढ गर्न बस्थेँ। मेरो अगाडि खटियाभरि र वरिपरि पनि किताब, कापी र पत्रपत्रिकाहरू थुप्रिएका हुन्थे। यसरी बसेपछि खान, पिउन र फ्रेस हुनबाहेक अरू बेला उठ्दिनथेँ। राति पनि निकै अबेर भइसकेको कुरा श्रीमतीले पटक-पटक सम्झाएपछि मात्र सुत्न जान्थेँ। यिनताक म भातमा पनि स्वाद पाउँदिनथेँ। पटक-पटक म देवकोटाका किताबका पत्रहरूको सपना देख्थेँ र किताबकै तकियामा सुत्दथेँ पनि। घरकै जहान परिवारसँग पनि कम बोल्थेँ भने अरूका लागि त म पूरै असामाजिक बनिसकेको थिएँ। यिनताक मेरो बाहिर जाने भनेको शोधनिर्देशक त्रिपाठीकहाँ बानेश्वरसम्म मात्र थियो, त्यो पनि उहाँले समय उपलब्ध गराउनुभएको बेलामा मात्र। त्रिपाठी पनि यिनताक निकै बेफुर्सदमा हुनुहुन्थ्यो र मलाई बिदाको दिनमा मात्र कहिलेकाहीँ दिउँसोको समय दिनुहुन्थ्यो, नत्र भने प्रायः बिहान सबेरै ५ र ६ बजेको बीचमा आइपुग्नुस् भन्नुहुन्थ्यो। अरू बेला त त्यस्तै हो तर मीनपचासको बेलामा भने मैले स्याँठसँग निकै सङ्घर्ष गर्नुपर्थ्यो। जे होस्, यही किसिमसँग मैले लगातार झण्डै तीन वर्ष (२०४०-२०४२ साल) बिताएँ। खासमा यही समयावधिमा नै हो मैले अनेकौँ चकटीहरू फटाएको र मलाई आगन्तुकहरूले 'अब कुमारबहादुर बहुलाउनेभो' भन्न थालेका।

जे होस्, काव्यमर्मज्ञ विद्वान् समालोचक डा.त्रिपाठीको संयक् शोधनिर्देशन तथा उस्तै विद्वान् विषयविशेषज्ञद्वय डा. चूडामणि बन्धु र डा. मोहनहिमांशु थापाको समुचित परामर्शमा अन्ततः २०४२ साल आश्विनमा मैले विद्यावारिधि शोधप्रबन्ध तयार पारी त्रि.वि.मा पेस गरें। यसको भाइवा (Viva) परीक्षा त्रि.वि.बाट २०४३ सालमा भयो र मैले विद्यावारिधि उपाधि प्राप्त गरेँ।

जहाँ स्त्रीहरू महिनाको गर्भधारणबाट बच्चा जन्माउँछन्, जहाँ महाकवि देवकोटा केवल दस दिनमा एउटा महाकाव्य लेखेर तयार पार्छन्, त्यहाँ मलाई भने यो विद्यावारिधि पूरा गर्न दस वर्ष (२०३३-२०४२) लाग्यो। अरू त अरू, मेरो यो विद्यावारिधिको भाइवैका लागि पनि झण्डै एक वर्ष लाग्यो। जे भए पनि मेरो यो विद्यावारिधि महाकवि देवकोटा विषयको पहिलो विद्यावारिधि बन्यो। यही नै मेरो लागि ठूलो खुसी र उपलब्धिको कुरा भयो।

मेरो भाइवा परीक्षा अलिक ढिलो हुनाको कारण पनि मैले पछि थाहा पाएँ। कुरा के भएको रहेछ भने मेरो शोधप्रबन्ध मूल्याङ्कनका लागि एक कपी प्रसिद्ध समालोचक रामकृष्ण शर्माकहाँ दार्जीलिङमा हो कि कलकत्तामा र अर्को कपी काशी हिन्दू विश्वविद्यालय भारतीय भाषा विभागका प्रमुख प्रा. डिल्लीराम तिमसिनाकहाँ बनारसमा पठाइएको रहेछ। यसै समयमा रामकृष्ण शर्माको निधन भएको हुँदा उहाँकहाँबाट फिर्ता आएको शोधप्रबन्ध फेरि अन्यत्र पठाउनु परेछ। यसो हुँदा भाइवा लिन ढिलो हुन गएको रहेछ।

अर्को रमाइलो कुरा, यसरी ढिला सुरु हुन पुगेको भाइवा परीक्षा दिन जाने दिन म बिरामी थिएँ। मलाई १०२ डिग्री ज्वरो आइरहेको थियो तर संयोगवश यो दिन मकहाँ टुप्लुक्क आइपुग्नुभएका कवि वासु शशीले मेरो यो भाइवाको कुरा सुन्नासाथ भन्नुभयो– "कुमारबाबु ! धन्दा मान्नु पर्दैन, तपाईंलाई म लिएर जान्छु भाइवा दिलाउन।" यसपछि हामी दुवै ट्याक्सीमा त्रिपुरेश्वर पुग्यौं। त्यतिबेला त्रि.वि. शिक्षाध्यक्षको कार्यालय यहीँ (त्रिपुरेश्वरमा हाल वर्ल्ड ट्रेड सेन्टर बसेको ठाउँमा) थियो र यहीँ मेरो भाइवा हुने भएको थियो।

मेरो भाइवा परीक्षा पनि निकै चुनौतीपूर्ण र रमाइलो बन्न पुगेको थियो। भाइवा भएको ठूलो मिटिङ हलमा कवि वासु शशी मैसँग हुनुहुन्थ्यो भने आनन्ददेव भट्ट, जनकलाल शर्मालगायतका अरू अनेक लेखक-कविहरू पनि यहाँ उपस्थित हुनुहुन्थ्यो। मेरो शोधनिर्देशक र विशेषज्ञहरू त भइहाल्नुभयो, बाह्य परीक्षकमा चाहिँ बनारसबाट प्रा.डिल्लीराम तिमसिना आउनुभएको थियो। मैले त्यहाँ सबैका प्रश्न र जिज्ञासाहरूको जवाफ दिने क्रममा धाराप्रवाह बोल्न थालेको दुई घण्टा हुन लाग्दा शिक्षाध्यक्ष चन्द्रप्रसाद गोर्खालीले "भो, भो, बिरामी मान्छे कति बोल्ने ? अब भयो !" भन्नुभएपछि मात्र म थामिएँछु। पछि भाइवा सकेर घर फर्कँदै गर्दा बाटोमा वासुदाइ भन्नुहुन्थ्यो– "कुमारबाबु ! आज तपाईंले

प्रत्युत्तरमा जे बोल्नुभयो त्यो रेकर्ड गर्न लायक थियो।"

यो मेरो विद्यावारिधि शोधप्रबन्धमा शोधनिर्देशकले लेख्नुभएको 'मन्तव्य' का केही हरफ उद्धृत गर्नु पनि यहाँ म प्रासङ्गिक सम्झन्छु, जुन यस्तो छः

"प्रस्तुत शोधप्रबन्धले कतिपय नवीन तथ्यसमेत समेटी प्रामाणिक तथ्याङ्कन, तथ्यगत अन्तर्सम्बन्धहरूको सुस्पष्ट पहिचान एवं प्रामाणिक विश्लेषण र निष्कर्षणका माध्यमबाट महाकवि देवकोटाको कवित्वको विकास प्रक्रियाको जुन विस्तृत कालक्रमिक व्याख्या-विवेचनासहित त्यसका मोड-उपमोडहरूको निर्धारण एवं विश्लेषण-मूल्याङ्कनसमेत प्रस्तुत गरेको छ, त्यसबाट देवकोटाको कवित्वसम्बन्धी पूर्वप्राप्त ज्ञानका सापेक्षतामा उल्लेखनीय नवीन प्राज्ञिक आयाम थपिन आएको छ। यस शोधप्रबन्धबाट नेपाली साहित्यका शोधपरम्परामा वस्तुगत धरातलमा प्रामाणिक-तार्किक प्रक्रियाका आधारमा प्राज्ञिक सत्यको अन्वेषण र उद्घाटन गर्ने दृष्टिले एक अर्को नवीन उपक्रम हुन आएको र त्यसबाट प्रस्तुत क्षेत्रका ज्ञानका विस्तारमा थप उल्लेखनीय योगदानसमेत प्राप्त भएको म ठान्दछु।"

जम्मा ८२६ (७७१+३५+२०) पृष्ठको मेरो शोधप्रबन्ध सिङ्गो-सग्लो यथावत्‌रूपमा प्रकाशित गराउने मेरो ठूलो इच्छा थियो तर सकिनँ। यसलाई प्रकाशितै हुन नदिने षड्यन्त्रहरू पनि भए तर यसको एक भाग नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट देवकोटाका कविता-यात्राको विश्लेषण र मूल्याङ्कन नाममा २०४७ सालमा प्रकाशित गराउन वर्षौंको प्रयासपछि र त्यसमा पनि विशेषतः विजय मल्लदाइले साथ दिनुभएकोले म सफल भएरै छाडेँ भने यसको अर्को भाग चाहिँ लक्ष्मण राजवंशीदाइले आफ्नो 'सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्'बाट देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना शीर्षकमा २०४८ सालमा प्रकाशित गराइदिनुभयो। यसका लागि म नेपाली साहित्यका समस्त पाठकहरूसहित विजय मल्लदाइ र लक्ष्मण राजवंशीदाइ दुवैप्रति सदैव आभारी छु। साथै यहाँ म के पनि प्रस्ट पार्न चाहन्छु भने मेरो विद्यावारिधि शोधप्रबन्धका उपर्युक्त दुई भागमध्ये पहिलो अर्थात् देवकोटाका कविता-यात्राको विश्लेषण र मूल्याङ्कन शोधप्रबन्धको उत्तरभाग अर्थात् निष्कर्ष भाग हो भने देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना चाहिँ शोधप्रबन्धको पूर्व भाग हो।

यहाँनिर म मेरा मित्र, अङ्ग्रेजी-नेपाली भाषा-साहित्यका विद्वान् समालोचक डा. अभि सुवेदीले मेरो एउटा प्रकाशोन्मुख समीक्षासङ्ग्रह केही साहित्यिक कृतिमा लेख्नुभएको 'मन्तव्य' का केही हरफहरू पनि सम्झन पुगिरहेछु, जुन यस्तो छः

"डा. कुमारबहादुर जोशीका समालोचनालाई मैले तीन वर्गमा विभाजित गरेर हेर्ने गरेको छु। पहिलो वर्गमा प्राज्ञिक साहित्य पठन-पाठन र साहित्यिक मानकमा पर्ने समीक्षाहरू आउँछन्। दोस्रो वर्गमा पाश्चात्य र पौरस्त्य साहित्यलाई चिनारी गराउने समीक्षाहरू पर्दछन्। तेस्रोमा फुटकर सन्दर्भ र कृतिहरूमाथि लेखिएका समालोचना पर्दछन्। पहिलो वर्गमा समीक्षाको सबभन्दा बलियो उनको कृति महाकवि लक्ष्मीप्रसाद देवकोटाको सिङ्गो अध्ययन हो। यो डा.जोशीको मूल अनुसन्धान र विद्यावारिधिको विषय पनि हो। विद्यावारिधिको निम्ति जुन अनुसन्धान गरिन्छ, त्यसको साहित्यिक अध्ययन र पठनपाठनमा प्रयोग हुनुपर्छ भन्ने एक साहित्य अध्ययनको मूल विषय मानिन्छ। मैले आफूले अध्ययन गरेको पाश्चात्य साहित्य र समीक्षाको परम्परा र प्राज्ञिक परिवेशमा त्यो एक कडीको रूपमा देखेँ। अध्येताले आफूले गरेको अनुसन्धान महत्त्वपूर्ण छ र यसमा मैले खर्चेको समय समीक्षात्मक दृष्टिले उत्पादक छ भन्ने ठान्न सक्यो भने मात्रै उसले आफ्नो अनुसन्धानलाई निर्धक्क प्रकाशमा ल्याउन सक्छ अनि त्यसको प्रयोग गर्न सक्छ। डा. कुमारबहादुर जोशीले देवकोटामाथि आफूले गरेको अनुसन्धानलाई साधक र साधारण पाठकसमक्ष पुऱ्याएको कथाले भन्छ, उनले यो अनुसन्धान अत्यन्त आवश्यक समयमा गरेका थिए। उनलाई आफ्ना गुरुवृत्त र प्राज्ञिक परिवेशबाट यो अनुसन्धानात्मक समीक्षालाई बाहिर ल्याउन चुनौतीहरू थिए। मैले एक समकालीन प्राध्यापक कर्म गर्ने मानिस र जोशीको मित्र भएको हुनाले थाहा पाएको थिएँ। म जोशीको महाकवि देवकोटामाथि लेखिएको ग्रन्थलाई देवकोटामाथि लेखिएको आजसम्मको सर्वोत्कृष्ट समीक्षात्मक कृति मान्छु।

चाबहिल, काठमाडौं
१२ भाद्र २०६६

तिम्रो आस्था-फूल नेपाल

-जीवनाथ धमला

हामी हिँड्छौं युग-पथ नयाँ सिर्जनाकै खनेर
हामी चढ्छौं विकट-पहरा सिर्जनाकै कपेर
हामी भिज्छौं सरस पसिना सिर्जनाकै चुहाई
हामी बग्छौं नवनव नदी सिर्जनाकै वहाई।

हाम्रो यात्रा दूरतक, तिमी-वृक्ष, दिन्छौ छहारी
हाम्रो यात्रा सिर्जन-गतिमा, प्राण भर्छौ स्याहारी
हाम्रो यात्रा गगनतिरको, प्रेरणा-ज्योति तिम्रो
हाम्रो यात्रा अथकित रहोस्, काव्य-वात्सल्य तिम्रो।

तिम्रो दृष्टी युगयुग नयाँ सत्य आव्हान गर्ने
तिम्रो सृष्टी हृदय-नभमा सत्य सामर्थ्य भर्ने
तिम्रो निष्ठा-सिर्जन-सरिता, विश्वव्यापी विशाल
तिम्रो आस्था-फूल हो धरती स्वर्गतूल्य नेपाल।

देवकोटाजीसँग सुतेको रात

–फणीन्द्रराज खेताला

"घनघोर दुःख संसार जान भाइ
नगरे घमण्ड कहिल्यै मर्नु छ हामीलाई।"
तीर्थ माधव देवकोटा॥

वि.सं. १९६६ साल कात्तिक महिना महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म महिना हो। सरस्वतीका वरद पुत्रका रूपमा कार्तिक कृष्ण औँसी अर्थात् दीपमालिका पर्व लक्ष्मीपूजाको दिन।

काठमाडौँ डिल्लीबजार धोबीधाराका पण्डित तीलमाधव देवकोटाको घरमा एक बालकले जन्म लिए। ती बालकलाई जन्म दिने महिला थिइन् अमरराज्य लक्ष्मीदेवी। लक्ष्मी पूजाको पावन पर्वमा जन्मिएका आफ्ना बालक छोराको नाम पिताले लक्ष्मीप्रसाद राखे तर लक्ष्मी पूजाको दिन जन्मिएका भए पनि बालक त सम्बन्धका वरद पुत्र भएर पो जन्मिएका रहेछन् तर पनि ज्योतिषहरूको धूलौटे विचारमा बालक 'तीर्थ माधव' बने। यसरी लक्ष्मी पूजाको दिन जन्मिएका तीलमाधव देवकोटाका साइँला छोरा त्रिवेणीका सङ्गम बने। यो देवकोटा परिवार शिष्ट परिवार थियो। त्यसैले बालक लक्ष्मीप्रसाद हुने बिरुवाको चिल्लोपात भनेजस्तै दस वर्षका लक्ष्मीप्रसादले केही आदर्श, केही आध्यात्मिक मान दर्शाएर जुन एक श्लोक लेखेका थिए त्यो देखेर पिता निकै प्रभावित भएका थिए होलान्।

प्रारम्भिक शिक्षा घरैमा भए पनि उनको अङ्ग्रेजी शिक्षाचाहिँ दर्बार स्कुल, त्रिचन्द्र कलेज हुँदै पटना विश्वविद्यालय बी.ए.बी.एल. मा पुगेर टुङ्गियो। विद्या आर्जन जतिसुकै गरे पनि सर्वसाधारण नेपाली दुनियाँले लिने काम भनेको नोकरी मात्र थियो। नोकरी पाउन चाकरी गर्नुपर्दथ्यो शासक वर्गको। त्यसका लागि पनि भित्र पहुँच हुनुपर्दथ्यो। सुरुमा देवकोटाजीले ट्युसन गर्न थाल्नुभयो। परिवार ठूलो र संयुक्त थियो। उहाँका छ दाजु भाइ छ जना र दिदी बहिनी सात आमा दुई र पिता एक समेत दाजुभाइका परिवारसमेत गर्दा परिवार ठूलै थियो। देवकोटा धोबीधारा सगोलमा बस्दै म करिब तीन महिना उहाँसँग अङ्ग्रेजी पढ्न गएको थिएँ तर पछि बिहान त्यहाँ ट्युसन पढेर चाबहिल घर पुगी खाना खाएर दर्बार स्कुल पुग्न मुश्किल पर्ने भएकोले उक्त पढाइ छोडेको थिएँ। त्यसपछि धेरैसम्म उहाँको र मेरो भेट भएन तर त्यसैबेला उहाँले दिएको सुझावअनुसार अङ्ग्रेजीको साथै नेपालीको अध्ययनलाई ध्यान दिएँ। आफ्नो कक्षाकै साथीले दिएको मुनामदन लोकलयको कथात्मक वियोगात्मक खण्डकाव्य पढेँ र पाए जति नेपालीका सरल पुस्तक आफैँले सकेसम्म अध्ययन गरे र म लेख्न थालेँ। मेरो पैलो कविता थियो 'पैसा' शीर्षकको तर त्यस कवितामा केही हिन्दीका शब्दहरू घुस्रिएका थिए। त्यस्तै भए तापनि १९९४ सालतिरको गोरखापत्रको कुनै अङ्कमा घुस्रिने मौका पाएको थियो।

भेटघाटको क्रम टुटे पनि म शारदा पत्रिका पढ्थेँ। त्यसमा उहाँका कविता हुन्थ्ये ती। उहाँको शारीरिक व्यक्तित्व एवं निस्कपट स्वभावप्रति म आकृष्ट थिएँ। २००३–०४ सम्म आइपुग्दा मैले लेखनाथ, बालकृष्णशमशेर, भीमनीधि आदिलाई चिनिसकेको थिएँ व्यक्तिका रूपमा र साहित्यकारका रूपमा पनि। मलाई किताब पढ्ने लङ्गडो सौख मात्र होइन कि बानी पनि बसेको थियो। त्यतिबेला नेपाली मात्रै होइन हिन्दी र अङ्ग्रेजीका पनि किताब खोजी गरेर पढ्थेँ।

२०१० जस्तो लाग्छ, एक दिन बिहान मेरो घरमा गोविन्द वियोगी आए। उनीले जयवागीश्वरीको एउटा बहालमा पुस्तकालय खोलेका थिए। उनले त्यही पुस्तकालयको आयोजनामा एउटा साहित्य सम्मेलन गर्ने, त्यसका लागि देवकोटाजीकहाँ सल्लाह गर्न जाऔं न भने। मलाई त्यतिबेला फुर्सतै थियो। उनी र म गयौँ। शनिबारको दिन थियो। उहाँ घरैमा भेट हुनु भो माघ महिना थियो समय त्यस्तै आठ बजेको हुँदो हो। उहाँले अर्थ सङ्कलनको लागि आजै एक दुई ठाउँमा जाऔँ भन्नुभयो। हामी दुई साइकलमा गएका थियौँ। उहाँको घरैमा साइकल रहेछ। सर्वप्रथम हामी शिक्षामन्त्री शारदाशमशेरकहाँ गयौँ। उनले एकै वचनमा पाँच सय दिए। अलि अबेला भएकोले अर्को दिन एक ठाउँमा जाने र सम्मेलन माघको १० या ११ गते गर्ने निश्चय गरी फर्कियौँ। यो माघ ३ गतेको कुरा हो र माघ १० गते गर्ने निधो भएको थियो र त्यसै दिन देवकोटाजीकै सभापतित्वमा सम्पन्न भएको थियो। यो सम्मेलन बृहत् नै थियो र यो सम्मेलनमा भारतका राहुल सांकृत्यायनसमेत सम्मिलित भएका थिए।

२०११ साल भदौ महिनामा चाबहिल मित्र मण्डल परिसरमा कवि शिरोमणि लेखनाथजीको सभापतित्वमा जुन सम्मेलन भएको थियो त्यसमा देवकोटाजीलाई ल्याउने र पुऱ्याउने जिम्मा मलाई दिइएको थियो। अनि सम्मेलन अलि ढिलै सुरु भएकोले बेलुकी अबेलै सकिएको थियो। त्यसैले देवकोटाजी चावहिलमै उहाँकै भानिज भवनाथ ढुङ्गानाकै घरमा बस्नु हुने भयो। जुन घरमा २००५ सालमा मैले उहाँलाई भेटेको थिएँ र उहाँले त्यहाँ आफूले रचेको नेपाली भाषाको वेदपाठ हातको सारसहित सुनाउनुभएको थियो।

देवकोटाजीका अर्का एक जना भिनाजु चाबहिल कुमारी गालमा बस्नु हुन्थ्यो। उहाँको नाम पण्डित अनङ्गनाथ र थर पौडेल थियो। उहाँले लेखेको अंगद रावण संवाद काव्य मैले पढेको थिएँ। त्यस्तै अनङ्गनाथकै राधा मिलन काव्यमा

देवकोटाजीले भूमिका लेख्नुभएको छ। त्यो बेला देवकोटाजी अनङ्गनाथजीको घरमा छ या सात दिन बस्नु भएको थियो र त्यहीँ उहाँले सुन्दरीजल महाकाव्य लेख्नुभएको थियो। त्यतिबेला अर्थात् देवकोटाजी त्यहाँ बस्नुभएको बेला म दुईपटक पुगेको छु तर उहाँले लेख्नुभएको रचनाको नाम मलाई थाहा थिएन। नाम मैले साहित्यान्वेषक शिव रेग्मीबाट थाहा पाएँ तर उक्त रचना वा महाकाव्य आजसम्म प्रकाशमा आएको छैन। त्यो महाकाव्य अनङ्गलनाथकै छोराहरूको जिम्मा रहेको हुनुपर्छ।

देवकोटाजीले कति लेख्नु भो, के के लेख्नु भो त्यो उहाँलाई थाहा छैन वा थिएन र उहाँको परिवारलाई पनि थाहा छैन। उहाँको रचनाले कैयौँ व्यक्ति लाभान्वित भएका थिए वा भए त्यो बयान गर्न सकिन्न। २००४ सालतिरको कुरा हो देवकोटाजी, हृदयचन्द्र सिंह, केदारमान व्यथितहरू मिलेर नेपाली साहित्य परिषद् नामको एउटा साहित्यिक संस्था खोलेको थियो जसले सरस्वती सदनमा तीन दिनसम्म साहित्य सम्मेलन गरेको थियो र 'साहित्य स्रोत' नामको पत्रिका पनि हृदयचन्द्रको सम्पादनमा निकालेको थियो। सम्मेलनका सभापति देवकोटाजी हुनुहुन्थ्यो। मलाई यस्तो लाग्छ कि यो सम्मेलनपश्चात् नै देवकोटाजी बनारस जानुभएको थियो र केही समय उहाँले काङ्ग्रेस मुखपत्र 'राष्ट्र पुकार'को सम्पादन पनि गर्नुभएको थियो। यो कुरा मैले सुनेको थिएँ।

त्यो घटनापछि झण्डै तीन या चार वर्ष उहाँ र मेरो भेट भएन। एकदिन मेरा एक मित्रले आफ्नो भाइलाई अङ्ग्रेजी पढाउनको लागि उहाँलाई भनिदिन आग्रह गरे। उहाँ नेपाल फर्किएको मलाई थाहा थिएन। उनैले फर्किएको कुरा बताएपछि म भेट्न गएँ। त्यसपछि देशमा राजनीतिक क्रान्ति भयो। केही महिना म बन्दी भएँ। फेरि सम्पर्क टुट्यो तर प्रजातन्त्र घोषणापश्चात् २०१३-०१४ सालसम्म हाम्रो ज्यादै निकटको सम्बन्ध रह्यो । यही अवधिमा मैले वास्तविक देवकोटाजीलाई चिन्ने र उहाँको औदार्य र हृदयको गहिराइको अध्ययन गर्ने मौका पाएँ।

मैले अगाडि एक ठाउँमा भनिसकेको छु- " उहाँका भेटेजति मैले प्रकाशित पुस्तकहरू पढिसकेको कुरा" तर व्यक्ति देवकोटालाई चिन्नु, भेट्नु, परिचित हुनुभन्दा अघि म कवि देवकोटाप्रति आकर्षित भएको थिएँ सायद पैलो लोकलयमा लेखिएको व्यावहारिक करुण रस प्रधान खण्ड काव्य 'मुनामदन' पढेर र मुनामदनको पनि ती दुई सुक्तिबाट 'हातका मैला सुनका थैला के गर्नु धनले सागर सिस्नु खाएको निको आनन्दी मनले र मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन' तर एकपटक यही मुनामदनलाई लिएर देवकोटाजीसँग दुःख पोखेको थिएँ अलि विरोधी स्वरमा जब उहाँले उक्त काव्यमा पन्ध्र वर्षपछिका देवकोटालाई भित्र्याउनु भएको थियो र भनेको थिएँ "अरूले रुचाए पनि म खेतालाले यो रुचाइँन", उहाँले केही जवाफ नदिई हाँस्नु भएको थियो, त्यो चाहिँ मैले बुझ्न सकिनँ। त्यो थियो मुनामदनमा भएको संशोधन।

के 'नेपाल सानो छ' ? निबन्धमा 'नेपाल सुन्दर शान्त विशाल' देवकोटा 'निद्रा निबन्धमा' भन्नुहुन्छ 'आँखा खुल्दा मालुम हुन्छ कि म चार दिवारको कैदी छु।' निद्रा र परिश्रममा सामञ्जस्य ल्याउँदै उहाँ भन्नुहुन्छ- "पवित्र निद्रा निर्दोषीको अनुभव हो।" त्यस्तै-यहाँ मैले एउटा घटना सम्झे 'एसियाली लेखक सम्मेलन जाने सिलसिलामा एक रात देवकोटाजी, व्यथित र म शङ्कर लामिछानेको घर ताहाचलमा केही नेपाली कविता अङ्ग्रेजीमा अनुवाद गर्ने सिलसिलामा बसेका थियौँ। हामी करिब एघार बजे सुतेका थियौँ, लहरै तीन जना तर सबभन्दा पैले निदाउने देवकोटाजी नै हुनुहुन्थ्यो।

२०११ साल जस्तो लाग्छ मलाई नक्साल नन्दी विद्यालयको प्राङ्गणमा एउटा साहित्यिक गोष्ठी भएको थियो। त्यसैमा हो जस्तो लाग्छ मलाई देवकोटाजीले 'पागल' कविता पाठ गर्नुभएको थियो। यो कविता उहाँले नयाँ लेख्नुभएको थियो जस्तो लाग्यो मलाई।

-म माघको ठण्डीमा
ताराको सेतो प्राथमिक ताप तापेर
बसिरहेको थिएँ
दुनियाँले मलाई तरङ्गी भने।
भस्मेश्वरबाट फर्कंदा सात दिन
टोलाएको देखेर,
भूत लागेको भने !

❑❑❑

म आफूलाई एक दिन मरेको सम्झिएर
लम्पसार थिएँ,
एक साथीले बेसरी चिमटिदिए
र भने 'ए पागल तेरो मासु अझ मरेको छैन। ❑

मन परेका कवि : महाकवि

–रमा शर्मा

२०६६ सालको लक्ष्मीपूजाका दिन यस धराधाममा पाइला राखेका र त्यसको झन्डै पचास वर्षपछि २०१६ साल भदौ २९ गते यस धरतीबाट सदाका लागि बिदा लिएका देवकोटा। जन्मँदा उनी परिवारका मात्र थिए– पुत्रोत्सव पनि केवल परिवारका लागि मात्र हुन पुग्यो भने उनी यस लोकबाट सदाका लागि टाढा हुँदा चाहिँ उनी नेपाली साहित्यजगत्का बने, नेपालका बने– त्यसैले उनको मृत्युशोक सबै नेपालीका लागि हुन पुग्यो, राष्ट्रका लागि नै हुन पुग्यो। उनको निधन नेपाली साहित्यजगत्का लागि र राष्ट्रका नै अपूरणीय क्षति थियो। त्यसैले भावविह्वल स्रष्टाले त्यतिबेलैदेखि र पछि अध्ययन र अनुसन्धानका क्रममा उनका विषयमा जति लेखे त्यति अरू कुनै नेपाली स्रष्टाका बारेमा लेखिएका नहोलान्। उनका विषयमा विद्यावारिधि गर्ने नै आधा दर्जनको नजिकमा पुगिसकेका छन्। यसै हुँदा श्री ओम श्रेष्ठजीको अनुरोधमा म के लेखूँ– सोचें। सम्झें निकै वर्ष अगाडिको कुरा/तिनै एक दुई विषयमा केही कोर्ने जमर्को गर्न लागेकी छु।

पहिलो हो, मलाई आफूप्रति नै गौरव लाग्दो कुरा/यस अर्थमा म आफूलाई भाग्यमानी पनि ठान्दछु। नेपाली वाङ्मयजगत्का ठूला ठूला हस्तीलाई देख्ने अवसर सबैलाई प्राप्त हुँदैन। समकाल, समय र समकार्यमा रहेकाहरूको एक अर्कासँग परिचय हुन सक्ला अथवा देखादेख हुन सक्ला अथवा समय, उमेर र कार्यमा अलि तल परेकोले अघिल्लो श्रेणीकोलाई देख्नसम्म मात्र पनि पाएको हुन सक्दछ, यही तेस्रो तहमा अलिअलि पर्छु म। जे होस् मैले महाकवि लक्ष्मीप्रसाद देवकोटालाई राम्रैसँग देखेकी छु र उनले कविता वाचन गरेको पनि प्रत्यक्ष सुनेकी छु अनि उनका बारेको चर्चा पनि सानैदेखि सुन्दै आएकी छु।

यो कसरी त ? – यसमा केही स्पष्ट पार्नुपर्ला। बुबा गोपाल पाँडे असीमका कारण नै मलाई सम्भव भएको हो। बुबाले २००८ सालमा नेपाली शिक्षा परिषद् स्थापना गर्ने क्रममा र स्थापना भइसकेपछि पनि धेरै विद्वान्सँग परामर्श लिनुहुन्थ्यो। नेपालमा नेपाली जनताको हितका लागि नेपाली भाषाको माध्यमबाट पठनपाठन र परीक्षा चलाउनुपर्छ भन्ने अभियानमा उहाँ हुनुहुन्थ्यो र यसक्रममा प्रारम्भमा उहाँले जनमत सङ्कलन गर्दा २००८ साउन ९ गतेको मितिमा देवकोटाले यस्तो विचार व्यक्त गरेका थिए– "राष्ट्रभाषामा शिक्षा प्रणाली कायम रहनु अहिलेको अखण्ड आवश्यकीयता हो। स्वदेशी जल पिउनु जत्तिकै छ। विदेशी रङ लागेका हामी चिप्लेकीरा ढिला भएर बामे सर्दैछौं। .... " देवकोटाले आफू अङ्ग्रेजीका प्राध्यापक भए पनि नेपाली शिक्षा परिषद्बाट सञ्चालित हुने प्रवेशिका परीक्षा (एस.एल.सी. सरहको) नेपाली विषयको पाठ्यक्रम बनाउने समितिको सदस्य रहेर पाठ्यक्रम तर्जुमा गरेका थिए। परिषद्अन्तर्गत २०१० सालमा गठित भानु जयन्ती समारोह समितिमा उनी सदस्य रहे। यी कुराको उल्लेख गर्नुको तात्पर्य के हो भने देवकोटाको नाम मैले सानै उमेरदेखि बुबाबाट सुन्ने अवसर पाइरहें र कार्यक्रमहरूमा बुबाले मलाई साथमा लैजानुहुने हुँदा देवकोटालगायत अरू कविहरूलाई पनि देखें हुँला तर ती सबैको सम्झना छैन।

लक्ष्मीप्रसाद देवकोटालाई देखेको दुईटा घटनाचाहिँ म अहिले सम्झिरहेकी छु। परिषद्ले आदिकवि भानुभक्तको प्रतिमा स्थापना गर्ने भयो भानु मा. विद्यालयमा। त्यतिबेला दरबार हाइस्कुलको प्राङ्गणमा यो २०११।०१२ सालतिरको कुरा हो। प्रतिमास्थलको शिलान्यास भानुजयन्तीका दिन बिहान राखिएको थियो। कविशिरोमणि लेखनाथबाट सम्पन्न गरिने सो शिलान्यास समारोहमा उपस्थितहरूमध्ये देवकोटाको व्यक्तित्वको प्रभाव मेरो मनमा परेको थियो। लामो कालो सेरमानी लगाएको, टोपी नलगाएको, अग्लो व्यक्तिको त्यो चित्र अहिले पनि मेरा आँखाअगाडि उपस्थित भइरहेछ।

अझ गहिरो प्रभाव परेको घटनाचाहिँ अर्को छ। परिषद्ले मोती जयन्ती समारोह मनाउँदा नयाँ कार्यका रूपमा समस्या पूर्ति कवि सम्मेलन पनि २०१३ सालदेखि गर्न थालेको सर्वविदितै छ। सोही सालको कुरा अहिले म गर्दैछु। दरबार हाइस्कुलको मजलिस घर (दायाँतर्फको दोस्रो तलाको अन्तिम ठूलो कोठा) मा मोती जयन्तीको कार्यक्रम थियो। कविगोष्ठीका लागि 'मेरो निशाना भनी' समस्या राखिएको थियो। कार्यक्रम हुँदाहुँदै देवकोटा आइपुगे। उनीसँग समस्या पूर्ति कविता माग भयो। लेखेर ल्याएका रहेनछन्। उनले पनि एक टुक्रा कापी मागे र त्यहीँ चार हरफ खरखरी लेखे र आफ्नो पालोमा कविता वाचन गरे। यसरी उत्नीखेरै कविता लेखेको देखेर मेरो केटाकेटी हृदयमा ठूलो असर पर्‍यो। त्यहाँ अरू कसैले पनि त्यहीँ लेखेर दिएका थिएनन्। कविता ल्याउनेले पढे, नल्याउनेले सुने मात्र तर देवकोटाले त्यसरी तत्काल कविता लेख्न सकेको देख्ता कति महान् मान्छे रहेछन् ती भन्ने लाग्यो। त्यो कविता यही हो–

ताके व्योम अनेकले, जलदका बुट्टा परेको धनी
ताके सुन्दरका महाशिखरमा उड्दै कुनै सन्सनी

लज्जाले निहुरेर शक्ति बहुतै छोटो निकम्बा गनी
धर्तीमा जल बिन्दु ताक्दछु म ता "मेरो निशाना भनी।"

२०१३ सालको यो समारोहपछि मैले देवकोटालाई फेरि देख्ने सौभाग्य पाइनँ। देवकोटाको क्रियाकलाप अन्य क्षेत्रमा (मन्त्रीका रूपमा, प्रज्ञाप्रतिष्ठानका सदस्यका रूपमा आदि) पनि बढ्दै गयो। पछि उनी बिरामी भए, औषधोपचारका लागि विदेश गए फर्केपछि रोगले गर्दा उठ्नै नसक्ने भएर ढले। यति हुँदाहुँदै पनि उनको सिर्जना यदाकदा अगाडि बढ्थ्यो नै। २०१६ साल भदौको लगभग आखिरीतिर उनको निधन भयो। सोही महिनामा भएको समस्यापूर्ति कवि गोष्ठीका लागि उनले अर्को समस्यापूर्तिको रचना गरे । क्यान्सर रोगसँग अन्तिम सङ्घर्ष गरिरहेकै अवस्थामा शान्त भवनको शय्यामा सुतीसुती, अरूलाई लेख्न लगाए। यो अरूलाई लेख्न लगाएर भनिएकोमा अलि स्पष्ट पार्नुपर्ला। बुबा (गोपाल पाँडे असिम) ले मलाई त्यसैबेला र पछि पनि भन्नुभए अनुसार उहाँ देवकोटालाई हेर्न बेलाबखत अस्पताल गइरहनु हुँदोरहेछ। यसैक्रममा मोती जयन्ती नजिक भएका कारण एक श्लोक समस्यापूर्ति कविता रच्न सकिन्छ कि भनी उहाँले अनुरोध गर्नुभएछ र कविजी लेख्न सक्ने अवस्था नभएका कारण कविजी भन्दै जाने र बुबाले टिप्दै जाने गरी 'सङ्कल्प हाम्रो फलोस्' समस्यामा निम्न श्लोक तयार भएछ– (जसमा देवकोटाको तत्कालीन कष्टकर जीवन उत्रन गएको छ)–

संसारै घुमियो भएर विषयी मीठो विषै पो पिएँ
खेल्थे धेर वितर्क तर्क मनमा उल्टो भई पो जिएँ
आयो घोर हुरी तनै प्रलय भो आगो जल्यो लौ जलोस्
भावै मात्र फिँजे तथापि सबको "सङ्कल्प हाम्रो फलोस्।"

अब अलिकति आफ्नो पठनपाठनसँग देवकोटालाई जोड्न चाहन्छु। मैले २०१७ सालमा एस.एल.सी. दिँदा उनको मार्ग, यात्री कविता पाठ्यक्रममा पढ्नुपर्थ्यो। मुनामदन चाहिँ मैले पहिले नै पढिसकेकी थिएँ। तिनमा रहेका पङ्क्तिहरू 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन', 'हातका मैला सुनका थैला के गर्नु धनले/साग र सिस्नु खाएको बेस आनन्दी मनले', कर्ममैछ पूज ईश्वर भन्छ यो लक्ष्मीप्रसाद' र मार्ग, यात्री कविताका प्रत्येक पङ्क्तिमा अन्तर्निहित भावसँग आफ्नो हृदयको तादात्म्य रहन गएका कारण उनका रचना पढ्ने चाहना सधैँ हुन्थ्यो। समाजमा सेवाभाव जाग्रत गर्न खोज्ने मानववादी, जीवनवादी, प्रकृतिप्रेमी, कार्यपूजक देवकोटा मेरा सधैँ आदर्श रहे। जाँचमा देवकोटाकै जीवन दर्शनका विषयमा र देवकोटाकै सिर्जनामा लेख्न पाए हुन्थ्यो भन्ने लागिरहन्थ्यो। हुन पनि त्यस्तै भयो एस.एल.सी. र आई. ए. परीक्षा दिँदा निबन्ध लेख्नका लागि "मन परेको कवि' पनि प्राश्निकले राखिदिएछन्। मैले देवकोटालाई छाड्ने कुरै भएन। दुवैपटकको परीक्षामा मैले 'मन परेको कवि' अन्तर्गत महाकवि लक्ष्मीप्रसाद देवकोटा, मा कलम दौडाउने मौका पाएँ। राष्ट्रका यस्ता स्वनामधन्य, बहुआयामिक, उच्च व्यक्तिको मूल्याङ्कन एउटा सामान्य परीक्षार्थीबाट के हुन सक्यो होला र तैपनि महामना देवकोटाको आशीर्वाद चाहिँ यो कलम कोर्नेमाथि पऱ्यो नै भन्नुपर्छ, नत्र क्रमशः प्रथम र विशिष्ट श्रेणीको नम्बर कसरी प्राप्त हुन सक्थ्यो।

१५ डल्लुटोल, काठमाडौँ

महाकवि र चुरोट



महाकवि रम्छन् चुरोटमा,
रम्छ काव्य मस्तिष्कमा।
एक सर्को चुरोटमा,
पुग्छ, काव्यात्मा निचोडमा।

निस्कन्छ भाव तरंग,
रम्छन् साहित्य सुधा लिई
वन्धुत्व चुरोट मान्दै,
'निकोटिन' विषाक्त पिई।

जल्दछ चुरोट ठुटाले,
सल्काउँदै अर्को पनि।
कस् लगाउँदै, स्वासले खिच्दै,
निकाल्दै काव्य संजीवनी।

चुरोट बन्छ सुधा साहित्यको,
साहित्य सुधा चुरोटमा।
आश्रित भई हिँड्छन्,
कवित्व भाव तरंगमा।

छैन हितकर चुरोट यो,
मन, आत्मा सन्तुष्टि छ।
भावना खुल्दछ त्यसमा,
काव्य साधक बन्दछ।

निद्रा भोक सबै त्यसमा,
ज्ञान, बुद्धि विवेक छ।
प्रसाद ठान्दछन् कवि,
काव्य आत्मा भन्दछ।

अर्थ व्यर्थ गुमाउँदै,
जीवन पनि सुकाउँछ।
मन रोग साम्य पार्दै,
तन रोग बढाउँछ।

कविजी बोल्दैछन् स्वयं,
चुरोटमा अर्पण जीवन।
चुरोटको वाद्‌विवाद् गर्दै,
भै गयो ! नगर उल्झन। ❒

-नारायणप्रसाद भुसाल 'धनञ्जय'

देवकोटा शतवार्षिकी : सरकार र संस्कृति

– बैरागी काइँला

देवकोटाको शतवार्षिकी समारोह उत्साहपूर्वक देशमा मनाइँदै छ। विश्वमा नेपालीलाई चिनाउने श्रद्धेय कवि हुन् देवकोटा। असङ्ख्य कृतिहरूका स्रष्टा, अद्वित्तीय काव्यप्रतिभाका धनी प्रकृति र विद्रोहका कवि महाकवि देवकोटा हाम्रा गौरव हुन्।

सघन तिमिस्रा चिरेर अघि बढ्ने झञ्झावीर कवि मुक्ति, प्रजातन्त्र अनि सिर्जना, विद्रोह र क्रान्तिका कवि पनि हुन् भनेर समालोचक (अभि सुवेदी)हरू भन्दछन्। शोषण, दमन र गरिबीको पीडा दालभात र डुकुमा देख्ने र पाठकका लागि पस्कने कविले सामाजिक वैषम्य लिमिट्यान्न पार्नु चर्को आवाज बुलन्द मात्र गरेनन् तर कवितामा मानवीय वेदना पनि प्रगाढरूपमा अभिव्यक्त गरेका छन्। त्यसरी महकाकविले देशको माटो र प्रकृतिको पूजा गरेर कविता लेखे। भौगोलिकतामा सानो नेपाल तर सुन्दर, शान्त र विशाल देख्ने उनी सत् छ सुन्दरै, सुन्दरै छ सत्का दार्शनिक कवि थिए।

उनका कृतिमा तर मुनामदन उनको लोकप्रिय कृति रह्यो छापिएदेखि आजसम्म नै। के पाठक र समालोचकहरूले भनेझैँ सरल र बोधगम्य भाषामा भएर मात्र त्यसो भयो होला त ? सरल भएर र बोधगम्य हुनु सबैको पहुँचभित्रको हुनु पनि हो। थर सबैको लागि हुनलाई त उनकै कुरा उनकै भाषामा उनीहरूसित नै संवाद गरेको भएर लेखिनु पर्दछ। हो, मानिसहरू आफ्नो कुरा सुन्न चाहन्छन्। महाकविको लोकप्रिय काव्य मुनामदनले पाठकलाई उनकै सुखदुःखका गीत गाएर सुनायो र रुवायो आजसम्म नै तर मुनामदनबाहेकका उनका काव्यहरू छिचोल्नु फलामको चिउरा चपाउनु हो भनेर समालोचकहरूको ठहर छ। यति हुँदाहुँदै पनि उनका महाकाव्य, काव्य र कविताले पाठकहरूलाई रन्थनाउँदै भए पनि मोहित पारेर वशिभूत गर्दछन्। त्यसरी नै देवकोटाको गद्यको आफ्नै कोमल रूप छ। किन हो मलाई उनका निबन्धहरूको यही कोमल र काव्यात्मक गद्यले औधि रुवाउँदछ। उनको निबन्धको कमलो गद्य पढिरहँदा भने मनतातो पानीको काव्य–तलाउमा पौडी खेलिरहेको चरम आनन्द र एकतमासको वेदनाको अनुभूति गराउँछ। त्यसो त महाकवि आफैले आफ्नो गद्यका बारेमा भूमिका (**लक्ष्मी निबन्ध सङ्ग्रह**) मा "मर्द गद्य लेख्ने अरूहरू आउनेछन् तर यहाँ सायद पोथी गुण होला.........जो बौद्धिक शक्तिहरूसँगभन्दा हार्दिक कोमलतासँग सम्बन्ध राख्दछ।" यही कोमल गद्यको भाषालाई महाकवि देवकोटाको पोथी गद्य भनेर अर्का एक प्रख्यात समालोचक इन्द्रबहादुर राईले (उदय, मई, १९६३) लेखेका छन्।

छोटो आयुमा असङ्ख्य र उत्कृष्ट कृतिहरू लेखेर नेपाली साहित्यलाई समृद्ध बनाउने यस्ता सततः सिर्जनशील स्रष्टा संसारमा विरलै पाइन्छन्। उनी नेपाली भाषा र साहित्यलाई समृद्ध बनाउने कवि देवकोटा आफै भने समृद्धिबाट धेरै टाढा थिए तर मानिसका रूपमा सरल र सहज मानिस थिए भनेर उनका नजिकका मानिसहरू सम्झना गर्दछन्। आफ्नो जीवन कालमा नै देवकोटा कविका रूपमा मिथक बनिसकेका थिए। मिथक हुनु भनेको उत्कृष्ट र अजरअमर कृतिको सिर्जना मात्र होइन तर ती कृति लेख्ने स्रष्टा र उसको समग्र जीवन नै पनि लोकको भइसक्नु हो।

देवकोटाको शतवार्षिकको यो उत्सवका बेला तर किन राज्यपक्ष भने उदासिन छ ? देवकोटाका गणेश भनिने श्यामदास वैष्णवसँग धेरै पाठकले देवकोटाको बहुप्रतिभाशाली व्यक्तित्वको राष्ट्रले कदर गर्न नजानेको/नसकेकोमा दुखेसो व्यक्त गरेको सम्झनाहरू छन्। छिमेकी मुलुक (भारत र चीन) माझैं यस्ता राष्ट्रको मर्यादा र गरिमा वृद्धि गर्ने साधक र स्रष्टाको कदर गर्न नेपालीले जानेनन्।

चाइना फेडेरेसन अफ लिटरेरी एण्ड आर्ट सर्कलको निम्तोमा तत्कालीन नेराप्रप्रको प्रतिनिधि मण्डलको सदस्यका रूपमा यहाँ मलाई जूलाई १९९३ मा आफूले गरेको दोस्रोपटकको चीन भ्रमणको बेला स्रष्टाहरूको सम्मान भएको देखेको सम्झना आयो।

चीन भ्रमणको क्रममा तिब्बतबाट छेन्दु सहरमा प्रवेश गर्दा अल्गाअल्गा खाँबाहरूमा 'तु फुको सहर तपाईंको स्वागत गर्दछ' **भनेर जताततै टाङ्गिएका थिए सुन्दर पोष्टरहरू। जागिरको सिलसिलामा त्यहाँ पुगेका उनको स्मारकस्थल ठूलै परिसरमा स्थापित गरिएको रहेछ। पछि हाङचाउ सहर पुग्दा पनि हामीलाई ल्हु सुनको घर देखाउन निकै टाढा लगियो। उनको घर, चुल्होचौका, लेखपढ गर्ने कोठा,**

शयनकक्षहरू र घरको परिसर राम्ररी सजाइएको पाएर मलाई गौरवान्वित भएको अनुभूतिले भावुक बनायो।

हामीले ता २० जूलाई अपरान्ह २:३० बजे कवि कु मो रोको स्मारक अवलोकन गर्ने मौका पायौँ। प्राचीन लिपिका विशेषज्ञ, विदेशी साहित्यको पनि ज्ञाता, उपन्यासकार, समालोचक, निबन्धकार, अनुवादक, कु मो रोको आफ्नै निवासस्थलमा धूपीका बोटहरूको बीचमा चउरमा अग्लो आधारमा बसिरहेको काङस्य प्रतिमा राखिएको कु मो रोको स्मारक भवन रहेछ। भुइँमा हरिया दुबो, बाटाका किनारमा फूलहरू र धूपी, साइप्रस, यिङसिङका हरिया वृक्षहरू तथा फूलहरूले सज्जित सुन्दर र हरियाली पूर्ण वातावरणमा यो स्मारक क्षेत्र शान्त, सौम्य र मनमोहक लाग्छ। उनको मृत्युपछि उनको र यस वरिपरिका क्षेत्रलाई राष्ट्रिय सम्पदाको रूपमा संरक्षित गरिएको रहेछ।

कु मो रोको हस्तलिखित पाण्डुलिपि, उनले लेखेका चित्रात्मक लिपि लेखहरू, छापिएका सबै पुस्तकहरू, उनका जीवनीका सिलसिलेवार घटना विवरण यहाँका विभिन्न कक्षमा सुरक्षित छन्। यौटा कोठामा थुप्रै दराजहरू र यौटा ठूलो काठको बाकसभित्र स्व. कु मो रोको हस्तलिखित धेरै प्राचीन र पुरातात्विक महत्त्वका कागत पत्रहरू, प्राचीन चिनियाँ लिपिबारेका लेखहरू अनेक पाण्डुलिपिहरू सुरक्षित राखिएका छन् भन्ने जानकारी स्या मः ईले हामीलाई दिनुभयो। स्या मः ई भनेको कु मो रोकै कान्छी छोरी गो लिङ चिङ रहिछन् जसले हामीलाई स्मारक क्षेत्रभित्र प्रवेश गर्दा स्वागत गर्नुभएको थियो। कु मो रोको सुत्ने कोठा, ओछ्यान र लगाउने चप्पलहरू, उनले आउने-जाने मान्छेलाई भेट्ने कोठा र आगन्तुकलाई भेट्दा आफू बस्ने ठाउँ कुर्सीहरू, सबै यथावत् सुरक्षित छन्। राष्ट्रिय विभूतिको सम्मान योभन्दा ठूलो अरू के हुनसक्छ ?

आफ्नो मुलुकको गौरव स्रष्टाहरूको सिर्जना, घर र उनले चलाएका वस्तुहरूको संरक्षण गरेर विदेशी पाहुनाहरूलाई अवलोकन गराउँदै व्यापक तुल्याउने चीनमा राज्य पक्षको यो प्रशंसायोग्य र अनुकरणीय काम हो। साहित्यिक तथा सांस्कृतिक आदान प्रदानको कार्यक्रमका क्रममा हामीले पनि कविशिरोमणि लेखनाथ, महाकवि देवकोटा, नाट्यसम्राट् बालकृष्ण सम र युगकवि सिद्धिचरण श्रेष्ठका निवासस्थलमा स्मारकहरू बनाएर विदेशी पाहुनाहरू, साहित्यिक र सांस्कृतिक पर्यटकहरू र स्रष्टा सबैलाई लैजान पाए कस्तो हुन्थ्यो होला ?

तर आज खोई हाम्रा विभूतिहरूले जीवन बिताएका घर, तिनको सास गएको कोठा र त्यो कोठा भएको घर ? खोई उनले हिँडेका बाटाहरू ? खोई तिनले चलाएका कलम-पेन्सिल, लगाएका जुत्ता, चप्पल ? खोई तिनका ओछ्यान र अन्तिम बखत ओढे-ओछ्याएका कपडाहरू ? खोई तिनका हस्तलिखित किताबहरू, अहिले कहाँ छन् ? स्रष्टाहरूका पहलमा जनस्तरबाट निर्मित र स्याहारसुसार र संरक्षणको अभाव खेपिरहेका तिनका नाममा नामकरण गरिएका मार्गहरू, लावारिस प्रतिमाहरू देशभर पाइन्छन्। हो, कविशिरोमणिका नाममा एउटा लेखनाथ सदन छ। खोई देवकोटा सदन, खोई सम सदन, खोई सिद्धचरण सदनहरू ? राज्यले साहित्य र संस्कृतिको फाँटमा कहिले उचित ध्यान दिने होला ?

कल्पनाको देवकोटा सदन वा स्मारक घरमा पुग्दा कु मो रोका कान्छी छोरी गो लिङ चिङले झैं डा. पद्मप्रसाद देवकोटाहरूले सबै स्रष्टा, पाठक, विदेशी प्रतिनिधि मण्डल, र पर्यटकहरूलाई कहिले हार्दिक स्वागत गर्ने दिन आउने होला। जसले देश र देशवासीको गौरव बढाएर उनलाई इज्जत दियो, पराईका अघि शिर ठाडो गरेर उभिन सक्ने तुल्यायो, उनैको सम्झना गराउने कुनै चिह्न पनि हाम्रो सामु आज छैनन्। हामीले कहिले आफ्ना महान् साहित्यकारको स्मृतिलाई जीवन्त राख्ने विशाल छाती बनाउने हो ? कहिले आउला त्यो दिन ? ❒

सपूत राष्ट्रको

-ललिता 'दोषी'

छोरा हुनु तिमीजस्तो सपूत राष्ट्रको
तिम्रै नामले पनि उठ्छ शिर देशको
नेपालीका गहभरि छ तिम्रै तस्बिर आज
धन्य लक्ष्मी तिमीले राख्यौ जन्मेको लाज।

नेपालीका धुकधुकीहरूमा तिमी सुस्तरी चल्मलाउँछौ
रवि, शशी तिमी, तिमी किन पो बिलाउँछौ
लाग्छ छहरा, पहरा आज तिम्रै गीत गाउँछन्
मोती दन्त देखाउँदै हिमाल मुस्काउँछन्।

लक्ष्मी, लक्ष्मी भन्दै लाग्छ पहाड जुरमुराउँछ
थकित बटुवा पनि तिम्रै गीत गुनगुनाउँछ
मेरो लक्ष्मी पुनः जन्म भन्दै आमा कोक्याउँछिन्
तिम्रै सम्झना धर्ती लाग्छ गह रुझाउँछिन्।

लहरा, पहरा, छहरा लाग्छ तिम्रै सम्झनामा टोलाउँछ
कुहूकुहू गर्दै कोइली लाग्छ तिमीलाई बोलाउँछ
मणिरत्न तिमी, हौ अजम्बरी फूल
भुल्ने छैन नेपालीले तिम्रो अमूल्य गुण।

-बुद्धनगर, काठमाडौं

काव्यात्मक आलोकमा महाकवि देवकोटा

✍ आनन्ददेव भट्ट

काव्यात्मकताको आलोकमा महाकवि देवकोटालाई हेर्ने हो भने साँच्चै उनलाई हामी एक असाधारण, अद्वितीय, सारस्वत प्रतिभायुक्त, कल्पनाशीलता, सौन्दर्यचेतना, विचार र शैलीभित्रको साङ्गीतिकता, अभिव्यक्तिको अजस्र वेगमय प्रवाह, शब्द छनोटको स्वःस्फूर्त कुशलता, शैलीको नव्यता र प्रयोगात्मकता, अनि साहित्यको गूढतम् भाव र दिव्य सन्देशयुक्त अभिव्यक्ति कलाका एक स्पुतनिक/क्षेप्यास्त्र वेगमय महान् साहित्यकारका रूपमा पाउँछौं। महाकवि देवकोटाले केवल श्रेष्ठ काव्य मात्र सिर्जना गरेनन् कि उनले नेपाली निबन्धलाई समेत एउटा नयाँ युगमा समेत प्रवेश गराइदिए तर सँगसँगै उनले कथा, उपन्यास, नाटक, व्यङ्ग्य, प्रहसन, संस्मरणका साथै समालोचना लेखनसमेत गरे। त्यसैगरी विदेशका महत्त्वपूर्ण ग्रन्थको नेपालीमा अनुवाद गरे। त्यस्तै उनले अङ्ग्रेजी भाषामा विविध विधाका साहित्य सिर्जना गरे नेपाली प्रकृति र जनजीवनलाई आधार बनाई। त्यस्तै उनले विभिन्न साहित्य एवं कवि गोष्ठीहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा-सेमिनार र समारोहमा आफ्ना अत्यन्त सारगर्भित, मौलिक चिन्तनयुक्त विचारको मौलिक उदाहरणसमेत प्रस्तुत गरे। उनका कैयन् सरलभन्दा सरल कविता, काव्य र महाकाव्यहरूले पनि पाठकको मन र मुटुलाई समातेको छ र त्यस्तै उनका विविध विषय र विधाका गद्य साहित्य लेखन र अनेक सभा, गोष्ठी, सेमिनारमा र आम जनतालाई सम्बोधन गर्ने बेलामा पनि उनको ओजश्वी भाषण कलाले श्रोतालाई पूरै आप्लावित नपारी छोड्दैनथ्यो। उनले संस्कृत शास्त्रीय छन्दमा, झ्याउरे लोकगीतको छन्दमा र गद्य कवितामा समेत असङ्ख्य ग्रन्थहरू लेखे। अझ उनले संवत् १९९१ मा 'शारदा' मासिक पत्रिकाको जन्म भएपछि उनका विविध विचारका फुटकर लेख, रचनाका साथै त्यसबेलाको नयाँ युगमा नेपाली भाषाको विविध विधाका क्षेत्रमा प्रतिस्पर्धात्मक रूपले र जस्तै प्रतिकूल देश, काल, परिस्थितिको घेराबन्दीमा परे पनि साहित्यका विभिन्न विधामा उनले सिर्जनाको पहाडै खडा गरिदिए। उनले नेपालका कैयन् लोकलयमा अद्वितीय काव्य तयार गरे। उनले नेपाली भाषालाई चाँडोभन्दा चाँडो समृद्धितिर डोऱ्याउने उद्देश्यले सङ्ख्यात्मक एवं गुणात्मक दुवै किसिमले फटाफट एकपछि अर्को रचना र कृति तयार गर्दै लगे। उनको आफ्नो अध्ययन, चिन्तन-मनन, वचन र लेखका क्षेत्रमा कल्पना वा अनुमानै गर्न नसकिने वेग र प्रत्युत्पन्न मतिअनुसार काव्य सिर्जना गर्दै रहे। उनले बालसाहित्य पनि धेरै लेखेका छन्, जुन साहित्यलाई सबै बालबालिकाले पढ्दा, गाउँदा अत्यन्त मन पराउँदै आएका छन्।



त्यसैले महाकवि देवकोटाको अध्ययनशीलता, लेखन र देखिएको स्वःस्फूर्त अभिव्यक्तिमा श्रमशीलता, लगन, धैर्य, समाजलाई अध्ययन गर्ने शक्ति आदि सबै कुरामा उनको असाधारण योगदान रह्यो। उनले आफ्नो सङ्घर्षमा उचाइका प्रत्येक व्यक्तिदेखि व्यापक जनसमुदायलाई विस्मित पार्दै नेपाली साहित्य भण्डार बढाउन अधिकतम प्रयत्न गरे। त्यसैले महाकवि देवकोटाले आफ्नो सम्पर्कमा आउने सानादेखि ठूलासम्म, निरक्षर गरिबदेखि सम्पन्न तहका विद्वान् विदुषीहरूलाई त्यसमा पनि थप साहित्यका अनुरागी र सिर्जनधर्मीहरूलाई पहिलो झमटमा नै उनले अत्यधिक आकर्षण गर्न सके। त्यसैले उनी आफ्नो समय/युगका सबभन्दा लोकप्रिय कवि बने। उनले संवत् २००४ सालदेखि २००६ सालसम्म भारतमा स्वनिर्वासनमा बस्दा र २००७ साल फागुन ७ गते उप्रान्त आफ्नो निधन नहुन्जेलसम्म राजनीतिक क्षेत्रदेखि साहित्य साधना र उच्चतम उदात्त वैचारिक योगदानबाट प्रत्येकलाई मोहित पार्दै रहे। उनले आफू स्वस्थ रही जीवनयापन गर्दादेखि विभिन्न समयमा मृत्युकै मुखमा पर्दासम्म पनि साहित्य साधनामा तल्लीन हुन छोडेनन्। त्यसैले अत्यन्त

उमङ्गित भाव र भाषामा भन्ने हो भने महाकवि देवकोटाको सम्पूर्ण सचेत जीवन अत्यन्त विकटभन्दा महाविकट समय-सुरुङबाट गुज्रनु पर्दा पनि सिर्जनात्मक साधनामा डुबिरह्यो। उनले आफ्नो सचेतभन्दा सचेत जीवनदेखि मृत्युसम्म नै पनि अत्यन्त क्रियाशीलता/श्रमशीलताका साथ साहित्य साधनामै बिताए। उनको साहित्य एवं काव्य साधना किशोरकालदेखि मृत्युपर्यन्त अविरल रूपले प्रवाहित भइरह्यो। उनले सुखको बेलादेखि असाधारण दुःखको बेलासम्म पनि आफ्नो काव्य एवं साहित्य साधनालाई कहिल्यै विश्राम दिएनन्। उनले आफ्नो २००४ सालदेखि सुरु भएको राजनीतिक विद्रोहको समयदेखि २००७ साल फागुन ७ गते उप्रान्त प्रजातान्त्रिककाल हुँदै आफ्नो मृत्युकै समयसम्म पनि उनी साहित्य साधनामा तल्लीन भइरहे। उनी हाँसे पनि काव्य सिर्जनामै हाँसे र धुरुधुरु रुनसम्म रोए पनि साहित्य सिर्जनामै सिरानी हाली रुँदै गरे। यसै सन्दर्भमा अर्को पनि एउटा रमाइलो कुरा के छ भने उनले आफ्ना समकालीन अर्का महान् साहित्यकार बालकृष्ण समसित अत्यन्त हार्दिक मुद्रामा प्रतिस्पर्धा गर्दै रहे र तिनै समका सल्लाहमा उनले निरङ्कुश राणाशाही व्यवस्थाले उनको लेखकीय स्वतन्त्रता हर्न खोज्दा पनि बालकृष्ण समकै थप सहयोग र सल्लाहमा कत्ति अधीर नभई स्वयं राणातन्त्रलाई जिल्ल पार्दै आफ्ना रचनालाई गति दिइरहे।

त्यसैले नै भन्नुपर्छ : देवकोटा आफ्नो युगका सबभन्दा लोकप्रिय कवि तथा लेखक हुन्। उनले आफ्नो अस्तित्वमा सम्बद्ध सानोभन्दा सानोदेखि ठूलोभन्दा ठूलो गुणका कारणले गर्दा एउटा अति श्रद्धालु भक्तले आफ्नो ईश्वरलाई निशंक श्रद्धा व्यक्त गरेझैँ आफ्ना सिर्जनाद्वारा नेपाल र नेपाली जनताप्रति असाधारण श्रद्धा र माया अर्पण गर्दै रहे। उनमा कुनै व्यक्ति-विशेषप्रति कत्ति पनि अनादर र तुच्छताको भाव थिएन र आफ्नो स्वाभिमानलाई पनि उनले कसैबाट पनि कत्ति पनि कुण्ठित हुन दिएनन्। उनको निधनपछि उनले लेखेर थन्क्याएका, कति अधुरो अवस्थामै रोकिएका रचनाहरू/कृतिहरू विगत ५० वर्षभित्र केही अंशमा मात्र प्रकाशित हुँदै आएका छन् र अझ कति सामग्री मुद्रित हुन नसकेका मात्र होइनन् कि त्यत्तिकै हराएका पनि प्रमाण छन्। यसरी यी महान् प्रतिभालाई समग्ररूपमा र अति व्यापकताका साथ अध्ययन गर्न वर्तमान समयका अति सक्षम, सुयोग्य, प्रतिभावान्, उदीयमान् आलोचक वर्गले धेरै लामो समयसम्म तुलनात्मक अध्ययन गरी उनका अनेक नयाँ नयाँ उपलब्धिमाथि प्रकाश पार्नु आवश्यक छ। एउटा अर्को अत्यन्त खुसीको कुरा के पनि छ भने नेपाली जनसाधारणमा उनको निधनपछि विगतका प्रत्येक दशकमा विकसित हुँदै आएको जनचेतनाले समेत हुनुपर्छ देशमा निरङ्कुश राजतन्त्रलाई समूल बिदा गरेर लोकतान्त्रिक गणतन्त्रको युग सुरु भइसकेको छ।

तसर्थ अबको २१ औँ शताब्दीमा उनको जनताप्रति समर्पित साहित्यको जनसाधारणमा अझ व्यापक र गहिरो प्रभाव पर्दै जानेछ। आज उनको यस शतवार्षिकीको उपलक्ष्यमा सम्पूर्ण नेपाली सँगसँगै म पनि हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। ❒

एक्काइसौं शताब्दीमा नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हातमा छ । त्यसैले हामीमा भएको अपार क्षमतालाई खेर नफालौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

पीडा, वेदना र करुणाका गायक महाकवि देवकोटा

–डा. केशव प्र. उपाध्याय

पीडा, वेदना र करुणासँग कवि–महाकविको अन्तरङ्ग सम्बन्ध रहन्छ भन्ने धारणा काव्यजगत्मा पाइन्छ। क्रौञ्चमिथुनमध्ये काममोहित भाले क्रौञ्चलाई व्याधाले मारेर खसालिदिएको र पोथी क्रौञ्च पतिवियोगले पीडित भएर रोइरहेको दृश्य देखेर शोकार्त भएका महर्षि वाल्मीकिको मुखबाट निस्केको 'मानिषाप प्रतिष्ठांत्वम गमः शाश्वती : समाः/यत्क्रौञ्च मिथुनादेक मवधीः काममोहितम्/' भन्ने श्लोक उनको पहिलो कवितात्मक अभिव्यक्ति हो भन्ने उनकै कथनहरूबाट थाहा पाइन्छ। (हेर्नु: वाल्मीकि रामायण, बालकाण्ड, सर्ग २, श्लोक १०–१८)। यस कथाको अनुकथन महाकवि कालिदासले पनि 'निषाप विद्धाण्डज दर्शनोत्थः श्लोकत्वमापद्यत यष्य शोकः/' (रघुवंश १४/७०) का रूपमा गरेको देखिन्छ। यति मात्र नभई ध्वनि सिद्धान्तको प्रतिपादनका क्रममा 'शोक श्लोकमा परिणत' भएको यस सन्दर्भको उल्लेख ध्वनिकार आनन्दबर्द्धनले पनि 'काव्यस्यात्मा त्य एवार्थः तथा चाविककवेः पूरा/क्रौञ्चद्वन्द्व विचोगोत्थः शोकः श्लोकत्वमागतः//' (ध्वन्यालोक १/१८) का रूपमा ध्वन्यार्थ प्रतिपादनका क्रममा आदरका साथ गरेको पाइन्छ। 'वियोगी होगापहला कवि/विरहले उपजा होगा गान/' भनेर एक हिन्दी कविले पनि वियोगपीडाले नै कोही कवि हुन्छ भनेर कविको पीडा, वेदना र करुणासँग नैसर्गिक सम्बन्ध रहन्छ भन्ने जनाएका छन्।

हाम्रा कवि देवकोटाको कवित्वको प्रस्फुटन पनि परदुःखकारिताबाट भएको देखिन्छ। उनी स्वयंको भनाइबाट दस वर्षको उमेरतिर जेठी भाउजूको प्रेरणाले उनले एक विरह कविता लेखेका थिए र त्यसको प्रथम पङ्क्ति 'म त अभागिनी पो भएँ' भन्ने थियो। नेपाली भाषामा लेखिएको उनको पहिलो कविता यही थियो। (देवकोटा, पृ.९, वि.सं. २०५८)। भिखारी कवितामा गौतम बुद्धलाई लक्षित गरी 'बुद्धदेवका नजर अगाडि यही भिखारी आएथ्यो, मूत्र यसैमा शब्द यिनैमा मुटुको शूल कराएथ्यो, महान् दयाको सागर ठूलो, शब्द यिनैमा लहराएथ्यो,' भन्ने– भिखारीप्रति स्वयं करुणाले द्रवीभूत हुने अनि 'दुःखको दिलमा ईश्वर बोल्छ' भन्ने देवकोटालाई दस वर्षका उमेरमा नै संसार घनघोर दुःख सागर हो भन्ने आत्मबोध, संस्कारगतरूपमा प्राप्त भइसकेको थियो र त्यसैले उनले आफ्नो दोस्रो कवितामा 'घनघोर दुःखसागर संसार जान भाइ' (प्रहरी १:३) भनेका हुन्। सुखमय बाल्यकालमा देवकोटालाई संसार दुःखमय छ भन्ने लाग्नु र उनमा दुःखीप्रति सहानुभूति उत्पन्न हुनु उनको असाधारण संवेदनशीलताको परिणाम हो भन्न सकिन्छ।

सहजानुभूति सम्पन्न अति संवेदनशील तथा अपरम्पर सिर्जन सामर्थ्ययुक्त कवि हुनाले देवकोटाले नौवटै रसमा आफ्नो असामान्य प्रतिभाको प्रदर्शन गरेको देखिन्छ तापनि उनको विशेष अभिरुचि र अनुराग पीडा र वेदनालाई अभिव्यक्ति दिने करुण रसमा रहेको छ र उनका अधिकतर रचना करुणाले आद्र छन्। उनका समकालीन कवि सिद्धिचरण पनि आँसुका कविता लेख्न कम छैनन्। नाटककार बालकृष्ण सम र गद्यकार मदनमणि दीक्षितजस्ता अन्य महान् नेपाली स्रष्टाहरूको पनि करुणाको अभिव्यक्तिमा विशेष अभिरुचि छ। दुःख र करुणाको बाजी मुखरित पार्नमा नेपाली कवि मात्र नभएर विश्वभरका कवि/लेखक सदा तत्पर रहेका देखिन्छन्। प्राचीन ग्रिसेली दुःखान्तकार एस्किलस, सोफोक्लिज र युरिपाइडिजले दुःखान्तका माध्यमबाट करुणाको गङ्गा बगाएका छन्। शेक्सपियरले पनि त्यसै गरेका छन्। लुसी ग्रेलाई लिएर विलापिका लेख्ने वर्डस्वर्थको करुण अनुभूति विश्वविख्यात् छ भने इनक आर्डेन लेखेर टेनिसनले पनि करुण रसको मार्मिक अभिव्यक्ति गरेको देखिन्छ। हिन्दीका महाकवि 'प्रसाद'ले पनि करुणाको अजस्र धारा बगाएका छन् भने महादेवी वर्मा पनि करुणाजनक अभिव्यक्तिमा पछि छैनन्। रवीन्द्रनाथ ठाकुर, शरच्चन्द्र आदि अन्य कयौँ स्रष्टा महान् करुणावादीका रूपमा देखिन्छन्।

उत्तर रामचरितमा रामको विरहवेदनालाई 'अनिर्भिन्नो गभीरत्वादन्तर्गूढ घनव्यथः/ पुटपाक प्रतीकाशो रामस्य करुणे रसः//' (अं. ३, १) का रूपमा व्यक्त गर्ने करुणावादी कवि भवभूतिले त 'एको रसः करुण एव' भनेर करुणा रसलाई नै रसहरूको मूल ठहऱ्याएको देखिन्छ।

पीडा, वेदना र करुणाको अभिव्यक्ति व्यक्तिगतरूपमा पीडा, वेदना र दुःखको अनुभव गर्ने कुनै दुःखी कवि/लेखकले नै गर्छ भन्ने होइन। जयशङ्कर 'प्रसाद' दुःखी थिएनन्, हाम्रा बालकृष्ण सम पनि दुःखी थिएनन्, महाकवि देवकोटाको बाल्यकाल पनि दुःखी थिएन। उनले पितामाताको मृत्युपछि भने शोक, आर्थिक अभाव र अन्तिम अवस्थामा क्यान्सर जस्तो कडा रोगको पीडा सहनुपरेको भने देखिन्छ। जन्मजातरूपमा नै अर्काको दुःख देखेर द्रवित हुने संवेदनशील स्वभाव

लिएर आएका देवकोटाले वेदना र पीडाका करुणाजनक कवितालेखनका साथ कवितायात्राको थालनी गरी करुण रसभावलाई आफ्नो मूलरसभाव तुल्याई कवितालेखन गर्दागर्दै अन्तमा आफैँलाई आलम्बन बनाएर 'महामहमा कणभैँ म तातोः जलेर मर्दा विनु आश लाटो/ सुकिरहेको तरुभैँ छु खाली, चिन्ताग्नि तापी जल डाल्न फाली। संस्कार आफ्नो सबै नै गुमाएँ। म शून्यमा शून्यसरी बिलाएँ।' जस्ता दुःखद–करुण भावनाले भरिएको विषादपूर्ण अन्तिम नेपाली कविता लेखी प्राण त्याग गरेको उनको जीवनकथाबाट थाहा पाइन्छ। (बन्धु, वि.सं. २०५८, पृ. ३७२)।

करुणभाव चेतनाले ओतप्रोत देवकोटा मुना–मदनमा मुना र मदनका साथ रोएका छन्–झ्यालमा मुना झल्मल तारा ल्हासामा ती प्यारा/आँखामा आँसु मुनाको मन चिन्ताको आहारा ईश्वर तैँले रचेर फेरि कसरी बिगारिस्। सृष्टिको फूल रचेर त्यस्तो कसरी लतारिस् ? त्यो फूल हरे मलाई दिई कसरी पछारिस् ? आदि। त्यसो त देवकोटा मदनकी आमा र दिदीका साथ पनि रोएका छन्। लौ त भनूँ भने करुणानिधि कवि देवकोटाले यो काव्य आँसुले लेखेका छन् र करुणामय तुल्याएका छन्। उनले आफ्ना कृतिहरूमा मुनामदनलाई बाँकी राखी अरू सबैलाई जलाइदिनु भनेर यस काव्यलाई सर्वाधिक महत्त्व दिनुमा यसमा पाइने कारुणिकता नै मुख्य कारण रहेको हुनुपर्छ।

करुणका कवि देवकोटाले कुञ्जिनीमा पनि करुण रसभावको मार्मिक अभिव्यक्ति गरेका छन् र यसमा उनले त्यसका लागि मुख्यतया कुञ्जिनी र सिन्धुलाई र आंशिकरूपमा गोरे र गोरेका साथीहरूलाई माध्यम बनाएका छन्–

परेलामा आँसु अडाई, भुलभुल मुटु पारी
गोरे राहुत कुञ्जिनीको हेर्थ्यो फूलको बारी।
'म मर्छु' भन्छिन् 'बाँच्दिन' भन्छिन् कुञ्जिनी रोएर छ।
छातीको घुँक्का आँसुमा वर्षी सारीले
छोएर।



कठै ! मेरी गयौ नि बाबा ! मेरी छोरी कुञ्जिनी अपारकी प्यारी मेरी कलेजाभन्दा जुहार यौटी, गयौ नि संसारकी
कठै ! तिम्रो दुःखेको दिल कठै। तिम्रा जलका लोचन।
सम्भी सम्भी फुट्दछ छाती तिम्रो मीठो बोली र वचन।

देवकोटाका यी दुईबाहेक सुजामाता, आँसु, म्हेन्दु आदि अनेक खण्डकाव्यहरूमा पनि करुण रसले महत्त्वपूर्ण स्थान पाएको देखिन्छ।

'भिखारी', 'चाह', शाहजहाँको इच्छा आदि अनेकानेक फुटकर कविताहरूमा पनि देवकोटाले करुण रसभावलाई उच्च अभिव्यक्ति दिएको देखिन्छ भने करुण रसाभिव्यक्तिका दृष्टिले देवकोटाका फुटकर कविताहरूमध्ये 'शाहजहाँको इच्छा सर्वश्रेष्ठ देखिन्छ।

महाकवि देवकोटाको दुःखान्त महाकाव्यहरूमा करुणाको सागर नै उर्लिएको अनुभव गर्न सकिन्छ भने शाकुन्तल जस्तो सुखान्त महाकाव्यमा पनि विप्रलम्भात्क करुण रसको मर्मस्पर्शी अभिव्यक्ति पाइन्छ। दुःखवादी देवकोटा आफ्ना दुःखी पात्रहरूसँग एकाकार भएर भावाभिव्यक्ति गर्न कुशल भएकाले उनका करुण अभिव्यक्ति साह्रै हृदयविदारक हुन्छन्। दुःख र दुःखान्तीय नियति भोग्न विवश युवा पात्रको दुर्दशा र दुर्गतिको चित्रणका क्रममा हाम्रा यी महाकवि कति अन्तर्मथित र व्यथित भएका छन् भने उनलाई घोर निराशाले ढाकेको छ र उनी निराशावादी भएर बोलेका छन्। यसको उदाहरणका रूपमा सुलोचनामा सुलोचनाको दुःख र पीडाको वर्णनका क्रममा उनले लेखेको यस श्लोकलाई प्रस्तुत गर्नु पर्याप्त हुनेछः

यो दुःखी भव हो सबै विफल छन्, काँढा यहाँ खाली छ, केही छैन नि जिन्दगी भनिलिने यो आँसुको बालि छ।

करुणभावको अभिव्यक्तिका सन्दर्भमा देवकोटाको शृङ्गार रसप्रधान महाकाव्य शाकुन्तलमा दुष्यन्त र शकुन्तलालाई आलम्बन बनाएर व्यक्त गरिएका भावना पनि कम छैनन्।

दुष्यन्त – भेटेदेखि बताइदेउ जन हो दुष्यन्त राजा कन।
सारै दुःख र नीद शून्य पछुतो जल्दो छ सुकै र मन॥
हा ! हा ! दिव्य शकुन्तले नजरको झल्कामिले एक नै।
मर्ने छैन जलेर जीवन चितामा दुष्ट दुष्यन्त नै॥
शकुन्तला–
भयो चीराफारा मुटु धरधरी छाती चिरियो।
थियो आशा आजै अब उ पनि वैलेर छरियो॥
हरे वर्षा जस्ती प्रभु सफल यो जीवनकथा।
रुझेकी पछीझैँ मरण नजिकै पुग्छु अब लता॥

यी केही उदाहरण मात्र हुन्। देवकोटाको काव्यसंसारअन्तर्गत कविता र नाटकका साथै उनका आख्यानहरू र निबन्धहरूमा समेत सर्वत्र करुण प्रसङ्ग पाउन सकिन्छ। देवकोटालाई हुन त हास्यरस, वीर रस, शृङ्गार रस, रौद्र रस आदि अन्य रसहरूको अभिव्यक्तिमा पनि धेरथोर सफलता मिलेको देखिन्छ तापनि उनी मूलतः प्रेम र करुणाका कविका रूपमा देखिन्छन्। प्रेम र करुण दुवै हाम्रा मनका सर्वाधिक कोमल अभिवृत्ति हुन्। जसमा प्रेम भावना हुँदैन, उसमा करुण भावना पनि हुँदैन। यी एक–अर्काका पूरक हुन् तापनि रस वादमा शृङ्गार र करुण रस विरोधी रस मानिएका छन् (हेर्नु, साहित्यदर्पण तथा रस गङ्गाधर) शृङ्गारमा प्राप्तिको अनुभव हुने र करणमा क्षति वा अभावको अनुभव हुने अनि शृङ्गार रसले आनन्दको र करुणरसले विषादको अनुभव गराउने हुनाले आचार्यहरूले यिनलाई विरोधी रसका

रूपमा देखाएको बुझिन्छ। करुण रस शृङ्गार रसको विरोधी मानिए पनि शृङ्गार रसअन्तर्गत विप्रलम्भात्मक अनुभूतिका रूपमा करुण रसको उपस्थिति भने रहेको देखिन्छ र यो कुरो यहाँ उल्लेखनीय छ।

संस्कृत काव्यजगत्मा शृङ्गार रस र करुण रस दुवै उच्चतम रसका रूपमा रहेका देखिन्छन् तापनि भोजराजले शृङ्गार रसलाई नै प्रधान रस मानेका छन् भने विद्वान्हरूका बहुमत शृङ्गारलाई रसराज मान्दछ (हेर्नु, पूर्वीय साहित्य सिद्धान्त,' शृङ्गार प्रकाश)। संस्कृत साहित्यमा त 'शृङ्गारी चेत कविः काव्ये जातम् रसमयं जगत्' भन्ने उक्ति नै प्रचलित छ। रसराज शृङ्गारका कुशल कवि भएकाले कालिदास सर्वश्रेष्ठ कवि मानिएका छन्। रतिभाव (यौनभाव) स्थायीभाव हुने शृङ्गार रसलाई रसराज भन्ने र त्यसलाई प्रधान वा मूल रस मान्ने विचार यौनलाई मूल चेतना मान्ने फ्रायडवादी मान्यतासँग मिल्दोजुल्दो देखिन्छ। भवभूति एक जनाले भने करुणलाई मूल रस मानेका छन् र यसको चर्चा पहिले नै गरिसकिएकै छ।

महाकवि देवकोटाले पनि कालिदासलेझैँ प्रेम (शृङ्गार) र करुणा दुवैलाई प्राथमिकता दिएका छन् तापनि उनको विशेष झुकाउ करुणभावनाको अभिव्यक्तिमा रहेको छ। उनले शोक स्थायीभाव हुने करुण रसको अभिव्यक्ति व्यापकरूपमा गरेकै छन्। यसबाहेक उनले विप्रलम्भात्मक करुण वात्सल्यभावमूलक करुण, देशभक्तिमूलक करुणजस्ता विविध प्रकारका करुण रसभावको अभिव्यक्ति गरेर उनले आफूलाई संसारभरको पीडा, वेदना र करुणाको गायनको लागि धर्तीमा ओर्लेका देवदूत सिद्ध गरेका छन्।

–सरस्वतीनगर–चावहिल –६, काठमाडौँ

प्रमुख सन्दर्भ विवरण

वाल्मीकि रामायण, प्रथम भाग, गीता प्रेस, गोरखपुर, सं. २०४२

आनन्दबर्द्धन, ध्वन्यालोक, चौखम्वा संस्कृत सिरिज बनारस, ईस्वी १९५३

जगन्नाथ, रस गङ्गाधर, विद्याभवन, बनारस, ईस्वी १९५५

भवभूति, उत्तररामचरितम्, कलिकता राजधान्यां पशुपतियन्त्रे मुद्रितम्, ईस्वी १९११

केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, साझा प्रकाशन, वि.सं. २०६१

चूडामणि बन्धु, देवकोटा, साझा प्रकाशन, वि.सं. २०५८

कुमारबहादुर जोशी, देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद, वि.सं. २०४८

लक्ष्मीप्रसाद देवकोटा, मुनामदन, स्वयं, वि.सं. २०१६

,, ,, कुञ्जिनी, साझा प्रकाशन, वि.सं. २०६२

,, ,, सुलोचना, ने.मा.प्र. स. वि.सं. २००३

,, ,, शाकुन्तल ,, ,, वि.सं. २००२

,, ,, भिखारी ने.मा.प्र.स. वि.सं. २०१०। ❒

म शून्यमा शून्यसरी बिलाएँ

–भानुभक्त पोखरेल

भुली स्वयं सिर्जन सावधानी
गरेर आफैँप्रति बेइमानी
बतासिई स्वप्निल कल्पनामा
न लागि हे, संयम साधनामा
गरी सधैँ हड्बड गड्गडाएँ
म शून्यमा शून्यसरी बिलाएँ।
'निर्माण हो काव्यकला, परिष्कृति–
चाहिन्छ, चिल्ल्याउनुपर्छ निर्मित
टिक्तैन रे अस्थिर, हड्बडे कवि
मैल्याइ आफ्नै कृतिकर्मको छवि,
भन्ने बुझेरै पनि गड्बडाएँ
म शून्यमा शून्यसरी बिलाएँ ‼

हुँदाहुँदै सागरतुल्य पानी
छँदाछँदै मन्दरको मदानी
रहेन मेरो स्थिर स्वानुभाव
आँधी–समाधिप्रति भेदभाव,
जतासुकै लर्बर लर्बराएँ
म शून्यमा शून्यसरी बिलाएँ।
लगाम आफैँ नसकी समाउन
गरेर आफ्नै शतचूर्ण खण्डन
विना महामन्थन, स्वाऽनुशासन
भुत्याइ सत्सिर्जन-चेत, चिन्तन
सुरम्य सङ्लो नबनी सुसाएँ
म शून्यमा शून्यसरी बिलाएँ।
'नसङ्लिँदा भाव-विचार-पोखरी
प्रयोग यद्वा विनियोग निर्झरी–
आधाउधी घट्तछ शक्ति वीरको
प्रभाव यद्वा प्रतिभा अधीरको'
भन्ने कुराको बनियो निदर्शन–
मेरो महाप्रतिभा शक्ति, सिर्जन;
बुझी–बुझी आसन डग्मगाएँ
म शून्यमा शून्यसरी बिलाएँ।
बेला बिताएपछि चाल पाई
आफ्ना सबै भूल रूँदै सकारी
हेरी धरा, आँसु पिरा खसाएँ
म शून्यमा शून्यसरी बिलाएँ।

(यो शीर्षकीय पङ्क्ति महाकवि देवकोटाको मरणासन्न अवस्थाको उद्‌गार हो।)

कविवर माधवप्रसाद देवकोटाको ७५ औं वर्षको उपलक्ष्यमा प्रकाशित अभिनन्दन ग्रन्थका लागि भारतीय भाषा परिषद्का निर्देशन डा. प्रभाकर माचवे भूलवश महाकवि देवकोटाका सन्दर्भमा लेख्नुभएको पत्र, जुन मधुपर्कको २०६६ वैशाख अङ्कमा विनय कसजूको आलेखमा प्रकाशित छ ।



(स्व.) नेपाली महाकवि देवकोटा की स्मृति में—

देवकोटाजी का नाम सबसे पहले [illegible] में [illegible]
सन् '49 या '50 की [illegible] और डा. [illegible]
और [illegible] नेपाली साहित्य [illegible] परिचय प्राप्त हुआ। [illegible]
[illegible] नेपाली में [illegible] देवकोटाजी की चर्चा, [illegible]
[illegible] काठमांडू में [illegible] भारतीय [illegible]
[illegible] 'कविता' [illegible]
[illegible] देवकोटाजी
[illegible] अंग्रेजी पुस्तक की भूमिका [illegible]
कुछ [illegible] लिखे हैं। उसका हिंदी अनुवाद होना चाहिए।

[illegible] 1956 में [illegible] नई दिल्ली में
देवकोटाजी [illegible] । उनकी [illegible]
[illegible]! संस्कृत, अंग्रेजी, बांग्ला की अनेक कविताएँ [illegible]
[illegible]
[illegible] नेपाली [illegible] देवकोटा [illegible]
[illegible] देवकोटाजी, [illegible]
[illegible] (…) में [illegible]

[illegible] देवकोटाजी की कविताओं में तीन विशेषताएँ [illegible] प्रकृति [illegible]
[illegible] हैं। [illegible] उनके [illegible]
[illegible] और [illegible] प्रकृति का सौंदर्य [illegible] के लिए एक [illegible] विषय है।
[illegible]
[illegible] माधव [illegible]
[illegible]
[illegible] देवकोटाजी [illegible]
[illegible]
[illegible] हिंदी कवि [illegible] 'निराला' [illegible] हैं। [illegible]
[illegible] और [illegible]
[illegible]
[illegible] 'हेलन' [illegible]
देवकोटा की रचनाओं में [illegible] हैं। उनकी [illegible] हिंदी और अन्य भारतीय
भाषाओं में [illegible] प्रकाशित होनी चाहिए।

[illegible]
[illegible] देवकोटा की जीवनी और काव्य पर [illegible]
[illegible] हिंदी [illegible] 1975 [illegible]
[illegible]
[illegible] है।

महाकवि देवकोटा : शोकका समाचार र सम्पादकीयहरू

– शिव रेग्मी

२९ भदौ सोमबार २०१६ को त्यो साँझ महाकवि देवकोटाको निधनको खबर सुन्दा आफूले प्रत्यक्ष नदेखेको भए पनि 'भिखारी', 'सुनको बिहान' तथा अन्यत्रसमेत कलाकार केशव दुवाडीले कोरेका चित्रहरूमा देखेका महाकवि देवकोटाको अनुहारको सम्झनामा रुमल्लिरहें ! 'मुनामदन', 'सुनको बिहान' 'भिखारी' का कविताहरू तथा नेपाली पद्यसङ्ग्रह भाग– १ का पाठ्यक्रममा घोकेका श्लोकहरू मुखाग्र आइरहे ! राष्ट्रिय शोकका रूपमा राजा त्रिभुवनको शोक अनुभव गरेको यो लेखकले दोस्रो शोकको रूपमा महाकवि देवकोटाको मृत्युशोक थियो ।

त्यतिखेरका समाचारपत्रहरूमा महाकवि अवसानका खबरहरू तथा विभिन्न व्यक्ति वा सङ्घ–संस्थाले पारित गरेका शोक प्रस्तावहरू छापिएका थिए ! त्यस्ता पत्रपत्रिकाले छापेका समाचारहरूका टिपोट नमुनाको रूपमा प्रस्तुत छ ।

दैनिकरूपमा प्रकाशित 'कल्पना' ले ३१ भदौमा महाकविप्रति श्रद्धाञ्जली शीर्षकमा निम्न समाचार छापेको छ–

काठमाँडु, भाद्र ३१ (आँ.स.) नेपाल एकेडेमीले महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधनमा निम्न लिखित शोक प्रस्ताव पास गरेको छ :–

नेपाल एकेडेमीका महान् प्रतिभा सम्पन्न सदस्य लक्ष्मीप्रसाद देवकोटाको निधनमा हामी सारा एकेडेमी परिवार शोकसन्तप्त भई यस देशको साहित्यजगत्को अपूरणीय क्षतिको अनुभव गरिरहेका छौं। भावना र बुद्धिको यस्तो सम्पन्नता कुनै एउटै व्यक्तिमा निहित भएको अन्यत्र पाउन गाह्रै छ । उहाँको ज्ञान सम्पन्नताको सहयोग एकेडेमीले केवल दुई वर्ष मात्र पाई आज उहाँको अमूल्य सहयोगबाट सदाको निमित्त वञ्चित हुनुपर्दा एकेडेमी परिवार एउटा व्यापक शोकले आच्छादित भइरहेको छ। उहाँको आत्मालाई शान्ति प्राप्त होओस् र उहाँका सन्तप्त परिवारलाई यो महान् कष्ट सहने बल मिलोस् भन्ने भगवान्‌सित हाम्रो प्रार्थना छ ।

नेपाल एकेडेमीका सदस्य महाकवि लक्ष्मीप्रसाद देवकोटाका सारा अप्रकाशित कृतिहरू उहाँका उत्तराधिकारीहरूद्वारा अथवा उहाँहरूले प्रकाशित गराउन असमर्थ भए अनुमतिपूर्वक एकेडेमीले नै प्रकाशित गराउने निर्णय गऱ्यो । यस कामको अभिभारा एकेडेमीका सदस्य माधवप्रसाद घिमिरेलाई सुम्पिएको छ ।"

यसै समाचार मुन्तिरपट्टि हृदयचन्द्रसिंह प्रधानद्वारा श्रद्धाञ्जली शीर्षकमा यस्तो समाचार लेखिएको छ–

"हृदयचन्द्रसिंह प्रधानले लक्ष्मीप्रसाद देवकोटाको निधनउपर समवेदना प्रकट गर्दै भन्नुभएको छ, हतपती पूरा हुन नसक्ने क्षति हुन गएको छ। अन्त समयमा पनि दिवङ्गत महाकविसँग भेट गर्न नपाएकोमा उहाँले हार्दिक अपशोस पनि प्रकट गर्नुभएको छ ।"

स्मरणीय छ, हृदयचन्द्रसिंह प्रधानको पनि त्यसै सालको माघ १० गते निधन भएको थियो !

४ असोज २०१६ को 'कल्पना' दैनिकले 'महाकवि देवकोटाको स्मारक स्थापनामा नेपाली लेखक सङ्घ प्रयत्नशील' शीर्षकमा लेखेको छ – "काठमाँडु , आश्विन ४ (नि.सं.) हिजो बिहान सञ्चारमन्त्री गणेशमान सिंहको निवास स्थानमा नेपालका प्रतिष्ठित लेखक, कवि तथा शिक्षित वर्गको एक बैठक नेपाली लेखक सङ्घको आयोजनामा भएको थियो । बैठकले स्वर्गीय महाकवि देवकोटाको निधनमा शोक प्रकट गर्दै उहाँको तेह्रौं दिनको दिन यही आश्विन १० गते एक मौन जुलुस निकाली शोक सभा गर्ने निर्णय गऱ्यो । एक कार्य सञ्चालन समिति गठन गरियो, जसमा कवि शिरोमणि लेखनाथ सभापति र सेक्रेटरी विजय मल्ल छानिनुभयो । यसको साथै निम्नलिखित व्यक्तिहरू पनि सम्मिलित गरिनुभएको छ : –

यसको साथै उक्त बैठकले देवकोटासम्बन्धी स्मारक विषयमा ठोस कदम चाल्ने विचार गऱ्यो ।

यो शोकसभाको जुलुसमा यो लेखक पनि सम्मिलित थियो ।

१) सञ्चारमन्त्री गणेशमान सिंह
२) शिक्षामन्त्री परशुनारायण
३) कवि सिद्धिचरण
४) माधवप्रसाद घिमिरे
५) गोविन्द 'गोठाले'
६) डा. पराशरनारायण
७) श्यामराजध्वज जोशी
८) रामजीप्रसाद शर्मा
९) चन्द्रमान मास्के
१०) प्रयागराज सिंह
११) मङ्गलादेवी
१२) धुस्वाँ सायमी
१३) कमल चित्रकार
१४) श्यामदास वैष्णव
१५) रत्नध्वज जोशी
१६) चित्तरञ्जन नेपाली
१७) बालकृष्ण सम

जुलुस भानुभक्तको शालिक (दरबार हाइस्कुल) मा भेला भएर टुँडिखेल खरीको बोटमा सभामा परिणत भएको थियो । कविशिरोमणि लेखनाथ पौड्यालको सभापतित्वमा भएको सो सभामा प्रधानमन्त्री, शिक्षामन्त्री, सञ्चारमन्त्री, भारतीय राजदूत, कार्य सञ्चालन समितिका महानुभावहरू तथा अन्य अतिथिहरूको उपस्थिति थियो ।

सभामा सुरुमा प्रधानमन्त्री, शिक्षामन्त्री, सञ्चारमन्त्री, महामहिम भारतीय राजदूत तथा अन्य विशिष्ट महानुभावहरूले महाकविको फोटोमा माल्यार्पण तथा फूलका गुच्छा चढाई श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो। विजय मल्लले राजाबाट व्यक्त भएको शोक सन्देश पढेर सुनाउनुभएको थियो। शोक सन्देशको सार थियो– असाधारण प्रतिभासम्पन्न नेपाली विद्वान् र कविको असामयिक निधनले राष्ट्रको ठूलो क्षति भएको छ ।

अखबारले अन्तमा लेखेको छ– “नेपाल राष्ट्रमा यो पहिलो मौका थियो, जब साधारण दुनियाँ रैतीका छोरा भएर पनि असाधारण प्रतिभासम्पन्न एक कवि सरकारी र गैरसरकारी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा यस्तो व्यापक शोक मनाइयो।”

शोक समारोहमा डा. मिलरले अङ्ग्रेजीमा भारतीय राजदूत भगवान् सहाय तथा सांस्कृतिक सहचारी शिव मङ्गलसिंह ‘सुमन’ ले हिन्दीमा बोल्नुभएको थियो। त्यतिखेर प्रकाशित हालखबरले महाकवि देवकोटासम्बन्धी लेखरचना छापेको थियो भने नयाँ समाजले केही रचनाहरू छापेका थिए। ‘गोरखापत्र’ हप्ताको तीनपटक प्रकाशित हुन्थ्यो, त्यसमा पनि केही छापिएका थिए।

महाकविको निधनपछि ‘प्रहरी’ (तीन महिने), ‘महाकवि लक्ष्मीप्रसाद श्रद्धाञ्जली अङ्क’ र ‘साहित्य सङ्गम’ (दुई महिने)ले ‘महाकवि लक्ष्मीप्रसाद देवकोटा स्मृति अङ्क’ प्रकाशित गरेका थिए। यसैगरी ‘स्वास्नीमान्छे’ (तीन महिने साहित्यिक पत्रिका) दोस्रो वर्ष दोस्रो भेटले “महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहान्त” शीर्षकमा यसरी समाचार छापेको थियो।

“गत भदौ २९ साँझ पशुपति आर्यघाटमा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहान्त भयो। उहाँ निकै महिनादेखि लिभर क्यान्सर रोगबाट थला पर्नुभएको थियो। उहाँको निधनमा शोक प्रकट गर्न संसद्को दुवै सदनका कामहरू एकदिनको निमित्त स्थगित गरिए। अड्डाखानाहरू बन्द राखिए र राष्ट्रिय झण्डा आधा निहुर्‍याइयो। उहाँको देहान्तको भोलिपल्ट नै सरकारले महाकविको पारिवारिक रिन तिर्न २२ हजार, किरिया खर्च ३ हजार र दुई जना छोराहरूलाई बालिग नहोउञ्जेलसम्मको निम्ति पढाइ खर्च महिनाको एक–एक सय रुपियाँ दिने कुरा जनायो। महाकविको देहान्तबाट खिन्न भएका स्वदेश–विदेशका सारा नेपालीहरूले अनेक शोकसभाहरू गरे, मौन जुलुसहरू निक्ले, समवेदनाका सन्देशहरू पठाए, स्मारकहरू बनाउने निधो गरे र उहाँका अप्रकाशित कृतिहरूलाई प्रकाशित गर्ने निधो गरे। यसभन्दा अघि कुनै नेपाली साहित्यकारको देहावसानमा यति व्यापकरूपमा शोक मनाइएको थिएन। मरेपछि महाकविप्रति यस्तो बिघ्न श्रद्धा देखाउनेहरूले उहाँ बाँच्नुभएकै बेलामा राम्रो वास्ता राखिदिएका भए ५१ वर्षको अर्धायुमा नै उहाँले यसरी जानुपर्ने थिएन। उहाँको निधनबाट चोखो मन भएका अरू दिदीबहिनी– दाजुभाइहरूलाईझैँ हाम्रो हृदयमा पनि ठूलो घाउ लाग्न गएको छ।”

‘शारदा’ मासिकसँग महाकवि देवकोटाको जन्मकालदेखि नै अटुट सम्बन्ध गाँसिएको थियो। ‘शारदा’ का प्रकाशित अङ्कहरूमा सबभन्दा धेरै लेखरचना छपाउनेमा महाकवि देवकोटा नै पहिलो हुनुहुन्छ। देवकोटाले कतिपय ‘शारदा’का अङ्कहरूमा सम्पादकीय लेख्नुभएको छ।

‘शारदा’ ले वर्ष २४ अङ्क १ मा लेखेको सम्पादकीय विचारपट्टि एकछिन ध्यान दिउँ।

“साहित्यका महान् व्यक्तित्व महाकवि लक्ष्मीप्रसाद देवकोटाज्यूको निधन अकस्मात् हुन गयो। नेपाली साहित्यको ‘एउटा उज्ज्वल तारा’ लुप्त भयो। उहाँको यस अवसानले साहित्यमा एउटा विराट रिक्तता भएको छ। सम्पूर्ण साहित्यिकहरू यस समाचारले स्वभावतः शोकाकुल, विह्वल भएका छन्। नेपाली जनताले एक महान् चिन्तक, विचारक, एउटा प्रतिभावान्, मेघावी, शीर्षस्थ कविलाई हराएको छ। उहाँको यस महाप्रस्थानले, साहित्यको एउटा सशक्त धारा– ‘काव्य’ मा महाशून्यता व्याप्त गरेको छ।

‘शारदा’ पत्रिकासँग महाकवि लक्ष्मीप्रसाद देवकोटाको अत्यन्त घनिष्ठ सम्बन्ध थियो। उहाँको प्रथम कालमा लेखिएका विविध सुन्दर स्वप्निल कविताहरू सर्वप्रथम ‘शारदा’ मा नै प्रकाशित भएका थिए। त्यसबेला १९९० सालदेखि श्री लक्ष्मीप्रसाद देवकोटा र ‘शारदा’ परस्परमा गुँथिएका थिए। देवकोटाज्यू र सिद्धिचरणज्यू यी काव्यजगत्का दुई ताराहरू ‘शारदा’ पत्रिकाको माध्यमबाट नेपालभर सुप्रसिद्ध भइसकेका थिए। श्री देवकोटाज्यूको लामो साहित्यिक जीवनमा ‘शारदा’ ले सदा सर्वदा सहयोग, सल्लाह र विचारधाराहरू पाउँदै आएको थियो र उहाँको अथक परिश्रम र सेवाले ‘शारदा’ सधैँ ऋणि रहिरहने छ।”

त्यतिखेरको ‘हालखबर’ दैनिकले पनि महाकवि देवकोटासम्बन्धी लेखरचना छापेको थियो। सिद्धिचरण श्रेष्ठद्वारा लिखित ‘ब्रह्मनालमा’ लामो कविता त्यसमा छापिएको थियो।

‘प्रहरी’ श्रद्धाञ्जली अङ्कमा महाकवि देवकोटाको विषयमा लेखिएको सम्पादकीय नमुना–

लक्ष्मीप्रसाद देवकोटा ! कालसँग कुस्ती खेले पनि पछार्न सक्ने शरीर ! कसैको आँखामा हाले पनि नबिजाउने बानी बेहोरा ! मुनामदनका स्रष्टा। बैँस र जवानीको नायक, हाम्रो प्यारो कवि, हाम्रो यशस्वी महाकवि ! अब हाम्रो बीचमा छैनन् ! यो कस्तो दुःख कुरा हो ! सारा देशवासीले यो महाशोकलाई जसरी अनुभव गर्‍यो, त्यो अभूतपूर्व थियो।’

नेपालमा सर्वप्रथम महाकवि शब्दले उहाँलाई नै पुकारियो। कुनै बेला सल्लाहकार सभामा उहाँ विरोधी पक्षको नेता पनि चुनिनु भो। श्री ५ को सरकारमा शिक्षामन्त्री पनि बन्नुभयो र अन्तिम समयसम्म नेपाल एकेडेमीका सदस्य र युनिभर्सिटी कमिशनको सदस्य पनि हुनुहुन्थ्यो। यो महान् व्यक्तित्वले सबै क्षेत्रमा समानरूपले प्रभाव पारेको थियो र यसको मूल्य सबैले बुझेका पनि थिए तर हामीले यो व्यक्तिलाई आफ्नो माझमा धेरै समयसम्म जगाई राख्न सकेनौँ, यो विधिकै विडम्बना थियो। आजको प्रजातन्त्रको युगमा, नेपालले नयाँनयाँ सिर्जना गर्ने र अन्तर्राष्ट्रिय जगत्मा नेपाली प्रतिभाले प्रभावित पार्ने मौकामा, यस्तो बहुमुखी प्रतिभा भएका महाकविबाट वञ्चित हुनु हाम्रो निम्ति अझ खड्किने कुरा हो।

अन्तमा,

‘साहित्य–सङ्गम’ को सम्पादकीय “स्व. महाकवि देवकोटालाई हामी साँच्चै नै माया गर्दछौँ, सम्मान गर्दछौँ र अझ प्रस्टै चिन्ने प्रचेष्टा गर्दछौँ भने– रुनु–कराउनु होइन, फलफूल टक्र्याउनु होइन, धुप–बत्ती बालेर उद्धुम गर्नु होइन, श्रद्धाञ्जली चढाएर निर्धक्क रहनु होइन, अनि यो पनि होइन कि, मणिमाणिक्य जडित सुनकै सालिक ठडाएर पुज्नु, सब व्यर्थ, ढोंग, लज्जास्पद हुनजान्छ !!! तर उनी स्वयं हाम्रो माझमा नभए तापनि अनेकन् अप्रकाशित कृतिहरू जो प्रायः धेरै जसो हराइसकेका छन्, तिनको खोजी गरी प्रकाशमा ल्याउनु नै हामी प्रत्येक नेपालीको प्रथम एवं परम कर्तव्य हुन्छ। वस्तुतः यही नै हाम्रो गौरव, अगौरव प्रश्न छ ! ”

–६१ मयुरमार्ग
मध्यबानेश्वर

देवकोटाको भूमिकाकारिता

डा. कुमारप्रसाद कोइराला

देवकोटाका बारेमा के लेख्ने ?

महान् साहित्यकारका विषयमा जति लेखे पनि कमै हुन्छ। त्यसैले ईसापूर्वदेखि अहिलेसम्मका त्यस्ता साहित्यकारका बारेमा बेलाबेलामा लेख रचनाहरू, किताबहरू प्रकाशित भइरहेका पाइन्छन्, तापनि तिनीहरूका बारेमा लेख्नु सजिलो कुरा चाहिँ होइन किनभने तिनीहरूका कृतिको अध्ययन र मूल्याङ्कन लाखौँ अध्येताले अनेक कोणबाट गरिसकेका हुन्छन्। उनीहरूले ती साहित्यकार र तिनका कृतिका बारेमा एउटा स्थिर चित्र, स्थिर ज्ञान, एउटा पाठकीय छवि वा बिम्ब, एउटा प्रभाव चित्र निर्माण गरिदिएका हुन्छन्। त्यसैका आधारमा हामी ती महान् साहित्यकारलाई बुझिरहेका हुन्छौँ। हाम्रा महाकवि देवकोटाका सम्बन्धमा सम्भवतः अरू नेपाली साहित्यकारभन्दा धेरै लेखिएको छ र हामीले देवकोटा यस्ता साहित्यकार हुन् भनेर एउटा प्रभावग्रहण गरिसकेका छौँ। हामीले लेख्दा उनको त्यही प्रभावचित्र दोहोरिन्छ।

मैले सजिलो मार्ग छानेको छु त्यो हो नेपाली साहित्येतिहासका गम्भीर अध्येता र अनुसन्धाता शिव रेग्मीद्वारा सम्पादित महाकविका भूमिका नामक कृतिको अध्ययन गर्नु। मलाई लाग्यो महाकविका भूमिकाको अध्ययन नयाँ त नभनूँ पुनरावृत्ति दोषबाट मुक्त हुनसक्छ किनभने नेपाली साहित्यमा भूमिकाको अध्ययन परम्परा सुरु त भएको छ तर अत्यन्त कम। वास्तवमा साहित्यिक कृतिको भूमिका साहित्य नै हो। यसलाई छुट्टै साहित्यिक विधा मान्नुपर्छ वा यसलाई समालोचनाको एउटा प्रकार मान्नुपर्छ जस्तो मलाई लाग्छ। मैले यस लेखमा 'महाकविका भूमिका' नामक कृतिमा सङ्कलित भूमिकाको अध्ययन गरेर उनको भूमिकाकारिताका सम्बन्धमा प्रकाश पार्ने प्रयास गरेको छु।

देवकोटाका भूमिका

यस कृतिमा देवकोटाका जम्मा पैँतीसवटा भूमिका सङ्कलित छन्। वि.सं. १९९७ सालदेखि २०१६ सालसम्ममा लेखिएका भूमिका यसमा समाविष्ट छन्। देवकोटाले आफ्नै कृतिबारे लेखेका भूमिका एघारवटा छन्। यिनलाई स्वकीय भूमिका भन्न सकिन्छ। त्यस्तै उनले अरूका कृतिबारे लेखेका भूमिका चौबीसवटा छन्, तिनलाई परकीय भूमिका भन्न सकिन्छ। यी भूमिकालाई विधागत आधारमा छुट्याउन सकिन्छ। (क) कविता काव्यपरक भूमिका : मुनामदन, सुलोचना, सीता, नेपाली शाकुन्तल महाकाव्य, क्रान्ति, पहाडी सङ्गीत, रातको आँसु, राधाकृष्णमिलन, हुस्सु पथिक, प्रथम पुष्प, थानसिङे कान्छी, तरुण तपसी गोविन्द भट्टका हिन्दी कविता झङ्कार, शशिकला, प्रेम, नेपाली जनक्रान्ति, मेरो वसन्त, भैचम्पा, मनोरञ्जन, म्हेन्दु, रावण जटायु युद्ध, मेरा केही चोइटा, छहरा, मैना आदिमा लेखिएका भूमिका कविता काव्यपरक हुन्। (ख) समालोचनापरक भूमिका केही नेपाली नाटक र ललितकला र साहित्य नामक कृतिमा लेखिएका भूमिका समालोचनापरक हुन्। (ग) निबन्धपरक भूमिका : यस किसिमको भूमिका एउटा छ त्यो हो लक्ष्मी निबन्ध सङ्ग्रहको भूमिका (घ) उपन्यासपरक भूमिका, यस्ता भूमिका दुइटा छन्, जागिर र विद्रोहका भूमिका। (ङ) नाट्यपरक भूमिका : अमरमाया र सावित्री सत्यवान्का भूमिका यस वर्गमा पर्दछन्। यी माथिका भूमिकाहरूलाई साहित्यपरक र साहित्येतरपरक भूमिका भनेर पनि छुट्याउन सकिन्छ। विधागत आधारमा वर्गीकरण गरिएका भूमिका साहित्यपरक हुन् भने 'आशौच विज्ञान' र नेपालको राजनीतिक दर्पणमा लेखिएका भूमिका साहित्येतरपरक भूमिका हुन्। यी सम्पूर्ण भूमिकामध्ये मुनामदनको भूमिका झ्याउने पद्यमा र बाँकी अरू गद्यमा लेखिएका छन्। त्यस्तै देवकोटाले नेपाली, हिन्दी र अङ्ग्रेजीमा भूमिका लेखेको देखिन्छ। आशौच विज्ञानको भूमिका अङ्ग्रेजीमा छ। त्यस्तै नेपाली जनक्रान्ति हिन्दी कविता भएकाले हिन्दीमै भूमिका लेखिएको पाइन्छ। बाँकी अरू सबै नेपालीमा लेखिएका भूमिका छन्। बाह्य रूपकारका आधारमा सानामा चार पाँच हरफका र ठूलामा चौध-पन्ध्र पृष्ठसम्मका छन्। भूमिकाको स्वभाव वा प्रकृतिका आधारमा देवकोटाका भूमिकाहरू प्रेरणाप्रद वा प्रशंसात्मक, परिचयात्मक र समालोचनात्मक गरी तीन प्रकारका देखिन्छन्। देवकोटाले भूमिकाका लागि समर्पण, परिचय, वक्तव्य, एक झलक, एक दृष्टिकोण, विचार सहमति, श्री आदि शब्द, पद वा पदावलीको प्रयोग गरेको पनि देखिन्छ। यहाँ साहित्यिक दृष्टिले महत्त्वपूर्ण केही भूमिकाको मात्र विश्लेषण गरिएको छ।

भूमिकामा व्यक्त देवकोटाको समालोचकीय दृष्टि :

देवकोटाले आफ्नै र अरूका साहित्यिक कृतिका बारेमा लेखेका भूमिकाहरूको सैद्धान्तिक आधार खोज्न सकिन्छ। उनले कुन कोणबाट कृतिको अध्ययन गरेका छन्, त्यो हेर्न सकिन्छ। हुन त देवकोटा मूलतः स्रष्टा हुन र यसैबाट उनको महानता देखिन्छ तापनि भूमिकामा उनी द्रष्टा पनि भएका छन्। एउटा अब्बल स्रष्टा हुन् द्रष्टा हुनु त्यत्तिकै आवश्यक छ। भूमिकामा उनी के कस्ता द्रष्टा वा आलोचक

देखिन्छन् त्यसको विश्लेषण उनका भूमिकाका आधारमा गर्न सकिन्छ। उनको 'लक्ष्मी निबन्धसङ्ग्रह' मा सङ्कलित कतिपय निबन्ध यस्ता छन् जसमा साहित्य सिद्धान्तको अत्यन्त गम्भीर विश्लेषण गरिएको छ र साथै कतिपय यस्ता निबन्ध पनि छन् जसलाई त्यसबेला प्रचलित व्यावहारिक समालोचनाका ढाँचामा लेखिएका अत्यन्त उच्च समालोचना भन्न सकिन्छ तर यहाँ भूमिकाका आधारमा मात्र उनको समालोचकीय दृष्टिले पहिचान गर्ने प्रयास गरिएको छ।

(क) परिभाषितता

देवकोटाका भूमिकामा साहित्य के हो ? साहित्यिक विधाका अभिलक्षण र सीमा के के हुन् ? समालोचना के हो ? आदि कुराको निरुपण सन्दर्भ र प्रसङ्गअनुसार स्पष्टरूपमा गरिएको देखिन्छ। यस्ता प्रश्नहरू साहित्य सौन्दर्यशास्त्र वा साहित्य सिद्धान्त वा समालोचना सिद्धान्तसँग सम्बन्धित देखिन्छन्। यसकारणले देवकोटालाई एक साहित्य परिभाषकका रूपमा हेर्न सकिन्छ। उनका सङ्कलित भूमिकाको अध्ययन गर्दा के देखिन्छ भने उनले साहित्यकार, साहित्य र यसका विधाको परिभाषा ठाउँठाउँमा दिएका छन्।

उनले देवीप्रसाद पौडेलद्वारा लिखित 'सीता' काव्यको भूमिकामा कविको परिभाषा यसरी गरेका छन् : "कवि आदर्श खोज्ने चरो हो।" त्यस्तै अनङ्गनाथको 'राधाकृष्ण मिलन' काव्यको भूमिकामा कविताका प्रकार यसरी छुट्याएका छन् :

(१) आभ्यान्तरिक या स्वविषयी या व्यक्तिगत प्रकाशनजस्तो सङ्गीति कविता जसमा कविले आफ्नो हृदयको निजी भावनालाई त्यही भावनाका लयमा उचालेर हाँसो सुस्केराझैं बाहिर निकाल्छ।

(२) बाह्य विषयी जो कवि बाहिरको जगत्को चीज र मनुष्य, घटना र भावलाई व्यक्त गर्छ जस्तो नाटक, महाकाव्य, वर्णनात्मक कविता जसमा कवि आफू घुसेको हुँदैन। दोस्रो प्रकारको कवितामा पनि कविता व्यक्तिगत जीवनका अनेक घटना र प्रभावहरू सूक्ष्मतया अगोचर काम गरिरहेका हुन्छन्।



लीलाध्वज थापाद्वारा लिखित 'अमरमाया' नाटकको भूमिकामा देवकोटा नाटकको परिचय यसरी गराउँछन् : 'यसले सत्यको भ्रान्ति गराउँदछ। त्यसो गराउनु नै नाटकको पहिलो कसौटी हो। लक्ष्मीनिबन्ध सङ्ग्रहको भूमिकाले निबन्धको पूरा परिभाषा प्रस्तुत गरेको छ भन्न सकिन्छ। 'तरुण तपसीको प्रदक्षिणा' नामक भूमिकामा देवकोटाले समले लेखेको भूमिकामा चित्त नबुझेका कुराको खण्डन गर्ने क्रममा साहित्यिक समीक्षा अस्पष्ट हुनुहुँदैन। यसले प्रवृत्ति बिगार्छ भनेर समालोचनाको विशेषता अघि सारेका छन्। त्यस्तै शाकुन्तलको भूमिकामा उनले समालोचकलाई यसरी चिनाएका छन् : 'समालोचकको छेड कतै कुत्कुत्याउँछ, चिलाउने ठाँउमा कन्याइदिन्छ, कतै लिखा परेका ठाउँमा ठुङ मारिदिन्छ। घाउ चिरिदिन्छ, राल सिँगान पुच्छ।' खड्गबहादुरको 'विद्रोह' उपन्यासको भूमिकामा उपन्यासको परिभाषा यसरी दिइएको छ : 'उपन्यास जीवन तथा समाजको एक कलात्मक प्रतिच्छाया हो, जो लेखकको सिर्जनात्मक कल्पनाले वस्तुचेतको आधारमा पाठकको समालोचक हृदयउपर वास्तविक र प्राकृतिकको सादृश्यको झलकले तत्कालीन विश्वास उत्पादन गर्ने गरी घटना चित्रका लहरीका एकसूत्रीरूपमा फ्याँक्छ। यसका घटनाहरू एक स्पष्ट पृष्ठभूमिमा अङ्कित हुन्छन् र यसले समयको एक टुक्रा उपर मानव गति क्रमको चलचित्र दर्शाउँछ। एक दृष्टिकोणले यो जीवनको चित्रण हो। अर्कोले एक सत्य तथा सुन्दरले सीमित समालोचना लेखकले पाठकको सूक्ष्मनैतिक चेतलाई जगाएर भित्रैभित्र वजन लिन लगाउँदै जान्छ।'

यी उदाहरणबाट देवकोटाले भूमिका लेख्दा समालोचनाको सैद्धान्तिक पक्षलाई अगाडि राखेको देखिन्छ। सम्बन्धित कृति पढ्दा उनलाई जस्तो लाग्यो त्यसका आधारमा उनले सम्बन्धित कृतिको वा विधाको परिभाषा गरेका छन्। साहित्य शास्त्रमा यस्तो लेखिएको छ र विधा जस्तो हुनुपर्छ भनेर परिभाषा गरेको चाहिँ देखिँदैन।

(ख) विभिन्न व्यावहारिक समालोचना प्रणालीको प्रयोग

देवकोटाले सम्बन्धित कृतिको विश्लेषण गर्दा पूर्वीय र पाश्चात्य समालोचना प्रणालीहरूको अवलम्बन गरेको देखिन्छ। खासगरी उनले पूर्वीय साहित्य सिद्धान्तका रस र अलङ्कार सम्प्रदायलाई कृति विश्लेषणको आधार बनाएका छन्। देवकोटा मूलतः स्वच्छन्दतावादी कवि हुन् र उनका भूमिका पनि नवशास्त्रीयतावादी समालोचनाभन्दा स्वच्छन्दतावादी समालोचना पद्धतिको प्रयोग गरेका छन्। स्वच्छन्दतावादी समालोचनात्मक दृष्टिले गर्दा देवकोटाले कृतिलाई भन्दा कृतिकारलाई महत्त्व दिएका छन्। उनले सम्प्रेषणमूलक, अभिव्यक्तिमूलक र वस्तुपरक समालोचनालाई कृति विश्लेषणको आधार बनाएका छन्। यसरी नै पश्चिमी प्रभाववादी र निर्णायक समालोचनालाई आधार बनाएर पनि कृतिको मूल्याङ्कन गरिएको पाइन्छ। त्यस्तै जीवनीपरक, समाजपरक आदि समालोचनाहरू पनि कृति विश्लेषणका आधार बनेका देखिन्छन्। म यहाँ केही उदाहरण प्रस्तुत गर्न चाहन्छु।

खड्गबहादुर मल्लको 'विद्रोह' को भूमिकामा स्वच्छन्दतावादी समालोचक देवकोटाले उपन्यासभन्दा उपन्यासकारको श्रेष्ठतालाई यसरी स्पष्ट पारेका छन् : 'उपन्यास यस्तै हुनुपर्छ भन्न सकिँदैन, न त भन्न सकिन्छ कि यसमा यिनै ठोस नियम वा तरिका हुनुपर्छ। सिर्जनाको क्षेत्रमा कुनै ठोस मापदण्ड हुँदैन जसले कलाकारलाई निर्माण गर्न लगाओस्।' यस्तै यो कृतिको विश्लेषण उनले समाजपरक समालोचनाको

आधार लिएर प्रगतिवादी दृष्टिले गरेका छन्। त्यस्तै 'तरुणतपसीको प्रदक्षिणा, शाकुन्तलको भूमिका तथा श्री राधाकृष्ण मिलनको भूमिकामा देवकोटाले मूलतः पूर्वीय रस र अलङ्कार सम्प्रदाय तथा पश्चिमी महाकाव्य मान्यताको आधार लिएको देखिन्छ। श्री राधाकृष्ण मिलनको भूमिकामा जीवनीपरक समालोचनाको आधार लिएको पनि देखिन्छ, जस्तै : 'जुनसुकै काव्यको अध्ययनलाई त्यस काव्यको रचयितासँगको राम्रो परिचयको आवश्यकता हुन्छ भन्ने ठूलठूला विद्वान्को अभिमत छ। त्यस्तै ललितकला र साहित्य' नामक कृतिको भूमिका पनि जीवनीपरक समालोचनाका आधारमा लेखिएको देखिन्छ। यी दुवै भूमिकामा देवकोटाले रचयिताको जन्म, जन्मेको ठाउँ, बाह्य आकृति, आन्तरिक स्वभाव, रचयिताको जीवनदृष्टि, वंशावली आदिको प्रभाव कृतिको लेखनमा परेको कुरा उल्लेख गरेका छन्।



देवकोटेली भूमिकाका केही मूल विशेषताहरू :

व्याख्यात्मकता : देवकोटाका भूमिकाहरू प्रायः छोटा छन्। सूत्रात्मकता पनि उनका भूमिकाको विशेषता हो तर उनका अलि गहकिला भूमिकामा व्याख्यात्मकता पाइन्छ। उनका व्याख्या धेरै भएर लामा भएका भूमिका पनि छन्। यस्ता विशेषता भएका भूमिकामा धर्मराज थापाको 'पहाडी सङ्गीत, अनङ्गनाथको श्री राधाकृष्ण मिलन', लेखनाथको 'तरुणतपसी' र वासुदेव प्रकाश त्रिपाठीको 'नेपाली जनक्रान्ति' का भूमिका र तेजकुमार शर्माको 'क्रान्ति' को भूमिका पर्दछन्। देवकोटा आफैँले व्याख्या धेरै भयो भनेर स्वीकार गरेका भूमिका पनि छन्। व्याख्यात्मकता देवकोटाका भूमिकाको गुण र दोष दुवै हो।

(ख) मूल्याङ्कनपरकता वा निर्णयात्मकताः देकोटाले कृतिको मूल्याङ्कन गर्दा मूलतः सम्बन्धित विधाको इतिहास, रचयिताको प्रतिभाको स्तर र कृतिको गुण दोषलाई आधार बनाएका छन्। उनले आफ्ना र अरूका कृतिमा भूमिका लेखेका र ती दुवैखाले भूमिकामा सम्बन्धित कृतिको मूल्याङ्कन वा निर्णय र परकृतिपरक मूल्याङ्कन वा निर्णय भनेर दुई वर्गमा छुट्याएर विश्लेषण गर्न सकिन्छ।

(ग) स्वकृतिपरक मूल्याङ्कन वा निर्णय : देवकोटाले आफ्ना कृतिको मूल्याङ्कन आफैँ गरेका छन्। यो अत्यन्त ठूलो साहस हो। मानिसले आफ्ना अवगुण देख्दैन भनिन्छ तर देवकोटाले देखेका छन्। यो उनको महानता हो। उनले 'सावित्री सत्यवान्' नाटकको भूमिकामा आफ्नो स्वास्थ्यको दुर्वलताले गर्दा नाटकलाई राम्रो गरी दोहोऱ्याउन र सच्याउन नसकेकामा अफसोस व्यक्त गरेका छन्। अझ राम्रो लेख्ने कोसिस गरुँला भनेर आफ्नो कमजोरी स्वीकारेका छन्। 'सुलोचना'को भूमिकामा उनले भनेका छन् : 'कि यो होला साह्रै बोधो कि ज्यादै विचित्र। सायद यो दुवै छैन। चाँडै रचना गरिएकाले विचारमा गम्भीरता आउन नसकेको, सतही विचार भएकाले सरल। ढिलो लेख्ने कछुवाहरू गोलमा पुग्छन्, म खरायो बीचैमा निदाएर दौड हारिरहेको छु। यहाँ बुनाइ, कताइ, छनाइ, तौल, नाप, जाँच, अक्षर पुछाइ छैन। सायद महाकाव्य भन्नु नपर्ने कति मात्रामा सुहाउँछ म भन्न सक्तिनँ। यदि अरूका कृतिबारे यति स्पष्ट भनिएको भए त्यो धेरै कठोर आलोचना हुनसक्थ्यो तर उनले आफ्नै कृतिका बारेमा भनेका छन्। त्यसैले यो तथ्यपरक देखिन्छ। आफ्ना कृतिको मूल्याङ्कन यति कठोरतापूर्वक गर्ने साहित्यकार नेपाली साहित्यमा अत्यन्त कम छन्। यसरी नै उनले 'शाकुन्तल'को भूमिकामा नेपाली महाकाव्यको ऐतिहासिक परिप्रेक्ष्यमा आफ्नो महाकाव्यको मूल्याङ्कन गरेका छन्, जस्तैः नेपाली महाकाव्य आइसल्याण्डको सर्पजस्तो थियो त्यसैका अभाव पूरा गर्न लेखिएको हो। विस्तार यसको गुण वा अवगुण हो। पण्डितलाई आधुनिकताले तर्साउला, ग्र्याजुएटलाई संस्कृतले साधारण पाठकलाई विचार र शब्दको क्लिष्ट नवीनताले। बुझेर पढिदिने एक हातको औँलामा गन्न पाए काफी हुन्छ।" देवकोटाको यो भनाइ कतिलाई अतिरञ्जनापूर्ण लाग्न सक्छ तर यो वास्तविक देखिएको छ किनभने उनको शाकुन्तल बुझ्ने पाठक औँलामा गन्दा पुग्ने पनि भएनन्।

(आ) परकृतिपरक मूल्याङ्कन वा निर्णय :

देवकोटाले अरूका कृतिमा लेखेका भूमिकाको मूल्याङ्कन पनि वस्तुपरक छ। उनले आफूले त कृतिको मूल्याङ्कन निष्पक्षरूपमा गरेकै छन्, अरूले गरेको मूल्याङ्कनको चित्त नबुझेर खण्डनसमेत गरेका छन्। यहाँ यी सबैको उदाहरण सङ्क्षेपमा प्रस्तुत गर्न सकिन्छ। धर्मराज थापाको 'पहाडी सङ्गीत' कृतिको पहिले गुण देखाई अनि दोष देखाएर मूल्याङ्कन गरेका छन्। उनले धर्मराजलाई मिठास, झ्याउरे लय र प्रकृततामा आफूभन्दा धेरै छन् कि भनेर सबलता देखाई लयमा बग्दा धोका खाने, कविताका उडानमा बाटो बिराउने हुँदा धर्मराजको झ्याउरे कमजोर छ भनेर किटान गरेका पनि छन्। 'विद्रोह' उपन्यासका सबलता र दुर्वलताको समानरूपमा चर्चा गरेका छन्। त्यस्तै जनकलालको कृति ललितकला र साहित्यमा उनले देखेका चित्त नबुझ्दा कुराको विरोध गरेका छन्। 'नेपाली जनक्रान्ति' काव्यको मूल्याङ्कन उनी यसरी गर्छन् : 'यो काव्य कविताको उच्चताले भन्दा भावको सच्याइ र कविको निर्भीकताले महत्त्वपूर्ण भएको छ। उनले 'सीता' का सर्जक देवीप्रसादको कवित्वको मूल्याङ्कन यसरी गरेका छन् : 'झुसिल्कीराबाट पुतली र पुतलीबाट परी हुँदै विकास हुनु सबै कविको क्रम हो। यस पुस्तकमा कमसे कम

पुतली त देखिएको छ। यसरी देवकोटाले कृतिको भाव, शैली र कवित्व तीनै पक्षको मूल्याङ्कन गरेको देखिन्छ। देवकोटाले लेखनाथको 'तरुण तपसी' मा समले लेखेको भूमिकाका कतिपय मूल्याङ्कनको समर्थन र खण्डन पनि गरेका छन्। समले लेखनाथलाई अद्वितीय सिद्धहस्त कवि भनेका छन्। देवकोटाले यसको समर्थन गरेका छन्। त्यस्तै समले उत्कृष्ट ठहऱ्याएका कविता पङ्क्तिको देवकोटाले समर्थन नै गरेका छन् तर 'तरुण तपसी' लाई समले 'मेघदूत' र ग्रेको 'इलिजी'सँग गरेको तुलना देवकोटालाई बेठीक लाग्छ। यसको खण्डन उनले सप्रमाण गरेका छन्।

(ग) सिर्जनधर्मिताको उद्घाटन

देवकोटाले आफ्ना कृतिमा लेखेका भूमिकामा आफ्नो रचनाकारिता वा सिर्जन प्रक्रियाको उल्लेख गरेका छन्। यसबाट उनको सिर्जनात्मक विशेषता वा सिर्जनाका मौलिक विशेषताको उद्घाटन भएको छ। उनी कसरी लेख्छन् ? कसका लागि लेख्छन् ? किन लेख्छन् ? र लेखाइ कस्तो छ आदि प्रश्नको उत्तर उनैले दिएका छन्। उनी 'सुलोचना' को भूमिकामा आफ्ना रचनाकारिताका सम्बन्धमा लेख्छन् : यसमा खहरेको वेग थियो। बाढी आएको बेलामा पानी जरुर धमिलो भएकै होला। एक घण्टामा स्वागता ४५ श्लोक, शार्दूलबिक्रीडित ३५ श्लोक र अनुष्टुपमा गनिनँ। कवि संसारको टुँडिखेलमा यो एक दौडबाजी हो। शाकुन्तलको भूमिकामा उनी आफ्नो सिर्जन प्रक्रियाका बारेमा यसो भन्छन् : 'कलम बिजुलीझैँ दौडियो तर उज्यालो कति आयो भन्न सक्तिनँ। 'यो भगीरथी गङ्गा हो थाप्लामा बोक्न मुस्किल छ।' म्हेन्दुको भूमिकामा सिर्जनाको लक्ष्य उनले यसरी स्पष्ट पारेका छन् : 'नेपाली काव्य साहित्यलाई जनतातिर लैजाने र जनताको मुटुको सपनाको अन्वेषण तथा उद्घाटनको रूपमा बनाउने प्रवृत्ति हुनुपर्दछ भन्ने एक अमुखरित सिद्धान्त केही मात्रामा यस गीति काव्यले प्रस्तुत गर्दछ।' त्यस्तै 'सावित्री सत्यवान' को भूमिकाले उनी किन लेख्छन् र कसका लागि लेख्छन् भन्ने कुरा यसरी स्पष्ट पारेको छ : 'मैले लेखेँ आफ्नो आनन्दको निमित्त, छपाउँछु आनन्द लिन सक्नेको निमित्त।'

(घ) सिर्जनशीलता

पहिले नै भनियो भूमिका एक प्रकारको समालोचना नै हो। यसमा कृतिको वस्तुपरक मूल्याङ्कनका साथै कृतिकारलाई शुभेच्छा पनि व्यक्त गरिएको हुन्छ। त्यसैले भूमिका कथा, कविताजस्ता हुँदैनन्। देवकोटा मूलतः कवि हुन्। उनी महान् सर्जककै रूपमा सुप्रसिद्ध छन्। उनका भूमिका कवित्व वा सर्जक व्यक्तित्वको गहिरो प्रभाव देखिन्छ। त्यसैले उनका समालोचनामा प्रशस्त सिर्जनशीलता पाइन्छ। 'मुनामदन'को भूमिका त उनले झ्याउरेमै लेखेका छन्। उनका भूमिका सिर्जनाजस्तै सुन्दर लाग्छन्। उनको स्रष्टाको मूल्याङ्कन गर्ने, कृतिका गुणदोष पर्गेल्ने जुक्ति प्रभावकारी मात्र नभएर आह्लादकारी पनि छ। उनी पाठकलाई आफ्ना कुरा सुनाएर त्यसप्रति सजिलै सहमत गराउँछन्। भूमिकालाई साहित्य शास्त्रका गम्भीर प्रसङ्ग ल्याएर जटिल बनाउँदैनन्। उनको भूमिका लेख्ने आफ्नै अनौपचारिक शैली छ। उनका कतिपय भूमिकाहरू निजात्मकताका सौन्दर्यले आकर्षक भएका छन्। आजभोलि समालोचकलाई सहसर्जक र समालोचनालाई सहसिर्जना भनिन्छ तर उनका यी भूमिका यस चेतनाले त्यस्ता भएका होइनन्। उनी स्वच्छन्दतावादी समालोचक भएकाले उनका भूमिका लेखकीय निजत्वको प्रभुत्वले थिचिएका जस्ता देखिन्छन् त्यसैले उनका भूमिका सिर्जनाजस्तै सुन्दर लाग्दछन्।

देवकोटेली भूमिकाको मूल्याङ्कन

देवकोटा महाकवि भएकाले उनका भूमिका पनि त्यत्तिकै गम्भीर होलान् भन्ने अनुमान सामान्य पाठकले गरेका हुन्छन् तर उनका भूमिकाको अध्ययन गरेपछि त्यो अनुमान आंशिकरूपमा मात्र सही ठहर्छ। वास्तवमा उनका केही भूमिका साँच्चिकै उत्कृष्ट र स्तरीय छन्, उदाहरणीय पनि छन् तर केही भूमिका भने अत्यन्त सामान्य लाग्दछन् र सामान्य लेखकले लेखेजस्ता देखिन्छन्। कतिपय भूमिका हेर्दा उनले त्यति गम्भीर नभई हलुका तालले लेखेको देखिन्छ। त्यसैले धेरै भूमिका औपचारिकता पूरा गर्न वा कृतिकारका वचन हार्न नसकेर लेखेजस्ता देखिन्छन्। म एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु। भैरवनाथ रिमालको 'भैचम्पा, नामक कृतिको भूमिकामा सम्बन्धित कृतिको परिचय कहीँ दिइएको छैन। त्यसको चर्चै गरिएको छैन। बरु कविको दुःख कष्ट र पारिवारिक समस्याका बारेमा उल्लेख गर्दै कृतिकारलाई आर्थिक सहयोग गर्न पाठकसमक्ष अनुरोध गरिएको छ। त्यस्तै समले 'तरुण तपसी' को भूमिकामा लेखनाथको वार्णिक छन्द प्रयोगलाई पुरानो भनेका छन्। त्यो भनाइलाई देवकोटाले छन्द कहिल्यै पुरानो र नयाँ हुँदैन भनेर खण्डन गरेका छन् तर रामकृष्ण पुडासैनीको 'प्रेम' काव्यको भूमिका लेख्दा कविको माध्यम पुरानो छ, वर्णात्मक छन्दको प्रयोग गरिएको छ भनेर कृतिको दोष दर्शाएका छन्। यी दुई प्रसङ्ग परस्पर विरोधी देखिन्छन्। यस्ता परस्परविरोधी कुरा देवकोटाले कसरी गरे भनेर पाठक छक्क पर्न सक्छन्। यस्ता दुर्वलता हुँदाहुँदै पनि उनको कृति विश्लेषणमा देखिने सूक्ष्मता र गम्भीरता, कृतिको भाव वा विचार विश्लेषण गर्ने क्षमता, कृतिकारको प्रतिभा पहिल्याउन सक्ने सूक्ष्म दृष्टि, अभिव्यक्ति सौन्दर्यपरख गर्नसक्ने सौन्दर्य शास्त्रीय ज्ञान र सीप प्रशंसनीय देखिन्छ। ❐

देवकोटा : जीवन्त कविता !

–तेजेश्वरबाबु ग्वंग :

एकै देवकोटा अनेक भइदिन्छ। प्रत्येक कवितामा लक्ष्मीप्रसाद देवकोटा आफैँ अस्तित्व बनेर फुकिदिन्छ। लाग्छ, देवकोटाका फक्र्याईमा म नि मुस्काइरहेको हुन्छु। लाग्छ, उनका कवितामा ब्रह्म–विवेकका स्वानुभूति हाँसिदिन्छ मुसुक्क। मुसुक्क ओठहरूका फक्र्याईमा देवकोटा : जीवन्त कविता बनिदिन्छ। कहिले कण्ठाग्र पारिदिन्छु महाकवि देवकोटा–सिर्जनाका वाणीहरूलाई। कहिले स्वरभरि गीत गाइदिन्छु; 'कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो ? कुन सामग्री पूजा गर्ने, साथ कसोरी लाने हो ?'

नितान्त जिज्ञाशामूलक प्रश्नका पेटारो गुथ्दै थालिएका देवकोटाका 'यात्री' कविता अध्यात्म चिन्तनमुखी महका चाकाभैँ लाग्न थाल्छ। प्रत्येकचोटि पढ्छु एकै कविता अनेक भइदिन्छु मै पनि देवकोटाका चेला। बिहानी पाठमा पढ्छु। मिरमिरे बिहानी घाम झुल्किदिन्छ यात्रीका यात्रासित। प्रश्नका जिज्ञाशासित चिन्तनमुखी चेतना फुरिदिन्छ। मानौँ चेतनाको चुनारी फुकाइरहेझैँ फरर...फरर...। गर्न खोजिएको सतत् प्रयास मस्तिष्कको द्वार खोल्न लागिएकै हो। एउटा क्षितिज उघार्छ अध्यात्म चिन्तनमा रूपक अलङ्कार जडेर मानिसको दैहिक अङ्गप्रत्यङ्गलाई मन्दिरमा रूपान्तर गरेर यात्री कविता। जीवन यात्रा भरिदिन्छन् यात्री कविता वाचन भरिभरि।

कविता, अध्ययनका आल्हावादहरू छताछुल्ल भइदिन्छन् यो मनभरि, मुटुभरि, शरीरभरि, अङ्गप्रत्यङ्गभरि। म यात्री बनिदिन्छु, कविता पाठनभरि, वाचनभरि यात्री कविताभरि। यात्री कवितासितै जीवनयात्रा भरिदिन्छु, सललल पानीका प्रवाह बनी। हावाझैँ अदृश्य गति लिइदिन्छु आफ्नै प्रवाहमान पाइलाभरि। हिँड्दाका पाइलाहरू अदृश्य दृश्य जस्तै; मानौँ पातहरूका झुलनमा मात्र हावाका अस्तित्व बोध गर्न भ्याइने भए जस्तै यात्री कविताका सहयात्री भइदिन्छु गुरुघरान कविता घरान बनेर। म यात्राभरि यात्री बजिदिन्छु आफ्नै दैहिक जीवन यात्राभरि। आफै आफूलाई चहार्दै आफ्नै मन्दिर आफैँ अपार ठान्दै। झण्डै उस्तै यात्रा भरिरहेको हुन्छु जस्तै कि कस्तुरी–मृगका अनवरत थकानविनाका तलास वरण गरेर। लाग्न थाल्छ : कस्तुरी–मृग पनि देवकोटाका यात्रीजस्तै अथवा यात्री पनि कस्तुरी–मृगजस्तै भौँतारिरहेको हुन्छ। आफ्नै नाभीका अन्तस्करणका वासना र सुगन्ध तलासमा तलासिँदै। यात्री पनि त आफै अपार मन्दिर बनेर अर्कै कल्पनाका मन्दिर चहारिरहेका देख्छन् देवकोटाका दर्शनयुक्त दार्शनिक महाकवि।

मान्छे आफैँ आफ्नै मन्दिरवाहक यात्री। उनका चर्मचक्षु पर्याप्तिन्न पर्याप्तता भित्रभित्रै। भौँतारिनै त पर्छ मान्छे केवल चर्मचक्षु भेदी जन्तु बनिदा। देवकोटाका यात्री भाव सत्यार्थ बटुल्न नसकी मान्छेकै काँध चढी विचरण गर्दा हुन्छन्। सायद देवकोटाका यात्री प्रकारान्तरमा लाग्छ यदाकदा इदी अमिन भइदिएको हुन्छ। गोराका काँढ चढी युगान्डाका भूतपूर्व राष्ट्रपति इदी अमिन पनि त गोराका काँढमाथि कालका अहं अस्तित्व खोजिरहेका रह्यै भएथे आफ्नै अहंकारी राज्यकालभरि। सायद आफ्नै अस्तित्व वरण गर्न नभ्याएका यात्री पनि तामदानमा बोकाइएर मन्दिर परिसर चहारिरहेका हुन्छन् निरन्तर। यात्रीका देवकोटा कालीन मानिसहरूका काँढ चढाई तामदान नै त थियो। भुक्तभोगी यो जीवन्त सास फेराइका अनुभूति नै त रहे –बनेको छ। रैशरवाफका तुजूकहरू त्यस्तै थिए। त्यसताका। गरिबमाथिका रजाईं अचेलभरि भाकामा सामन्ती चर्चा।

सोच्दासोच्दै देवकोटाका 'यात्री' फैलिन्छ दिगन्त। एउटा सामाजिक व्यवहार, आचरण र गराइ भोगाइहरूका चहराइ। यात्री कविता काव्यिक दायराबाट सामाजिक पृष्ठपोषणका ज्वलन्त उदाहरण नै बन्नपुग्छ। यात्री कविता अब काव्यधाराका प्रयोगात्मक प्रस्तुति मात्र नभएर सामाजिक संस्कारका पहिचान सूत्र बन्न पुग्छ। कविता कल्पनाका प्रजनन सूत्र मात्र नबनेर सामाजिक, धार्मिक धरातलका चेतना–बिम्ब पनि बनिदिएको हुन्छ। यात्री कविताका माध्यमबाट तत्कालीन सामाजिक रीतिरिवाज बोध सहजतापूर्वक गर्न सकिने क्षितिज उघ्रिरहेको हुन्छ। युगीन व्याख्या विश्लेषणको सङ्घारमा कविता समकालीन सास फेर्छ। कविताका स्वासप्रस्वाससित कविताका कवि आत्मा जीवन्त यात्रा भर्न आइपुग्छन्। देवकोटाका कवि आत्मा हाम्रै सजीवतासित नयाँ नेपालको नवीन भावधारा ओकलिदिन्छ।

आफैँलाई सजीव दैहिक मन्दिरमा प्रतिस्थापन गर्दै देवकोटा हातखुट्टाका नली–हाडहरूलाई मजबूत खम्बाहरूका बिम्ब तयार गर्छन्। प्रतीकात्मकता यात्री कविताका स्वरूप धारण गर्छन्। बिम्ब बोधिसत्व कविका मात्र नभएर पाठकीय परिवेशका पनि ललित सौन्दर्यानुभूति

बन्छ। यिनै ललित सौन्दर्याभूतिमा मार्मिक पाठक कविताका सौन्दर्य मर्मका रसस्वादन गर्छन् वा गर्न भ्याउँछन्। काव्यिक रसस्वादन कविताका मर्मस्पर्शी भाव, शैली र शब्द विन्यासबीचबाट तर्किन्छ। तिनलाई काव्यचेतका तत्त्वहरू जसलाई हामी अलङ्कार र साधना साधन भन्छौं, का प्रयोग र व्यवहार गरेर काव्यिक अभियानका अभियन्ता बन्छौं। कविताको मर्मस्पर्शी पाठक समाज जति साकार बन्छ उति नै कविचेतले चेतना प्राप्त गर्न पुग्छ। काव्यिक जैविकताका ऊर्जा भन्नु मर्मभेदी पाठक चेतनाका झुम्याइ भन्ठान्छु म।

महाकवि देवकोटा एउटै 'यात्री' कविता रचना धर्म धारणा गरेर मानवीय धर्म सन्देशका शङ्खध्वनिका नाद गुञ्जन गर्छन्। मस्तिष्कलाई उनी सुनौलो छानाका रूपक अलङ्कारका सिँगार भर्छन्। तीक्ष्ण मस्तिष्कका छानामा घामका स्पर्शहरू हुन्छन् अनि टल्कन्छन्।
क्या ! मजाको बिम्ब बोधिसत्व सञ्चार गर्छन् देवकोटाका महाकवि यात्रामय जीवन रसपूर्ण मानवधर्मी कविता यात्री। यात्री कविता सार्थक कविता ठहर्छ जहाँजहाँ जबजब यिनले मानवतावादी बिगुल बजाउँछन्। सार्थक कविता मावनतावादी सन्देशका नाद फुक्छन्। पाठकले नाद सन्देशलाई यावत् यात्रामय जीवन सञ्चारकहरूसम्म प्रक्षेपण गरिदिनुपर्छ कविता युगजयी बन्छ। मानव हित र कल्याणमा कवि र कविता अमरत्व ग्रहण गर्न पुग्छ। कालजयी चमत्कारी चेत चुल्याएर।

सुनका छाना त बन्यो बन्यो मस्तिष्क। कहाँ कोरा कल्पनाका घारी बन्छन् कवि चेतना। स्वस्थ कल्पनामा कवि बनेका देवकोटाका विश्लेषक विवेचना गर्छन् : निबन्धमा पोखिएर, खनिएर, पस्किएर कि अस्वस्थ कल्पनाले पागल बनाउँछ। निबन्धकार लक्ष्मीप्रसादका युगान्तकारी निबन्धकार देवकोटा लक्ष्मी निबन्धसङ्ग्रहभरि। जेहोस् देवकोटा देवकोटा नै हुन् कवितामा होउन्, निबन्धमा होउन्, गीति कविता होउन्, महाकाव्य होउन् जताततै, जहाँसुकै, सबैतिर, सर्वत्र, छताछुल्ल। इन्द्रियहरूका द्वार, नसा नदीका तरल तरङ्ग स्वस्थ बिम्बवाहक बन्छन् शरीररूपी मन्दिर धामको। कति मीठो अनुप्रास चखाउँछ नसा नदीका तरल तरङ्गहरू। जति पढ्यो उति नै पुगोइन र पुगिन्न देवकोटाका सारगर्भित कविता–यात्री। कति गेय र ध्येय बनिदिन्छ यहीं यही भौतिक शरीरको मन्दिर आफैँमा अपार। कत्रो अध्यात्म दर्शन भर्छन् कविगुरु मेरा लक्ष्मीप्रसाद देवकोटा। कवितामा आध्यात्मिक जीवन दर्शन गराउँदो छ यात्री सिर्जना।

मस्तिष्क चेतनमय छानामा नै बिम्बित हुन्छन् देवकोटाका सर्जक प्रतिभामा। उही मनको सिंहासनमा जगत् ईश्वरका राज हुँदोरैछ। सुन्दै आल्हादक। पढ्दै आनन्ददायक। गुन्दै गहिराइमा पुगिन्छ शान्तकार अर्थात् शान्त आकार शान्तिका अजस्र स्रोत जीवन धाम, आफूभित्रै अपार मन्दिर अर्थात् पार गरी नसकिने व्योममय व्यस्टि यो जीवनलीलालाई देवकोटाका स्वस्थ कवि अत्याधुनिक आम सञ्चारका लागि पनि अनमोल आख्यान भर्न पुग्छन्:

चेतनको यो ज्योति हिरण्यमय
उसको शिरको ताज
शरीरको यो सुन्दर मन्दिर
विश्व क्षेत्रको माझ।

कहाँ सतहगामी छन्– ईश्वर। ईश्वर गम्भीर छन्। गम्भीरपनकै कारण ईश्वर गहिराइ रोज्छन्, मन पराउँछन् अनि त अन्तराल भेदी बन्छन्। त्यस्ता अन्तस्करणमुखी अविनाशी चेतनतत्त्व ईश्वर बन्दारैछन्। ईश्वर भेट्न सतह बगेर पुग्दोहुन्न। अन्तरयामी हुन सक्दो बन्नुपर्दोरहेछ। आफूभित्र आफैसित आफैँलाई नियालेर। आफूभित्र आफैँले आफूलाई पसाल्नु अन्तरयामी भन्नुको पर्याय बन्छ। आफूलाई जतनले आफैभित्र समावेश गराउने अभियान एउटा यौगिक साधना बन्छ। आत्मयोग सरल भएर पनि सितिमिति सहज बन्दैन। यो साधनारत सदाचार ठहर्छ। सदाचार सधैँभरि नगरी नहुने आचार। सदाचार सदाबहार बनाइनुपर्ने, निरन्तर अटुट राख्नुपर्ने साधना। त्यसैले मेरा गुरु कवि भनूँ कविगुरु अझै मुखरन गर्छन् :

"भित्र छ ईश्वर, बाहिर आँखा
खोजी हिंड्छौ कुन पुर ?
ईश्वर बस्दछ गहिराइमा,
सतह बहन्छौ कति दूर ?

अध्यात्म दर्शन पन्थी कवि देवकोटा ईश्वरका निवासस्थान आफ्नै दैहिक मन्दिर मान्छन्। ईश्वरका दिव्य दर्शन आफैँमा गर्न सकिन्छ, विश्वस्त बन्छ कवि। साविक दरसाविकदेखि आफैं पाइलागामी ईश्वर आफ्नै पाइला, आफ्नै गतिमा भेटेर पनि भेट्टिन सहज सप्ठ्यारो बन्नन्। अप्ठ्यारो लागिदिन्छन. ईश्वरभेट भनौं प्रत्यक्ष दर्शन। ईश्वर अन्तरङ्गका रङमा रङ्गिएर प्रत्यक्षीकरण हुन्नन्। अप्रत्यक्ष ईश्वर अनाकार अमूर्त रहन्छन्। जो अमूर्त रहन्छन् त्यो आकारमा प्रत्यक्ष बन्नन्। यस्तो लाग्छ अमूर्तमान् ईश्वरको रूप बन्छ। त्यसैले भनूभनू लागिरहन्छ कि ईश्वर उस्तै देखिन्छ जस्तै आफू। देवकोटाको कवि महान् भइदिन्छ मैसित मेरै स्वरमा। मेरै दर्शनमा। मेरै स्पर्शमा। मेरै दृष्टिमा। मेरै लेखनीमा। मेरै बुझाइ। मेरै व्याख्या र विश्लेषणमा। मानौं देवकोटा मूर्ततासितका अनाकारजस्तो,

आकारभित्रको व्यापकताजस्तो। आफैँसित हिँड्ने गहिरो गहिरो अन्तरआत्माजस्तो। चैतन्यभित्रको चेतनाजस्तो। सचेत रहेर पनि जगाई नै राखिनु पर्ने सजीव र सार्थक घचघच्याईजस्तो।

सर्वव्यापी ईश्वर सर्वत्र छन्। कहाँ छैन र हुन्नन् ईश्वर ईश्वर गाइरहेका हुन्छन् मीठो स्वर ग्रन्थीहरू युक्त कण्ठहरूमा। चराहरूका चिरबिरे कलरबहरूमा। ईश्वर बोलिरहेको हुन्छ। ईश्वर प्रकृति निवासी। ईश्वर प्रकृति निवासिनी। ईश्वरलाई मानिस मन पर्छ। सुकर्म गर्ने मानिसभित्र बसेर सुकर्मीहरूका स्वार्गहस्तहरू चुक्क चुम्छन्। मानौँ चुम्बन ईश्वरका ईश्वरीय प्रेम, स्नेह र आस्थाका आकार बन्छन्। बन्छन् ईश्वरका बोलीवचनहरू निरीहहरूका पक्षधर आवाजहरू। आवाजहरू जुन बुलन्द मच्चिन्छन्, विवेकविरुद्धका काम कारबाही, अमानुषिक अहंकारहरूका गराइ, चरित्रविरुद्धका पराकाष्ठाहरू, आफैँ लाउँ आफैँ खाउँ धारणाहरू उखेल्न निमित्त। कहिले ईश्वर राजनीतिक नारा लगाउँछन्। कहिले आर्थिक समानताका स्वर गुञ्जनहरू। कहिले उद्योग धन्दाका यन्त्र आवाजहरू। कहिले सामाजिक संस्कार परिमार्जन र परिशीलनहरूका चाहनाहरूका तानहरू।

ईश्वर यति विविधापूर्ण छन् जति कि प्राणी छन् र प्राणी मात्रका उत्तम प्राणी मानिसभित्रका सच्चा मानिस छन्। ईश्वर मानिस अवतारमा अवतरण पाउँछन्। ईश्वरको अवतार सच्चा मानिसभित्रका मानिस–मानव अवतार। मानवतामा ईश्वर अवतार लिन्छन्। ईश्वर मानिसजस्तै मानव बनिदिन्छन्। मानवतापूर्ण व्यवहारमा मौलाउँछन् दुबोजस्तो ईश्वर। दुबोजस्तो ईश्वर अजर बन्छन्। अमर बन्छन् दुबोरूपी ईश्वर। दुबो र ईश्वर यतिञ्जेल एक अर्काका परिपोषक बन्छन्। एक अर्काका परिपूरक बन्छन्। मानौँ परिपूरक र परिपोषक बन्नु ईश्वरीय मानवगुणका परिचायक छन्, हुन्, थिए, भए अनि निरन्तर रहिरहँदा हुन्। आगतका पाइलाहरूसित अनवरत। त्यसैले त गाएथे कविता गान देवकोटाका कविले यसरी :

चुम्दछ ईश्वर काम सुनौलो
गरी रहेका हात
छुन्छ तिलस्मी करले उसले
सेवकहरूको साथ,
सडक किनारा गाउँछ ईश्वर
चराहरूको तानामा,
बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुःखको गानामा,
दर्शन किन्तु दिँदैन
चर्मचक्षुले कानामा !

ईश्वर यसरी ताना, गाना र बानाहरूमा उनिएर पनि बान्किन्नन् आकारमा। भन्छन् आक्रोशित बनेर कवि गुरु देवकोटा चर्म चक्षुले काना बनेकाहरूलाई ईश्वर आफैँले दर्शन दिन्नन्। ईश्वर दर्शन त आफैँमा हुन्छ। आफैँले हेरेर मात्र देख्न सकिन्छ। आफैँले हेरेर देखिने अवस्थाजन्य अवलोकन दर्शन बन्छ। कत्रो दर्शन, महिमा गान गुञ्जिन्छ यति कम शब्द पुञ्जभित्र अटेसमटेस, खाँचाखाँच खाँदिएर। चर्म चक्षु सबैमा हुन्छन्। चर्मचक्षु भौतिक हेराइँ र देखाइका अङ्गकारी इन्द्रिय मात्र रहन्छ। यसका माध्यमबाट ईश्वर दर्शन भ्याइन्नन्। चर्मचक्षु दुरबिन यन्त्र बन्नन्। दुरबिन वैज्ञानिक संयन्त्र भएर पनि ईश्वर भेदी हुन्नन्। टाढा र दूर दूरीका वस्तुलाई नजिकियाउने सामर्थ्यका दुरबिन अन्तरयामी छैनन्। न त माइक्रोस्कोप नै सक्षम हुन्छ : ईश्वर दर्शनको लागि। माइक्रोस्कोप चर्मचक्षुले देख्न नभ्याइने अति सूक्ष्म जीवाणु भेदी यन्त्र मात्र। ईश्वर दर्शनार्थ त आफ्नै अन्तरालको अन्तर आँखा खोल्नुपर्ने हुन्छ। अनि कवि देवकोटा कसरी सन्न्यासको विन्यास गरून् ? कसरी मुखरन नगरी बसून् ?

चर्म चक्षुले कानामा !

चर्मचक्षु छन् तर ईश्वर दर्शन गर्न असक्षम छन्। आँखा भएर अझै अन्धो हुनु वा भइरहने स्थितिप्रतिका आक्रोश र आक्रोशसित मिसिएको व्यङ्ग्य वाण। यो आक्रोश समकालीन स्थितिसित देवकोटाका आफ्नै परिवेशसित नै मात्र सीमित रहन्न। यो आक्रोश र व्यङ्ग्य देवकोटाकै समकालीन परिवेश र परिस्थितिसितै। यो त एउटा बिन्दु न हो ? एउटा बिन्दु जसले सिन्धु : मानव समाजव्यापी सिन्धुसम्मै पहुँच राख्छ। हाम्रै समकालीन जीवन भोगाइहरूका परिवेश र प्रभावहरूसम्मै। यस्तै यस्तोमा लाग्न थाल्छ चर्मचक्षुले काना बन्नु नपरोस् : देवकोटा मार्गदर्शन गर्दछन्।

देवकोटा 'यात्री' कवितालाई समकालीन स्थिति प्रक्षेपणमा गर्ने अभिव्यक्तिका ललित माध्यम बनाउँछन्। यात्रीको सान्दर्भिक सेरोफेरोमा मानिसका काँढ चढ्ने सम्भ्रान्त मोजमजेरूप्रति व्यङ्ग्य छाट्छन्। प्रश्न सरल छ– लघुतम। वाण प्रक्षेपण गहिरो लाग्छ। भित्रभित्र गड्न पुग्छ। अझै आधुनिक गोली प्रहारका हनाइजस्तै। लाग्दा सानु। छिड्दा गहिरो। निस्कँदा मर्नान्त घुइरो सुइरो। नितान्त नियन्त्रित राज्यव्यवस्थामा आफूले आफैँलाई संयमित राखेर सर्जकले साहित्यिक संरचना गर्नुपर्ने स्थिति कविका जीवन यथार्थ परिवेश। त्यस परिवेशको पहिरनको सेरोफेरो विचरित व्यथित देवकोटाका कवि विचलित हुन्नन्। आत्म संयमको साधना गर्दै लक्ष्मीप्रसाद आफू अनुभूतिहरू यात्री कविताको माध्यमबाट लोकसमक्ष प्रस्तुत गर्दछन्। यात्री कविताका घुइरो सुइरो घोचक्रमा रोचक र रोचकमा घोचक बन्छ। तैपनि मार्मिक रोचक ठहर्छ व्यङ्ग्य घोचक।

ईश्वर नितान्त करुणामय हुन्छ। मानिसहरूको व्यथा वेदनाका आलापहरू करुणक्रन्दन बन्छन्। तिनै करुणक्रन्दनहरूमा ईश्वर बोल्दा रैछन्। मानौँ ईश्वर दुःख दर्दका पक्षमा वकालत गर्छन्। नारा लगाउँछन्। विरोध गर्छन्। कि मानिस भएर मानिसमाथि उत्पीडन नमच्याउन मानिसविहीन मान्छेहरू। मान्छेले मान्छेलाई उत्पीडन दिन्छन् मान्छेभित्र मान्छे हराएपछि। मान्छेभित्र मान्छे हराउनुको तात्पर्य मानवता चोइटिनु हो। चोइटिएको मानवता अपाङ्ग मात्र होइन बरु असमर्थ पनि। असमर्थ मानिस आफूलाई आफैले चिन्दैन। असमर्थ मानिस आफूलाई आफैँले सहयोग गर्न भ्याउन्नन्।

असथर्म मानिस आफूले आफैँलाई छाम्न भ्याउन्नन्।

असमर्थ मानिस आफूले आफैँलाई पाउन्नन्। असमर्थता मानिससितको आफ्नै मानिससित परिचय भेटघाटबाट टाढिनुको परिणाम बन्छ। देवकोटाका दार्शनिक कवि आफूभित्र आफैलाई देख्न सकून् कामना गर्छन् र यात्री कविताका माध्यमबाट आत्मदर्शनका लागि नम्रतापूर्वक अनुनय, विनय गर्छन् वा गर्न पुग्छन् :

कुन मन्दिरमा जान्छौ यात्री !
कुन मन्दिरमा जाने हो ?
कुन सामग्री पूजा गर्ने
साथ कसोरी लाने हो ?
....
कुन मन्दिरमा जाने ? यात्री
कुन नव देश विनामा ?

कुन नव देश विनामा ? कति सुन्दर प्रस्तुति। कति आख्यानमय अभिव्यक्ति ! आफूविनाको कुन नव देश होला त्यो जहाँ ईश्वर दर्शन गर्न पाइएला ? आफू नभएको आफू आफ्नै लागि बिरानु ? आफूमै आफू नभएर आफैँ बिरानु भइन्छ त त्यहाँ ईश्वर प्राप्तिको गुञ्जायस रहन्छ नै कहाँ ? आफूभित्रै ईश्वर नबसालिकन दिगन्त चहारेर नै कहाँ भेटिन्छ। कति विस्मयकारी चिन्तन यो ! कति मार्मिक कथन यो। यिनै अभिव्यक्तिहरूमा देवकोटा चुलिन्छन्। यिनै प्रस्फुरणसित देवकोटा अपरत्व पाउँछन्। यिनै तिनै साथ देवकोटा कालजयी कवित्व आर्जन गर्छन्।

आफूतित्र आफ्ना देव बसाल्न कठिन कार्य गर्नुपर्ने पनि हुन्नन्। काम असहज छैन। सहजमा पनि सरल छन्। सरलमा सहज र सहजमा सरल काम दुःखमा परेका मानिसहरूको सेवाभन्दा अरू हुनसक्छ नै के अरू ? आर्तनादहरू सुन्न सक्नुपर्छ आर्तहरूको। आर्तनाद सुनेर संवेदनशील बन्न सक्नुपर्छ। संवेदनशील भएर चहराइरहेका घाउहरूमा मलम लगाइदिनुपर्छ। जहाँजहाँ मानिसहरूका चहराइहरू छन् त्यहाँत्यहाँ सेवा प्रदानका तिलस्मी चमत्कार हुनुपर्छ, चलउान सक्नु पर्दोरैछ-ईश्वरलाई मख्ख र मुसुक्क पार्न। चाहानाभरिका मानिसहरूको चाहना सेवा ईश्वरको दिव्य मुहार दर्शन-मार्ग हुँदारैछन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाका सिर्जनशीलता साँचेर सिकिरहेछु यहाँ 'यात्री' कविता अन्तिम पाद नितान्त मानवतावादी आग्रहयुक्त छ। कविका आग्रह मुटु छुन सार्थक छन्। मुटु छोएर तिनलाई ओकल्न मन लाग्छ

मलम लगाऊ आर्तहरूको
चहराइरहेको घाउ
मानिसहरू मै ईश्वरको त्यो
दिव्य मुहार हँसाऊ।

अस्तु भन्नु एउटै कविता भर जिन्दगीको लागि पर्याप्तिन सक्छ तर सिङ्गो जिन्दगी एउटै कविताका लागि अपर्याप्तिन नि सक्छ। 'यात्री कविताभित्र आध्यात्म दर्शनको यात्रा भर्दै मैले सिकेँ। अनि त भनूँभनूँ लाग्छ देवकोटा जीवन्त कविता !

-निष्ठा छेँ, सूर्यविनायक मार्ग
सिपाडोल, भक्तपुर-१

त्यो पो उदायो भरे

-भाग्यशाली अधिकारी

घाँसै ला ! कतिले भनेर विचरा सारै गरेथे अरे
ठूलो मानव पो भएर जगमा त्यो पो उदायो भरे
साँचो मानव भन्दथे जगतमा बाँच्नै कठिन हुन्छ रे
हो त्यो पागल हो भनेर कतिले राँची पुऱ्याए अरे

ठूलो कष्ट दिए प्रबुद्ध जनले त्यो जान्नु नै श्राप भो
बाँचुञ्जेल भएन शान्ति मनमा छाती सधैं राप भो
हो मै पागल हो भनेर कविता भित्रै जलेरै रचे
ठूलो शक्ति अथाह हेर तिनमा आफैँ भएरै बचे।

मर्दा ती सुनियो बनाउन चिता काठै भएनन् अरे
बाँच्नै निम्ति थियो मरेर पछिता भाको नि त्यस्तो हरे !
सोझो कार्य गरे तथापि तिनले बाङ्गै छ भन्ने गरे
आफ्ना कार्य चले निरन्तर न ती कोही कसैमा डरे

सारै तिक्षण दिमाग थ्यो र तिनका डाहा गरेका थिए
यो पो माथि भयो भनेर सब नै सारै मरेका थिए
गर्दा जे पनि ठेस लाग्छ अति नै छाती नि आफ्नै खने
भेडो नै बरू हे बनाउ भगवान् बाँच्नै कठिन भो भने

गऱ्यो जे पनि छैन हेर सुख नै ठोसेर सारै अति
खुट्टा तानि खसाल्न खोज्छ सब नै होला नि कस्तो मति
कोही माथि गए त देउ किन हो तानेर झार्छौ तल
आफैँ माथि पुगेर टिप्न पछि ती मिल्नेछ मीठो फल

भरपर्दो यात्राको लागि सम्झनुहोस्
मकालु बस

महाकवि देवकोटाको प्राज्ञिक यात्रा

–नरेन्द्रराज प्रसाईं

महाकवि देवकोटा सानैदेखि कविता लेख्थे। उनले सुरुमा नेपाली भाषा र संस्कृत भाषामा कविता लेखे। एकपटक यिनले गीताको आधारमा संस्कृतभाषामा कविता लेखेर आफ्ना बुवा तिलमाधव देवकोटालाई देखाए। उनका बुबाले कविता हेरेपछि कवितालाई 'अशुद्ध, बेकम्मा र नमिलेको' भनेर फ्याँकिदिए। त्यति मात्र होइन, उनलाई संस्कृतमा कविता लेख्न नजान्ने भनेर उनका बुबाले गाली पनि गरे। अनि त्यसै दिनदेखि उनले संस्कृतमा कविता लेख्ने रुचिलाई तिलाञ्जलि दिए। त्यसपछि उनी एकोहोरो रूपमा नेपाली भाषामा मात्र कविता लेख्न थाले। आफ्ना बुबा र कविशिरोमणि लेखनाथ पौड्यालका कविता पढेर नै उनले सानैमा कविता लेख्ने प्रेरणा बटुलेका थिए। साथै उनी छिप्पिँदै गएपछि वर्ड्स्वर्थ र शेलीका प्रभावमा पनि डुबे।

लेखनको विषय नै महाकवि देवकोटाको प्रिय साथी हुन थाल्यो। त्यसैले लेखनमा नै उनको दिनचर्या पनि बित्न थाल्यो। वास्तवमा एकोहोरो शैलीका कारण उनी लेख्न थालेपछि त्यसमा नै चुर्लुम्मै डुबिदिन्थे। यसै प्रसङ्गमा उनले लेखे पनि "मैले लेख्ने बानी नगरेको भए म बिलकुल बेकम्मा गधा हुने थिएँ।" उनी जे बोल्थे हृदयबाटै बोल्थे र जे लेख्थे आफ्नो ब्रह्मले सिकाएकै कुरा लेखे।

महाकवि देवकोटा कविता लेखनका सिद्धहस्त कालीगढ थिए। उनीमा लेखनको आत्मविश्वासले धुरी टेकेको थियो। काव्यलेखनका बारे उनले भनेका पनि थिए– "म श्लोकमा कुरा गर्न सक्छु। दिनभरि श्लोकमै फतफताइरहन सक्छु।" प्रतिभा र साधनाको सङ्गमले गर्दा उनी नेपाली संसारमा नै कवितालेखनका अति विशिष्ट स्रष्टामा स्थापित भए। देवकोटा स्वयंमा नै एउटा बेग्लै, विशिष्ट एवं जसकसैले लेख्न नसक्ने महाकाव्य थिए। वास्तवमा चैतन्यले भनेजस्तै "देवकोटा साहित्य क्षेत्रका महान् हस्ती हुन्।" अझ जगदीश घिमिरेका पारामा लागेर भन्नुपर्दा "देवकोटा एक अद्वितीय साहित्यिक भऱ्याङ थिए जसले एउटा वर्णमाला च्यापेको बालक काव्यलाई यस सदीको अभिव्यक्तिसम्म पुऱ्याइदिए।"

महाकवि देवकोटा दरबार स्कुल पढ्दा आफ्ना साथीहरूलाई कविता सुनाउने गर्थे। त्यस बेला उनले कहिले नेपाली र कहिले अङ्ग्रेजी कविता सुनाउने गर्थे। उनका प्रायः साथीले ती कविता देवकोटाले नै लेखेका हुन् भनेर स्वीकार्दैनथे। त्यति बेला उनलाई उनका सहपाठीहरूमध्ये केहीले भने, "लक्ष्मीप्रसाद आफ्नो दाजु लेखनाथ देवकोटासँग कविता लेखाएर स्कुलमा ल्याउँदो रहेछ। अनि ऊ यहाँ आफैले लेखेजस्तो गरी कविता सुनाउँदो रहेछ। देवकोटा मागेको लुगामा राम्रो देखिन चाहने सुकुलगुण्डो र नक्कली मयूर हो।" साथीभाइको जति खप्की खाए तापनि उनी साथीभाइमाझ कविता सुनाउन छोड्दैनथे तर पनि उनका साथीहरू उनलाई कवि मान्न तयार थिएनन्। यसै क्रममा एक दिन सबै विद्यार्थी मिलेर यिनको बेइज्जत गर्ने हिसाबले कविता लेख्ने परीक्षा लिए। अनि कविताको शीर्षक पनि त्यसै घडी त्यहीँ छानियो। कविताको शीर्षक 'दरबार स्कुल' राखिएको थियो। यिनले पनि सबै विद्यार्थीमाझ पन्ध्र मिनेटमै कविता लेखे। त्यो कविता उनले सबै विद्यार्थीलाई सुनाए। त्यस बेहोराले हल्लाखल्ला मच्चियो। अनि त्यस स्कुलका शिक्षकहरू पनि त्यो कविता सुन्न तम्से। निष्कर्षमा शिक्षकहरूले पनि देवकोटालाई धाप मारे। त्यस बेला नै दरबार स्कुलका शिक्षकहरूले उनलाई 'कोपिलाउँदो कवि'को दर्जा पनि दिए। देवकोटाको स्कुले जीवनमा उनले पिनाकीप्रसाद आचार्यलाई पनि आफ्नो कवितालेखनको गुरु थापेर कविता लेख्न थालेका थिए र ती कविता पनि उनी पहिलोचोटि आचार्यलाई नै सुनाउने गर्थे।

महाकवि देवकोटाले म्याट्रिक पास गरेपछि अङ्ग्रेजी स्रष्टाहरूका रचना पढ्न विशेष ध्यान दिन थाले। त्यति बेला उनले पढ्ने क्रममा वर्ड्स्वर्थ, शेली, शेक्सपियर, वाइरन, मैथ्यू आर्नोल्डका कृतिहरूको अध्ययन गरेका थिए। आईएस्सी पढ्ने क्रममा उनले 'दि ब्यालेड सावित्री एण्ड सत्यवान्' लेखेका थिए। पछि त्यही कवितालाई उनले 'सावित्री सत्यवान्' नाटकमा लगेर पनि मिसाए। उनले आफू त्रिचन्द्र कलेजमा पढेकै बेला गोरखापत्रमा कविता छपाएका थिए। त्यस बेला उनले 'लक्ष्मी टीसी कलेज, नेपाल'को नाउँ राखेर त्यो कविता छपाएका थिए। अठ्ठाइस श्लोकको त्यस कविताको शीर्षक 'वसन्त षोडशी' थियो। उनको प्रथम औपचारिक कविताका रूपमा त्यसैलाई लिन सकिन्छ र त्यो कविता संवत् १९८५ साल वैशाखमा छापिएको थियो।

महाकवि देवकोटाले १९९१ सालको मङ्सिरमा गोरखापत्रमा आफ्नो औपचारिक नाउँमा 'पूर्णिमाको जलधि' शीर्षकमा कविता लेखे। त्यसपछि १९९१ फागुनमा नै प्रथमपटक प्रकाशित 'शारदा'मा उनको 'गरिब' शीर्षकमा कविता छापियो। त्यसै बेलादेखिको नेपाली साहित्यमा देवकोटा र शारदाको

विषयलाई खिपेर चूडामणि बन्धुले लेखे ''शारदाको युग भन्नु र देवकोटाको युग भन्नु एउटै कुरा हो।''

महाकवि देवकोटालाई आफ्ना प्रोफेसर शारदाप्रसाद मुखर्जीको निधनले पनि गहिरो चोट पुऱ्यायो। अनि उनले अङ्ग्रेजी भाषामा गुरु वेदना लेखे। त्यसपछि उनी अङ्ग्रेजी साहित्यलेखनमा पनि औपचारिकरूपमा क्रमशः देखा पर्न थाले।

महाकवि देवकोटाले सानैमा कविता लेखे। प्रथमपटक यिनले आफ्नी जेठी भाउजू सोमकुमारी (लेखनाथ देवकोटाकी जेठी पत्नी) को व्यथामा जलेर नै कविता लेखेका थिए। 'म त अभागी पो भएँ' भन्ने कविता लेखेर यिनले आफ्नी ठूली भाउजू सोमकुमारीलाई देखाउँदा उनी दस वर्ष पनि पुगेका थिएनन्। अनि त्यही रचना नै उनका बुबा तिलमाधव देवकोटाका हातमा पनि पुग्यो। आफ्ना बुबाले त्यसबापत धाप मारेपछि उनले फेरि अर्को कविता लेखे। उनका दाजु लेखनाथले आफ्नी मन परेकी भाउजूमाथि सौता ल्याएपछि देवकोटाले आफू मर्माहत भएर नै भावना पोखेका थिए :

घनघोर दुखसागर संसार जान भाइ
नगरे घमण्ड कहिल्यै मर्नु छ हामीलाई।

महाकवि देवकोटाले बाल्यकालमा नै संस्कृत भाषाको 'अमरकोश' 'रघुवंश' र नेपाली भाषामा लेखनाथ पौडयालका विभिन्न कविता पढेका थिए।

महाकवि देवकोटा सिर्जनात्मक गुण भएका अति विशिष्ट साधक थिए। उनले भानुभक्त आचार्यलाई साह्रै श्रद्धा गरे। श्रद्धा मात्र होइन, उनले भानुभक्तलाई नेपाली भाषासाहित्यका नै सर्वश्रेष्ठ पुरुष माने। यस विषयमा पनि उनले लेखे ''हामी भानुभक्त पढेर शिक्षा सुरु गर्दछौँ र उनलाई हेला गरेर समाप्त गर्दछौँ।'' साथै उनले लेखनाथ पौड्याललाई आफ्नो आदर्श पुरुष माने। देवकोटाजस्ता महान् साधकलाई मान्ने अर्का महान् साधक बालकृष्ण सम थिए। त्यति मात्र होइन, देवकोटालाई पत्याउने उनका गुरु लेखनाथ पौडयाल पनि थिए तर देवकोटा समसँग धेरै ठट्टा पनि गर्थे। त्यही क्रममा एक दिन देवकोटाले समलाई भने "म हजुरहरूको राणातन्त्रकै विरोधमा पनि लेखिदिन सक्छु। त्यो मैले लेखेको कुरा हजुरहरूलाई नै पनि थाहा हुने छैन।" त्यसै बेला राणाशाहीको विरोधको व्यङ्ग्य गर्दै उनले 'लुत्ते कुकुर' पनि लेखे।

महाकवि देवकोटालाई लेखनकलाका बिजुली पनि भनियो। यसबारेको तथ्यलाई उनैले स्वीकारेका पनि छन् "केही व्यक्ति छन् जसले मलाई विद्युत् कविको संज्ञा प्रदान गरेका छन्; मानौँ स्विच थिचिदिनु मात्र पर्छ र मेरो मुटु फोनको रेकर्डझैँ स्वतः घुम्न थाल्नेछ र त्यसबाट ध्वनित हुनेछ काव्य, सिर्फ काव्य। जनसाधारणमा के हल्ला छ भने संस्कृत एवं अङ्ग्रेजीमा मैले पाण्डित्य हासिल गरेको छु, नौ भाषामा म पूर्ण दक्ष छु।"

वास्तवमा देवकोटा नेपाली साहित्याकाशका एउटा सग्लो तारा हुन्। यसै भाकालाई कृष्णप्रसाद पराजुलीको शब्दमा भन्दा ''महाकवि देवकोटा नेपाली साहित्यका ध्रुवतारा थिए।''

जुद्धशमशेर श्री ३ महाराज भएपछि उनको स्तुति गर्दै महाकवि देवकोटाले कविता लेखे। त्यस बेला उनले नेपाली र अङ्ग्रेजी दुवै भाषामा स्तुति कवितागान गरेका थिए। त्यो कविता उनले जुद्धशमशेरका हजुरमा चढाए र एक हजार रुपियाँ बक्सिस पनि पाए। चन्द्रशमशेर श्री ३ भएपछि उनको पनि स्तुति गाएर उनले कविता लेखे। साथै उनले पद्मशमशेर श्री ३ महाराज भएपछि पनि नौ भाषामा पद्मशमशेरको प्रशस्ती लेखे। उनी कसैले "यो लेखिदिनुपऱ्यो बाजे !" भनेपछि हार्न जान्दैनथे। वास्तवमा उनी राम्रो सिर्जनाकार भएकै कारण धेरैले उनको ढाड चढे।

महाकवि देवकोटा नेपाली साहित्यका महापण्डित थिए। नेपाली भाषासाहित्यमा देवकोटाको चार दशकको निरन्तर यात्राले नै पनि नेपाली भाषालाई जनप्रिय बनायो। वास्तवमा उनको अथक परिश्रमले नेपाली साहित्य हराभरा भएको मानिन्छ। नेपाली भाषासाहित्यमा उनीझैँ लोकप्रिय स्रष्टा कोही जन्मन सकेनन्। उनी नेपाली साहित्यका एउटा चमत्कारी स्रष्टा थिए। उनका विषयमा धेरैले गीत गाए। उनका छेउमा पुगेर उनका रचनाको स्वाद चाख्नेमध्ये राष्ट्रकवि माधव घिमिरे पनि एक थिए। त्यसैले घिमिरेले पनि देवकोटाका लेखनको वकालत गरे ''सौन्दर्यलाई सत्यको ज्योतिर्मय आवरणको रूपमा र सत्यलाई सौन्दर्यको आत्माका रूपमा देवकोटाले नै प्रकट गरे।'' देवकोटाको माथिल्लो कोटिको सिर्जनाको प्रसङ्गमा मोदनाथ प्रश्रितले पनि लेखे "देवकोटा बीसौँ शताब्दीका विश्वको एउटा महानतम प्रतिभा हो भन्ने कुरामा दुई मत छैन र आफ्नो समयको नेपालको सर्वश्रेष्ठ प्रतिभा देवकोटा नै हो भन्दा पनि अत्युक्ति हुने छैन।" डा. प्रश्रितले अझै उनका विषयमा निष्कर्ष दिए, ''देवकोटा आधुनिक विचारका वेदव्यास हुन्।''

महाकवि देवकोटा २००४ साल माघ १३ गते युगवाणीको सम्पादकमण्डलमा पसे। त्यसको चार दिनमा नै अर्थात् माघ १७ गते नाथुराम गोड्सेले महात्मा गान्धीको हत्या गरे। त्यस बेहोराले देवकोटा रोए। अनि उनले युगवाणीमा गान्धी विषयक आफ्नो रचना छापे। त्यस बेला उनले गान्धीलाई 'कृष्ण, राम र बुद्धको सङ्गम' भनेका थिए।

महाकवि देवकोटा बनारस बसेताका उनको सम्पर्क पण्डित टीकादत्त धिताल (प्रा. मोहनराज शर्माका भिनाजु)सँग भएको थियो। ओखलढुङ्गा निवासी धितालको बनारसमा नेपाली भाषाको प्रकाशन संस्था 'नेपाली सौभाग्य पुस्तकालय' थियो। ईश्वर बराललले पुस्तकालयका मालिक धितालसँग देवकोटाको सम्बन्ध जोडिदिएका थिए। त्यस बेलाको देवकोटाको चमत्कारितापूर्ण लेखनबारे ईश्वर बराललले

लेखेका छन् "काशीमा राजनीतिक जीवनयापन गर्नेताक ती आर्थिक अभावले अग्घोर ग्रस्त थिए। तिनको थोरबहुत आर्थिक अभाव टार्न सकिन्छ कि भनेर ई पङ्क्तिका लेखकले एक दिन तिनलाई स्थानीय एक नेपाली प्रकाशक टीकादत्त धितालकहाँ लग्यो। प्रत्येकमा १२५ श्लोक जति राखी नौ रसका नौवटा पुस्तक लेखाउने मनसायले ती प्रकाशकले एक श्लोकको चार आना दिने भाका गरी तिनलाई सघाउन खोजे। त्यसको भोलिपल्ट एकाबिहानै १२५ श्लोकको लेखौट लिएर कवि ती प्रकाशककहाँ पुगे। त्यस दिन प्रकाशकले तिनलाई खुसीसाथ दक्षिणा टक्र्याए। भोलिपल्ट अर्का रसको लेखौट लिएर जाँदा प्रकाशकलाई दक्षिणा टक्र्याउन अलिक गाह्रो पर्‍यो। तेस्रो दिन तेस्रो लेखौट लिएर जाँदा प्रकाशकलाई निकै आच्छुआच्छु पर्‍यो। चौथा दिन चौथा रसको आफ्नो रचना लिएर कवि जाँदा प्रकाशकले हात जोरेर आफ्नो आर्थिक विवशता देखाई कविलाई एस द्रुतगतिले सघाउन नसक्ने कुरो जाहेर गरे।"

महाकवि देवकोटालाई त्यस बेला बनारसमा पं. टीकादत्त धितालले निक्कै गुन गरेका थिए। त्यसैले उनले २०१२ साल असोज ३ गते धिताललाई एउटा चिठी लेखेका थिए : तपाईंले म बनारसमा दुखस्थानमा रहँदा अत्यन्त प्रेम र कदरका साथ मलाई सहायता पुर्‍याउनुभएको थियो; त्यसको सदा ऋणी म आफूलाई सम्झन्छु।

मैले कवितासङ्ग्रह, निबन्ध र कथासङ्ग्रह इत्यादि सङ्कलन गरी छपाउने विचार पनि गरिरहेको छु। तपाईंलाई पछि लेखुँला। साहित्यिक रचनातर्फ अब फेरि अग्रसर हुने विचार छ। नयाँ चीज तपाईंकहाँ उपस्थित गर्न पाए मलाई पनि खुसी लाग्ने थियो।

तपाईंको सदा हितेच्छु

लक्ष्मीप्रसाद देवकोटा

महाकवि देवकोटा कोलकाताको हिमाञ्चल छात्रसङ्घमा गएताका उनले अङ्ग्रेजी भाषामा 'बापू' शीर्षक सनेटहरू लेखे। त्यो लेखौट त्यहाँ आश्चर्यका रूपमा लिइयो। सबैले त्यो लामो कविताको प्रशंसा मात्र गरे। कलकत्ता विश्वविद्यालयका प्राध्यापक डा. कालीदास नागसमक्ष पनि त्यो कविताको पाण्डुलिपि पुग्यो। प्राध्यापक नाग भन्नु रवीन्द्रनाथ ठाकुरसँग विश्व भ्रमण गर्ने ठाकुरका प्रमुख सहयोगी थिए। तिनै नागको सिफारिसमा कोलकाताकी प्रसिद्ध कवयित्री लतिका घोषले पनि देवकोटाद्वारा लिखित 'बापू' शीर्षक कविताका एकएक अक्षर पढिन्। घोषचाहिँ पाण्डुचेरीका महासन्त अरविन्द घोषकी नातिनी थिइन्। उनी त्यस बेला कोलकातामा धेरै नाउँ चलेकी स्रष्टा थिइन्। लतिकाको शिक्षादीक्षा बेलायतमा भएको थियो र उनी बेलायतमै हुर्की बढेकी विदुषी थिइन्। देवकोटाको त्यो सनेट हेरेर उनले पनि भनेकी थिइन् "यस्तो ओजस्वी कविता जोसुकै कविले लेख्नै सक्तैन। यस कविताका रचनाकार अद्वितीय नै हुनुपर्छ।"

महाकवि देवकोटा साहित्यका एउटा मार्गदर्शक नै थिए। उनी काव्य र कविप्रति गहिरो छाप हान्न सक्ने व्यक्ति थिए। उनी कविताका चेतनाबिन्दु थिए। उनी कविताका जागरण थिए। कवितालेखन उनको सास फेराइको ताल झैं हुन्थ्यो। उनी कविता लेख्न नपाउँदा निस्सासिन्थे। उनी लेखनका एउटा सग्लो प्रकृति थिए। साथै उनी आफ्ना लेखनहरूमा पनि प्रकृतिलाई उभ्याइदिन्थे। त्यसैले उनी भन्थे "कविहरू किन फूलतर्फ ज्यादा आकर्षित हुन्छन् ? प्रकृतिमा जस्तै फूल नफुलीकन काव्यमा मधुमासको विलास पाइन्न। सच्चा कवि वसन्तको फूलबारी हो।" देवकोटाको सिर्जनात्मक प्रतिभाको मूल्याङ्कन गर्ने क्रममा शक्ति लम्सालले पनि देवकोटालाई आधुनिक सिर्जनको गजुर मानेका छन्। लम्सालकै शब्दमा भन्नुपर्दा "नेपाली साहित्यको आधुनिक इतिहासको लेखाइ लक्ष्मीप्रसाद देवकोटाबाट नै श्रीगणेश हुन्छ।"

पूर्वीय संस्कार र पश्चिमी शिक्षाको प्रभावले महाकवि देवकोटाको प्राज्ञिक व्यक्तित्व प्रस्फुटित भएको पाइन्छ। वास्तवमा उनका रचनामा पूर्व र पश्चिम दुवै संस्कारको समागम देखिन्छ। यसै पृष्ठभूमिमा राष्ट्रकवि माधव घिमिरे भन्छन् "देवकोटाले नेपाली कवितामा पश्चिमी शैलीको स्वच्छन्दतावाद भित्र्याए, प्रकृतिका विभिन्न झाँकी र मनका विभिन्न झलकबीच परस्पर समन्वय स्थापित गरे, पूर्वीय संस्कृति र जीवनदर्शनलाई पश्चिमी आलोकमा परिचित गराए।" यसै परिवेशमा रसियन साहित्यकी सुप्रसिद्ध विदुषी डा.ल्यूदमिला आगानीनाले पनि लेखिन् "देवकोटाको प्रतिभाले नेपालबाहिर पनि प्रशंसा प्राप्त गर्‍यो। उहाँ सोभियत सङ्घमा विख्यात हुनुभयो।" डा. आगानीनाले नै रूसमा देवकोटाको ठूलो प्रचारप्रसार गरेकी थिइन्। उनी नेपाली र रुसी साहित्यकी एउटी सग्लो राजदूत थिइन्। उनको बेजोड प्रतिभा, शिष्ट शैली र स्वतस्फूर्त प्रस्तुतिबाट देवकोटा पनि उनीसँग अति खुसी, निक्कै प्रभावित र धेरै आकर्षित थिए।

महाकवि देवकोटाले स्वच्छन्दतावादी वा रोमान्टिक प्रवृत्तिलाई रूमानी प्रवृत्ति भने। नेपाली भाषासाहित्यमा उनी रूमानी प्रवृत्ति लेखनका श्रीगणेश भए। उनको यो स्वच्छन्दतावादी धारा भनौं रोमान्टिक धाराका विषयमा धेरैले कलम चलाए। उनैले पनि उनको खास गरेर पाश्चात्य प्रभावका अतिरिक्त रोमाञ्चवादी धाराका बारे धेरै ठाउँमा वकालत गरे। उनले तासकन्दको साहित्य सम्मेलनमा आफ्नै विषयमा पनि भनेका थिए ' कवि लक्ष्मीप्रसाद देवकोटाका रचनामा पनि पाश्चात्य प्रभाव देखिन्छ। उनले साहित्यमा लोकगीतका छन्दहरूको प्रयोग गरेका थिए र रोमाञ्चवादी प्रवृत्तिको सुरुवात पनि गरेका थिए।"

महाकवि देवकोटाको स्वच्छन्दतावादका विषयमा निक्कै ठूलो अध्ययन, व्याख्या र विश्लेषण भयो। त्यसै क्रममा ठाकुर पराजुलीले किटान गरेर लेखे "देवकोटा नै नेपाली साहित्यमा रोमान्टिक युगका पहिला निर्माता हुन्।" साथै राजनारायण प्रधानले पनि लेखे "देवकोटा नेपाली साहित्यमा अङ्ग्रेजी रोमान्टिक काव्यधाराका महान् प्रवर्तक हुन्। सम्पूर्ण रोमान्टिक सम्भावनाहरूलाई उनी एक्लैले नेपाली साहित्यमा प्रयोग गरेका छन्।" त्यसै गरी इन्द्रविलास अधिकारीले चाहिँ अठारौं शताब्दीका अमेरिकन लेखकसँग तुलना गर्दै लेखे " विलियम कलेन ब्रेयन्टझैं देवकोटा स्वच्छन्दवादी कवि थिए। उनीहरूको साहित्यिक प्रवृत्ति र सिद्धान्त पनि एउटै थियो अर्थात् प्रकृतिलाई सजीव प्राणी ठान्नुपर्छ भन्ने मान्यता यी दुवै महाकविले गरेका थिए।" देवकोटाद्वारा पश्चिमी शिक्षाको प्रभावमा पनि केही कृति रचिए। यति हुँदाहुँदै पनि उनीद्वारा रचित मुनामदन, लुनी, म्हेन्दुमा चाहिँ आफ्नै लोकसंस्कृतिको

मौलिकताले ढपक्कै ढाकेको पाइन्छ ।

महाकवि देवकोटाले कति लेखे त्यसको समग्र बेहोरा उनैलाई थाहा थिएन। उनले लेखेका रचनाहरू उनी कहाँकहाँ राख्थे र प्रायः उनी ती सामाग्री दोहोऱ्याएर खोज्न पनि चाहँदैनथे। यसै प्रसङ्गमा उनले एक दिन शङ्कर लामिछानेलाई भनेका थिए "खै ! मैले कति लेखेँ त्यो त मलाई थाहा छैन। किन कि सयकडा पचहत्तर कृतिहरू हराए। पच्चीस मलाई राम्रो सम्झना छैन। " त्यसै गरी एकपटक उनले शरदचन्द्र शर्मा भट्टराईलाई पनि भनेका थिए "नलेखिएका पाना मलाई काम लाग्छ, लेखिएका पाना बाबुलाई दिन्छु। यहाँ रहे भने बजै (मनदेवी देवकोटा)ले आची पुछेर फालिदिन सक्छिन्।" त्यस बेला भट्टराईले देवकोटाका कविता भारती पत्रिकामा छपाइदिने गर्थे। त्यसैबापत देवकोटाबाट उनी कविता लिने गर्थे।

नेपाली भाषासाहित्यलाई पश्चिमी मुलुकमा पुऱ्याउने काम पनि महाकवि देवकोटाबाट नै भयो। उनैले पश्चिमी जगत्को साहित्यको गुणलाई नेपाली साहित्यमार्फत प्रस्तुत गरी अङ्ग्रेजी भाषामा समेत अनुवाद गरे। अथवा भनौँ अङ्ग्रेजी भाषाको माध्यमद्वारा नेपाली साहित्यलाई रूपान्तरित गर्ने काम देवकोटाबाट भएको छ।

महाकवि देवकोटा आफूलाई सामन्तयुगको कवि पनि ठान्थे। उनी भन्थे "देशले जनताको कवि खोजेको छ। धर्मराज थापा र देवीप्रसाद किसानका अगाडि मेरो के काम !" देवकोटाले यी संवाद ओकलेपछि आफूलाई प्रगतिशील ठान्ने केही ठेकदार साहित्यकारले महाकवि देवकोटा साँच्चैका सामन्तका कवि हुन् र उनी जनतालाई काम नलाग्ने कवि हुन् भनेर ढ्याङ्ग्रो ठोक्न पनि थाले तर देवकोटाले व्यङ्ग्य हानेको उनीहरूले त्यस बेला मात्र बुझे जब देवकोटाको विरोधमा कुर्लेकै कारण उनीहरू आफैँ खाडलमा परेका थिए।

महाकवि देवकोटा चौध भाषा बुझ्थे। उनी दस भाषाका चाहिँ ज्ञाता थिए। उनले संस्कृत, नेपाली, नेवारी, अङ्ग्रेजी, हिन्दी, बङ्गाली, उर्दू, फ्रेन्च, जर्मनी र रसियन भाषामा पनि कविता लेखे। उनका नौ भाषामा लेखिएका कविताहरू 'शारदा' मासिकमार्फत पनि जनमाझ आए। उनी लेख्ने स्रष्टा मात्र थिएनन्, आफूले लेखिसकेपछि सुनाउन पनि रहर गर्थे। त्यही क्रममा कीर्तिनिधि विष्टले पनि भने ''मेरो र देवकोटाको घर सँगसँगै थियो। त्यसैले म उहाँका घरमा बराबर जाने गर्थे किनभने उहाँ मेरो कलेजमा पढाउने अङ्ग्रेजी विषयका गुरु पनि हुनुहुन्थ्यो। मलाई भेट्नेबित्तिकै पनि उहाँ कविता सुनाउन गर्नुहुन्थ्यो। त्यति बेला मैले उहाँमा के पाएँ भने, उहाँ कसलाई कविता सुनाइरहेछु भन्ने पनि सायद चाल पाउनुहुन्न थियो। उहाँ एक व्यक्तिलाई कविता सुनाउँदा पनि एउटा विशाल जनसमूह भन्ठानेर उत्सुकतापूर्वक र जोशिलो पारामा सुनाउने गर्नुहुन्थ्यो।''

महाकवि देवकोटाको लेखनीको वेग पहाडी छहराको झैँ थियो। उनी लेखेर थाक्तैनथे। उनीसँग नजिक पुग्ने जुनसुकै मानिसले पनि उनको लेखनीको मुक्तकण्ठले प्रशंसा गर्थे। यसै क्रममा राष्ट्रकवि माधव घिमिरले पनि आफ्नो अनुभव भने, "जति ढिलो म लेख्थेँ, त्यति नै छिटो देवकोटा लेख्थे।" अनि देवकोटा र घिमिरेका बीचमा बसेर बालकृष्ण सम भन्थे, "एउटा चरो भुइँ मात्र खोस्रन्छ र अर्को चरो उडेर वेग हान्छ र बेपत्ता हुन्छ।"

महाकवि देवकोटा चेतनाका प्रखर ज्योति थिए। उनको स्वभाव साधुतुल्य भए तापनि उनीभित्रको हृदयमा सिर्जनाको आगो बल्थ्यो। त्यसमाथि उनी साथीभाइलाई साह्रै विश्वास गर्थे। साथीहरूकै लहलहैमा लागेर २००४ सालमा जनक्रान्तिको उद्घोष गर्न उनी बनारस पनि पुगे। त्यस बेला उनले सम्पादन गरेको 'युगवाणी' र त्यसै घडी लेखेको 'पहाडी पुकार' क्रान्तिको शङ्खघोष भएर फैलिएको थियो। त्यस बेला उनी झन्नै छब्बीस महिनाजति बनारस बसे र त्यहाँ उनले एकोहोरो लेखी मात्र रहे।

महाकवि देवकोटा नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि युगकै चेतना बोकेर एकोहोरो समर्पित भइरहे। वास्तवमा उनको सम्पूर्ण लेखनले एउटा युगको एकलौटी प्रतिनिधित्व गर्थ्यो। उनको लेखनछहराले युगभित्रै एउटा शाश्वत चेतना जगाइदियो। त्यसैले उनको युगवर्चश्वबारे नरहरि आचार्यले निर्णायक मत दिए, ''महाकवि देवकोटा नेपाली साहित्यको सिङ्गो युगप्रवर्तक हुन्।''

महाकवि देवकोटा लेखेर थाकेँ भन्दैनथे। वास्तवमा उनी लेखेर नै अघाउँदैनथे। उनी टेबलकुर्सीभन्दा भुइँको ओछ्यानमा नै घुँडा मारेर लेख्न रुचाउँथे। यसै सन्दर्भमा उनकी भान्जी शशी रिमालले भनिन् ''म प्रायः चाडबाड र श्राद्धहरूमा मामाघर जान्थेँ, त्यति बेला मेरा साइँला मामाले गरुड आसनमा बसेर नै लेख्नुभएको म देख्थें।'' साथै उनले लेखेको बेला उनीसमक्ष जो देखा पर्छ उनी उसलाई कविता सुनाउँने गर्थे।

महाकवि देवकोटाको लागि खाली समय हुँदैनथ्यो। उनी फुर्सद भएका बेला फेरि लेख्न थाली हाल्थे। उनले लेखेका कागजपत्रहरू पनि जतासुकै फालिन्थे। सुत्ने ओछ्यानदेखि भान्सासम्म र बुँइगलदेखि आँगनसम्म जहाँ हात पसारे पनि उनका रचना भेटिन्थे। साथै उनले लगाउने लुगाभित्रदेखि कोटका प्रायः गोजीहरूसम्म पनि कविताले नै भरिएको हुन्थ्यो। यसै प्रसङ्गमा वासुदेव शर्मा लुइँटेलले देवकोटाका रचनाविषयक घटना सुनाएका थिए ''एकपटक देवकोटा ढुङ्गेधारामा पानी खाँदै थिए। उनी पानीकै धूनमा

हुँदा उनले थाहै नपाई मैले उनका गोजीबाट एउटा कविता झिकें। त्यो कविता मैले मेरै नाउँमा 'गोरखापत्र'मा छपाएँ। मैले त उनको एउटा कविता मात्रै चोरें तर देवकोटाका यस्ता कविता त के हिसाब हुन्थे, किताबै चोरेर आफ्ना नाउँमा छपाउने मान्छेलाई पनि मैले चिनेको छु।'' चोरको मात्र कुरा होइन, उनका रचनाले अझै कविकुञ्जमा ढुँडी पर्नु परेको छ भनिन्छ।

महाकवि देवकोटाले यति नै लेखे भनेर भन्न सकिँदैन। उनले लेखेका सबै पाण्डुलिपि मात्रै भेला पार्दा पनि दसौं बोरा भरिन्थ्यो। यसै विषयमा उनले खनुपुरूदे 'रामबाबू' लाई भने ''मैले नेपाली भाषाको जो सक्दो सेवा गरें, मेरा अनगिन्ती किताबहरू, लेखहरू, कविताहरूमध्ये कति हराए, कति अरूले छापिदिन्छु भनेर लगे। छापिदिन्छु भनेर लानेले न छापिदिए, न फिर्ता दिए।'' वास्तवमा देवकोटाको लेखन नै विचित्रको हुन्थ्यो। उनको कोठामा छरिएर रहेका फूलमार चुरोटका बट्टाका खालीतिरका भागमा पनि कवितै कविता मात्र हुन्थ्यो। उनका घरमा कहीं खाली कागज हुँदैनथ्यो; खाली जति ठाउँको सबैतिर कवितै कोरिएको हुन्थ्यो। कागज भेटेनन् भने उनी आफ्ना घरका भित्तामा पनि कविता लेख्ने काम गर्न छाड्दैनथे। उनले लेखेर प्रायः दोहोऱ्याएनन् र आफ्ना कुनै लेखहरू सच्याएनन्। उनी पढ्नमा पनि त्यत्तिकै वीर थिए। गणेशकवि पं. श्यामदास वैष्णवका अनुसार "देवकोटाले एक घण्टामा सरदर साठी पृष्ठको किताब पढ्थे।"

महाकवि देवकोटा एउटा उदेक लाग्दा स्रष्टा थिए। उनी आफूले लेखेका लेख वाचन गरेर पनि अघाउँदैनथे। कविता सुनाउने बेलामा उनी आफूभन्दा सानाठूला सबैलाई बराबर इज्जत गर्थे। उनी रुचि राख्ने सबैलाई आफ्नो रचना सुनाउन चाहन्थे। घरमा पनि आफ्ना भाइहरूलाई उनी कविता सुनाइरहन्थे। उनी कविता लेखनमा जसरी डुब्थे, कविता सुनाउनु पनि उनको त्यस्तै सोखको विषय थियो।

महाकवि देवकोटाको कविता सुनाउने रहरको क्रममा २००९ सालमा महापण्डित राहुल साङ्कृत्यायन नेपाल आउँदा देवकोटाले आफूले लेखेका नेपाली कविताहरू पनि अङ्ग्रेजी भाषामा तुरुन्तको तुरुन्तै उल्था गर्दै सुनाउने गरे। साथै उनले आफूले अङ्ग्रेजीमा लेखेको महाकाव्य पनि महापण्डितलाई त्यसै बेला सुनाएका थिए। देवकोटाको धाराप्रवाह लेखन र वाचनबाट महापण्डित अत्यन्तै प्रभावित भएका थिए। उनी देवकोटालाई विश्वका आश्चर्यमध्येका अर्का एक आश्चर्य मान्थे। वास्तवमा देवकोटाको त्यही परिवेश छोएर तारानाथ शर्माले पनि लेखे ''हाम्रा लक्ष्मीप्रसाद देवकोटा कालीदासका पनाति, वर्ड्स्वर्थका नाति, शेलीका छोरा र किट्सका भतिजा हुन्। आफ्नो पसिना, आफ्नो रगत र आफ्नो सम्पूर्ण भौतिक र बौद्धिक अस्तित्वलाई साहित्य सेवामा चढाएर उनी आधुनिक युगका सचेत स्रष्टा, प्रभावशाली आलोचक र क्रान्तिकारी कलाकार भएका छन्। नेपाली भाषालाई अभिव्यञ्जनाको आधुनिक पोसाकले सिँगारेर, विचारको तार्किकताले गहकिलो बनाएर तथा गडगडाउँदो पहाडे नदीको वेगमय शैलीले सङ्गीतमय पारेर देवकोटाले आधुनिक गद्य र पद्यको फराकिलो राजपथ खनेका छन्।''

महाकवि देवकोटा प्रकृतिवादी कविका रूपमा परिचित छन्। उनी शान्तिकामी, विश्वबन्धुत्वका हिमायती र मानवतावादी स्रष्टाका रूपमा स्वीकारिन्छन्। त्यसैले भनिन्छ, कुनै पनि चिन्तन, वाद वा दर्शनका खासै सीमारेखाभित्र राखेर उनलाई जोख्नु भनेको उनीप्रतिको इमानदारी नहुनु हो। हो, उनी लेखनकलाका बहुआयमिक जादूगर नै थिए। उनको लेखनको यथार्थ मूल्याङ्कन हुने सकेको पनि छैन। ती विराट् प्रतिभालाई सानोतिनो तुलोमा तौलिन पनि सकिन्न। हुन त कसीमा घोट्ने क्रममा कतिपय लेखकहरूले उनलाई साङ्ख्य दर्शनसँग नजिक भएको पनि माने। यसै प्रसङ्गमा नित्यराज पाण्डेले भनेका छन्, ''कविले साङ्ख्य शब्दको प्रयोग नगरे पनि कविको भाव यसमा छ भन्ने देखिन्छ। साङ्ख्य दर्शन महर्षिहरूले बनाएको दर्शनमध्ये एक विज्ञानवादी दर्शन हो। यस दर्शनको व्याख्यान र सिद्धान्त अरू दर्शनभन्दा नौलो भई अगाडि बढेकोले यसलाई श्रेष्ठ दर्शन मानिएको छ। यो दर्शन शान्तिको निमित्त अमोघ छ। देवकोटाको मुख्य लक्ष्य नै प्रकृतिको आडमा रहेर शान्तिवाद अपनाउनु हो। कविको हृदयमा शान्तिमार्ग अवलम्बन गर्न ज्यादै नै अकाट्य इच्छा हुनाले यस दर्शनको आधार रहन गएको हो र काव्यमा पनि यसैको छाप गौण रूपले परेको स्पष्ट छ।"

महाकवि देवकोटाले नेपाली भाषासाहित्यका प्रायः सम्पूर्ण क्षेत्रमा प्रवेश गरेर लेखे। उनले बालसाहित्यदेखि महाकाव्यसम्मका विधालाई सिरानमा राखेर लेखे। उनले महाकाव्य, खण्डकाव्य, गीत, निबन्ध, प्रबन्ध, उपन्यास, नाटक, कथा जति लेखे सबै रचनालाई उनले प्रायः चर्चित पनि बनाए। उनका यिनै विशेषतालाई जोडेर प्रा. राजेन्द्र सुवेदीले आफ्नो मनलाई जनसमक्ष खोले, ''देवकोटालाई वर्तमान समयको सापेक्षतामा हेर्दा सिङ्गो सगरमाथा बनाएर उभ्याएको छ।'' वास्तवमा उनको सिर्जनाको सम्पूर्णताले नै उनी पृथ्वीमा महारचनाकारका रूपमा स्थापित भए।

महाकवि देवकोटा नेपालमा नयाँ भाषा भित्र्याउन पनि रुचि राख्थे। त्यही क्रममा उनले २०१३ सालतिर एउटा कोश तयार गर्दै थिए। उनले त्यस भाषाको नाउँ "भोरल भाक्का" राखे। अनि त्यो उनको विश्वभाषा थियो। त्यसबारे उनले माधव घिमिरेलाई भनेका थिए "यो एउटा सानुतिनो महाभारतै हुन्छ।" यसबारे उनले गणेशकवि पं. श्यामदास वैष्णवलाई भनेका थिए "पूर्वीय भाषा र पश्चिमी भाषालाई पनि मैले जोड्नु छ।"

नेपाली भाषासाहित्यमा भानुभक्तपछि जनजिब्रोमा आउने नाउँ नै महाकवि देवकोटा हो। घटराज भट्टराईले भनेजस्तै ''एउटा युग नेपाली साहित्यको जो देवकोटासँगै उदाउँछ र देवकोटासँगै अस्ताउँछ।'' वास्तवमा नेपाली साहित्यमा देवकोटा त्यस्तै एउटा चमत्कारी युग हुन्। त्यसैले उनी नेपाली जनजनको ढुकढुकीमा बाँचेका छन्। उनी नेपाली भाषा र साहित्यका चिरञ्जीवी हुन्। उनको विषयमा उनैको शब्द र भावनाले नेपालीहरूले उनको अर्चना गरेका छन् "साहित्यमा सर्वश्रेष्ठ पुरुष त्यही हो, जो राष्ट्रको हृदयमा सबभन्दा तीव्र भएर बस्तछ।" वास्तवमा देवकोटा स्वयं नै एउटा चमत्कार थिए। खास गरेर नेपाली धरामा उनको जोडा कोही थिएनन्। त्यसैले उनलाई उनका गणेशकवि पं. श्यामदास वैष्णवले सधैं 'देवदूत' भनिरहे। ❒



प्रजातन्त्रको प्रमिथस हो– ऊ

–कलानिधि दाहाल

पूर्वी दिशाको प्रणयपताका
बोकी, फैली फरफर फर्फर !
ह्यूँचुली पग्ली झर्न सिपालु
चेतनाताका झरना झर्झर !
पश्चिम उड्ने प्वाँख सजाई
नाग्बेलीका घुम्तीहरूमा !
सजल सजेको मानवताको
बत्ती बलेको एक कलामा !
कल्पतरूझैँ कलरवधुनमा
कल्पनाका चञ्चु उघारी !
फैली शाखा शाश्वत युगका
भाका खोल्ने जलको झारी !
पोथ्रा सिञ्ची वागहरूमा
फक्री गुलाफी पत्र हजार !
प्रजातन्त्रको बत्ती बलेको
हेर्न उजेलो सब संसार !
आर्तहरूका आँचल पक्री
मलम लगाई हिँड्न तयार !
कलियुगको ऊ मानव बत्ती
नवभाकाको उच्च निधार !
टललल टल्क्यो झलल झल्क्यो
उद्‌बोधनको विद्युत् तार !
तरङ्गहरूमा तैरीतैरी
भवको खिच्दै भावुक सार !
सललल सङ्लो दिलको खोली
तनको छोप्यो तातो धार !
चेतनाताका ज्वार उफारी
सागर छल्क्यो छलछलछल् !
बालु किनारा भित्र उमार्‍यो
अक्षरहरूका बिरूवा कोमल !
बिरूवावयमा कतिकति फक्रे
रागसुवासी सुन्दर सार !
यमुना किनारा टुकुटुकु दौड्यो
प्रणयलताका पक्री धार !
शाहजाहँको सुन्दर खोपी
ज्वरशमनाको खोली द्वार !
यसजगमा ऊ तप्क्यो तपतप
शीत सजाई, बाजु बजाई !
गौरवगहमा लाई धाप
ताप बलेको अनलाग्निमा !
हिमचुलीको ऊ एक धरोहर
तपतप पग्ली थपथप अग्ली !
गगन छोई चुक्छ सरोहर
पग्ली पुग्दछ झोपडी चुम्न !
फैली सवेरै झिल्का छर्न
प्रमिथसको ऊ दिव्य मुटु हो !
एक्लै हिँड्दछ पीडा हर्न
अक्षर वनका कल्पतरूमा !
मानवताका शाखालाई
दिव्य दयाका लहर लताका !
धर्तीबाटै क्षितिज सजाई
किरणप्रभाका साथ ऊ ओर्ली !
तिरमिर तारा फैलिरहेछ
फैलिफैली जनका मनमा !
हिमचुलीजस्तै अग्लीरहेछ
अग्लीअग्ली भरना बन्दै !
इन्द्रेनीमा पग्लीरहेछ
प्रजातन्त्रको प्रमिथस हो ऊ !
अमरपताका फैलिरहेछ
भावहरूका दिलदिल भाका !
सिमसिम झरीझैँ तैरिरहेछ !

–ओखलढुङ्गा, बिगुटार
हाल : रातोपुल, काठमाडौं

'पागल'को परिमार्जन र महाकविप्रति मनपर्दी !

–रोचक घिमिरे

महाकवि देवकोटा आफ्नो लेखनलाई परिमार्जित गर्ने, परिष्कार गर्ने कुरामा सहमत हुँदैनथे। लक्ष्मी निबन्धसङ्ग्रहको 'श्रीगणेशायनमः' शीर्षक निबन्धमा उनी भन्छन्– "म कुनै शैलीका निम्ति लेख्तिन... मन जसरी डुल्यो जस्तो झुल्काझुल्की फेला पर्‍यो उस्तै लेखिदिन्छु। राम्रो बनाउने सचेत प्रयासले मनुष्यको कला बिग्रन्छ। ... म राम्रो बनाएर देखाउन चाहन्न, आएको कुरा आओस्। ... बनावटी कलाभन्दा प्राकृतिक कला रोचक हुन्छ।" देवकोटाका सहकर्मी समालोचक डा. ईश्वर बराल पनि देवकोटाबारे यसै भन्छन्– "लेखन गतिलाई बिथोलेर रचनालाई सिँगार्ने ध्याउन्नतिर ती कहिल्यै लागेनन्! तिनले केरमेर गरी आफ्ना रचनालाई सच्याएनन्..." ('हिमालचुली'को भूमिका)

महाकवि देवकोटाका रचना अध्ययन गर्दा उपर्युक्त कुराहरू सही सावित हुन्छन्। उनी आफ्ना रचनाहरूलाई कुँद्न, चिरिच्याट्ट पारेर सिँगार्नपट्टि लागेनन्। सिर्जनामा समाधिस्थ भएको बेला अन्तस्करणबाट प्रतिभाको अजस्र स्रोत जुनरूपमा प्रवाहित हुन्थ्यो त्यसैलाई कलमबाट आकार दिन्थे महाकवि तर आफ्नो अमर कविता 'पागल'लाई परिष्कृत पार्न भने महाकविले आफ्नो उपर्युक्त मान्यतालाई पन्छाएको देखिन्छ। 'पागल' कविता रचनाको पृष्ठभूमिबारे प्रत्यक्षदर्शी जनकलाल शर्माले 'महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना' शीर्षक पुस्तकमा विस्तृत चर्चा गरेका छन्। त्यो कविता लेखेको भोलिपल्ट बिहानै (२००९ साल जेठको अन्त्यतिर) जनकलाललाई बोलाएर सुनाए महाकविले। त्यसको एउटा पङ्क्तिमा लेखिएको थियो –

तिम्रा महापण्डित राहुल मेरा मूर्ख !

भारतीय विद्वान् महापण्डित राहुल साङ्कृत्यायनले देवकोटासम्बन्धी एउटा लेखमा देवकोटालाई राँचीको पागलखानामा पनि राखिएको थियो भनेर लेखेका थिए र त्यही झोकमा महापण्डित राहुलतर्फ सङ्केत गर्दै उनले त्यस कवितामा मूर्ख भनेका थिए। जनकलालको सुझावमा महाकवि त्यस पङ्क्तिबाट 'राहुल' हटाउन राजी भए अनि त्यो पङ्क्ति यस्तो बन्यो –

तिम्रा महापण्डित मेरा मूर्ख !

'पागल' कवितामा पहिलो संशोधन देवकोटाले त्यसरी गरे। पछि त्यो कविता 'प्रगति' द्वैमासिकको तेस्रो अङ्क (२०१० भाद्र – आश्विन) मा प्रकाशित भयो। यो कविताले नेपाली साहित्य क्षेत्रमा ठूलो हलचल नै ल्यायो र लोकप्रिय भयो। 'प्रगति'मा छापिएको तेस्रो वर्षमा देवकोटाले आफ्नै अध्यक्षतामा गठित काव्य प्रतिष्ठानद्वारा प्रकाशित 'इन्द्रेनी' को सातौँ अङ्क (२०१३ साल)मा 'पागल' कवितालाई अङ्ग्रेजी अनुवादसहित फेरि छापे। 'इन्द्रेनी' मा छापिएको 'पागल'मा देवकोटाले ठाउँ–ठाउँमा हेरफेर गरेका छन्। विभिन्न पुस्तकहरूमा 'पागल' कविताका दुई किसिमका पाठ छापिएका पाइन्छन्। एउटा पाठ 'प्रगति'बाट र अर्को पाठ 'इन्द्रेनी'बाट दिइएका हुन्छन्। महाकविले आफैँ परिष्कार गरी अङ्ग्रेजीमा समेत आफैँले अनुवाद गरी 'इन्द्रेनी'मा छपाएको 'पागल' कविता 'प्रगति'मा छापिएभन्दा परिमार्जित र सुन्दर बनेको छ। महाकविले रुचाएको त्यही पाठ नै सबै सङ्कलनहरूमा प्रकाशित हुनु उचित हुन्थ्यो तर त्यसो भएको छैन। 'प्रगति'मा प्रकाशित 'पागल'को पाठ डा. ईश्वर बरालको 'हिमालचुली' जनकलाल शर्माको 'महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना' आदिमा रहेका छन् भने साझा प्रकाशनको 'लक्ष्मी कविता सङ्ग्रह' 'साझा कविता' आदिमा 'इन्द्रेनी'का पाठ समावेश गरिएका छन् त्यसरी पाठ भेद भएका 'पागल' कविताका पङ्क्ति यस्ता छन् :–

'प्रगति'मा–
ती कोमलाकार चाँदनीमा
'इन्द्रेनी'मा–
ती कोमलाकार पाषाण चाँदनीमा
'प्रगति'मा–
जादूगर्नी मतिर हाँसेर, पत्रिएर, बास्निएर, उप्सिएर
बिँउझिएर, बदलिएर
यही अंश 'इन्द्रेनी'मा यस्तो छ–
जादूगर्नी मतिर हाँस्दा
पत्रिएर, नर्मिएर, झल्किएर, बल्किएर
'प्रगति'मा–
(क ं ख) वर्ग तिम्रो कः कखं ख
हरहमेशा चलिरहेछ

‘इन्द्रेनी’मा–
तिम्रो शुद्ध गणित सूत्र हरहमेशा चलिरहेको छ
‘प्रगति’मा–
तिम्रो एक केशमा ४५ वर्षको तुषाराको छिर्का परेको देखेर
म चालीस दिन रुँदा मलाई छँटाएको भने
‘इन्द्रेनी’मा त्यही अंशलाई यसरी तन्काइएको छ–
एक सुन्दरीका केशमा समयका तुषाराको
पहिला छिर्का परेको देखेर
म तीन दिन रुँदा
मेरो आत्मालाई बुद्धले छुँदा
मलाई छँटाएको भने
‘प्रगति’मा–
मलाई एक साथीले चिमटेर भने
‘रे बहुलट्ठी खै तिम्रो मासु अझ मरेको छैन’
‘इन्द्रेनी’मा–
एक साथीले बेस्सरी चिमटी दिए !
र भने ‘ए पागल तेरो मासु अझ मरेको छैन’
यस्ता कुरा भए सालसाल
पागल छु साथी ! यस्तै छ मेरो हाल !
‘प्रगति’मा–
रण्डीलाई लास भनेको छु
‘इन्द्रेनी’मा–
छिपेकी रण्डीलाई लास भनेको छु
‘प्रगति’मा–
महात्मालाई निन्दा गरेको छु
‘इन्द्रेनी’मा–
महात्मा भनाउँदाको निन्दा गरेको छु
‘प्रगति’मा–
तिम्रा महापण्डित मेरा मूर्ख
‘इन्द्रेनी’मा–
तिम्रा महापण्डित मेरा महा मूर्ख !
‘प्रगति’मा–
जालीलाई सफल देख्दछु साधुलाई विफल देख्दछु
‘इन्द्रेनी’मा यो अंशको ठाँउमा यति मात्र छ–
विफललाई सफल देख्दछु
‘प्रगति’मा–
जनअधिकारको डँडाल्नोको भाँच हेर !
हीराको नाममा बिकेका आजकलका फुटेका काँच हेर !
‘इन्द्रेनी’मा यति मात्र छ–
जनअधिकारको डँडाल्नोको भाँच हेर !
‘प्रगति’मा–
जब निमुखा दुनियाँ कालो जहर पिउँदछ
दुई कानले मेरा आँखा सामुन्ने अमृत भनेर
‘इन्द्रेनी’मा–
जब निमुखा दुनियाँ कालो जहर पिउँदछ
पिउँदछ कानले र अमृत भनी ठानेर
र मेरा आँखा अगाडि साथी !
‘प्रगति’मा–
जब बाघले मिर्ग खान आँटेको देख्छु साथी !
‘इन्द्रेनी’मा–
जब बाघले मिर्ग खान आँटेको देख्छु साथी !
या ठूलो माछाले सानो

‘इन्द्रेनी’को एसियाली लेखक सम्मेलनाङ्कमा अङ्ग्रेजी अनुवादसहित नेपाली कविताहरू छाप्ने सन्दर्भमा ‘पागल’ कविता अझ मोहक सशक्त र सुललित बनोस् भन्ने अभिप्रायले मूल रचनामा संशोधन गरिएको हुनुपर्छ। २०१३ साल पुस ९ गते दिल्लीमा हुन लागेको एसियाली लेखक सम्मेलनमा ‘इन्द्रेनी’को त्यो अङ्क लगिदै थियो। अतः त्यसमा आफ्ना र अरू कविहरूका पनि उत्कृष्ट र सुन्दर रचना प्रस्तुत गरौं भन्ने भावना देवकोटामा हुनु स्वाभाविक नै हो। यसरी ‘पागल’ कवितालाई चहकिलो पार्न महाकविले अलि बढी नै बौद्धिकता पछिसम्म पनि खर्चिएको देखिन्छ।

केही प्रकाशकहरूले महाकविको त्यो अमर रचना ‘पागल’को एउटा पङ्क्तिको एउटा शब्दलाई मनपर्दीसँग छापेर कविको भावनामाथि नै वितण्डा मच्चाइदिँदा भने कविताको वास्तविक सन्देश नै खज्मजिन पुगेको छ हेरौं उदाहरण–

पहिले ‘प्रगति’मा छापिएको पङ्क्ति यस्तो थियो–

रण्डीलाई लास भनेको छु

‘इन्द्रेनी’मा प्रकाशित गर्दा महाकविले त्यो पङ्क्तिलाई यस्तो बनाए–

छिपेकी रण्डीलाई लास भनेको छु !

‘पागल’ कविताको त्यही पङ्क्ति प्रकाशित गर्दा साझा प्रकाशनलगायतका प्रकाशकले ‘छिपेकी’का ठाँउमा ‘छिमेकी’ छापिदिए र त्यो पङ्क्ति यस्तो बन्यो–

छिमेकी रण्डीलाई लास भनेको छु !

महाकवि देवकोटाका बारे विशेष अध्ययन–अनुसन्धान गर्ने विद्वान्‌हरूद्वारा सम्पादित पुस्तकहरूमा नै यस्तो अनर्थ देखा पर्नु झन् अनौठो भएको छ। डा. चूडामणि बन्धुद्वारा सम्पादित र साझा प्रकाशनद्वारा प्रकाशित ‘लक्ष्मी कविता सङ्ग्रह’ बाट सुरु भएको यो अनर्थलाई अरू प्रकाशनहरूले पनि अहिलेसम्म पछ्याइरहेका छन्। प्रतिनिधि आधुनिक नेपाली कविताको सङ्कलन भनिएको नेपाल प्रज्ञा प्रतिष्ठानको परियोजनाअन्तर्गत हालै प्रकाशित ‘सगरमाथाको नृत्यमग्न आत्मा’ शीर्षक पुस्तकमा पनि त्यही अनर्थ दोहोरिएको छ। ‘छिपेकी’ र ‘छिमेकी’मा व्यापक अन्तर छ। महाकविले ‘छिपेकी रण्डी’ लेख्नुको तात्पर्य

बाहिर सच्चरित्र, सम्भ्रान्त, आदर्श, उच्चस्तरीय महिलाको मुकुण्डो भिर्ने तर भित्र-भित्र नपत्याउँदो तवरले अनैतिक वेश्या कर्ममा प्रवृत्त हुने महिलातर्फ सङ्केत गरेका हुन्। 'छिपेकी रण्डी'ले जुन गहिरो भाव र अर्थ दिन्छ 'छिमेकी रण्डी'ले त्यस्तो गहनता बोक्तैन। आफ्नो छिमेकमा बसेकी कुनै कथित रण्डीलाई सङ्केत गरेर महाकविले 'छिमेकी रण्डी' लेखेका थिएनन्। महाकवि आफैँले 'पागल' कवितालाई अङ्ग्रेजीमा अनुवाद गरेका छन् र सो अनुवाद मूल नेपालीसहित २०१३ सालको 'इन्द्रेनी' वर्ष १ अङ्क ७ मा छापिएको छ। त्यसमा 'पागल' कविताको त्यस पङ्क्तिको महाकविले गरेको अनुवाद मूलसहित यस्तो छ–

छिपेकी रण्डीलाई लास भनेको छु !

And the courtesans all corpses.

उनले रण्डीको सामान्य अर्थबोधक अङ्ग्रेजी शब्द Prostitute प्रयोग गरेनन्। 'छिपेकी रण्डी'का निम्ति उनले प्रयोग गरे Courtesan 'एन्कार्टा इङ्लिस वर्ल्ड डिक्सनरी माइक्रसफ्ट'मा त्यसको अर्थ यस्तो दिइएको छ–

cour.te.san [ka'wrtezen] noun

high-class prostitute, a prostitute or mistress, especially one associated with a rich, powerful, or upper-class man who provides her with luxuries and status

(cour.te.san (कोर्टिजन)–उच्चस्तरीय वेश्या, धनी मान्छेकी सोख सयलकी सामग्री र दर्जा दिएर राखिएकी रखौटी, भित्रेनी)

'एन्कार्टा इङ्लिस वर्ल्ड थिसेरस, माइक्रसफ्ट' मा दिइएको पर्याय–

Woman, courtesan, loose woman

Prostitute, fille de joie, fille de nuit, poule, cocotte, courtesan

उपर्युक्त उद्धरणबाट पनि स्पष्ट हुन्छ महाकविले छिमेकी रण्डी अथवा सामान्य रण्डीको अर्थमा यो शब्द प्रयोग गरेका थिएनन्। छिपेकी रण्डीलाई छिमेकी रण्डी बनाइदिँदा अनर्थ कतिसम्म भयो भने महाकविका केही गम्भीर अध्येताहरू उनको छिमेकमा त्यो बेला कुन महिला त्यस्ती थिइन् हँ ? भनेर जिज्ञासु बन्दै अनुसन्धान गर्न लागेका पनि देखिए। यसै पङ्क्तिकारसँग समेत कतिले यसबारे थाहा छ कि ? भनेर जिज्ञासा राखेका थिए। विश्व विद्यालय, विद्यालयका प्राध्यापक-शिक्षकहरू विद्यार्थीलाई 'पागल' कविता पढाउँदा 'छिमेकी रण्डी'कै रटान लगाइरहेका छन्। महाकविले कुन शब्द प्रयोग गरेका थिए, किन गरेका थिए त्यसबारे कसैलाई कुनै चासो छैन, गम्भीर अध्ययन छैन। हचुवा तालले पठनपाठन भइरहेको छ। अब अति भयो यो अनर्थलाई अविलम्ब सच्याउनु पर्दछ र महाकविको भावनामा चोट पुग्ने काममा विराम लाग्नु पर्दछ।

'पागल'मै गरिएजस्तो गल्ती प्रा. राजेन्द्र सुवेदीद्वारा सम्पादित 'स्रष्टा देवकोटा द्रष्टा परिवेशमा' नामक पुस्तकको 'तरुण तपसी प्रदक्षिणा' शीर्षक लेखमा पनि भेटिएको छ। त्यस लेखको अन्त्यमा महाकविले लेखेको एउटा शब्द गलत रूपमा छापिँदा अर्थको अनर्थ भएको छ। महाकविले लेखेका थिए:– "तर एज्रा पाउण्डको 'ए गर्ल' कविता समजीले वृक्षको नामले मात्र उद्धरण गरेर देखाउनु भएको मालूम हुन्छ। त्यो वृक्ष र यो वृक्षको शैलीमा आनका तान पाइन्छ। मैले यस उपर लामो व्याख्यान गर्नु अनावश्यक सम्झन्छु। सादृश्य यत्ति छ कि एउटाले लडकीमा रूख देख्छ, अर्कोले रूखमा तपस्वी।" यो अंशको अन्तिम पङ्क्ति 'स्रष्टा देवकोटा द्रष्टा परिवेशमा' पुस्तकमा यसरी छापिएको छ– 'सादृश्य यत्ति छ कि एउटाले लकडीमा रूख देख्दछ, अर्कोले रूखमा तपस्वी।' यसरी लडकीलाई लकडी गराइदिँदा देवकोटाको वास्तविक लेखनलाई विद्रूप, हास्यास्पद र अर्थहीन बनाइदिएको छ। 'तरुण तपसी प्रदक्षिणा' सर्वप्रथम 'रचना' द्वैमासिकको २०२४ साल असोज–कात्तिक पूर्णाङ्क १४मा छापिएको हो तर 'स्रष्टा देवकोटा द्रष्टा परिवेशमा'मा त्यस लेखको मात्र होइन त्यहाँ समावेश गरिएका महाकविका कुनै पनि रचनाको स्रोत खुलाइएको छैन। त्यसरी स्रोत नखुलाउँदा महाकविका ती रचनाहरूका प्रथम प्रारूप के कस्ता थिए, पहिले कहाँ छापिएका थिए भनेर बुझ्न अध्येतालाई कठिन हुन्छ। जिम्मेदार सम्पादक र प्रतिष्ठित प्रकाशन संस्थाबाट त्यस्तो अशिष्टता हुनुहुँदैनथ्यो।

'पागल' कविता र 'तरुण तपसी प्रदक्षिणा' छापिएका पुस्तकका पछिल्ला संस्करणहरूमा समेत यस्तै भद्रगोल चलिरहेकै छ। प्रकाशन संस्थाहरूले यस्तो अक्षम्य त्रुटि अब जारी नराखून्। पत्र-पत्रिकाहरूमा प्रकाशित महाकविका अथवा कुनै पनि स्रष्टाका रचनाहरूलाई सङ्कलन गरेर पुस्तकाकारमा ल्याउँदा सम्पादक सजग र गम्भीर भएर नलाग्ने हो भने माथि भनिएजस्तो गाईजात्रा भई नै रहन्छ। यिनै कुराहरूमा ध्यानाकर्षण गराउँदै महाकविका रचनामा मनपर्दी गरिने र ती महान् स्रष्टाको अनादर हुने काम आइन्दा कतैबाट, कसैबाट नगरियोस् भन्ने विनम्र आग्रह गर्दछु, अस्तु !

–२४ भाद्र २०६६

गहनापोखरी, टङ्गाल, काठमाडौँ

देवकोटाको अङ्ग्रेजी कक्षा

–डा. जनकलाल वैद्य

आजभन्दा छयालीस वर्ष जति पुरानो सम्झना हो यो। वि. सं. २०१२ आश्विन ८,२३, २७ र कात्तिक १७ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाले त्रिचन्द्र कलेजमा बी.ए. तृतीय वर्षको कक्षामा अङ्ग्रेजी साहित्यका क्लासिसिज्म र रोमान्टिसिज्य (CLASSICISM & ROMANTICISM) विषय र तत् विषय धाराका कविता बारेमा पढाउनुभएको थियो। सो कक्षाको मेरो क्लास नोट कापी मसँग अद्यापि मौजुद छ। त्रिचन्द्र कलेज भवनको तेस्रो तलामा रहेको 'कैलास कोठा' भनिने १२ नं को कोठामा वी.ए. तृतीय वर्षको कक्षा हुन्थ्यो। सो लामो कोठा घण्टाघरको ठीक उत्तरतिर सँगै रहेको मूल सडकबाट टड्कारै देख्न सकिन्छ– trichandra college estd 1918 A.D. नामाङ्कित मार्बल स्ल्याब जडिएको। त्यसबखत् अङ्ग्रेजी साहित्य विषय सबै विद्यार्थीले पढ्नुपर्ने अनिवार्य विषय थियो। काठमाडौँ उपत्यकाभित्रका र उपत्यका बाहिरका ठाउँठाउँबाट उच्चशिक्षा पढ्ने विद्यार्थीहरू सबै त्रिचन्द्र कलेजमै भर्नाहुन्थे। महाकवि देवकोटाले लिने अङ्ग्रेजी साहित्य विषयको कक्षामा प्रायः सबका सब विद्यार्थीहरू करिब दुई सय जना उपस्थिति हुन्थे– रुजु हाजिर हुन्थे नै। कक्षा समयभर त्यो लामो कोठा भरिपूर्ण हुन्थ्यो।

महाकवि देवकोटा बाइस्कल चढेर त्रिचन्द्र कलेजमा पढाउन आउनुहुन्थ्यो। बाह्र नम्बरको कैलास कोठामा कक्षा लिन दुईदुईवटा बडेमाका काठका भऱ्याङ उक्लेर उहाँ ठीक समयमै (दोस्रो पिरियडको समय १०.४५ बजे) कक्षा कोठामा प्रवेश गर्नु हुन्थ्यो। हामी विद्यार्थी आदरपूर्वक उठेर उहाँलाई अभिवादन गर्थ्यौं। देवकोटा सर उभिएरै पढाउनुहुन्थ्यो।

कालो घुँग्रिएको माझ र पछाडितिर छाल तरङ्गझैं देखिने कपाल नै उहाँको शिरपोस श्रीशोभा थियो। सेतो सफा दौरा सुरुवाल, मोजा र पालिस लगाएर टल्काइएका जुत्तासहितको राष्ट्रिय पोसाकमा उहाँ आउनुहुन्थ्यो। सादा जीवन, उच्च विचारको भावना र आदर्श। उच्च स्वस्थ कल्पना, सिर्जनशील प्रतिभा र विद्वत्ताले धप्प जल्दाबल्दा सौम्य एवं भद्र व्यक्तित्वको चहकमहकले त्यो लामो कक्षाकोठा नै उज्ज्वल भएको प्रतीत हुन्थ्यो मलाई।

हो, त्यसबेला उहाँ नेपाली राष्ट्रिय पहिरनमा सुशोभित हुनुहुन्थ्यो। जब उहाँ पढाउन प्रारम्भ गर्नु हुन्थ्यो, तब मलाई यस्तो लाग्थ्यो– उहाँको जिह्वामा विद्याकी देवी सरस्वती चिप्लेँटी खेल्न लाग्छिन्। श्रीकृष्ण भगवान्को विशाल मुखगह्वरभित्र ब्रह्माण्ड विश्वसंसार देखापरेझैं लाग्थ्यो मलाई। उहाँले त्यसक्षण बोलिरहनुभएको अङ्ग्रेजी भाषामा कृत्रिमता रत्तिभर पनि देखिन्नथ्यो। बरु अङ्ग्रेजी भाषाका अक्षरअक्षर, शब्दशब्द, वाक्यवाक्यका उच्चारण ध्वनि सुनिरहँदा मूल फुटेझैं उहाँको लेक्चर निर्बाधअविरल प्रवाहित भइरहेझैं लाग्छ। उहाँको लेक्चरद्वारा पाठ्य अङ्ग्रेजी रोमान्टिक कविका भावव्यञ्जना, कविताका भावार्थ, ध्वनि प्रवृत्ति, बिम्ब–प्रतिबिम्ब, चित्रपात्र, प्रकृति–प्रवृत्ति, घटना–स्थान आदिआदि सजीव भएर सामुन्ने उपस्थित हुनआएझैं लाग्थ्यो। उहाँको बोली मिठास, काव्यात्मक, ओजपूर्ण र माधुर्ययुक्त भएजस्तो लाग्थ्यो मलाई त्यसक्षण। उहाँको लेक्चरको गति त्यसो त ठीकैको हुन्थ्यो, न छिटो, न ढिलो। उहाँको बोलीमा श्रोता विद्यार्थीहरूका आँखा, कान, मनमस्तिष्क सबैलाई मन्त्रमुग्ध पारी एक साथै लठ्याइराख्ने जादु मोहनी हुन्थ्यो जस्तो मलाई अनुभूत भयो। सुनिरहौँ जस्तो लाग्ने। उहाँले आफ्नो लेक्चरमा अभिव्यक्त गर्नुभएका तथ्य कुरा पाठ्य कुरा लिपिबद्ध गरेर सञ्चय गरिराख्नुपर्नेजस्ता थिए तर अचम्म ! उहाँको लेक्चर सुन्दै तथ्यपाठ्य कुरा टिप्न नसकिने, नभ्याइने हुन्थ्यो मरो लागि। उहाँले लेक्चरमा अभिव्यक्त गरेका पाठ्यतथ्य कुरा एक सुरमा टिप्दै, लेख्दै जाऔं भने उहाँले भनी रहँदा उहाँको मुखमुद्रामा झल्याकझुलुक देखिने ध्वनि उच्चारण र भाव चित्रका जादुमय दृश्य हेर्दा लाभ हुने र हार्दिक आनन्द अनुभूति पाउनबाट वञ्चित होइने ! त्यसबेलाका हामी विद्यार्थीहरूका साझा अनुभूति त्यस्तै हुन्थ्यो। कस्तो फसाद ! त्यति बेलाका हामी विद्यार्थीहरूमध्ये दुईजना सहपाठी साथीहरू कमलप्रकाश मल्ल (प्रा.डा.) र शिवभक्त राजभण्डारीले मात्र देवकोटा सरको लेक्चर टिपेको मलाई थाहा छ। म उहाँहरूसँगै सामुन्नेको मेचमा बस्ने हुँदा उहाँहरूको कापी देख्न सक्थेँ पढ्न सक्थेँ। कमलप्रकाश मल्ल चाहिँ देवकोटा सरले लेक्चर गरेको सुन्दै, बुझ्दै, रसास्वादन गर्दै मुस्कुराउँदै आफ्ना सुन्दर स्पष्ट हस्ताक्षरमा देवकोटा सरको लेक्चर टिप्न सक्थे तर शिवभक्त राजभण्डारी भने आफ्नो नोटकापीमा एकसुरमा खुरुखुरु टिप्थे–देवकोटा सरको आङ्गिक, वाचिक, सात्विक भाव अनुभाव सुद्ध।

महाकवि देवकोटाले नेपाली साहित्यलाई मुनामदन (खण्डकाव्य), शाकुन्तल (महाकाव्य–तीन महिना समयावधिमा लेखी सिध्याएका), सुलोचना (महाकाव्य–दस दिन भित्रमा रचना गरी सिध्याएका), स्वच्छन्दवादी मुक्तकहरू असङ्ख्य, लक्ष्मी निबन्ध सङ्ग्रहजस्ता बेजोड निबन्ध, कथा, नाटक इत्यादि विविध धारामा काव्य प्रवाहित गरेका थिए, सिञ्चन गरेका थिए। उर्वरा हरियाली छाएका गीत गुञ्जन गरी जिउँदो जाग्दो पारेका कृतित्व दिएका थिए। ❐

देवकोटा : विदेशी स्रष्टाको स्मृति प्रदेशमा

–प्रकाश सायमी

ऊर्दूका महाकवि गालिबले लेखेका छन् ,
थी खबर गर्म, कि गालिब के उडेंगे पुर्जे
देखने हम भी गए थे , प तमाशा न हुआ।

यस्तै तमाशा हेरे नेपालीले देवकोटाकालीन नेपालमा। देवकोटा अघिल्लो शदीका यस्तै एक मिथक बने। उनको जीवन, जगत् र कृतिले नेपाल र नेपालीलाई अत्यधिक प्रभाव पारेको छ। उनले कविता गीत, निबन्ध सारा विधामा आफ्नो उपस्थितिलाई सदैव तज्जन्य आकर्षण दिए। उनी सर्वत्र, सदैव एक सरल प्राणीका रूपमा देखिए।

अघिल्लो शताब्दीमा लेखिएको गालिबका ई मिसराले नयाँ शताब्दीका देवकोटाको जीवनको अन्तिम झलकलाई आकलन गरेको सत्यातीत हुन्छ। इतिहासको त्यो चरणमा तर दुवैले एकअर्कालाई भेट्ने संयोग मिलेन। गालिबले त देवकोटालाई देख्न पाएनन् तर देवकोटाको जीवनले गालिबकै जस्तो सङ्घर्षपूर्ण जीवन नै चयन गऱ्यो पछि। कैंयन् कथा र उदाहरण त मान्छेले गालिबबाट देवकोटाको जीवनमा पनि सारेका छन्, गालिबको दुनियाँ पनि देवकोटाको भन्दा पृथक थिएन।

गालिब र देवकोटाका समतुल्य पक्ष धेरै थिए, दुवै दयालु र हृदयशील प्राणी त थिए नै। गालिब आफूले कमाएको तलब लिएर कहिले घर आउँदैनथे भने देवकोटाको हातमा पनि सङ्क्रान्तिका दिन तलब हातमा हुन्नथ्यो। गालिब पनि राजशाहीका बेला पीडित कवि थिए जस्तो देवकोटा पनि त्यस्तै समयका प्रतीक बने। गालिबका बेला तत्कालीन शासक बहादुर शाह जफर पनि कवि थिए, देवकोटका समय पनि तत्कालीन शासक महेन्द्र कवि थिए।

गालिबले दुइओटा शासनपद्धतिलाई आफ्नै आँखाबाट देखे, ढल्दै गरेको मुगल साम्राज्य र ब्रिटिस शासन। देवकोटाले पनि ढल्न लागेको राणाशासन र त्यसपछिको राजशाही।

दुवै आ–आफ्नो भाषाका महाकवि थिए, गालिब उर्दूका र देवकोटा नेपालीका।

सन् १८५७ मा चर्चामा पुगेका गालिब र सन् १९५७ मा चर्चाको शिखरमा पुगेका देवकोटा दुवै आफ्ना समकालीनबाट पीडित थिए।

स्रष्टालाई चिन्ने दुई आधार स्पष्टतः हुन्छन्, कृतित्वको आधारमा र व्यक्तित्वको आधारमा। देवकोटाका कृतिबाट जति मान्छे प्रभावित भएको पाइन्छ त्यति नै मात्रामा उनको व्यक्तित्वबाट पनि बीसौँ शताब्दीका उच्चतम प्रतिभा प्रभावित भएको पाइन्छ।

बीसौँ शताब्दीका त्यस्ता दुई होनहार प्रतिभामा पूर्वीय कवि एवं दार्शनिक डा. हरिवंशराय बच्चन र पश्चिमिया ग्रन्थकार डम मोरे। यी दुवै विदेशी स्रष्टाले देवकोटालाई भेटेको क्षणको ईश्वरीय व्याख्या गरेका छन्।

भारत वर्षका प्रख्यात कवि एवं अद्वितीय आख्यानकार बच्चनले महाकवि देवकोटालाई भेटेपछि आफ्नो संस्मरणकृति 'बसेरे से दूर' को पृष्ठ १८२ मा लेखेका छन् ,

"......नेपालका जति पनि कविहरूको नाउँ मलाई अहिलेसम्म स्मरण छ, ती हुन् श्री बालकृष्ण सम, श्री देवकोटा, श्री घिमिरे, श्री केदारमान व्यथित र श्री भवानी भिक्षु। समजी नेपाली नाट्यकार र अभिनेता हुन्– उनले आफ्ना केही नाटकहरूका अंश अभिनेताका मुद्रामा सुनाए, जुन प्रभावकारी थियो। जुन कविसित म सबभन्दा बढी प्रभावित भएँ, उनी थिए श्री देवकोटा। ..."

नेपाल देशको इतिहासबाट अति प्रभावित मानिने डा. बच्चन नेपाल आएपछि नेपालको कला, कौशलबाट जति प्रभावित भए त्यसभन्दा बढी उनी देवकोटाको जीवनशैली र व्यक्तित्वबाट प्रभावित भए। हिन्दीका महाकवि सुमित्रानन्दन पन्तका प्रिय कवि बच्चन सन् १९६१ मा प्रथमपटक नेपाल भ्रमणमा आएका थिए, उनले देवकोटासितको पहिलो भेटलाई जीवनभर भुल्न सकेनन् र उनले सत्र वर्षपछि सो संस्मरणलाई आफ्नो कालजयी कृति बसेरे से दूरमा लिपिबद्ध गरे। विश्वकवि रवीन्द्र ठाकुर गिताञ्जलीका निम्ति जग–प्रसिद्ध भए भने मधुशालाका निम्ति हरिवंशराय बच्चनलाई त्यही सौभाग्य मिलेको छ। पद्मभूषणबाट सम्मानित डा. बच्चनले आफ्ना समकालीन छिमेकी लेखकलाई सम्मान दिएर अग्रपङ्क्तिमा यस्तो लेखेका छन्,

"..श्री देवकोटा–शरीरले हृष्टपुष्ट, कदले अग्ला,

उनका कविताको आधुनिकता यस्तो कि पश्चिमका आधुनिक कविताहरूसित जोरी खोज्ने, नेपालीमा उनको प्रयोग एकदम नयाँ, स्वरमा प्रखरता, आक्रोश, व्यङ्ग्य। राजनीतिमा पनि दख्खल राख्दथे। पछि गएर उनी कुनै विभागका मन्त्रीका रूपमा नेपाल शासनसित सम्बद्ध भए। उनी मज्जाले चुरोट पिउँथे– जस्तो नेपालमा उच्चवर्गीय पिउँछन्, उनको मुखमा टाँसिएको चुरोटको शृङ्खला टुट्दै–टुट्दैनथ्यो। जवानीमा उनलाई क्यान्सर भयो जुन असाध्य सिद्ध भयो, अनि पारिवारिक प्रथाअनुसार आफ्ना सारा आधुनिकताका बाबजूद सम्भवतः उनको सहमतिमै पशुपतिनाथ मन्दिरमा उनलाई राखियो जहाँ असमय उनको मृत्यु भयो।"

उमेरमा देवकोटाभन्दा दुई वर्ष जेठा बच्चनले क्याम्ब्रिज विश्वविद्यालयबाट पीएचडीको डिग्री लिएका थिए, उनी कविता वाचन गर्दै भारतमा आय बनाउने कवि मानिन्थे। दोस्रो विवाहपश्चात् अत्यन्त निर्धनको जीवन सुरु गरेका बच्चनलाई राज्यले उचित सम्मान र आकर्षण दिएका कारण उनी छिट्टै सम्पन्न भए। ठीक विपरीत अवस्था थियो हाम्रो देवकोटाको। देवकोटा पनि बच्चनजस्तै अङ्ग्रेजीका ज्ञाता थिए।

देवकोटा पनि बच्चनजस्तै कलेजमा अध्यापन गराउँथे।

बच्चनले नेपाल गमनका बेला देवकोटाका नेपाली र अङ्ग्रेजी भाषाका दुवै बोलीका कविता उनकै सान्निध्यमा बसेर काठमाण्डूमा सस्वर सुन्ने अवसर पाएका थिए। त्यही आधारमा उनले देवकोटाको कवि व्यक्तित्व, राजनीतिक जीवन र नवनिर्मित नेपाली जनस्थानमा उनको उपस्थितिको विद्रोहलाई रूपायित गरेका थिए।

भारत वर्षका तीनै कविपुरुष पन्त, निराला र दिनकरको एकरूपता देखिने देवकोटासित राहुल सांस्कृत्यानपछि कवि बच्चनको भेट एक स्मरणीय अध्याय मानिन्छ र उनले यस गरिमामय इतिहासलाई आफ्नो सर्वाधिक बिक्री भएको हिन्दी भाषाको आत्मकथामा सङ्गृहित गरे। यो नै उनको देवकोटाप्रतिको सम्मान र श्रद्धाञ्जलि मान्न सकिन्छ।

एकैभेटमा बच्चन जसरी देवकोटासित भाव प्रवणशील भए त्यसरी नै अन्तर्राष्ट्रिय जगत्का विख्यात लेखक डम मोरे अन्तिम पटक पशुपतिस्थित आर्यघाटमै साक्षात्करण गर्न पुगे। आफ्नो विमान प्रस्थानको समयतालिकामा बागमती किनार पुगेका मोरे देवकोटालाई अन्तिमबेला भेट्ने एक मात्र विदेशी लेखक मानिन्छन्।

मोरेले देवकोटासितको अन्तिम भेटबाट स्नेहास्पद भएर अङ्ग्रेजीमा एउटा लामो निबन्ध लेखेका छन् , 'गन अवे' शीर्षकमा। गन अवे, को प्रकाशनको तीस वर्षपछि मोरेले आफ्नो संस्मरणमा भावाच्छन्न भएर पुनः लेखेका छन्,

"....अब तीस वर्षपछि यस यात्राबाट उपलब्ध भएका सबै कुरा समाहित छन् गन अवे मा, जुन मेरो स्मृतिमा कोशाणु भएर बसेका थिए। साँच्चै नै भन्नुपर्दा मैले जीवनमा भेटेका दुई स्मरणीय मान्छेमध्ये देवकोटा र नेहरू अब बितिसके। ...'

देवकोटासितको भेटलाई अत्यन्त महत्त्वका साथ सम्झना गर्ने डम मोरेले आफनो पुस्तक नेभर एट होमको पहिलो अध्यायको पृष्ठ नौ मा यसरी लेखेका छन्,

" ... म मेरा अक्सफोर्ड मित्र, अन्धा लेखक वेद मेहतासित दिल्लीबाट त्यतिबेला काठमाण्डू गएको थिएँ। त्यहाँ मैले एक साता बिताएँ। जब हामी विमान तलको बाटो लाग्दै थियौं, अचानक एउटा सन्देश पायौं– नेपाली कवि, एल पी देवकोटा क्यान्सरका कारण अन्तिम अवस्थामा छन्। नेपाली रीतिथितिअनुसार उनलाई अस्पतालबाट निकालेर अग्निमय घाटमा पुऱ्याइएको थियो। ...'

यस अन्तिम भेटमा डम मोरेले देवकोटालाई आफ्ना कविता पनि सुनाएका थिए र त्यही आर्यघाटको सत्तलमा देवकोटाका कविता पनि आत्मलीन भएर सुनेका थिए। उनले आफ्नो संस्मरणमा देवकोटा पत्नीले थर्मसबाट बरफ झिक्दै देवकोटाको मुखमा हालिदिएको घटनालाई भावलीन भएर अन्तर्बोध गरेका छन्।

महाकविको व्यक्तित्वको प्रभाव र त्यो अन्तिम भेटको सम्झनाले मोरे महोदयलाई यति सतायो उनले विदेश गएर पनि बिर्सन सकेनन् र लेखे,

"......हामी कलकताका लागि सम्पूर्णतः मौनतामा उड्यौं र, भोलिपल्ट हामीलाई खबरकागजले जानकारी दियो– हामी छुटेको एकाध घन्टापश्चात् देवकोटा बिते। हामी त्यसदिन साह्रै दुःखी भएर मात्यौं। '

डम मोरेले यो पछिल्लो संस्मरण सन् १९९२ मा लेखेका हुन्। यसअगि सन् १९६१ मै उनले देवकोटासितको भेटमाथि कालजयी पुस्तक गन अवे लेखेर विश्वप्रसिद्धी कमाइसकेका थिए। लन्डन, हङकङ र न्युयोर्कमा रहेर विविध पत्रिकाको सम्पादन गरिसकेका मोरेको जन्म सन् १९३८ मा भएको थियो। उनले गन अवे मा देवकोटालाई भेट्दाको घटनालाई कविको मृत्यु शीर्षकीय लेख यसरी उठाएका छन्,

"....शय्यामा हाम्रो अघि एउटा मानिस देब्रेपटि कोल्टो परेर मैला सेतो च्यादरमा बेरिएर लडिरहेको थियो र उसको शिरको माथिल्लो भाग मात्र देखिन्थ्यो। शोकको सूचनामा सारीको छेउ शिरमा ओढेकी एउटी महिला उनको नजिकमा झिँगा पङ्खाले हम्केर टुस्सुक्क भुइँमा

बसेकी थिई। सुस्तरी गुप्ताले सोधे, 'देवकोटा साहब ? ' ती महिलाले मुखण्डलबाट तन्ना हटाइदिइन्।

हामीले जुन अनुहार देख्यौँ त्यो एउटा मखुण्डोजस्तो थियो जसको माथितिरबाट सुख्खा काला बाक्ला केश लर्केका थिए। केशमन्तिर एक सुन्दर निधार थियो र ठूल्ठूला आँखाहरू जुन हामीलाई हेर्न अहिले अलिकति उघ्रे। आँखादेखि तलको अनुहार पूरा धस्केर गएको, गालाहरू ध्वान्द्राजस्ता, ओठ चाउरिएर हराएको , कुनै बूढो मानिसको जस्तो तर मैले च्यादरभित्रबाट डन्डीजस्ता, बालुवा रङका पाखुराबाट दुइटा लामा-लामा हात बिस्तारसँग निस्के र नमस्कार गरे। ..''

यसपछिको एकेक दृश्यलाई मोरे महोदयले विश्वसमाज सामु यसरी विस्तृति दिएका छन्, त्यो पढ्दा यस्तो लाग्छ, उनी नेपालका होइनन् विश्वका एक महान्

''कविको अन्तिमकालको दुखान्तको पीडा भोग्दैछन्। कविको मृत्युमा उनले देवकोटाका प्रशंसा गर्दै अन्तिम घडीमा देवकोटाका सामु भनेका केही वाक्य सुनेर तत्काल महाकविले स्पष्ट भनेका थिए:

''मेरा कविताहरू साह्रै भौतिकवादी थिए,.....ती साह्रै यस संसारका छन्....तर म तिनीहरूलाई त्याग्दिनँ। म यहाँ पशुपतिको मन्दिरमा छु, म मर्दैछु तर कहाँ कता अझै मेरो एक इन्च रहेको छ.... एक अणु रहिरहेको छ मेरो, जसले मलाई गइहाल्न दिइरहेको छैन। म गइहाल्न पाऊँ, मेरो प्रार्थना छ। यदि भगवान् पशुपतिनाथ आउने भए म खप्पर फोर्नु लाउने थिएँ। ...'

उनले हामीलाई फेरि हेरे, आफ्ना आँखाले केही भन्न चाहे , सकेनन् अनि थाकेर ती हल्लँदै बन्द भए, थाकेर फेरि खुले।

''तपाईं आफ्नो अघि त्यो मान्छेको लाश देख्नु हुँदैछ... जो अघि एक सय पचहत्तर पाउण्ड वजनको थियो, अहिले यो बाउन्न पाउन्डको मात्र छ... यो मुर्दा हो ...देवकोटाको अझै एक इन्च पाउन्डको मात्र छ ... एक अणु ...त्यो पनि मर्नेछ। यहाँ झुण्डिरहनु काम के, यो पीडामा यसरी ? .. मेरो लागि प्रार्थना गरिदेऊ प्रार्थना गरिदेऊ...... देवकोटाको लागि ... ऊ चाँडै मर्न पाओस्। ''

मृत्युको एकदिन अगिसम्म पनि वैश्व आग्नेयता... भन्दै पीडा पोख्दै मृत्युकै बारेमा एकचित्तले वार्ता गर्न नडराउने महाकविसित भेट्न गएका मोरेले आफूलाई लाने राजदूतावासका गुप्ता अनि आफूसँगै जाने वेद मेहताको पीडालाई पनि सो संस्मरणमा सार्वजनिकीकरण गरेका छन्। विश्वका धेरै लेखक कविसित सभासङ्गत गरेका मोरेले देवकोटाको अवस्थाको चित्रण गर्ने क्रममा दु:ख, पीडा र एकान्तिकताको त्यो पीडालाई आफैभित्र अनुभौतिकस्तरमा ग्रहण गरेका छन्। विश्वविख्यात फिल्मकार सत्यजित रे र देवकोटालाई सँगै भेटेका मोरेले देवकोटाको तुलनामा अरू स्रष्टाको जीवनले नछोएको र त्यतिबेलाको उनको नेपाल भ्रमण देवकोटालाई भेट्नुमा नै अर्थगामी भएको उनले सम्झेका छन्।

उनका कृतिबाट पहिल्यैदेखि परिचित मोरेलाई महाकवि देवकोटाले अन्तिमपटक स्वजन सम्झेर पीडा यसरी बिसाएका छन्, कविको मृत्युको पाँचौँ पृष्ठबाट फेरि,

''मलाई कम्युनिस्ट भने तिनीहरूले म रुस गएँ भनेर ....म कवि मात्रै थिएँ। म नेपालका लेखकहरूमा सबैभन्दा अभागी कवि हुँ। ..''

अनि अचानक त्यो अनुहारले रून खोज्यो। ती हराएका ओठहरू बटारिए तर सुँकसुँकाउन सकेनन्। तिनीहरू मानवकर्मदेखि साह्रै दूर भइसकेका थिए। खाली आँसु झरे, तिनका आँखाबाट र झरेर गालाका गह्वरमा पोखरी जमिए। मैले तिनको हात समातेँ। .....

देवकोटा र मोरेको भेट एक महत्त्वपूर्ण एवं ऐतिहासिक भेट नै थियो कारण त्यसको केही पलापछि मोरे नेपाल छोड्दै थिए भने त्यसको भोलिपल्ट देवकोटा जगत् नै छोड्दै थिए। तर पहिलो बिदाई अस्थायी भए पनि पछिल्लो बिदाई निश्चितप्राय: र अवश्यम्भावी नै थियो। त्यसबारेमा मोरेले लेखेका छन् ,

'गुप्ताले मेरो कुम छोएर भन्यो , तिम्रो जहाज। अब ठीक्क समय मात्रै छ।

देवकोटासँग उसले भन्यो, यिनीहरूलाई जानै पर्छ। यिनीहरू आजै कलकता उड्दैछन्।

देवकोटाले सुस्तरी बोले , बस्नुहुन्न कि तपाईंहरू .....तपाईं दुई लेखकहरू .... म मरुन्जेल बसिदिनु हुन्न कि ?

अनि मैले भनेँ, असहाय भएर, 'हामीलाई जानैपर्छ।'

फेरि त्यो मुहार काँप्यो, रुन खोजेर। दुवै ओठ त्यसपछि सँगै हल्लिए। 'मेरो पथको निम्ति शुभाशिष दिनोस्।' देवकोटाले भने 'तपाईंहरूका लागि मेरो छ...। जानुहोस् त्यसो रहेछ भने ....'

डम मोरेले यो पहिलो भेटलाई नै यति घनिष्ठ र आत्मीय मानेका छन् उनी यस संस्मरणमा घरिघरि एक महान् स्रष्टासित छुटिन पर्दा रुएका छन्।

यहाँसम्म कि डम मोरेले त आफ्ना प्रिय आमाको तुलनामा पनि देवकोटालाई यसरी सम्झना गरेका छन् ,

She was painfully thin , thinner than Devkota had been , and her gray hair straggled from her bird frail skull.

देवकोटा विश्वका निम्ति यति प्रिय लेखक थिए जसलाई त्यतिबेलाको शासन व्यवस्था र जनसमाजले उचित सम्मान दिन सकेन तर उनी विदेशी स्रष्टाको नजरमा पनि सदैव प्रिय र अतिप्रिय रहे।

समकालिकताको गहिरो चेतनाभएका बच्चनले लेखेका छन् , 'देवकोटाका ठीक विपरीत थिए अन्य कविहरू।...'

ती थिए हाम्रा देवकोटा। विश्वले मानेका, बुझेका देवकोटा।

गोधुली संसार, सैँबु ८
ललितपुर

महाकवि : सहानुभूति होइन सम्मान पत्र

–प्रदीप नेपाल

सुनको दिन एक उदाउँछ रे
जल चञ्चल भैकन गाउँछ रे ...

भोजपुर जिल्लाको सदरमुकामसँग जोडिएको गाउँ पोखरेमा सरस्वती मिडिल स्कुल थियो उहिले हाम्रो बाल्यकालमा। अहिले पनि त्यो सरस्वती निम्न माध्यमिक विद्यालय भएर बाँचिरहेकै छ। त्यही स्कुलमा कक्षा तीन या चारतिर पढ्दा सबैभन्दा पहिले मैले 'सुनको दिन एक उदाउँछ रे' शीर्षकको यो बालगीत गाउने मौका पाएको थिएँ। त्यतिबेला नेपाली साहित्य पढाउने सरले लक्ष्मीप्रसाद देवकोटालाई महाकवि भन्नुभएको थियो थिएन सम्भन सकिन तर आफ्नो बालमनोविज्ञानमा रमाउने सुनको दिन एक उदाउँछ रे लेख्ने कविलाई मैले बालकवि चैं पक्कै सम्भिएको थिएँ।

भोजपुर बजारको दक्षिणमा अहिले पनि ठिङ्ग उभिइरहेको विद्योदय हाईस्कुलमा आएपछि मैले लक्ष्मीप्रसाद देवकोटालाई 'कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो,' भन्ने कविता लेखकका रूपमा चिन्ने मौका पाएँ। ऊ जमानामा त्यस्तो भौतिक चेतनाले भरिएको कविता लेख्ने कवि कत्ति आँटिलो होला भनेर म छक्क परेको थिएँ। भर्खरभर्खर मुलुकी ऐन आएको हुनाले दलित जातिले मन्दिर प्रवेश गर्ने आन्दोलन चलेको थियो त्यतिबेला हाम्रो जिल्लामा पनि। ब्राह्मणहरूले जनै हलोको अनौमा बेरेर गोरु जोतेर विद्यमान सामाजिक विकृतिका विरुद्ध युद्धघोष गरेको समय थियो त्यो। त्यसैले 'जाउ समाउ आर्तहरूको चहऱ्याइरहेको घाउ' भन्ने कविता हाम्रा दाजुहरू सँगसँगै हामीसम्म पनि आएको थियो विद्रोह बोकेर।

काठमाडौँ आएपछि मैले लक्ष्मीप्रसाद देवकोटालाई महाकवि भनेर चिनें र मलाई सबैभन्दा बढी मनपरेको 'पागल' कविता पनि पढें। लक्ष्मी निबन्ध सङ्ग्रहचाहिँ मैले सबैभन्दा पुछारमै पढेको हुँ उतिबेला पनि। समयक्रममा मैले लक्ष्मीप्रसाद देवकोटाको पशुपति आर्यघाटमा लेखिएको अन्तिम र एउटा कविता 'आखिर श्रीकृष्ण रहेछ एक' भन्ने कविता पनि मैले पढें।

स्वर्गीय लक्ष्मीप्रसाद देवकोटा अहिलेसम्म भौतिक शरीर धारण गरेर बाँचिरहेका भए १०० वर्ष पूरा गर्थे। उनको भौतिक शरीर खरानी भयो आधा शताब्दी अघि नै। र पनि मलाई उनको नाम अगाडि शतायु लेख्न मन लागेको छ किनभने नेपाली गद्य र पद्य साहित्यमा अहिलेसम्म हामी सबैका अगुवा भएर लक्ष्मीप्रसाद देवकोटा बाँचिरहेका छन् र बाँचिरहने छन्, नेपाली साहित्यको इतिहास रहेसम्म।

महाकवि देवकोटाको आस्था धेरैले खोजेका छन् अँध्यारोमा हात्ती छामेर। महाकविको लेखनलाई आजको आँखाले होइन, सत्तरी वर्ष पुरानो नेपाली चेतनाको धरातलमा उभिएर हेर्न सक्नु र सिक्नु पर्छ। महाकविले रुसी समाजवादको प्रशंसा गरेका छन् र गरेका छन् चिनियाँ क्रान्तिको मुक्तकण्ठले प्रशंसा। यी प्रसङ्गसँगै तासकन्दको गोष्ठीमा लक्ष्मीप्रसाद देवकोटाको उपस्थितिले अन्तर्राष्ट्रिय चेतनाका आधारमा हाम्रा महाकविलाई प्रस्टैसँग साम्राज्यवाद विरोधी खेमामा उभ्याएको छ। जहाँसम्म नेपालभित्रको सन्दर्भ हो त्यसमा पनि महाकवि देवकोटा आफ्नो समयको शीर्षस्थ अग्रगामी सोच भएका साहित्यकारका रूपमा चिनिन्छन्। महाकविका अधिकांश पात्रहरू नेपालको समाजसँग जोडिएका छन्। नेपाली संस्कृतिसँग जोडिएका छन्। मुनामदन र कुञ्जिनीजस्ता काव्यहरू सयौँ वर्षसम्म नेपाली सभ्यता र संस्कृतिका संवाहक भएर रहिरहने छन् किनभने ती हाम्रै माटोको पसिनामा बाँचिरहेका छन् र बाँचिरहने छन्।

लक्ष्मीप्रसाद देवकोटाको साहित्यसँग सधैं जोडिएर आउने पक्ष भएको छ– उनको गरिबी। आजभन्दा सत्तरी/असी वर्ष पहिले देवकोटा खाली कलमसँग मात्रै खेलेका थिएनन्। उनी आफैँ काठमाडौँमा घरबार भएको, प्रतिष्ठित मध्यमवर्गीय परिवारमा जन्मिएर हुर्किएको, उतिबेलाको हिसाबमा शिक्षित व्यक्तित्व, भिन्नभिन्न कालखण्डमा कुनै न कुनै जागिरमा लागेको, अल्पकालकै लागि भए पनि शिक्षामन्त्री भइसकेको र ट्युसन पढाउनबाट फुर्सद नभएको नेपालीलाई गरिबको चित्रण गर्नु भनेको नेपालको गरिबीलाई नचिन्नु नै हो। लक्ष्मीप्रसाद देवकोटाका सन्दर्भमा गरिबीको पाटोलाई चर्चा नगर्दा राम्रो हुन्छ भन्ने मलाई लाग्छ। गरिबीको धरातलमा महाकवि देवकोटालाई सहानुभूति दिनु राम्रो हुँदैन। महाकवि सहानुभूतिको पात्र होइन, सम्मानको पात्र हो। उनले नेपाली साहित्यमा दिएको योगदानका कारण मात्र उनी सम्मानका पात्र हुन्।

नेपाली साहित्यका महाकविका बारेमा जति लेख्ता पनि थोरै हुन्छ। भारतका महापण्डित राहुल सांकृत्यायनले एक्लो नेपाली साहित्यका देवकोटा हिन्दी साहित्यका पन्त, प्रसाद र निराला हुन् भनेर दिएको सम्मान नै लक्ष्मीप्रसाद देवकोटाको यथार्थ परिचय हो। महाकविका बारेमा मैले केही लेख्न खोजेको होइन, मैले नेपाली साहित्यका मणिरत्न लक्ष्मीप्रसाद देवकोटाप्रति थोरै शब्दको श्रद्धाञ्जली मात्र अर्पण गर्न खोजेको हुँ। ❐

घरका महाकवि परका विश्वकवि देवकोटा

–दधिराज सुवेदी

विराट प्रतिभा र कल्पनाका धनी महाकवि देवकोटाको विराटता र महानताका सम्बन्धमा धेरै विचारकहरूले आ–आफ्नै पाराले व्याख्या र विश्लेषण गरिएको भए पनि निम्न कुराहरूलाई अगाडि सारिएको छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा भगवान् बुद्धपछिका महान् चिन्तक हुन्। उनको प्रतिभा र कल्पनाको उच्च मूल्याङ्कन गर्दै नेपालीहरूले महाकविको रूपमा स्थापित गरेका छन् भने विदेशी विद्वान्हरूले विश्वकविका रूपमा स्वीकारेका छन्। यिनै सन्दर्भहरूलाई यस टिपोटभित्र अटाउने प्रयत्न भएको छ।

महाकवि देवकोटा नेपाली लोकछन्दमा आधारित मुनामदन (१९९२), शिल्प भावका दृष्टिले उत्कृष्ट शाकुन्तल महाकाव्य (२००२) र नेपाली निबन्ध संसारको सर्वश्व मानिएको लक्ष्मी निबन्धसङ्ग्रह (२००२) प्रकाशनमा आएपछि नेपाली साहित्यका शिखर पुरुष सावित भए। अशिक्षा, अभाव, गरिबी र शून्य वातावरणको सामना गर्दै प्रतिभा र कल्पनाका भरमा नेपालीका मूल्याङ्कनमा महाकवि र विदेशीका मूल्याङ्कनमा विश्वकवि कहलिनु चानचुने कुरा होइन। मलाई लाग्छ– हामीले मानेका महाकविभन्दा विश्वले मानेका विश्वकवि देवकोटा महान् छन्। उनको महानतामा नेपाली वाङ्मयको शिर सगरमाथाभन्दा उँचो भएको अनुभव गरिएको छ। त्यसैले म फेरि दोहोर्‍याउँछु – देवकोटा बुद्धपछिका महान् चिन्तक हुन्। उनको चिन्तनले नेपाललाई विश्वमा परिचित तुल्याएको छ।

महाकवि देवकोटाको भौतिक शरीर चीन नजाँदै उनको कल्पना र प्रतिभा शक्तिले काठमाडौँ उपत्यका, हिमाली प्रदेश र तिब्बतको राजधानी ल्हासाभित्रको सामाजिक, सांस्कृतिक र भौगोलिक वातावरणलाई एकाकार तुल्याउँदै 'मुनामदन' सिर्जना गरेर मानव अस्मिताको रक्षा गरे। ब्राह्मणले निधारमा लगाएको पवित्र चन्दनभन्दा जाडोको डरले कहिल्यै ननुहाउने भोटेको शुद्ध मानव हृदय चोखो र पवित्र ठहर्छ भन्ने जीवन दर्शन दिए। 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्न सिकाए। त्यसपछि असल कर्म गर्ने मानिसको पूजा हुनथाल्यो। चिनियाँहरूले पनि तिब्बतको राजधानी ल्हासामा देवकोटाको भव्य प्रतिमा स्थापना गरी पूजा गर्न थाले। विशाल चीनका साहित्यकारले देवकोटालाई विश्वकविका रूपमा भित्र्याए। महान् विचारक माओत्सेतुङले देवकोटा चीन गएको बेला उनको प्रतिभाको उच्च मूल्याङ्कन गर्दै चिनियाँ रेडियोद्वारा देवकोटाका विचारहरू प्रत्यक्ष प्रसारण गर्न एक घण्टाको समय उपलब्ध गराएका थिए।

बालकृष्ण समले 'देउता मानिस हो, मानिस देउता हो, त्यसैले म पनि देउता हुँ' भनेका थिए। उनले यसो भन्नु पनि देवकोटाकै मुनामदन पढेर सिकेका हुन्। पूर्वीय दर्शन र पाश्चात्य दर्शनको व्यापक अध्ययनपछि लेखिएको देवकोटाको शाकुन्तल महाकाव्य नेपाली जातिको गौरव गाथा हो। यसले देवकोटालाई त उठायो नै, हाम्रो वाङ्मय भण्डारलाई पनि उजिल्याएको छ। नेपाली भाषामा आजसम्म लेखिएका कुनै महाकाव्यले शाकुन्तललाई उछिन्न सकेका छैनन्। यसरी नै कल्पनाको उडान, चिन्तनको विशालता र विषयवस्तुको व्यापकताभित्र समेटिएको लक्ष्मी निबन्धसङ्ग्रहले देवकोटाको विराट प्रतिभालाई सार्वजनिक गरिदिएको छ। मुनामदन, शाकुन्तल र लक्ष्मी निबन्धसङ्ग्रह छुट्टाछुट्टैरूपमा सिङ्गो देवकोटा हुन्। यसरी चर्चा गर्दा देवकोटाका अरू कृतिहरूप्रति अन्याय गर्न खोजिएको होइन तापनि यी चर्चित तीन कृतिलाई देवकोटाका प्रतिनिधि ग्रन्थ सावित गर्न खोजिएको चैँ अवश्य हो। उनले यीबाहेक अरू कृति नलेखेका भए पनि उनी हाम्रा महाकवि र अरूका विश्वकवि ठहर्थे नै।

जुन समयमा दार्जीलिङमा सूधपा (सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान)को उदय

भएको थियो । त्यो समयमा देवकोटाको नेतृत्वमा नेपालबाट साहित्यकार टोली त्यहाँ पुग्यो । नेपालका चर्चित कवि देवकोटाको आगमन भनेर त्यसबेला बेलायतबाट आएका अङ्ग्रेजी भाषाका विद्वान्हरू पनि उपस्थित भए । कार्यक्रम सुरु भयो । देवकोटाको पालो आयो । सबैका कान ठाडा भए । उनले करिब एकै घण्टा बीचबीचमा कविता सुनाउँदै भाषण गरे । सबै स्रोताहरू मन्त्रमुग्ध बने । अङ्ग्रेजहरूले राम्ररी पत्याए बेलायती कविको तुलनामा देवकोटालाई राखे । राहुल साङ्कृत्यायनले भारतीय विशिष्ट कविहरू प्रसाद, पन्त, निराला एक्लै देवकोटा भएको ठहऱ्याए । उनी प्रथम पटकमै काठमाडौँबाट भारत हुँदै बेलायतसम्म विस्तारित भए ।

वि.सं. २०१६ सालमा रुसको तासकन्दमा अफ्रो एसियाली लेखक सम्मेलन भएको थियो । नेपाली साहित्यकारहरूको नेतृत्व गर्दै देवकोटा पनि गएका थिए । निर्धन, निर्वल, रुग्ण र लुम्रोभुम्रो देवकोटाको शारीरिक व्यक्तिलाई कसैले मन पराएनन् । जब उनको बोल्ने पालो आयो तब सबैका कान ठाडा भए अनि सबैले उनका विराट व्यक्तित्वको परिचय पाए । करिब एक घण्टा लामो धारा प्रवाह ओजपूर्ण र व्यक्तित्वशाली भाषण गरेर मञ्चबाट फर्केपछि उनीसँग सबैले गला मिलाए, धन्यवाद दिए । विश्व कविको मान्यता प्रदान गरे । कार्यक्रमको समाप्तिपछि कुनै रसियन सहयोगी मित्रका साथ उनका घरमा गएर दुई महिना उपचार गराउँदै बसे । लहडी देवकोटाले यो जानकारी कसैलाई दिएनन् । त्यहाँस्थित नेपाली राजदूतावासले पनि पत्ता लाउन सकेन । प्रतिनिधि मण्डलका सदस्य फर्केर आए । तत्कालीन एकेडेमीका उपकुलपति बालचन्द्र शर्माले अनुवादक देवकोटालाई दिँदै आएको मासिक तलब रु. ५००।– रोकिदिए । परिणाम स्वरूप देवकोटाका घरमा चुलो जलेन ।

दुई महिनापछि महाकवि देवकोटा असाध्य रोग क्यान्सरको भारी बोकेर स्वदेश फर्किए । तलब फुकुवाको लागि निवेदन हाले । निर्दयी हाकिमले त्यो निवेदनलाई प्राथमिकता नदिँदा अर्थात् तलब फुकुवा गर्ने निर्णयमा हस्ताक्षर नगर्दानगर्दै देवकोटा मरे । यस घटनालाई आधारभूमि बनाएर भाषाशास्त्री एवं प्राज्ञ बालकृष्ण पोखरेलले 'हस्ताक्षर हुन नपाउँदै' भन्ने पूर्णाङ्की नाटक लेखेर हामीलाई प्रकाशनको अवसर प्रदान गर्नुभएको थियो । सो कृति पूर्वाञ्चल साहित्य प्रतिष्ठानले लोकलाई अर्पण गरिसकेको छ ।

२०१४ सालमा विराटनगरमा डरलाग्दो भाषाकाण्ड भयो । मधेसी एवं तराइबासीहरूले नेपालको राष्ट्रभाषा हिन्दी हुनुपर्छ भनेर आन्दोलित भए । पहाडिया मूलका मानिसले राष्ट्रभाषा नेपालीका पक्षमा वकालत गरे । सिंगो तराई दुई खेमामा विभक्त भएर आन्दोलित भयो । पछि महाकवि देवकोटा शिक्षामन्त्री भएपछि भूसको आगो सल्केझैँ सल्केको यस भाषाकाण्डलाई – "यो नेपाल राष्ट्र हो, त्यसकारण यस देशको राष्ट्रभाषा नेपाली हो र अब उप्रान्त नेपालका सबै विद्यालयमा नेपाली भाषाको माध्यमले पठनपाठन हुनेछ" भन्ने घोषणा गरेपछि क्रमशः भाषाकाण्ड सेलायो र नेपाली भाषाले उच्च मर्यादा प्राप्त गर्न सफल भयो । महाकवि देवकोटा पनि नेपाली जनमानसका हृदयमा अझ आस्थापात्र बन्न पुगे ।

२०१६ सालमा नेपाली भाषा साहित्य र जनमानसका आस्था पुरुष देवकोटाको असामयिक निधन हुँदा नेपाल, नेपाली संसार, नेपाली वाङ्मय शोक विह्वल बन्न पुग्यो । उनको वियोगमा व्यथित धेरै नेपालीहरूले केश काटे, छाक छोडे र झोक्राए पनि । विराटनगरमा नेपालीहरू भेला भएर उनकै स्मृतिमा 'देवकोटा पुस्तकालय' स्थापना गरी त्यस ठाउँलाई 'देवकोटा चोक' नामकरण गरे । चोकको बीचमा देवकोटाको प्रतिमा स्थापना गरियो । आज पनि हामी लक्ष्मी पूजाको दिन भेला हुन्छौँ र सरस्वतीका प्रतीक मान्दै श्रद्धापूर्वक पूजा गर्छौं । वाङ्मयमूर्तिलाई श्रद्धापूर्वक ढोग्छौँ ।

दस/बाह्र वर्ष पहिले मोरङको उर्लाबारीमा नेपाली जनताको ठूलो जमघट भएको थियो । सो जमघटमा डा. तुलसी भट्टराई, डा. नरेन्द्र चापागाईं, डा. गोपालप्रसाद भण्डारी र यो पङ्क्तिकारसहितको समूहले एकसाथ देवकोटाको विशाल प्रतिमाको अनावरण गरेको थियो । मूर्तिकार विक्रमश्रीले देवकोटाको सबैभन्दा ठूलो कलात्मक मूर्ति निर्माण गर्ने अवसर प्रदान गरिएकोमा कृतज्ञता जाहेर गरेका थिए ।

देवकोटा सानो देशका ठूला मानिस मात्र होइन बुद्धपछिका ठूला चिन्तक पनि थिए । उनका कलमले नेपाली वाङ्मय सम्मृद्ध मात्र बनेन विश्वविख्यात पनि बन्न पुग्यो । उनीबाटै नेपाली सहित्यले मानवता पूजा गर्न सिक्यो । हामी पनि उनका महानता र विराटताको सम्मान गर्छौं, शतवार्षिकी मनाउँछौँ र श्रद्धापूर्वक आस्था पुरुषको स्थानमा सजाएर राख्छौँ । हाम्रा महाकवि एवं आस्था पुरुषलाई विदेशी विद्वान्ले विश्वकविका रूपमा स्वीकारी दिएकोमा गौरवको अनुभूति गर्दछौँ । ❐

कालजयी खण्डकाव्य : मुनामदन

–शिवप्रसाद भट्टराई

नेपाली काव्य साहित्यमा स्वच्छन्दतावादी भावधारालाई प्रवेश गराउने महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) को 'मुनामदन' खण्डकाव्यलाई सबैभन्दा बढी मन पराइएको कृतिको रूपमा लिने गरिन्छ। उनका 'लुनी', कुञ्जिनी, 'म्हेन्दु' आदि अन्य खण्डकाव्यहरू पनि उत्कृष्ट र पठनीय छन् तर पनि यी खण्डकाव्यहरूका तुलनामा नेपाली समसामयिक समाजको समग्र पक्षको स्वच्छ चित्रण एवं देश, काल र वातावरण सम्बद्ध यथार्थको प्रकटीकरण जति र जुन मात्रामा 'मुनामदन' मा पाइन्छ, त्यति उनका अन्य खण्डकाव्यमा पाउन सकिँदैन। त्यसैगरी 'शाकुन्तल', 'सुलोचना', 'प्रमिथस', 'पृथ्वीराज चौहान', 'महाराणा प्रताप' आदि उनका महाकाव्यहरूले पनि नेपाली काव्य साहित्यलाई निकै ऋणी तुल्याएका छन्। यी यथार्थका बीच पनि उनका प्रत्येक निबन्ध र त्यसभन्दा पनि बढी 'मुनामदन' खण्डकाव्यमा नै उनको कल्पनाशक्ति र साहित्यिक क्षमताको सर्वोत्कृष्ट परिचय पाउन सकिन्छ।

हुनसक्छ यिनै कारणहरूले गर्दा नै आफ्नो जीवनको अन्तिम समयमा स्वयं महाकवि देवकोटाले 'मुनामदन' बाहेक मेरा अन्य सारा कृति जलाइदिए हुन्छ भनेर आफ्ना अनेकौं उत्कृष्ट सिर्जनाहरूमध्ये 'मुनामदन'लाई बचाएर राख्न विशेष अनुरोध गरेको पाइन्छ। नेपाली साहित्यका अनुरागी पाठक र सर्वसाधारणले समेत यसलाई अत्यन्तै मन पराउनु र आजपर्यन्त पनि वर्षैपिच्छे सबैभन्दा बढी बिक्री हुने पुस्तकमा 'मुनामदन' नै पर्नसक्नुले पनि यो खण्डकाव्य स्वयंमा नेपाली खण्डकाव्य क्षेत्रकै अत्यन्त उत्कृष्ट र कालजयी खण्डकाव्य बन्नपुगेको छ।

'मुनामदन' खण्डकाव्यमा पोखिएको जीवन दर्शन, ईश्वरप्रतिका आस्था र विश्वास, मानव र उसका विविध स्वरूप, चरित्र र कार्य, घात–प्रतिघात, राष्ट्र र राष्ट्रियता, प्रकृतिप्रेम जातिप्रेम, मानव–धर्म, देशमै केही गर्ने जोश, जाँगर, आत्मविश्वास र हिम्मत भए पनि गरिबी, अभाव र पछौटेपनको कारण विदेश पस्न बाध्य र विवश हुनुपर्ने किसिमको युवाहरूको दारुण परिस्थिति, विकृति र विसङ्गतियुक्त मानव जीवनको चर्चा र चित्रण आदि 'मुनामदन' खण्डकाव्यमा राम्ररी अभिव्यक्त हुन पुगेको छ। यसरी यो खण्डकाव्यमा नेपाल र नेपाली जनजीवनको समग्रता छ र यसकै सापेक्षतामा जीवन–भोगाइका विविध उहापोहमाथि पनि राम्रो प्रकाश पारिएको छ। महाकवि देवकोटाको 'मुनामदन' खण्डकाव्यमा निम्न यथार्थहरू अभिव्यक्त हुन पुगेका पाइन्छः–

(क) जीवन–दर्शन

जीवन भनेकै कुनै पनि प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि हो भने जीवनबारे गरिएको चिन्तनयुक्त विचार नै जीवन–दर्शन हो। यसकै सापेक्षतामा जीवन र जगत्को रहस्यमय यथार्थलाई मानिसले राम्रोसँग बुझ्ने प्रयास गर्नुपर्छ। आफ्नो जीवन चर्चालाई पनि तदनुरूप ढाल्न सक्नुपर्छ। जीवनलाई हेर्ने र बुझ्ने मानिसको दृष्टिकोण जस्तो हुन्छ, जीवन पनि त्यस्तै हुन्छ। त्यसैले मानिस जीवनवादी हुनुपर्छ। सत्कर्मबाट नै मानिसले आफ्नो जन्म र जीवनलाई सार्थक तुल्याउन सक्छ। त्यसैले देवकोटाले आफ्नो 'मुनामदन' खण्डकाव्यमा प्राणीहरूमध्ये सर्वश्रेष्ठ र चेतनशील मानिएको मानिसलाई आफ्नो शरीरमा एक मुठी सास रहँदासम्म पृथ्वीमा सत्कर्म गर्न सल्लाह दिँदै लेखेका छन्:–

पृथिवीभित्र रोपेको बीउ स्वर्गमा फल्दछ,
दिएको जति पृथिवीभित्र माथि नै मिल्दछ।

वास्तवमा भन्ने हो भने आजको वैज्ञानिक भौतिकवादी प्रगति पनि गीता–दर्शनको यो शक्तिमा कुनै परिवर्तन ल्याउन सकेको छैन। यसले के प्रमाणित गर्दछ भने हाम्रो अध्यात्मवादी जीवन दर्शनको प्राचीनता आजको एक्काइसौं शताब्दीको समय–सन्दर्भमा पनि असङ्गदिग्ध रूपमा नै सिद्ध छ किनभने यो विविध सांस्कृतिक सूत्रहरूको अन्वेषणबाट नै जीवन–दर्शनका रूपमा उपयोग र उपभोग हुँदै खारिँदै गएको एउटा उत्कृष्ट पूर्वीय दर्शनको रूपमा विश्वमा नै परिभाषित हुनपुगेको देखिन्छ। 'मुनामदन'

को उपर्युक्त कवितामा पनि यही जीवन दर्शन परिभाषित भएको छ र यसले प्रत्येक मानिसलाई जीवनवादी र कर्मशील बन्न सल्लाह पनि दिएको छ।

(ख) ईश्वरप्रतिको आस्था

कसैकसैले महाकवि देवकोटालाई अनिश्वरवादी व्यक्तित्वको रूपमा पनि चर्चा गर्ने गरेको पाइन्छ। यस परिप्रेक्ष्यमा उनका समग्र कृतिहरूमा कहीँ कतै पनि उनी अनिश्वरवादीका रूपमा देखा पर्दैनन्। उनी ईश्वरवादी र आस्तिक नै देखापर्छन्। उनमा ईश्वरलाई हेर्ने, चिन्ने, बुझ्ने र मान्ने दृष्टिकोण मात्र फरक रहेको पाइन्छ। उपासना र साधनाको गहिराइलाई बुझेर मात्र मानिसले ईश्वरको पूजा–आराधना गर्नुपर्ने मान्यता उनले अगाडि सारेका छन्। ईश्वर भनेको के हो ? सत्य नै ईश्वर हो। सत्य जहाँ हुन्छ, ईश्वर त्यहीँ हुन्छ। त्यसैले ईश्वरलाई चिन्न देख्न र बुझ्न विश्वब्रह्माण्डलाई बुझ्नुपर्छ। यसलाई बुझ्न छालाका आँखा वा बाहिरी आँखा मात्र पर्याप्त हुँदैनन्। यसका लागि मानिसले आफ्नो भित्री आँखा वा ज्ञानका आँखा उघार्न सक्नुपर्छ भन्ने तथ्यमा उनका अनेकौं कृतिहरूले प्रकाश पारेका छन्। 'मुनामदन' खण्डकाव्यमा पनि उनको ईश्वरप्रतिको दृष्टिकोण अझ प्रखररूपमा अभिव्यक्त भएको छ। मुनाले विदेश गएका मदनलाई सम्झिँदै गरेको अवस्थामा 'मुनामदन' खण्डकाव्यमा पनि उनको ईश्वरप्रतिको आस्था यसरी अभिव्यक्त हुनपुगेको छः–

हे पशुपति ! हे गुह्येश्वरी !! प्याराको गाथमा,
नबनोस् धूलो, नबिझोस् काँडा, मङ्गल होस् साथमा।

त्यसैगरी मदन भोट (तिब्बत) बाट फर्किंदा हैजा लागेको समयमा उसका सबै साथीहरूले उनलाई एक्लै अनकण्टार वनमा छोडेर जाँदा मदनले ईश्वरलाई यसरी सम्झिएको छः–

ईश्वर ! ईश्वर !! तँ मात्र मेरो वनमा साथी छस्,
मानिसभित्र ढुङ्गाको दिल तैँ देख्ने माथि छस्।

यसरी 'मुनामदन' खण्डकाव्यका अन्य थुप्रै कवितांशमा पनि ईश्वरप्रतिको आस्था अभिव्यक्त हुन पुगेको छ। वास्तवमा जीवन भनेकै भक्ति, ज्ञान र कर्मको त्रिवेणी हो। विनाभक्ति ज्ञान प्राप्ति हुँदैन र भक्ति र ज्ञानविनाको कर्म सहीरूपमा अघि बढ्न सक्तैन। त्यसैले ईश्वरलाई बुझ्न र पाउनका लागि यही ज्ञानयोगको आवश्यकता रहन्छ। माथिको कवितांशमा प्रयोग भएको 'पशुपति' सम्पूर्ण प्राणीका देवता मानिन्छन्। चाँडै प्रसन्न हुने हुनाले यिनलाई 'आशुतोष' पनि भनिन्छ। गुह्येश्वरी यिनै पशुपति वा आशुतोषकी अर्धाङ्गिनीको एक अंश हो। यिनी आद्याशक्ति पनि हुन्। यो कवितांशमा अरू देवताहरूको संस्मरण नगरेर 'पशुपति' र 'गुह्येश्वरी' कै संस्मरण गर्नुको कारण महादेव देवताका पनि देवता अर्थात् देवाधिदेव हुन्। उनी मृत्युभन्दा पनि माथि छन् भन्ने ईश्वरप्रतिको गहिरो आस्थाबीच शिव र शिवा दुवै मूलशक्तिको संस्मरण गरिएको पाइन्छ।

मानव र उसका विविध स्वरूप

'मुनामदन' खण्डकाव्यका मुख्य पात्र मुना र मदन नै हुन्। यसभित्र मुनाकी सासू, मदनकी आमा, च्याङबा (भोटे), गुण्डा, नैनी आदि विविध पात्र पनि छन्। यी पात्रहरूमा समाजका विविध चरित्रहरूको यथार्थ चित्रण गरिएको छ। यस्ता चित्रणहरू सकारात्मक र नकारात्मक दुवै छन्। गुण्डा र नैनीजस्ता समाजका खराब पात्रहरूले घर–परिवारलाई भाँड्न के–कस्ता उपक्रम गर्नसमेत पछि पर्दैनन्। स्त्री–धर्म भनेको के हो ? ममता र करुणाकी प्रतिमूर्ति मानिएकी स्त्री जातिले बाटो बिराएमा समाजमा के–कस्ता विकृति र विसङ्गतिका विषवृक्षहरू झाङ्गिन पुग्छन् भन्ने सम्भावनालाई यो खण्डकाव्यमा पात्रहरूको चरित्रका माध्यमबाटै प्रकाश पार्ने जमर्को गरिएको छ। स्त्री जातिको सतित्व डगाउन उद्यत भएकी नैनीले मुनालाई विभिन्न किसिमका प्रलोभन दिँदा पनि स्त्री जातिको आदर्शलाई तिलाञ्जली नदिइकन आफ्नो आत्मपरिष्कार र बोधस्तरको के–कस्तो परिचय दिइन् भन्ने तथ्यमा 'मुनामदन' खण्डकाव्यका यी कविताहरूले मनग्गे प्रकाश पारेका छन्ः–

चन्द्रमालाई खसाल तिमी, हिमाल उचाल,
यो मेरो मन डगाउँ भनी नरच यो जाल।
गुलाफजस्तो फुलेको दिल कोपिला हुँदैन,
जो एकबाजी सुम्पियो बुझ्यौ त्यो आफ्नो हुँदैन।

अरूले दिएको लोभ र लालचमा परेर स्त्री जातिले आफ्ना मर्यादाहरूको अपहेलना गर्दै सीमा नाघेर उच्छृङ्खल व्यवहार र चरित्रतर्फ प्रवृत्त भए

भने तिनले आफ्नो जीवनलाई नरकमय तुल्याउनुका साथसाथै त्यो समाज विनाशको कारणसमेत बन्नसक्ने सम्भावनामाथि पनि 'मुनामदन' खण्डकाव्यमा प्रत्यक्ष/अप्रत्यक्षरूपमा गहकिला तर्कहरू प्रस्तुत भएका छन्। यसरी यो खण्डकाव्यमा मानव र उसका विविध स्वरूप, चरित्र र कार्य एवं घात–प्रतिघातका अनेकौँ कथाव्यथा पनि अभिव्यक्त भएको पाइन्छ।



राष्ट्र र राष्ट्रियता

नेपाल विभिन्न जातजाति, भाषाभाषी र सांस्कृतिक विविधताले भरिएको देश हो। यसबाट नै राष्ट्रको स्तर मापन गर्न सकिन्छ। राष्ट्र भनेकै विविध जातीय वा सांस्कृतिक विशिष्टता बोकेको जनसमुदाय बस्ने भू–भाग हो। प्रत्येक व्यक्तिको परिचय उसको राष्ट्रसँग नै गाँसिएको हुन्छ। नेपाल छ, त्यसैले नेपाली पनि छन्। नेपालमा बस्ने सबैको आ–आफ्नो थर, जात, पेसा भए पनि र ती नेपालका विविध स्थानमा बस्ने, भए पनि सबैलाई नेपालीकै रूपमा चिनिन्छ। प्रत्येक जातजातिको साझा फूलबारी नेपाल यही जातीय एकता र सांस्कृतिक विविधताका आदर्शहरूले सिँगारिएको विश्वकै अनुपम देश हो। यस किसिमले राष्ट्रप्रेम र त्यसमा आधारित राष्ट्रिय भावनाको उद्घोष पनि देवकोटाले 'मुनामदन' खण्डकाव्यमा यसरी गरेका छनः–

सभ्यता हाम्रो नेपाली राम्रो संस्कृति पवित्र,
लुकेका स्वर्ग समुच्चा जाति यसमा छन् विचित्र।
हिमाल हाँक्ने तेजस्वी जाति स्वभाव तपस्वी,
विश्वमा नेपाल विक्रम- तेजले हुनेछ यशस्वी।

मुनामदन' का विभिन्न स्थानमा राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, राष्ट्रप्रेम एवं राष्ट्रको उन्नति र प्रगतिका विविध किसिमका चेतना, चिन्तनका माध्यमबाट प्रत्येक मानिसले अर्को मानिसको, प्रत्येक जातिले अर्को जातिको हित चिन्तनमा अग्रसर हुनुपर्छ। सबै नेपाली एक भएर राष्ट्रिय एकताको जग बलियो बनाउनुपर्छ र अनेकतामा पनि एकताको बलियो स्तम्भ निर्माण गर्नुपर्छ। नेपाली जातिबीच यदि कहीँ–कतै सानातिना वैमनश्यभाव छन् भने पनि तिनलई भित्री हृदयदेखि नै फाल्न प्रत्येक नेपाली अग्रसर हुनुपर्छ भन्ने शिक्षा र सन्देश पनि 'मुनामदन' भित्रका विभिन्न कवितांशमा पाइन्छ।

प्रकृति प्रेम

महाकवि देवकोटा प्रकृतिप्रेमी कवि हुन्। प्रकृतिको सुन्दरता र यसभित्रको रहस्यको अत्यन्त सुन्दर वर्णन उनका प्रत्येक कृतिहरूमा पाइन्छ। 'मुनामदन' खण्डकाव्यमा उनले किटेर नै विश्वमा नेपालजस्तो प्राकृतिक सम्पदायुक्त धनी देश अन्यत्र कतै छैन भनेर उल्लेख गरेका छन्। नेपालका हिमाल, पहाड, अमृतरूपी पानी, झर्ना, सगरमाथा आदिको वर्णन पनि उनले यो खण्डकाव्यमा गरेका छन्।

कहीँ ता झर्ना नौ धारे बनी आदिम गानाले,
गुञ्जायमान शीतल पर्वत शीकर दानाले।
अमृत जल त्योभन्दा मीठो पृथ्वीमा पाइन्न,
प्रकृति कहीँ यत्तिको धनी शब्दले गाइन्न।
पर्वतराज पृथ्वीका ताज ओजस्वी हिमाल,
काँधमा स्वर्ग बोकेर हेर्थे, नीलिम नेपाल।
दिनले लिँदा पहिलो झुल्को सगरमाथामा
उषाले बाल्थिन्, लखबत्ती-चूल्ही सुनौला ज्वालामा।

प्रकृतिको अनुपम भण्डारको रूपमा रहेको नेपाल स्वर्गभन्दा पनि सुन्दर छ। यहाँको भू–बनोट र यसका आकृतिहरूले नेपालको गौरव, गरिमा, ऐश्वर्य र शोभा अभिवृद्धि गर्ने काम गरेको छ भन्ने भाव पनि मुनामदनमा अभिव्यक्त हुन पुगेको छ।

जाति प्रेम

जातिप्रेमको दृष्टिले हेर्दा पनि 'मुनामदन' खण्डकाव्यलाई एउटा अत्यन्त उत्कृष्ट खण्डकाव्यको रूपमा लिन सकिन्छ। भोटबाट फर्किंदा हैजाले आक्रान्त भएका मदनलाई आफ्ना सबै साथीहरूले छोडेर गएपछि अपरिचित च्याङ्बाले गरेको उसको स्याहार–सुसारमा जातीय प्रेमको जीवन्त परिचय पाउन सकिन्छ। आफूलाई च्याङ्बाले गरेको गुन र सहयोगको मूल्य चुकाउने उद्देश्यले भोटबाट आफूले कमाएर ल्याएको दुईवटा सुनको थैलीमध्ये एउटा थैली च्याङ्बालाई दिन खोज्दा उसले लिन अस्वीकार गरेको प्रसङ्ग र मदनले च्याङ्बालाई देवता समान मानेर उसलाई गरेको आदरको प्रसङ्गलाई जातिप्रेमको उत्कृष्ट उदाहरण मान्न सकिन्छ। च्याङ्बाको घरबाट बिदावारी हुने समयमा उसले मदनलाई भनेको र मदनले च्याङ्बालाई पोखेको अन्तर्हृदयदेखिको उद्गारलाई जातीय प्रेम, मानवता र मानवीय संस्कृतिको जीवन्त उदाहरण मान्न सकिन्छ। मदनले सुनको थैली दिन खोज्दा त्यो लिन नमानेको अवस्थामा 'केही त माग न' भनेर विशेष अनुरोध गर्दा पनि त्यसलाई अस्वीकार गर्दै भनेको कवितांशमा नेपाली जातीय संस्कार, संस्कृति, मूल्य–मान्यता र मानवतावादी आदर्शको जीवन्त परिचय पाउन सकिन्छ। देवकोटाले च्याङ्बाका माध्यमबाट अभिव्यक्त गरेका त्यो कवितांश यस प्रकार छः–

भोटेले भन्छ मौकाले पायो त्यो गुन लाउन,
गुनको सट्टा लिँदैन हामी सम्झेर जाउन।
आफैँले खन्छ, आफैँले खान्छ, सित्तैँमा छुँदैन,
क्या दिन्छ तिमीले, क्या दिन्छ मैले, मागेर लिँदैन।
च्याङ्बाको नाउँ सम्झेर जाउन घरमा सुनाऊ,
बूढीको आसिक यी केटाकेटीहरूमा पठाऊ।

यसरी माथिको कवितांशले नेपाली जाति स्वाभिमानी हुन्छन्, उनीहरू आफ्नै पौरख र पसिनामा विश्वास गर्छन्, यस किसिमको संस्कारलाई अक्षुण्ण राख्दै जातीय उच्चताको अन्धविश्वासलाई समाजबाट हटाएर जातीय एकतामा आधारित जातिप्रेमको माध्यमबाट नै समाजलाई अग्रगति प्रदान गर्न सकिन्छ भन्ने तथ्यमा देवकोटाले विशेष जोड दिएका छन्। यसैक्रममा वनमा बिरामी भएको अवस्थामा अलपत्र हुनपुगेको मदनले च्याङ्बालाई गरेको अनुरोध मदनलाई देखेर च्याङ्बामा उत्पन्न हुनपुगेको सहयोगी भावमा जातिप्रेमको जुन किसिमको उत्कृष्टता पाउन सकिन्छ, त्यसमा नेपालमा रहिआएको छूवाछूतका अवशेषहरूलाई जरैदेखि निर्मूल गर्नुपर्ने सन्देशसमेत समाहित छ।

मानिसको जात, धर्म र पेसा भनेकै मानवता हो। यही मानवतामा नै जातीय एकता अन्योन्याश्रित भएर रहेको हुन्छ। यसले नै समाजमा जातिगत भेदभावको अन्त्य गर्नसक्छ। जातिगत एकताले नै समाज र राष्ट्रलाई अग्रगति दिन सकिन्छ भने जातिगत सङ्कीर्णतामा आधारित विचार र व्यवहारले समाज र देशलाई नै खोक्रो बनाउन सक्ने प्रशस्त सम्भावना रहन्छ भन्ने तथ्यमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले च्याङ्बा र मदनका यी उक्तिहरूले पनि स्पष्ट्याएका छन्-

मेरो छ घर एक कोस पर तिमी त मर्दैन,
म बोकी लान्छ हुन्छ कि हुन्न फरक पर्दैन।

भोटेको पाउ समाई भन्छन् विचरा मदन,
ईश्वर मेरी हे भोटे दाइ ! क्या राम्रो वचन।
मलाई आज बचाइदेऊ ईश्वरले हेर्नेछ,
मानिसलाई मद्दत गर्ने स्वर्गमा पुग्नेछ।
क्षत्रीको छोरो यो पाउ हुन्छ घिनले छुँदैन,
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।

यसरी बौद्धिकता र मानवताका महनीय विचारहरू प्रस्तुत गरिएको 'मुनामदन' खण्डकाव्यमा मानिसका जन्म-मृत्यु, उत्थान-पतन, आकर्षक-विकर्षण, धनी-गरिब आदि विविध पक्षको यथार्थपरक, स्वाभाविक र विश्वसनीय वर्णन गरिएको छ। समाजका परिस्थिति र व्यक्तिका विविध प्रवृत्तिहरूलाई अत्यन्त सूक्ष्मरूपमा केलाएर देशप्रेम, जातिप्रेम र मानवतावादप्रति जनसचेतता अभिवृद्धि गर्दै प्रत्येक मानिसले व्यक्ति, समाज र राष्ट्रका प्रति दायित्वबोध र कर्तव्यबोधसहित अघिबढ्नुपर्ने आवश्यकतामा विशेष जोड दिइएको देवकोटाको 'मुनामदन' खण्डकाव्यलाई राष्ट्रिय चेतना जागृत गराउने अत्यन्त उत्कृष्ट अमर र कालजयी खण्डकाव्यका रूपमा नेपाली साहित्यमा लिइन्छ। ❐

महाकविप्रति

-राधा बाँस्कोटा

मनमा राखौँ तनमा राखौँ शिरमा सजाएँ
सुरमा तिम्रो मिलाई लय बाँसुरी बजाएँ।
उघारेँ आँखा मिलाई भाखा पाखामा नचाएँ
मृगका पाठा मयूर बुट्टे तिमीमै सजाएँ॥
जे लेख्छु ऐले अक्षर तिमी स्वरूप तिम्रै यो
टलक्क टल्की झलक्क झल्की मसामु उदायो।
ममात्र होइन सबैमा देख्छु स्वरूप तिम्रै त्यो
पूजाका थाली अक्षताभित्र तिमी नै सजेको॥
अँधेरी रात उघारी ढोका ढोकाकै छेउमा
आरती बल्यौ उजेलो पारी दिलले दिलमा।
मानवताका गाएर गीत संसार घुमेछौ
स्वतन्त्रताका पखेटाभित्र प्रकृति चुमेछौ॥
पातको प्रीति फुकाई फर्फर प्रेमको संसार
गाउँमा ल्यायौ, बस्तीमा ल्यायौ प्रेम भो संसार।
ठालुसिङ काँपे आलुसिङ काँपे सामन्त काँपेछन्
निरङ्कुश बाँच्ने शासक तिम्रै सामुमा काँपे झन्॥
चन्द्रमा छोई कसम खायौ चन्दकै सामुमा
झल्मल बत्ती चन्द्रको जस्तै बालेर धर्तीमा।
पूजारी तिमी हे प्रजातन्त्री ! प्रजाकै तन्त्रमा
जिन्दगी सारा समर्पण गर्‍यौ मानव मन्त्रमा॥
गरिब रोए हसायौ हाँस्ने सामन्त रूवायौ
अन्यायी माथि बज्रझैँ बज्री न्यायलाई हँसायौ।
पर्वाह केही गरेनौ आफ्नो आफूलाई रूवायौ
'रोएर आफू हँसाउने संसार' सन्देश सुनायौ॥
नसके पनि उचाइँ चुम्न उडान तिम्रो त्यो
मनको मैलो पखाल्न हेर्छु उडान तिम्रो त्यो।
असल तिम्रो सम्झेर मात्र रमाउँछ दिल यो
त्यो दिलभित्र यो दिल राखी अग्लन्छ माथि यो॥
मनमा राखौँ तनमा राखौँ शिरमा सजाएँ
सुरमा तिम्रो मिलाई लय बाँसुरी बजाएँ।
सबमा राखौँ सर्वाङ्ग तिम्रो दिलमा टसाएँ
उघाँर आँखा मिलाई भाखा गीतमा नचाएँ॥

'ज्योति–स्तम्भ' महाकवि देवकोटा

(पद्य–स्मृति)

–श्यामदास वैष्णव

'ज्योति–स्तम्भ' झैँ थिए उनी, उज्ज्वलता फैलाए– विचारले !
सुधारवादी ध्येय लिएर 'दक्ष' बने व्यवहारले !
"विचार घुस तेजिला, हृदयमा उज्यालो भर
अँधेर–निशिमा परेँ, किरण छाऊ हे सुन्दर !"
भन्दै, शिव–सुन्दर भावले–भित्री चेत उघारेर !
अथक परिश्रम कविले गरे–साहित्य–क्षेत्र सिँगारेर !
धनी थिए चेतनताका उनी, लागिपरेथे 'ज्ञान–युद्धमा'।
प्रभाव पर्न गएथ्यो सबतिर–शोषित, पीडित, प्रबुद्धमा।
अमर बनेथ्यो उनको चिन्तन, कहलिए– 'लक्ष्मीप्रसाद' भनी !
अपहेलित जीवनको उद्धार–गर्न ठहरिन गए– 'गुनी' !
पहाड, उपत्यका, तराई सबैतिर, 'कवि–नजर' पुगेको देखिन्छ।
सबै जात र वर्गहरूकन–कृतिले ब्यूँझाएको पाइन्छ।
पूर्वीय संस्कार भएका मान्छे, पश्चिमतिर पनि लागे हेर्न।
शिक्षा, दीक्षा, पठन–युक्त भई, लागे 'अशोभनीयता' फेर्न।
'झुलझुल कविता मूल फुटे' झैँ, उनको 'भाव–प्रवाह' फुटेथ्यो।
प्रतिभाबाट छुटी छहरा, हृदय हृदयमा– 'स्पर्श' गरेथ्यो।
उपत्यकाको गाथा उनले, छन्द झ्याउरेमा ब्यूँझाए।
'मुना–मदन' को रचेर काव्य, घर–घरलाई 'द्रवित' तुल्याए !
"ईश्वरको हाँसो पाएका फूल, छोएर नमार !"
भनेर उनले अर्कै नै नयाँ देखाए संसार !
पूर्वीय गौरव दर्शाउँदै– उनले रचेथे– 'शाकुन्तल' !
मीठो लाग्छ भनी गाथा– थिए उठाएका यो भूतल !
पश्चिमी जगत्तिर हेरी कविले– 'प्रमिथस' काव्य रचेथे।
पूर्व र पश्चिम दर्शनलाई– उनले 'निकै' मथेथे।
'ल्हुनी' र 'म्हेन्दु' सिर्जना गर्दै– शेर्पा र तामाङ वर्ग जगाए।
गुँथेर गाथा– 'कुञ्जिनी'को, 'राउतहरूको' हाल खुलाए
आस्तिक–नास्तिकको गन्थन– 'सुलोचनामा' हेर्न सकिन्छ।
बाहुन, राणा, क्षेत्रीहरूको गतिविधि जान्न र बुझ्न सकिन्छ।
गोसाइँ–स्थानको निर्झर गान सुनेर उनले लेखे काव्य।
उनको प्रतिभाले देखायो– 'सुन्दर प्रकृति' बनेको भव्य।
'स्वदेश गौरव' दर्शाउँदै– उनले चिनाए विविध स्थान।
'भरेर चेत' विशालताको, कविले गर्न खोजे उत्थान।
वीरहरूको गाथालाई 'लक्ष्मीले' जगाएको पाइन्छ।
वलिदानी, साहसीप्रति पनि कविले 'सम्मान' जताएको देखिन्छ।
बोले धर्म– 'कुन मन्दिरमा 'पूजा' गर्छौ– आऊ !'
मैले बोलेँ– "वीरहरू वलिदान भएको ठाउँ !"
यस्ता उत्सर्गी भावमा– 'सेवालाई' महत्त्व दिएर
विवेक र पसिना ठूलो ठानी उनी हिँडेथे– 'सत्य' भजेर !
'वन कुसुम' फुलेको देखाएर, रज–नायक त्यहाँ पुऱ्याएथे।
दन्त्य कथाको पारी भान, कविले काव्य उब्जाएथे।
विविध प्रकारका 'रचना' रच्दै–शिक्षणतिर पनि बढे उनी।
अदक्षलाई 'दक्ष' बनाई–उच्च गराउन भिडे उनी।
स्वतन्त्रताको महिमा सम्झी, 'चौहान' र 'राणा प्रताप' जगाए।
जस्तै आपत् आइपरे पनि, हिम्मत नहार्नुको 'होस' खुलाए।

'शाहजहाँको' बुझेर इच्छा, 'ताजमहलतिर' दिए ध्यान !
सहृदयताको व्यापकतामा, यिनका कृतिहरू भर्थे ज्यान !
रजपूतहरूको साहस सम्झी, 'नाटक' रचिएथ्यो रमणी !
अरावलीको सुन्दरतामा, 'झल्केथ्यो' 'जल दरबार' 'मणि'।
स्वदेश–सुधारक शिक्षासेवी, लेख्न तपस्वीतुल्य उनी,

यत्रतत्र सगाइ हिँड्थे– 'हित–चिन्तक' भई, बनी 'सगुनी'।
रोएको सारङ्गीमा देखे गायन गर्नेहरूको गीत।
पिछडेका वर्गहरूमा उनले दर्शाएथे– आफ्नो प्रीत।
"के गरूँ त यसै सुतुँ ? अँध्यारैमा ? भन्थे– हजुर !
हिमालमा जब 'धप्प' बल्दो देखिइन्थ्यो गजुर !"
पग्ले 'सृजनघन' भनेर उनले– इन्द्रेणीको रङ खुलाए !
यात्री बन्दै देश–विदेशको 'पुकार–पहाडी' पनि व्यक्ताए !
शिक्षा अनि साहित्य–क्षेत्रले उनको धेरै नाम चलायो।
'नेपाल नानीतुल्य छ' भन्दै 'लक्ष्मी निबन्धले' विश्व चिनायो !
'ज्ञान–ज्योति' फैलाउन खातिर, बन्न गए 'शिक्षा मन्त्री' उनी !
त्रिभुवन विश्वविद्यालयको साथै ठडियो 'प्रज्ञा निकाय' पनि !
'हिमवत्खण्डी'– आदर्शसाथ पश्चिमको गुणलाई उघारी।
भौतिक–आध्यात्मिकता दुवै–उग्राए उनले, खूब विचारी।
सुनको बिहान उदाउने कुरा– बालक रमाउन गरेथे उनले।
चरा र स्वर्गको मीठो गीत, उत्साह जगाउन कथेथे उनले।
अङ्ग्रेजी भाषामा भई प्रवीण, उनले त्यसमा पनि रचे कृति !
अङ्ग्रेजीका प्रख्यात सिर्जना अनुवाद गरेर– थपे द्युति !
नेपाल र नेपालीको गौरव, थियो 'रहर' बढाउने उनमा।
रूस र अन्यत्र पुगेर पनि–देखाए चमत्कार सम्मेलनमा।
'देश–सुधारक' उनी हुँदा, लागे–राजनीतितर्फ पनि।
'हैरानी' भोग्न पऱ्यो यसबाट, घेरिन आए–धुर्त वैगुनी।
धेरैले उनलाई 'ढाल' बनाए, चाहिने नचाहिने काम गराए।
छलकपट र स्वार्थी घेरामा– उनको 'यश' जति धमिल्याए !
'अभिशाप' हुन गयो गतिविधि सारा, यसबाट हुन गए 'डण्डित' पनि !
घायल पछीतुल्य बनेर– हुन गए बडो 'पीडित' उनी !
ईर्ष्या द्वेषले थाल्यो डस्न, देखाए 'दोष' सहयोगीले नै।
कुरा लगाई 'जाति' बन्ने– राखे इरादा उपयोगीले नै।
तब लाग्यो उनलाई क्यान्सर रोग, कुपथ परेको ठानियो।
सक्रिय हुन खोज्नेको 'आन्द्रा', भारततर्फ लगेर काटियो।
'नेपालीमै' स्वदेशभर पढाउने उनको 'आदर्श' थियो।
विषाक्त कारण बन्न गएर–यसबाटै क्लेश उब्जन गयो।
खेद मनाए साराले तब– कुटिल काम हुन गएकोमा !
'भौगोलिक त्रुटि भो' भने कसैले– 'गुणका वैरी' बढेकोमा !
आखिर–निभ्न नै गए उनी, मर्न नचाहँदा नचाहँदै पनि।
शिक्षक विद्यार्थीहरू झुमिए– 'अन्तिम दर्शन' गर्न भनी !
गरियो प्रार्थना पुगी चितामा– "देवदूत हे महान्" भनेर !
स्थानीय व्यक्तिहरू त्यहाँ झुके, गुम्यो उज्यालो भन्ठानेर !
श्रमिक थिए कवि उपकारी, हेर्न खोज्दथे 'तम' खारी !
कृतघ्नताको बनी शिकार, उल्टो 'दोषी' भई लाचार !
मुटुको धुकधुक बन्द भएको, आर्यघाटमा चिता जलेको !
देखे संवेदनशीलहरूले– 'सत्व मिटी' निर्द्वन्द्व भएको !
आज पचासौं वर्षपछि– कविको मनाउन लागिँदैछ 'शताब्दी' !
मरेपछि गुण देखिन थाल्यो, अवगत हुँदैछ उनको 'उपलब्धि' !
'गुणको अन्त्य हुँदोरहेनछ'– भन्ने देखिन थाल्यो अहिले !
भित्र घुसेको 'उज्ज्लताको'– सुकीर्ति फैलन थाल्यो अहिले !
ज्वालामुखी विस्फोट भएथ्यो कविलाई पागल ठानिँदा,
छैटौं इन्द्रीय बोलेथ्यो–रहस्य भित्री नजानिँदा।
परिपञ्ची स्वार्थ विरूद्धमा जागृति– 'अभियान' थाल्नेलाई,
ठान्दै–ईशा, गान्धीतुल्य– गरिदोरहेछ पछि हाई हाई !!
गीतामा झैं– सार कुरा जति ग्रहण गरौं अब हामी सबले !
'विकार' र 'विकृति' पन्छाएर– 'शुभ–चिन्तन' प्रबल गरौं सबले !
उपसंहार–
हानथापको खेलमा, पर्न गए कवि झेलमा।
'मालिकवादी' परिपञ्चीको फस्नगए– ठेलमठेलमा ! ❒

महाकवि : अमेरिका र वेद मेहता

–गोविन्द गिरी प्रेरणा

सन् २००२ को कुनै महिना वाशिङ्गटन डी.सी.को जर्ज टाउनमा अवस्थित वर्निस एण्ड नोवल पुस्तक गृहमा भारतीय अमेरिकी लेखक वेद मेहतासँग भेट गर्ने अवसर जुरेको थियो। उनको नव प्रकाशित पुस्तकको बजारका लागि पुस्तकाश पढ्ने सिलसिलामा। कार्यक्रम सकिएपछि मैले उनीसँग कुरा पनि गर्ने अवसर पाएँ। मैले आफ्नो नाम बताएर म नेपाली हुँ भन्ने बित्तिकै उनले मेरो हात समातेर भने– 'मैले नेपालको महाकवि देवकोटालाई भेटेको छु। उनको बारे पुस्तकमा लेखेको पनि छु। '

मैले झलक्क माइकल हटलाई सम्झेँ–सन् १९९२ मा म बेलायत भ्रमणमा जाँदा माइकल हटले उनको विश्वविद्यालयमा बोलाएका थिए। कुरै कुरामा महाकवि देवकोटाको प्रसङ्ग निस्कियो। अनि उनले भनेँ 'महाकवि देवकोटा मृत्यु शय्यामा छँदा डम मोरियस र वेद मेहताले भेटेका थिए। उनीहरूले आ–आफ्नो पुस्तकमा त्यस विषयमा लेखेका छन्। म त्यसको फोटोकपी तपाईंलाई दिन्छु।'

उनले ती अंशको फोटोकपी दिएका थिए। त्यो अझै काठमाडौँमा मसँग सुरक्षित छ।

तर पछि इमेलमा वेद मेहताले सोधे– 'वाकिङ द इण्डियन स्ट्रिट पढेको हो ?' पढेर केही प्रश्न छ भने सोध्न सकिन्छ।

मैले पुस्तक खोजेँ। सन् १९६१ मा प्रकाशित सो पुस्तक बजारमा सहज उपलब्ध नहुने रहेछ तर प्रयोग भइसकेका पुस्तकको बजारमा भने पाइयो र मगाएँ।

वास्तवमा वेद र डोमलाई काठमाडौँ पुऱ्याउने श्रेय भने हान सुइयानलाई दिनुपर्छ। उनले एकदिन भन्छिन् –

'मर्नुअघि एकपल्ट काठमाडौँ हेर्नैपर्छ।'

हानको यही भनाइले डोम र वेद काठमाडौँ जाने निर्णयमा पुगेका थिए।

डोमका पिता नेपालका 'ए' क्लासका राणा जर्नेलसँग परिचित थिए र उनकै आतिथ्यमा डोन र वेद काठमाडौँमा बस्ने प्रबन्ध हुने भयो।

उनीहरूको यात्रा तत्कालीन समयको विमान डकोटा अर्थात् डी.सी.३ मा दिल्लीबाट आग्रा र वनारस हुँदै भएको थियो।

काठमाडौँ बसाईको क्रममा एकदिन एक नेपाली कविको घरमा साहित्यिक जमघटको आयोजना गरिन्छ र कविता वाचन कार्यक्रम पनि हुन्छ। नेपाली र अङ्ग्रेजीमा कविता वाचन हुन्छ।

त्यहाँ महाकवि लक्ष्मीप्रसाद देवकोटाको चर्चा हुन्छ। एक जनाले भन्छन्– उनले जति नेपाली साहित्यको इतिहासमा कसैले योगदान गरेका छैनन्। उनी महान् प्रतिभा हुन्। उनी यो मुलुकका गहना हुन्। उनले गर्दा नै हामी प्रख्यात भयौँ। आदि, इत्यादि।

त्यस जमघटमा देवकोटाको उपस्थिति अनुभव हुन्छ। अनि वेदले सोध्छन्– 'उहाँ कतिबेला आउनुहुन्छ ?'

प्रत्युत्तरमा वेदले सुन्छन्–ओहो ! तपाईंलाई थाहा छैन ? उहाँ त पशुपतिनाथमा मृत्यु शय्यामा हुनुहुन्छ ?

जर्नेलले डोम र वेदलाई घुमाउन खटाएका राजकुमारले उनीहरूलाई पशुपति आर्यघाट पुऱ्याउँछन् जहाँ देवकोटा क्यान्सरको पीडाले अखण्ड पीडामा हुन्छन्। देवकोटा उनीहरूलाई भेटाउन लगेकोमा राजकुमारलाई धन्यवाद दिन्छन्।

वेदको कथन अनुसार देवकोटाले भने– ''मृत्युको सन्दर्भमा हामी हिन्दूहरूभन्दा क्रिश्चियनहरूको ठीक छ। उनीहरू सङ्गीत बजाउँछन् र स्वर्गबाट दूतहरू पठाइएको विषयमा बताइन्छ र पादरीले नम्र शब्दमा स्वर्ग जाने विषयमा बताउँछन् तर हाम्रो पशुपतिले कुनै शान्ति दिँदैन। मेरो हृदय धाँजाधाँजा परिरहेछ। ''

'म दुई सय पाउण्डको थिएँ अहिले ९० पाउण्डको भएको छु। तपाईंहरूले जे देखिरहनुभएको छ, यो त अस्थिपञ्जर मात्रै हो। क्यान्सरले मलाई जलाइरहेछ। कुनै नर्क र अग्नि पनि त्यति खराब हुँदैन जति यो छ। मलाई तपाईंहरू आशीर्वाद दिनहोस्, यौटा मर्न लागेको मानिसलाई आशीर्वाद दिनुहोस् !' देवकोटाले उनीहरूलाई भने।

यसबीच उनलाई बरफले सेकिँदै थियो र देकोटाले भने "यसले अलिकति राहत हुन्छ। यो क्यान्सर जतिको पीडादायी दुनियाँमा अरू केही छैन।"

महाकवि देवकोटाले भनेका छन्– म कवितामै कुरा गर्न सक्छु। साँच्चै उनी साहित्यकै लागि पैदा भएका थिए र क्यान्सरले अग्नि दहन गरिरहँदा पनि उनको नेपाली साहित्यप्रति नै चिन्तन जारी थियो।

महाकवि आफूले अनुवाद गरेको सङ्कलन कस्तो छ त्यो जान्न उत्सुक हुन्छन् मृत्यु शय्यामा पनि। त्यो इन्द्रेनी पत्रिकाको अफ्रो एसियाली अङ्क थियो, कविताङ्क जसमा नेपाली र अङग्रेजी दुवै भाषामा कविताहरू प्रकाशित थिए र धेरैजसो अनुवाद महाकवि देवकोटाको थियो। त्यसमा अनूदित कतिपय कविताहरू निबन्धकार शङ्कर लामिछानेको ताहाचलको डेरामा भएको तथ्य शङ्कर पत्नी रत्ना लामिछाने अझै सम्झना गर्छिन्।

क्यान्सरको असह्य पीडाका बीच मृत्यु शय्यामा देवकोटा भन्छन्– "तपाईंहरूका केही हरफहरू सुनाउनुहोस् न ! हुन त म बुझ्न नसकुँला नभए तपाईंहरूले सङ्क्षेपमा बताउनु भए पनि हुन्छ।"

डोमले कविता सुनाउँछन् 'डोरोशीलाई पत्र' अनि कविताहरू, पहाडका विषयमा, देवदूत, प्रेम र साहसको बारेमा।

यी कविता श्रवण गरिसकेपछि देवकोटाको प्रतिक्रिया थियो– 'तपाईंहरूको जस्तो अङ्ग्रेजीमा मेरो पकड भएको भए ! .... तपाईंहरू जस्तैले नेपाली सिक्नुपर्छ र हाम्रो साहित्य विश्वका लागि अनुवाद गर्नुपर्छ। हामीसँग भावना छ तर भाषा छैन।'

यसैबीच महाकवि विस्तारै लोलाउँछन् अनि अचेत हुन्छन्। डम र वेदले प्रत्यक्ष बिदावारी हुने अवस्था रहँदैन।

वेद मेहता अहिले न्यूयोर्कमा बस्छन्। उनी अझै देवकोटाको सम्झना गर्छन्।

देवकोटालाई जीवनकालमा अमेरिका आउने अवसर जुरेन। अफ्रो एसियाली लेखक सङ्घको तासकन्द सम्मेलनका लागि तत्कालीन सोभियत रूस पुगेका थिए तर सन् १९८० मा न्यूयोर्क, अमेरिकाको कोलम्बिया विश्वविद्यालय छापाखानाले डेविड रूविनद्वारा अनूदित कवितासङ्ग्रहको पुस्तक 'नेपाली भिजन्स, नेपाली ड्रिम्स' युनेस्कोको स्वीकार्यमा प्रकाशित भयो। यो पुस्तक नै कुनै पनि नेपाली कविको अमेरिकाको विश्वविद्यालय छापाखानाले प्रकाशित पहिलो र हालसम्म अन्तिम पुस्तक हो।

हालः अमेरिका

देवकोटाप्रति

–खेमचन्द्र अधिकारी 'खेपा'

सन्ध्याकालमा
भिखारी र यात्री अतिथिहरू बनेर
वसन्तपूर्णिमाप्रति न्याय गर्नुपऱ्यो भनी
सम्झाउन आएको बेला
मैले हुरीको गीत गाइदिएँ,
शाहजहाँको इच्छा व्यक्त गरेँ।

पागल र गरिब आएर
ज्वरशमन प्रकृतिको व्याख्या गर्दै
राजासँग कलम मागे,
हामी नेपालीको गैंडोपासना र
साँढे बन्ने इच्छा सम्झी
मेरो बक फुट्यो–
प्रभुजी ! भेडो बनाऊ।

नववर्षको समयमा वनमा
झञ्झाप्रति बेवास्ता गर्दै
घाँसीले तिनको घँसिया गीत गाइरहेको बेला
मानिसको विराटरूप देखी
इन्द्रेणीको सात रङ्को रहस्य बुझेँ।

गौँथली र देवकोटाले कसरी बात मारे होलान्।
दार्जीलिङ्को बाघचुलीमा गर गम्दा पनि
पत्तो पाइँन।
बाघले बच्चा किन खान्छ, र
एक सुन्दरी वेश्याप्रति किन मोह जाग्छ
यसको रहस्य पत्ता लगाउन सकिनँ।
बढीकी विष्णुमतीसित
पितृविलापको चर्चा गरिरहँदा
विष्णुमतीको धमिलो पानीको
अपव्याख्या गर्दै
धोबिनीले पगली बोली
तर
जब मैले झञ्झावर्णन सुनाइदिएँ
त्यसपछि
मुनामदनको झ्याउरे लय सुसेल्दै
मायाविनी सर्सीलाई भेट्न ऊ गई।

लुनी, कुञ्जिनी, शाकुन्तलजस्ता
प्रख्यात सहपाठीले सुनाएको
प्रमिथसको पराक्रम
सृजामातालाई सुनाएपछि
मेरो मन
अहिले केही हलुङ्गो भएको छ।

हाल– कीर्तिपुर, काठमाडौं



'वनकुसुम' महाकाव्यमा प्रकृति प्रयोग

–प्रा. गोपीकृष्ण शर्मा

महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) प्रकृतिका कवि हुन् । यिनका प्रायः कविता–काव्यहरूमा प्रकृतिको महिमा गाइएको छ । सुन्दरीजल, सन्ध्या, झञ्झाप्रति, रानीवनमा, ज्वरशमना प्रकृति आदि कविताहरू प्रकृतिकै महत्त्व दर्शाउने गरी प्रस्तुत भएका छन् । कुञ्जिनी, म्हेन्दु, लूनी आदि खण्डकाव्य र शाकुन्तल, वनकुसुम आदि महाकाव्यहरूमा कविले विभिन्न कोणबाट प्रकृतिको महिमागान गरेका छन् । शान्त–स्निग्ध प्रकृतिका साथै उग्र–क्रूर प्रकृतिको चित्रण पनि यिनका काव्यमा पाइन्छ । महाकवि देवकोटाले तन्मय र मन्मय दुवै खालका प्रकृतिको प्रयोग गरेका छन् । नेपाली कविता साहित्यमा लक्ष्मीप्रसाद देवकोटा शिखर पुरुष हुन् । त्यसैले उनले चराहरूजस्तै कविले बोल्नुपर्छ भन्ने कविवैशिष्ट्यको उल्लेख गरेका छन् । 'चराको बोली पछ्याउने देवकोटा प्रकृति प्रयोगका अविजेय प्रतिभा हुन् ।

आफ्ना पिता कवि पं. तिलमाधव देवकोटाको आनुवंशिक संस्कार, संस्कृत तथा मूलतः अङ्ग्रेजी शिक्षाको प्रभाव र समसामयिक कवि–लेखकको सहसम्पर्कका साथै भाषानुवाद परिषद्मा लेखकका पदमा नियुक्ति हुनाले पनि लक्ष्मीप्रसाद देवकोटाको कविता लेखनमा तीव्रता आएको देखिन्छ । औपचारिक शिक्षातर्फ बी.ए., बी.एल. उत्तीर्ण गरेका लक्ष्मीप्रसाद देवकोटाको अङ्ग्रेजीमा एम. ए. गर्ने धोको चाहिँ पारिवारिक कारणले समेत अधूरै रह्यो । केही संस्कृत शिक्षा र बढी मात्रामा अङ्ग्रेजी शिक्षाको प्रभावले पनि उनलाई काव्यसिर्जनातर्फ सक्रिय तुल्यायो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले थोरै समयावधिमा पनि धेरै काव्यकृतिहरूको रचना गरे । यिनका प्रकाशित कृतिहरूमा पाँच महाकाव्य, बाह्र खण्डकाव्य र एक खण्डकाव्यसङ्ग्रह, बाह्र कवितासङ्ग्रह, दुई निबन्धसङ्ग्रह, दुई नाट्यकृति, एक कथासङ्ग्रह, एक उपन्यास र एक समालोचना सङ्ग्रह गरी सैंतीस पुस्तकाकार साहित्यिक कृतिहरू छापिइसकेका छन् । यीबाहेक देवकोटाद्वारा नेपाली भाषामा अनुवाद गरिएका कृति पनि प्रकाशित भएका छन् । यिनको 'शाकुन्तल' शीर्षक अङ्ग्रेजी महाकाव्य पनि प्रकाशित छ । यसबाट महाकवि देवकोटाको निरन्तर सिर्जनशीलता र आँसु लेखनका पक्षहरू पनि स्पष्ट हुन्छन् ।

कविताविधाबाट नै लक्ष्मीप्रसाद देवकोटाको साहित्य यात्रा थालनी भएको हो । १० वर्षकै उमेरमा १९७६ सालमा उनले 'घनघोर दुःख सागर' भन्ने दुईहरपे कविता लेखेका थिए । प्रकाशनतर्फ भने लक्ष्मीप्रसाद देवकोटाको 'पूर्णिमाको जलाधि' भन्ने कविता 'गोरखापत्र' (१९९१ मङ्सिर १५) मा र 'गरिब' भन्ने कविता 'शारदा' (१९९१, वर्ष १ सङ्ख्या १) मा सर्वप्रथम देखापरेका हुन् । १९९२ सालमा लक्ष्मीप्रसाद देवकोटाको सर्वाधिक लोकप्रिय खण्डकाव्य 'मुनामदन' को प्रकाशन भयो । स्वच्छन्दतावादी प्रकृतिअन्तर्गत आत्मपरकता, प्रकृतिप्रेम र गीतिमयताजस्ता पक्षहरू रहन्छन् । यही प्रवृत्तिले पनि लक्ष्मीप्रसाद देवकोटालाई प्रकृतिको प्रेमीका रूपमा प्रस्तुत गरेको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविता र काव्यहरूमा मनग्गे प्रकृति प्रयोग पाइन्छ । यिनको 'वनकुसुम' महाकाव्य चाहिँ प्रकृति प्रयोगका दृष्टिले पनि विशेष उल्लेख्य छ ।

'वनकुसुम' को रचना २०००–२००३ सालको बीचमा भएको अनुमान छ । यसको प्रकाशन भने साझा प्रकाशनबाट सर्वप्रथम २०२५ सालमा भयो । यो छन्दोबद्ध महाकाव्य हो र यसमा दस सर्ग छन् । वनकुसुम वनमा फुल्ने फूल हुँदै हो, यहाँ 'वनकुसुम' वनमा नै रमाउने एउटी किशोरी हुन् । सहरिया परिवेश र सौतेली षड्यन्त्रबाट अत्तालिएका युवराज उत्तम (कतै नरेन्द्र पनि) वनमा विश्रान्तिका लागि जान्छन् र झरनामा नुहाइरहेकी १७ वर्षे किशोरी वनकुसुमलाई देखेर उतै भुल्छन् । पछि पुरुषको भेषमा आएकी मन्त्रीपुत्री प्रतिमाले सहरमा फर्काउन खोज्दा पनि उत्तम मान्दैनन् । अन्त्यमा युवा सेनापति मदन र कान्छी रानी मन्दारिकाको षड्यन्त्रको भण्डाफोर हुन्छ र कान्छी रानी आत्महत्या गर्छिन् । युवराज उत्तम सहरमा देखिन्छन् मात्रै । यसरी उत्तमको सारा जीवन वनमै रमाएको छ र प्रतिमाले समेत आफू मर्ने बेलामा उत्तमको विवाह वनकुसुमसँगै हुनु पर्छ भनेकी हुन्छे । यसरी जालझेल र षड्यन्त्रको सहरिया जीवनभन्दा प्रकृतिकै आधिपत्य रहेको ग्रामीण जीवन नै उत्तम छ भनेर 'वनकुसुम' काव्यले वन्य जीवनको प्रशंसा गरेको छ ।

'वनकुसुम' महाकाव्यमा विभिन्न कोणबाट प्रकृतिको प्रयोग छ। यहाँ वस्तुपरक प्रकृति चित्रण पाइन्छ नै, ठाउँठाउँमा आत्मपरक प्रकृति चित्रण पनि छ। तन्मय वा वस्तुपरक प्रकृतिको सुन्दर छटाको वर्णनमा कविले धेरै पङ्क्ति लेखेका छन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाले कतिपय ठाउँमा प्रकृति चित्रण यसरी गरेका छन्ः

उँचा परी कुसुम शोभित छन् अटाली
हेर्दा सुवर्ण धन सुन्दर शृङ्गमाली।
उद्यानका उपर ती बहुल प्रसून
कुँज्छन् विहङ्गम जहाँ सुखमा नवीन॥

(प्रथम सर्ग ८)

छुन्छिन् उषा कुसुम धेर गुलाफ पारी
छुन्छन् सुवर्ण धन हेम प्रसून भारी।
त्यो स्वर्गको धनु रँगाउँछु फूलबारी
झर्छन् सुगन्ध छविका पथमा तयारी॥

(प्रथम सर्ग ५१)

कर हरा जसमा मधुरा चरा
मृदु कुरासित च्याँपन आँकुरा
रुचि र चञ्चु चलाउँदछन् चली
विटप छन् ढकमक्क ढलीमली॥

(द्वितीय सर्ग ३७)

प्रत्येक सर्गमा यस खालका तन्मय प्रकृति चित्रणका उदाहरणहरू यहाँ पाइन्छन्। 'वनकुसुम' महाकाव्यमा कथानकलाई प्रकृति चित्रणको आधारभूमिका रूपमा राखिएको छ। प्रकृतिको महिमा स्पष्ट पार्न सहरिया जीवनलाई धोका र षड्यन्त्रका रूपमा प्रस्तुत गर्दै ग्रामीण जीवनलाई विशेष महत्त्व दिइएको छ।

पर्वतमा बादलबाट झरेका जलरेखाले राजदरबार नै बनेछ कि भनी उत्प्रेक्षा गरिएको एउटा श्लोक हेरौंः

जलदका जल-मूल मनोहर, बुनिन गै गिरिबीच बनी घर।
तलझरी थलमा अतिसुन्दर बनिगएछ कि यो नृपमन्दिर।

(द्वितीय सर्ग १३)

वनकुसुममा मन्मय प्रकृति प्रयोग पनि धेरै ठाउँमा देखा परेको छ। महाकवि देवकोटाले प्रकृतिमा जीवन देख्छन् र मानवीकृत प्रकृतिको प्रयोग गर्छन्। छहराले साउती गरेको हुन्छ, फूलहरू गुनगुनाउँछन्, भवँराले साथ दिएका हुन्छन्। कतै फूलमा चराको आरोप र कतै चरामा फूलको आरोप हुन्छ। केही उदाहरण हेरौंः

उड्छन् कुनै कुसुम ती चिडिया बनेर
फुल्छन् कुनै विहग बोट चडी झुलेर।
मेघै विना किरण भै धनु इन्द्रङ्गी
बन्दै फुटेर भुइँ बन्दछ चारु ढङ्गी॥
(प्रथम सर्ग, २६)

किल्लातुल्य पहाडनीलहरूले छन् जो सदा वेष्टित
झनदिउन् वहारका प्रकृतिका ती वन्य सौन्दर्यमा।
पाई रत्न लडी हीरा लडिबडी मोती झरेका गुडी
चाँदी कल्कल चल्मले लहरमा क्या मख्ख फसाउँछन्॥

(पञ्चम सर्ग ३०)

महाकवि देवकोटाले सुकुमार र शान्त स्निग्ध प्रकृतिको प्रयोग गरेका छन् नै, कतिपय ठाउँमा क्रूर-विद्रोही प्रकृतिको प्रयोग पनि छ। राजाको हत्या गर्ने उद्देश्यले कान्छी रानीले सर्वतमा विष मिलाएर खुवाएको प्रसङ्गमा यहाँ प्रकृति पनि क्रूर विह्वल बनेको देखिन्छः

झरिन सन्ध्या वन्ध्यासरि अचल अन्धा शिखरमा
छुट्टी धन्दा फन्दा जन मुदित बन्दा पहरमा।
अँध्याराका धारा निशिसँग फुहारासरि झरे
रुँदा तारा सारा पिलिपिलि सहाराविनु मरे।
(नवम सर्ग, ३८)

महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्रकृतिलाई जीवनको सहयात्रीका रूपमा लिएका छन्। रुसोको प्रकृतितर्फ फर्क भन्ने सन्देश अनुकूल नै देवकोटाको पनि आचरण छ। पागल कवितामा उनले भनेका छन् :

तिमी गुलाफलाई गुलाफसिवाय देख्न सक्तैनौ
म उसमा हेलेन र पद्मिनी पाउँछु

मैले वसन्तको पहिलो कोकिल सुनेर
नाचेका देख्दा, बहुलाहा भने

वास्तवमा लक्ष्मीप्रसाद देवकोटा युगचेतना, राष्ट्रियता र नेपाली संस्कृति तथा प्रकृतिमा विचरण गर्ने विराट् प्रकृति कवि हुन्। उनले साहित्यमा नौओटै रसमा प्रकृतिकेन्द्री कविता लेखेका छन्। उनी आख्यानमा प्रवाहशील बन्दा पनि ठाउँ पाउनासाथ प्रकृतिचित्रण गरिहाल्छन्। देवकोटाको स्वस्फूर्त कल्पनानिर्झरको प्रवाहमा प्रकृतिको बहुमुखी चित्रण पाइन्छ। स्वच्छन्दतावादी काव्यसिर्जनाका देवकोटा परिष्कारतर्फ त्यति चासो राख्दैनन्। एकपटक लेखेपछि नदोहोऱ्याउने प्रवृत्तिले गर्दा वनकुसुममा नायकको नाम कतै उत्तम र कतै नरेन्द्र पर्न गएको छ। त्यसैले पनि देवकोटा आफ्नो सिर्जनालाई बर्खे भेलसँग तुलना गर्छन् र चाहिने मात्र लिन सल्लाह दिन्छन्। उनी प्रकृतिका अनुयायी हुन्। उनका रचनामा प्रकृतिको विराट् प्रदर्शनी छ। 'वनकुसुम' काव्य प्रकृति प्रयोगका दृष्टिले विशेष उल्लेख्य महाकाव्य हो। ❒



देवकोटाको विचारयात्रा र तासकन्द सम्भाषण

–डा. ऋषिराज बराल

विषयप्रवेश

लक्ष्मीप्रसाद देवकोटाको जन्म भएको सय वर्ष पुगेछ र मृत्यु भएको पचास वर्ष। यी पचास वर्षमा देवकोटा पुरानो हुनुको साटो झन्‌झन् ताजा र नयाँ बनेका छन् सबैथरी विचार राख्नेहरूले उनका रचनाहरूको गम्भीरपूर्वक अध्ययन–चिन्तन गर्न थालेको पाइन्छ। इतिहासलाई ठीकठीक ढङ्गले मूल्याङ्कन गरे मात्र त्यसको महत्त्व र मूल्यलाई सुरक्षित राख्न सकिन्छ। देवकोटालगायत आफ्नो समयमा साहित्यकलामार्फत चेतना जगाउने स्रष्टाहरूको वैज्ञानिक अध्ययन हुनु आवश्यक छ।

नेपाली साहित्यमा देवकोटाका बारेमा जति लेखिएको छ, त्यति अरू कसैका बारेमा लेखिएको छैन। पाठ्यपुस्तकमा समावेश गरिएकाहरूको पठनपाठनका सन्दर्भमा चर्चा–परिचर्चा हुने गर्दछ तर देवकोटा कालजयी बनेर राष्ट्रिय चासो र सन्दर्भका विषय बनिरहेका छन्। एउटा स्रष्टाका लागि यो गौरवको विषय हो। सबै लेखकहरूसित यस्तो गौरवमय इतिहास जोडिँदैन।

देवकोटालाई सर्वप्रिय र लोकप्रिय बनाउने काम उनका शब्द र कर्मले गरेका हुन्। उनको सङ्घर्षशील जीवन, स्वाभिमान र आत्मसम्मानका साथ बाँच्न उनले गरेको सङ्घर्ष, गरिबी, अभाव र पीडाका बीच पनि प्रकट हुने दृढ इच्छाशक्ति र नैतिक बल, राजनीतिक–आर्थिक विसङ्गतिप्रति तीव्र व्यङ्ग्य, विद्रोह र परिवर्तन चेतनाको उत्कट अभिलाषाले उनलाई श्रद्धाको पात्र बनायो। व्यक्तिवादी स्वार्थ, लोभ र क्षणिक उद्देश्य प्राप्तिका लागि जस्तोसुकै पात्र बन्न र जे पनि गर्न तम्तयार हुने हनुमानहरू र कुपमण्डूकहरूकाबीच त्याग, स्वाभिमान र सङ्घर्ष आदर्शप्रतिको समर्पणले उनलाई आदर्शपुरुष र महाकवि बनायो।

जीवनजस्तै उनका कृतिहरू रहे। उनको जीवन सरलताबाट जटिलतातर्फ विचार विकासको एउटा निरन्तरतामा अघि बढ्यो। यही कुरा हामी उनका रचनामा पनि पाउँछौँ। निमुखावर्गप्रतिको सहानुभूति वर्गसङ्घर्ष र रुपान्तरणसम्म पुगेको हो। 'गरिब', 'मुनामदन', 'साँढे', 'पहाडीपुकार' हुँदै उनी प्रमिथसको यात्रा आरम्भ गरेर 'चुकूल' ठोक्तै 'माओत्से–तुङ' सम्म पुगेका छन्। कृतिमाझैँ देवकोटा सत्यको खोजीमा, प्रजातन्त्रबाट मोहभङ्ग भएर समाजवादको बाटोमा डोरिएका छन्।

लेखन, चिन्तन र सिङ्गोजीवन पहाडबाट झरेको सानो खहरे नदीमा परिणत भएर अनि विशाल समुद्र बनेझैँ छ। यस्तै छ। रचनाहरूको प्रकृति र प्रवृत्ति पनि। देवकोटामा रचनाहरूको प्रवृत्ति किटान यसै अर्थमा सबैका लागि एउटा चुनौती भएको छ। अन्त्यमा गएर उनको आस्था समाजवादमा टिकेको हो। यो महानदीमा उनी गहिराइमा पुग्न सकेनन् र छिपछिपेमै खुट्टा चोबलेर खेल्न थाले तर अञ्जुलीभरि उनले पानी लिएकै हुन्।

विचारयात्रा : उत्कर्ष

देवकोटाको विचारयात्रा र काव्ययात्रालाई सहयोग पुऱ्याउन उनका थुप्रैथुप्रै रचनाहरू साक्षी र सहयोगी बनेका छन्। त्यसको एउटा प्रतिनिधिमूलक रचना रुसको तासकन्दमा अफ्रो एसियाली लेखक सम्मेलनमा (२०१४) दिएको प्रवचन, सम्भाषण हो। देवकोटाले दिएको यो प्रवचनलाई अनुवादक तथा प्रकाशकहरूले 'नेपाली साहित्य' शीर्षक दिएर प्रकाशित गरेका छन्। यो भाषणबाट देवकोटाको विचार विकासको गति र स्थिति वर्गीय चेतना र लेखकहरूको भूमिकाका बारेमा साथै नेपाली साहित्यको तत्कालीन इतिहास र अन्तर्विरोधको अध्ययन गर्न पनि सघाउ पुग्दछ। मूलप्रति नभएर अनुवाद भएकोले कतिपय शब्द चयनमा विरोधाभास पाइन्छ। फेरि प्रतिनिधिमण्डलको तर्फबाट बोल्नु परेकाले शब्दचयनमा केही सोध–सिमाना मिलाउनु परेको कुरा अनुभूत गर्न सकिन्छ तापनि यो प्रवचन, 'नेपाली साहित्य' देवकोटाले हिँडेको, रोजेको र नेपाली साहित्यलाई गन्तव्यतर्फ लैजान खोजेको बाटो हो भन्ने कुरामा विवाद छैन।

'नेपाली साहित्य' नाम दिएर प्रकाशित सो प्रवचन पढेपछि त्यसमा व्यक्त कुरालाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ;

१) यस प्रवचनमा सुरुमा सम्मेलनमा सहभागी हुन पाएकोमा खुसी र आभार प्रकट गरिएको छ।

२) त्यसपछि नेपाल र सगरमाथाको सङ्क्षिप्त गौरवगाथा छ।

३) त्यसपछि नेपाली संस्कृति र सभ्यताको गौरवगाथाको महिमा वर्णन छ।

४) वैदिककालदेखि वर्तमानसम्मको इतिहासको सङ्क्षिप्तावलोकन छ।

यो मूलतः नपाली समाज र संस्कृतिको इतिहास मात्र हो।

१) त्यसपछि देवकोटा नेपाली साहित्यमा प्रवेश गरेका छन् र कालक्रमिक वर्णन गरेका छन्।

२) भानुभक्त, मोतीराम हुँदै लेखनाथ पौड्यालबाट आधुनिककाल आरम्भ भएको भनेका छन्।

३) त्यसपछि देवकोटाले नेपाली साहित्यमा पूर्वीय र पाश्चात्य साहित्यिक चिन्तन र लेखनको प्रभाव परेको कुरा उल्लेख गर्दै स्वच्छन्दतावादबाट पाश्चात्य साहित्यको प्रभाव परेको कुरा उल्लेख गरेका छन्।

४) स्वच्छन्दतावादमा नेपाली लेखकहरू नअडिई यथार्थवादको बाटो समातेर नेपाली लेखकहरूले राणाशाहीविरुद्ध विद्रोह र क्रान्तिको झण्डा उचालेको कुरा गरेका छन्।

५) सात सालपछिका स्रष्टाहरूको नाम र तथ्याङ्क प्रस्तुत गरेर देवकोटाले नेपाली साहित्यको तत्कालीन स्थिति र त्यस अवस्थामा पनि लेखकहरू सङ्घर्षमा सहभागी भएको र फेरि पनि हुनुपर्ने कुरा उठाएका छन्।

दोस्रो भागमा नेपाली साहित्यको इतिहास, प्रमुख स्रष्टाहरूको नाम र राणाशाहीविरुद्ध उनीहरूले खेलेको भूमिकाको इतिहासको चर्चा छ।

तेस्रो भागमा देवकोटा बढी दार्शनिक र वैचारिक बनेका छन्। उनको चिन्तन वर्तमानको विश्लेषण र संश्लेषण गर्दै भविष्यप्रति केन्द्रित रहेको छ।

१) यसमा समकालीन राजनीतिक-आर्थिक र सांस्कृतिक यथार्थको चित्रण गरिएको छ र विविध साहित्यिक प्रवृत्तिहरूको चिरफार गरिएको छ।

२) त्यतिबेलाका विविध साहित्यिक प्रवृत्तिहरूले सामन्त, पूँजीपति वर्ग र सम्पन्नहरूको पक्षमा बोल्ने भएकाले त्यस्तो साहित्यको आवश्यकता नभएको र स्रष्टाहरूले समाजमा आफ्नो भूमिका विस्तार गर्नुपर्ने कुरामा जोड दिइएको छ।

४) यथार्थवाद र राजनीतिसित गाँसिएका स्रष्टाहरूले पनि हिजोको भन्दा अझ उच्च भूमिका पूरा गर्नुपर्ने भएकोले वर्गसाहित्यको पक्षमा दृढताका साथ उभिएर सामन्तवाद-साम्राज्यवाद विरोधी आन्दोलनमा सरिक हुन आह्वान गरिएको छ।

५) साहित्यलाई वर्ग हतियार बनाउन जोड दिँदै पक्षधरतालाई प्रतिबद्धतामा फेर्न र समाजको स्वतन्त्रतासित लेखकको स्वतन्त्रता जोडिएकाले राजनीति-आर्थिक परिवर्तनको अंश बन्न लेखकहरूलाई आह्वान गरिएको छ।

विश्लेषण-इतिहास

यस प्रवचनको ऐतिहासिक र सौन्दर्यशास्त्रीय दुवै महत्त्व रहेको छ। पहिलो भागको महत्त्वपूर्ण पक्ष इतिहासको विश्लेषण हो। नेपाललाई देवकोटा असाध्यै माया गर्दछन् र यहाँको माटोलाई मुटुभैँ ठान्दछन्। सहअस्तित्व र सहिष्णुताको नेपाली संस्कृतिको उच्च मूल्याङ्कन गर्दै भन्दछन्- "यहाँ एउटै आत्माले अनुभव गर्ने दुईवटा भावनाजस्तै र एउटै परिवारका सदस्यहरूजस्तै आर्यहरू, मङ्गोलहरू अनि उनीहरूको संस्कृति र उनीहरूको सभ्यता सुमधुर र सह-अस्तित्वमा रहेका छन्।"

यो साह्रै महत्त्वपूर्ण र सारगर्भित भनाइ हो। अहिलेको सन्दर्भमा यसलाई हेर्दा हामीलाई अलि भावुक र संवेदनशील पनि तुल्याउँछ। सहिष्णुता र सहकार्य हाम्रो इतिहास र संस्कृति पनि हो। विविधताभित्रको एकता हाम्रो यथार्थ हो र हामीले भोग्दै र रमाउँदै आएको मूल्य पनि हो। हिमालदेखि तराईसम्मको जनताको एकता हिन्दू र मुसलमानबीचको सहभाव, सहसम्बन्ध र सहिष्णुताको सुन्दर इतिहास छ हामीसित तर यताका दिनमा हामी जे-जस्ता परिदृश्य देखिरहेछौँ भोगिरहेका छौँ त्यो त्यति सुखद र आनन्ददायी छैन। जातीय, क्षेत्रीय र लिङ्गीय उत्पीडनविरुद्ध सङ्घर्ष गर्ने र न्याय र समानतापूर्ण जीवन बाँच्ने कुरामा कुनै विमति छैन। सारा लडाइँहरू, वर्गीय र सङ्घर्ष यसै समानताको लागि हो। यसका नाममा विभाजन, विखण्डन, अराजकता र क्षेत्रीयतावाद, जातिवादलगायत 'एक मधेस, एक प्रदेश'का जस्ता राष्ट्रविरोधी, जनविरोधी र विखण्डनकारी नारा योजना जसरी अघि सारिएका छन्, यी दुःखद र ऐतिहासिक चिन्तन र संस्कृतिका उपज हुन्।

साहित्यिक इतिहासको चर्चा गर्दा प्रमुख लेखकहरूलाई मात्र लिएको देखिन्छ। उनले इतिहासलाई भानुभक्तबाट आरम्भ गरेका छन् तर यदुनाथहरूलाई छोएका छैनन्। गोराहरूविरुद्ध हुङ्कार गर्ने यदुनाथहरूलाई सम्झेको भए राम्रो हुन्थ्यो। मोतीरामलाई सम्झेका छन् तर ज्ञानदिलदासहरूलाई बिर्सेका छन्। 'जाग जाग'को झण्डा उचाल्ने धरणीधरलाई पनि नबिर्सेको भए राम्रो हुन्थ्यो।

देवकोटाले लेखनाथ पौड्यालबाट आधुनिकताको आरम्भ भएको कुरा गरेका छन्। ठीक छ, यो विवाद गर्नुपर्ने विषय होइन। पाश्चात्य साहित्यको प्रभाव र नाटक विधाको कुरा गर्दा इब्सेनको प्रभाव भनिएको छ तर समको मात्र नाम लिइएको छ। मेरो हातमा परेको अनुवाद प्रतिमा रिमालको नाम छैन। त्यति मात्र नभएर २००७ सालअघिका कविहरूको नाम लिँदा सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित र माधवप्रसादको नाम लिइएको छ तर युद्धप्रसाद मिश्र र गोपालप्रसाद रिमालको नाम त्यहाँ पनि छैन। यहाँ योजनाबद्ध किसिमले नाम छुटाइएको हो भनेर भन्न सकिँदैन तर पनि रिमाल र उनको 'आमाको सपना' नेपाली कविता त्यसमा पनि २००७ सालअघिको इतिहास एकदमै अपूर्ण हुन्छ। भिक्षु, भीमनिधि तिवारीको नाम पर्ने तर रिमालको नाम नपर्नुले केही प्रश्न भने उठाएकै छ। के देवकोटा र रिमालको सम्बन्ध त्यति सुमधुर थिएन कि ?

२००७ सालअघिको इतिहास प्रस्तुत गरिसकेपछि देवकोटाले २००७ देखि २०१४ सम्मको साहित्यिक इतिहास पनि प्रस्तुत गरेका छन्। यसपछिका लेखकहरूको नामसूची प्रयोग गर्दा भरिसक्के नवप्रतिभाहरू पनि नछुटुन भनेर देवकोटा एकदमै चनाखो बनेको देखिन्छ। जस्तो भनिएको छ, "नयाँ पुस्तामा लेखकहरूमध्ये विजयबहादुर मल्ल, जनार्दन सम, मोहन कोइराला, टेकबहादुर नवीन, जगदिसशमशेर, श्यामदास वैष्णव, कुलमणि देवकोटाको नाम उल्लेख गर्नु आवश्यक छ।"

२००७ सालअघि पनि देवकोटाको नजरमा युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल र लक्ष्मीनन्दन चालिसे नपरेझैँ विजय मल्लको नाम लिँदा गोविन्दबहादुर मल्ल 'गोठाले'को नाम देवकोटाको सूचीमा परेको छैन। त्यत्रा नयाँ नामहरू टिपेका देवकोटाले सात सालअघिदेखि नै लेख्न थालेका रमेश विकल र सात सालपछि जनआवाज बनेका केवलपुरे किसान र भूपी शेरचनको नाम किन बिर्सेका होलान् भनेर पनि जिज्ञासा राख्न सकिन्छ। 'झ्याउरे भनी नगर हेला' भन्ने देवकोटाले केवलपुरे किसान र भूपीलाई छोड्नुको अर्थ यहाँ प्रश्न बनेको छ। २०१४ सम्म खासै परिचय बनाउन नसकेका मोहन कोइराला, जनार्दन शर्मा र लक्ष्मण लोहनी टिपोटमा पर्ने र रमेश विकल, केवलपुरे किसान र भवानी घिमिरे, भूपीहरू नपर्नुले प्रश्न उठाउनु अस्वाभाविक होइन।

देवकोटाले कविताको इतिहास र स्रष्टाहरूलाई बढी जोड दिए पनि अरू विधा नछुटोस् भन्ने उनको संचेतना समालोचकहरूको नाम सम्झीसम्झी उल्लेख गर्नुबाट अनुभव गर्न सकिन्छ। जस्तो उनले भनेका छन्, "हाम्रा प्रतिनिधि समालोचकहरूमध्ये ईश्वर बराल, रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्र सिंह, रत्नध्वज जोशी, गोविन्दप्रसाद लोहनी र हृदयराज शर्मा आदिको नाम लिन सकिन्छ। यस सूचीमा नेपाली पाठकका लागि अपरिचित हृदयराज शर्मा परेका छन् तर यदुनाथ खनाल परेका छैनन्। यो पनि एउटा उदेकलाग्दै स्थिति हो। साथै हृदयराज शर्माको नाम नबिर्सिने देवकोटाले श्यामप्रसाद शर्माको नामचाहिँ बिर्सिएका छन्। यो पनि प्रश्न उठाउनुपर्ने विषय नै हो।

नाम-सूचीझैँ साहित्यिक पत्रपत्रिकाको चर्चा गर्दा देवकोटाले बनारसबाट प्रकाशित सुन्दरी, माधवी, दार्जीलिङको भारतीको नाम लिएका छन् तर आफैँले सम्पादन गरेको युगवाणीको साहित्यसेवालाई बिर्सिएका छन्। काठमाडौँबाट प्रकाशित पत्रपत्रिकाहरूको नाम लिँदा शारदा, साहित्यस्रोत, प्रगति, इन्द्रेनी र धरतीको नाम लिएका छन् तर एउटा चिन्तन प्रवृत्तिको प्रतिनिधित्व गर्ने र त्यतिबेलाको चर्चित पत्रिका सेवाको नाम लिएका छैनन्। यसले पनि केही प्रश्न उठाएकै छ।

देवकोटा, 'साँढे', 'पहाडीपुकारे', 'दालभात डुकु', 'प्रमिथस', 'झञ्झाप्रति', 'चुकूल' हुँदै 'माओत्सेतुङ' सम्म पुगेर तासकन्द सम्मेलनपछि मार्क्सवादबाट प्रभावित भएर साहित्यलाई वर्गसङ्घर्षको माध्यम बनाउन प्रतिबद्ध भए भन्ने गरिएको छ। मार्क्सवादी साहित्यिक आन्दोलन, प्रकाशन र स्रष्टाहरूका बारेमा देवकोटाको ध्यान नगएको भनौँ नखिचिएको कुराले भने यस पक्षमा पनि केही प्रश्न उठाएकै छ।

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि २००८ सालमा श्यामप्रसाद शर्माको नेतृत्वमा प्रगतिशील लेखक सङ्घ, नेपालको स्थापना भयो। यसैबेलादेखि मार्क्सवादी विचार र आन्दोलन सङ्गठित र योजनाबद्धताका साथ अघि बढ्यो। कम्युनिस्ट पार्टी नै नयाँ भएकाले साहित्यिक क्षेत्रमा एकदम पुराना र स्थापित नामहरू योसित थिएनन् र पनि जोजो थिए, ती साहित्यिक क्षेत्रमा परिचित बनिसकेका थिए। श्यामप्रसाद शर्मा, केवलपुरे किसान, वल्लभमणि दाहाल, गोविन्द लोहनी, आनन्ददेव भट्ट, ताना शर्मा, मदनमणि दीक्षित, गोविन्द भट्ट, रमेश विकल, गोकुल जोशी यसैको सेरोफेरोमा थिए। 'प्रगति'को चर्चा छ र योसित गाँसिएका स्रष्टाहरूको नाम छुटेको छैन तर सेवा र त्यसको वरिपरिका स्रष्टाहरूको नाम छुट्नुले प्रश्न उठाउनुपर्ने ठाउँ रहेकै छ। त्यति मात्र नभएर लेखकहरूको संस्थाको नाम लिँदा देवकोटाले 'नेपाली लेखक सङ्घ'को मात्र लिएका छन् 'प्रगतिशील लेखक सङ्घ'को नाम छोडेका छन्। साहित्यमा वर्गीयता र प्रतिबद्धताको कुरा गर्ने देवकोटाले 'प्रगतिशील लेखक सङ्घ'को नाम लिनु किन उचित ठानेनन् ? यहाँ पनि प्रश्न उठाउनुपर्ने स्थिति छ।

विश्लेषण-वर्तमान

साहित्यिक इतिहास र स्रष्टाहरूको नाम-विवरण र ऐतिहासिक सन्दर्भको चर्चापछि देवकोटा समकालीन साहित्यिक प्रवृत्तिहरूको चिरफार, उपादेयता र सान्दर्भिकतामा केन्द्रित भएका छन्। देवकोटाले त्यस समयमा क्रियाशील साहित्यिक प्रवृत्तिहरू र तिनको विश्लेषण गरेका छन्। नयाँको स्वरुप लिएर स्वच्छन्दतावाद आए पनि धेरै समयसम्म यो टिक्न नसकेको र नेपाली साहित्य आदर्शवाद त्यागेर यथार्थवाद, विद्रोह र क्रान्तिको पक्षमा प्रवेश गरेको ठहर देवकोटाले गरेका छन्। यो सत्य हो। स्वच्छन्दतावाद नेपाली समाजमा बाह्य प्रभावको रूपमा आयो र नेपाली धर्ती र यथार्थसित टकराउँदा यो लामो अवधिसम्म टिक्न सकेन। राणाशाही विरुद्धका आन्दोलनले स्रष्टाहरूलाई आलोचना र विद्रोहको बाटोमा डोर्‍यायो। देवकोटाले, स्वच्छन्दतावादलाई छोडेर विचार र शैलीमा समेत नेपाली कविता र लेखनले

विद्रोहात्मकता अँगालेको कुरा यसरी प्रस्ट पारेका छन्–

".. परन्तु आफ्नो साहित्यिक क्रियाकलापको पछिल्लो स्तरमा यी लेखकहरूले युगको आह्वानको उत्तर दिँदै आफ्ना कृतिहरूमा वर्गका विद्रोहात्मक र क्रान्तिकारी मनोभावको अभिव्यक्ति थालेका छन्। सामन्तवादविरुद्ध विद्रोहको मनोभावना र एक सय चार वर्ष राणाशासनको आधिपत्यविरुद्ध लक्ष्यित क्रान्तिकारी मनोभावना युग भावनाको अनुरूप भएको हुनाले नै यी लेखकहरूका पछिल्ला काव्यकृतिहरूमा त्यसको प्रतिबिम्ब पऱ्यो। काव्यक्षेत्रमा उनीहरूले संस्कृत छन्दको बोलवालाको विरोध गरेर पछि सबै किसिमको छन्दबद्धताको नै विरोध जनाए। नयाँ काव्यकृतिहरूमा हामी प्रयोगात्मकता, गद्यात्मकता, बौद्धिकता र अन्वेषणप्रतिको मोहको झल्को पाउँछौँ। आर्थिक अन्याय र विषमताका विरुद्ध, सामन्ती उत्पीडन र पूँजीवादी शोषणका विरुद्ध कविहरूले आवाज बुलन्द गरे।

आदर्शवाद र प्रकृतिको रहस्यवादमा रमाउन छोडेर कविहरू कसरी आर्थिक-सामाजिक विषमताविरुद्ध जुर्मुराए भन्नुको साथै विद्रोहको यो स्वरुप सारमा मात्र नभई रूपमा पनि र शिल्प-शैलीमा पनि देखियो भन्ने देवकोटाको भनाइ सोह्रैआना सही छ।

वर्तमानको चर्चा गर्दा आदि-संस्कृति, इतिहास र सिर्जनकार्यलाई सत्ताले कसरी आफ्नो पक्षमा प्रयोग गऱ्यो र अब कसरी यस्तो प्रवृत्तिविरुद्ध जुध्ने भन्दै सांस्कृतिक साहित्यक अन्तर्विरोध र सङ्घर्षलाई पनि देवकोटाले प्रस्तुत गरेका छन्। यसका लागि पूरा कथाहरू, रामायण र महाभारतको चर्चा गरेर देवकोटाले साहित्यको वर्गचरित्रलाई प्रस्ट पारेका छन्। हाम्रा आदिगुरु, ऋषिमुनिहरू र लोकस्रष्टाहरूको अनुभव, अनुभूति र कल्पनाका माध्यमबाट सिर्जित, बिम्ब, प्रतीक र मिथकलाई शासक वर्गले पापपुण्य, धर्म, सेवाका नाममा कसरी दुरुपयोग गरे भनेर देवकोटाले साहित्यकलाको वर्गचरित्रलाई ऐतिहासिक सन्दर्भमा यसरी प्रस्ट पारेका छन्।

"वर्णनातीत उत्कृष्टताको बाबजुद पनि यी कृतिहरू पण्डित-पुरोहितहरूको हातमा परेपछि सर्वसाधारण र अनपढ समुदायको उत्पीडनका नयाँ साधन बन्न पुगेका थिए। पुरोहितहरूले काव्यलाई आराध्य वस्तुमा परिणत गरे तर आन्तरिक सारतत्त्वलाई नबुझिकनै त्यसको बाहिरी रुप तत्त्वलाई मात्र ग्रहण गरेका थिए। यसले गर्दा यी कृतिहरूको भद्दा आदर्शकरण हुनगयो।"

सामन्तहरूको वरिपरि रहेका पण्डा-पुरोहितहरूले मान्छेका सिर्जना र कल्पनालाई कसरी आदर्शीकरणको भद्दा रूपमार्फत सत्ता-स्वार्थमा प्रयोग गरे भनेर देवकोटाले वर्गयुक्त समाजमा साहित्य-कलाको चरित्र पनि वर्गीय हुन्छ भन्ने कुरा प्रस्ट पार्दै समयको गति र बढ्दो सामाजिक चेतनासँगै यस्ता पर्खालहरू भत्केको र नयाँ विद्रोहको विष्फोट भएको यथार्थलाई यसरी स्पष्ट पारेका छन्–

"पुरानो नैतिक शिक्षाको पुनरावृत्ति, धार्मिक भावना र आस्था अनि कामवासना-यो नै लामो अवधिसम्म हाम्रो साहित्यको वास्तविक सार रहेको थियो। परन्तु रुप र सारको तानाशाही छिचोल्दै विद्रोहको भावना फुटेर बाहिर निस्कियो। मनुष्यका जागृत भावना आफ्नै पुरातन भ्रम र अभ्यस्त सङ्कीर्णताको विरुद्ध खडा भयो। प्रतीकवादको विरुद्ध सङ्घर्ष गर्नका लागि चिन्तन र अभिव्यक्तिका नयाँ रुपहरू खोज्नु परेको थियो।

यो साहित्यिक विद्रोहको रुप हो। यो विश्व साहित्यको पनि हो र नेपाली साहित्यको पनि हो। पुरातनता, धार्मिक र सांस्कृतिक विसङ्गतिको जालो, मिथकीयता, शास्त्रीयता, सत्तास्तुति र सुक्तिसिन्धु प्रवृत्तिबाट मुक्त भएर नेपाली साहित्य सार र रूपमा नयाँनयाँ विषय र परिवेश वर्तमानमा खोजिरहेको छ र वर्तमान लेखनले सार र रुपको रुग्ण परम्पराविरुद्ध कसरी विद्रोह गरिरहेको छ भनेर देवकोटाले प्रस्ट पारेका छन्। यो इतिहास चेतना र यथार्थको उपज हो। यस क्रममा 'प्रतीकवाद' शब्दको प्रयोग पनि गरिएको, जसले केही प्रश्न उठाएको छ। प्रतीकवाद युरोपमा अझ फ्रान्समा यथार्थवादलाई निषेध गर्दै देखापरेको 'कला कलाका लागि' सिद्धान्तमा आधारित कलावादी-सौन्दर्यवादी आन्दोलन थियो। यहाँ प्रतीकवादमा सन्दर्भ, देवकोटाले उठाएको सन्दर्भसित मेल खाँदैन। पहिलो कुरा उनले 'प्रतीकवाद' शब्दको प्रयोग गरेका हुन्, होइनन् या अनुवादमा केही समस्या छ भन्न सकिन्छ। मिथक, बिम्ब, प्रतीकका कुरा हुन सक्छन्। बिम्ब, प्रतीक र पूराकथाका पात्रहरूलाई सामन्ती आदर्शीकरण गरेको कुराप्रति देवकोटाको प्रहार भएकाले यहाँ 'प्रतीकवाद' पदावली त्यति उपयुक्त देखिँदैन। बरू प्रतीकवादको ठाउँमा जड शास्त्रीयतावाद शब्दलाई मिलाउन सकिन्छ। किनभने 'प्रतीकवाद'पछि स्वच्छन्दतावाद आयो र त्यो पनि नेपाली समाजका लागि सान्दर्भिक नभएकोले त्यसको ठाउँ यथार्थवादले लिएको उनको ठहर छ र यथार्थ पनि यही नै हो। यहाँ प्रतीकवादको ठाउँमा शास्त्रीयतावाद पदावली ऐतिहासिक र सान्दर्भिक देखिन्छ।

देवकोटाले समाज, यथार्थ, स्रष्टा र सिर्जनामा जोड दिएका छन् । नेपाली साहित्यमा स्वच्छन्दतावादका प्रवर्तक देवकोटाले धरतीको जीवन्त यथार्थलाई छुन र ग्रहण गर्न नसक्ने हुँदा यसको सान्दर्भिकता सकिएको र यथार्थवाद समयका आवश्यकता हो भन्दै स्रष्टाहरूलाई प्रवृत्ति र कल्पनाको संसारमा रमाउने होइन जीवन्त यथार्थको सामना गर्न आह्वान गरेका छन्। स्वच्छन्दतावादको सान्दर्भिकता समाप्त भएको घोषण गर्दै उनी भन्दछन्–

"यस धाराले सुरुमा पाश्चात्य साहित्यको गहकिलो प्रभाव परेर विकास गऱ्यो तर यो धारा पनि वर्तमान जीवनका वास्तविक मूल्यहरू र त्यसका समस्याहरूको व्याख्या गर्न असमर्थ छ भन्ने कुरा छिटै नै प्रस्ट भयो। निरन्तर मधुकण मात्र चुसेर कल्पना थप्न सक्दैन। चराले जस्तै साहित्यले पनि सुरुमा पृथ्वीमा नै चारा नबटुलिकन आकाशमा उच्च उडान गर्न सक्दैन।"

मान्छेले शून्यबाट कुनै पनि वस्तुको सिर्जना गर्न सक्दैन। अनुभव, अनुभूति, कल्पना, भावना, विचार र सिर्जनाको स्रोत समाज हो। कल्पनाको उडन्ते संसारमा विचरण गरेर, प्रकृतिमै रमाएर वा भवँरालेझैँ रस चुसेर हिँडेर जीवनलाई बुझ्न सकिँदैन। सही विचार, जीवनबाट, यथार्थसितको साक्षात्कारबाट आउँछ र यसैबाट सही रचनाका सिर्जना हुन्छ। एउटा असली स्रष्टा यथार्थ, जीवन, व्यवहार र सङ्घर्षसित गाँसिनु पर्दछ– देवकोटाको यो चिन्तनले उनको कलाचेत र सौन्दर्यचेतले फड्को मारेको बोध गर्न सकिन्छ।

देवकोटा यहाँ भौतिकवादी सौन्दर्यचिन्तनका प्रबल पक्षधर बनेका छन्। उनको भनाइमा प्रगतिशील चेतना प्रस्टरूपमा अभिव्यक्ति भएको छ।

विश्लेषण- भविष्य

स्तुतिवादी, फ्रायडवादी र स्वच्छन्दतावादी साहित्य समाज र यथार्थसित कुनै सरोकार नराख्ने हुनाले त्यसलाई खारेज गर्ने घोषणा गरेपछि देवकोटा समाज र वर्गभित्र पसेका छन्। समाजमा सामन्तवाद छ, सामन्तहरू छन्, समाजमा पूँजीवाद छ र पूँजीपतिहरू छन्। समाजमा गरिबी, अभाव, शोषण–अन्याय र अत्याचार, उत्पीडन छन् यसैको उत्पीडित वर्ग पनि छ। देवकोटाको भनाइमा अबको साहित्यले सामन्त तथा पूँजीपति वर्गको पक्षमा होइन, शोषित पीडितको पक्षमा आवाज उठाउनु पर्दछ। लेखक शोषित वर्गको सङ्घर्षको सहयोगी शक्ति र ऊर्जा प्रदान गर्ने माध्यम बनेर समाजमा रुपान्तरको महत्त्वपूर्ण अङ्ग हुने पर्दछ। देवकोटा अब यथार्थ वा समाजको मात्र कुरा गर्दैनन् उनी वर्ग चिन्तन, वर्ग राजनीति र वर्गसङ्घर्षको कुरामा केन्द्रित भएका छन् :

"अहिले पनि हामीकहाँ प्राकृतिक सौन्दर्य र धनीमानी सामन्तहरूको उदारताका प्रशंसा गर्ने खालका अनेकौं कृतिहरू लेखिन्छन्। परन्तु साहित्यका क्षेत्रमा पनि विज्ञान र जिज्ञासाको भावनाले प्रवेश गरिरहेको छ र अभिव्यञ्जनाका जराजीर्ण रुपहरू र माध्यमहरूप्रति असन्तोष पनि व्यक्त गरिंदैछ। व्यक्तिको चेतनामा परिवर्तन आएको छ र परन्तु सामाजिक आदतहरू रीतिस्थितिका फोहरमैलाबाट त्यसलाई मुक्त गराउन अरू पनि धेरै समय लाग्नेछ। अझ पनि वर्गीय स्वार्थहरूको बोलबाला छँदैछ र मानिसको सामाजिक स्थितिको ठूला छाप परेकै छ।

अझै पनि चिन्तन र विचार केही हदसम्म आर्थिक स्थिति, राजनीतिक वातावरण र सामाजिक जीवनपद्धतिबाट प्रभावित रहेकै छ। लेखकले पनि आफ्नो युगलाई त्यसरी नै प्रभावित पार्नुपरेको छ। जसरी युगले लेखकको चरित्र निर्माणमा प्रभाव पार्दछ।"

देवकोटाले यहाँ स्रष्टाको दायित्व र जिम्मेवारी बोध गराउनुको साथै समाज रूपान्तरणकारी भूमिकाका पनि बारेमा प्रस्ट पारेका छन्। देवकोटाले यहाँ पदार्थबाट चेतना र चेतनाबाट पदार्थमा जाने छेद्यवादी मूल्य–मान्यतालाई जोड दिएका छन्। यस भनाइबाट देवकोटा भौतिकवादी सौन्दर्यचिन्तक मात्र होइन, छेद्यवादी चिन्तक पनि हुन् भन्ने कुरा प्रमाणित भएको छ। यो देवकोटाको विचारविकास र सौन्दर्य चिन्ताको क्षेत्रमा भएको विकासको महत्त्वपूर्ण पक्ष हो।

असान्दर्भिक बनिसकेका साहित्य चिन्तन र लेखनको खारेजी गरेर यथार्थ र वर्गसङ्घर्षमार्फत समाज रूपान्तरणमा सहयोग गर्न आह्वान गर्ने देवकोटा साहित्य–कलालाई वर्गसङ्घर्ष र राजनीतिक परिवर्तनको हतियार बनाएर लेखकलाई स्वतन्त्रता मुक्तिको सिपाहीको रूपमा भूमिका खेल्न यसरी प्रस्ट पार्दछन्–

"लेखकहरूको विश्वदृष्टिकोण फराकिलो भइरहेको छ। उनीहरूले उपयोगिता र सौन्दर्यको सार र रूपले। सामञ्जस्यपूर्ण समन्वयमा विशेष ध्यान दिन थालेका छन्। लेखकहरू शान्तिको पुकार सुन्दछन्। विज्ञान विवेकको आधारलाई हृदयङ्गम गर्दछन्। विश्वमा घट्ने घटनाहरूप्रति आफ्नो प्रतिक्रिया जनाउँछन्। जीवनका निम्ति र विनाशका विरुद्ध, सहअस्तित्वका निमित्त र सैनिक आक्रमणका विरुद्ध राष्ट्रिय स्वाधीनताका निमित्त, उपनिवेषवाद तथा साम्राज्यवादका विरुद्ध आधुनिक मानवजातिको महान् सङ्घर्षले जागरुक जनतामा शक्तिशाली समर्थन पाउन थालेको छ। यस अवस्थामा साहित्य कुनै एक वर्गको सोखको विषय बन्न सक्दैन। अब त यो शक्तिशाली सामाजिक र राष्ट्रिय हतियार भएको छ।

माथिका हरफहरूले देवकोटाको विचारविकास र चिन्तनको उर्ध्वगामितालाई दरिलो गरी पुष्टि गर्दछन्। साहित्यलाई समाज रूपान्तरणको महत्त्वपूर्ण साधन बनाउन आह्वान गर्दै देवकोटाले सामन्तवाद, उपनिवेसवाद र साम्राज्यवादविरुद्ध साहित्यलाई सशक्त हतियार बनाएर मोर्चाको रूपमा विकसित गर्न आह्वान गरेका छन्। देवकोटाको चिन्तनले राष्ट्रिय सीमा नाघेर अन्तर्राष्ट्रिय भाइचाराको सम्बन्ध गाँस्न पुगेको छ। यथार्थतः मार्क्सवाद र समाजवाद तथा साम्यवादी नेताहरूको नाम नलिइकन देवकोटाले, लेनिनले 'पार्टी सङ्गठन र पार्टी साहित्य' मा, साहित्य सर्वहारावर्गको क्रान्तिको दाँती र पेच हुनुपर्दछ भनेझैं, यस प्रवचनमा साहित्यलाई सामाजिक क्रान्तिको दरिलो हतियार बनाउन आह्वान गरेका छन्। यहाँ देवकोटाको पक्षधरता र प्रतिबद्धता थप टड्कारो बनेको छ।

देवकोटा सो प्रवचनमार्फत क्रान्तिद्रष्टा पनि बनेका छन्। विगत र वर्तमानले पुग्दैन सुदूर भविष्यका लागि नयाँ किसिमले आगाडि बढ्न साहित्य र कलालाई जनमत सिर्जनाको महत्त्वपूर्ण माध्यम बनाउन आह्वान गर्दै देवकोटा सबै स्रष्टाहरूलाई जनताको बीच जान र परिवर्तनका लागि चेतना भर्न उद्घोष गरेका छन्। देवकोटाको यो भनाइमा भविष्यदृष्टिको राम्रो झलक पाइन्छ–

"राणाशाहीका विरुद्ध क्रान्तिकारी नाराहरू र प्रचारहरूले तत्काल आम जनतामा जागृति ल्याएको थियो र जहानियाँ शासनको उन्मूलनमा योगदान पुग्न गएको थियो। अब जनताको ध्यान बढी उच्चस्तरीय मूल्यहरूतर्फ र बढी

व्यापक क्षितिजतर्फ आकर्षित गर्नको निम्ति लेखकले बढी फलदायी ढङ्गबाट काम गर्नुपरेको छ। उसका अगाडि ज्यादै उत्तरदायित्वपूर्ण र ज्यादै कठिन कार्यभार रहेको छ, जुन उसले जीवनका कठोर अप्ठ्यारा‍हरूमा बहन गर्नुपरेको छ।

राजनीतिक परिवर्तनमा साहित्य र कलाको भूमिका र स्रष्टाको दायित्व प्रस्ट पार्नुका साथै देवकोटाले यहाँ एउटा साह्रै घतलाग्दो र असाध्यै मूल्यवान पदावलीको प्रयोग गरेका छन्– 'उच्चस्तरीय मूल्य'। उच्चस्तरीय मूल्यको सम्बन्ध उपयोगिता, आदर्श र सौन्दर्यसित छ। सौन्दर्यमूल्यहरू उच्चान्तरका हुन्छन्। सारमा यी उदात्त, आदर्श र आवेगका समुच्चय हुन्छ। उच्चस्तरीय मूल्यको सम्बन्ध उदात्त आदर्शसित छ। यस्ता मूल्यहरू जनसङ्घर्ष, वर्गसङ्घर्ष र क्रान्तिका बीचबाट जन्मन्छन्। यस्ता मूल्यहरू बलिदानको महान् पक्षसित सम्बद्ध हुन्छन्। महान् ध्वंस र महान् निर्माणको महाअभियानमा नै उच्चस्तरीय मूल्यहरू निर्माण हुन्छन्। देवकोटाले क्रान्तिकारी आदर्शद्वारा निर्मित मूल्यहरू निर्माण गर्न आह्वान गरेका छन्। यो महत्त्वपूर्ण पक्ष हो।

आफ्नो सम्भाषणको अन्त्यमा देवकोटाले व्यक्त गरेका अभिव्यक्तिहरू अझ बढी सुन्दर र उदात्त चेतनाले भरिएका छन्। यहाँ मार्क्सवादी सौन्दर्य चिन्तनले उठाउने गरेको विषय र विषयीसम्बन्धी मान्यताहरू प्रकट भएका छन्। स्वतन्त्रता र प्रतिबद्धता देवकोटाको चिन्तनको अर्को महत्त्वपूर्ण पाटो हो। यसका बारेमा पनि उनले वैज्ञानिक र छछवादी व्याख्या परिभाषा प्रस्तुत गरेका छन्– लेखकको स्वतन्त्रता लेखक बसेको समाजकै सामाजिक तथा आर्थिक नियमहरूमाथि निर्भर रहने हुँदा हामीले निकट भविष्यमा सामाजिक–आर्थिक हेरफेर र दृष्टिकोणमा परिवर्तनमाथि ठूलो आशा राखेका छौँ।

हेर्दा सामान्य जस्तो लाग्ने तर असाध्यै गहन र सौन्दर्यशास्त्रीय महत्त्व राख्ने माथिका भनाइहरूमा आधार र अधिरचनाम्बन्धी मार्क्सवादी धारणा प्रतिबिम्बित भएको छ। उन्नत राजनीतिक तथा आर्थिक व्यवस्था र प्रणालीविना, समाजको पूर्ण स्वतन्त्राविना लेखकीय स्वतन्त्रता छैन, कुनै पनि लेखक स्वतन्त्र हुँदैन भनेर देवकोटाले आवश्यकता र स्वतन्त्रता, प्रतिबद्धता र स्वतन्त्रता एक–अर्कासित गाँसिएको कुरामा जोड दिँदै समाजको मुक्तिसित सम्पूर्ण उत्पीडितवर्गको मुक्ति जोडिएको कुराको धारणा व्यक्त गरेका छन्। यहाँ देवकोटाका क्रान्तिकारी आशावादिता राम्रोसित प्रस्टिएको छ। यहाँसम्म आइपुग्दा देवकोटाको विचारविकास र चिन्तनको दिशाले मार्क्सवादी सौन्दर्य चिन्तनसित एकदमै नजिकको साइनो सम्बन्ध जोडेको छ।

विचारको निर्क्योल

यथार्थतः तासकन्द सम्भाषण– देवकोटाको प्रवचन एउटा दस्तावेज र घोषणापत्र हो। सुन्दर नेपालको कल्पना गरिएको, आमूल परिवर्तनको कामना गरिएको, सम्पूर्ण विषमताबाट मुक्त नेपाली समाजको खाका थिचिएको दस्तावेज हो– तासकन्द सम्भाषण। शोषण, दमन र उत्पीडनबाट मुक्त सुन्दर नेपाल निर्माणका लागि स्रष्टाहरू र साहित्यकारहरूले खेल्नुपर्ने वर्गीय भुमिकाको अभिरेखाङ्कन पनि हो– तासकन्द दस्तावेज। नेपाली साहित्यको विगत, वर्तमान र भविष्यको मार्गचित्र प्रस्तुत गरी स्रष्टाहरूलाई समाज रूपान्तरणको मोर्चाका सिपाही बन्न आह्वान गरिएको घोषणापत्र हो तासकन्द सम्भाषण।

अवश्य पनि २००७ सालको सेरोफेरोको इतिहास र तथ्याङ्कहरूका सन्दर्भमा खास गरेर प्रगतिशील लेखकहरू र प्रकाशनका सन्दर्भमा देवकोटाको मौनताले केही प्रश्न उठाएकै छ तापिन वर्गपक्षधरता, प्रतिबद्धता र आमूल परिवर्तनप्रतिको उनको कटिबद्धताले आशङ्काका ठाउँहरू मेटाइदिएका छन् र मार्क्सवादी सौन्दर्यचिन्तनबाट प्रभावित जनपक्षधर एउटा महान् स्रष्टा र चिन्तकको रूपमा उनको व्यक्तित्व स्थापित भएको छ।

फेरि पनि प्रश्न र आशङ्काहरू निवारण भएका छैनन्। उनको जीवन र लेखमा देखिने र देखिएका आरोह/अवरोह, अन्तर्विरोधपूर्ण र विरोधाभासपूर्ण स्थिति, मृत्युशय्यासित गाँसिएका केही प्रकरणहरूले प्रश्नहरू उठाएकै छन्। त्यसैले कसैले के र कसैले के भनेर आफ्नो चाहनाअनुसार उनको व्याख्या र विश्लेषण गरेका पनि छन्। मार्क्सवादी कित्तामा समालोचकहरूले पनि देवकोटालाई मार्क्सवादी, प्रगतिवादी, समाजवादी आदिआदि भनेका छन् । अवश्य पनि हो देवकोटाको कित्ता मार्क्सवादै हो– समाजवाद नै हो तर देवकोटालाई ठोकेर किटानका साथ मार्क्सवादी–समाजवादी–समाजवादी–यथार्थवादी भन्नसक्ने आधारहरू केही कमजोर र फितला पनि छन्। उनको आस्था र विश्वास मार्क्सवाद र वैज्ञानिक समाजवादप्रति नै हो। तासकन्द सम्भाषणले त यस पक्षलाई थप पुष्टि गर्दछ र पनि समग्रमा, पूर्णतामा, गहिराइ र सङ्गठनात्मकतामा उनलाई मार्क्सवादी र समाजवादी यथार्थवादी भन्न सक्दैनौ। यसमा उनका थुप्रै कमी–कमजोरीहरू छन् साथै त्यतिबेलाको मार्क्सवादको प्रचारप्रसारको समस्या, अध्ययनको समस्या र स्वयं लेखकहरूलाई नेतृत्व दिनुपर्ने पार्टीगत कमजोरी र समस्या पनि यससित जोडिएका छन्। यसका सन्दर्भमा वरिष्ठ सौन्दर्यचिन्तक चैतन्यका भनाइ सटिक र सारगर्भित छ–

"वैज्ञानिक समाजवाद मार्क्सवादी सौन्दर्यचिन्तनबाट प्रभावित हुँदाहुँदै पनि त्यसतर्फ गुणात्मक फड्को हान्न नसक्नु देवकोटाका एउटा कमजोरी हो। यसका पछाडि त्यसबेलाको कम्युनिस्ट आन्दोलनको नीति र नेतृत्व पनि केही हदसम्म जिम्मेवार छ।"

यस भनाइको व्याख्या आवश्यक छ जस्तो लाग्दैन। जनयुद्ध हाँकेको नेताहरू त राधा–कृष्ण बनेर पाठपूजामा सजिने गरेको आजको स्थितिमा त्यसबेलाको स्थितिमा देवकोटामा खोटीपन खोज्नु अनर्थ नै हुन्छ तापनि मार्क्सवादले त्यसलाई सभ्य मान्दैन। सारमा, तासकन्द सम्भाषणका आधारमा यसरी निष्कर्ष निकाल्न सकिन्छ– देवकोटा मार्क्सवाद र वैज्ञानिक समाजवादबाट प्रभावित जनताको मुक्ति र नयाँ समाज निर्माणको क्रान्तिकारी अभियानमा समर्पित महान् चिन्तक र स्रष्टा हुन्।

पादटिपणी

१. लक्ष्मीप्रसाद देवकोटा, 'नेपाली साहित्य', साथी, मासिक (सम्पादन–सुदर्शन श्रेष्ठ)

१३ः छ (कात्तिक–मङ्सिर (२०५४), पृ. १८–२३)

२. चैतन्य, क्रान्ति र सौन्दर्य (काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र, २०६४), पृ. १२९। ❒

'स्मृति'को सानो रेखी हाल्दा

-राममणि रिसाल

सुरुमा प्रसङ्ग अँगाल्दा महाकवि स्वर्गीय लक्ष्मीप्रसाद देवकोटाको 'शतवार्षिकी' विशेषाङ्कका रूपमा २०६६ साल कात्तिक महिनाको 'मधुपर्क' अङ्क प्रकाशित हुने भएबाट अहिले खुसी र दायित्व दुवै एकैसाथ थपिन आएको ठान्छु, ममाथि। साथै मधुपर्क परिवारको यो अत्यन्त प्रशंसनीय कार्य-योजना भएकाले 'धन्य' भन्छु।

आधा शताब्दी अगि दिवङ्गत भएका महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली भाषा र साहित्य जगत्का अमर स्रष्टा हुन्। 'नभूतो नभविष्यति' एक अद्वितीय प्रज्ञापुत्र र महिमाशाली महान् देवकोटा हुन् भन्ने कुरो यस पङ्क्तिकारका भित्री मनले धेरै अघिदेखि स्वीकार्दै आइरहेको छ। स्वदेश र विदेशमा बहुप्रशंसित स्व. देवकोटा थिए। असाधारण काव्य पुरुष साधारणताभित्रको असाधारणता महान् महाकविका विषयमा कुरो चल्दा उठ्ने आफैँ अनेक सँग-प्रसङ्ग। तिनलाई केही नसम्झी फेरि म बिर्सुं र बढेँ अगि कसोरी ? फसाद, तिनको क्रमबद्धता कायम राख्नेसमेत मजस्तोलाई हुने धेरै कठिन फेरि चिनारीका फाँटहरू पनि छन्। बेग्लाबेग्लै दर्जनौं कृतिको मूर्धन्य स्रष्टा र सृष्टिका बीचको सम्बन्ध अगाध अपार। यसरी, 'स्मृति' स्वयं हुने कहिले पवित्र पूजा र कहिले गहिरो पीडा। के ढाँटौं, रेखी हाल्न नै भो गाह्रो।

पहिले न चिन्दा र पछि चिन्दा उठ्ने उपेक्षा र अपेक्षाका रङ्ग-तरङ्गले अझ पारिदिने सबै फरक। प्राणान्तसम्म एकनास र सद्भाव, सहभाव र समभाव राख्न सक्ने महामना त्यस सिर्जनकर्ताको विशेष योगदान अपूर्व काव्य धारा। नेपाली मात्रका लागि यही अनमोल सम्पत्ति उनी हाम्रा र हामी उनैका साझा। धरती-पिरती सबै-सबैका आशा गरौं, खुल्ला हाम्रो तेस्रो आँखा, होला सोच-खोज सबै।

समयान्तरमा नेपाली भाषा र साहित्यको प्राध्यापन कार्य गरें। 'त्रिभुवन विश्वविद्यालयका आँगनीमा झण्डै साढे दुई दशक जति विस्तारै नयाँ शिक्षा योजना २०३० ले फेरि दियो, मेरो कार्य दिशा। म पुगेँ अन्यत्र।

समालोचना, अध्ययन-अनुसन्धानका गहन विषयतर्फ यहाँ नलागि (त्यो अरू समर्थ कलमबाट भैजानेछन्) केवल आफूसँग रहेका तर भोलि ती सबै मसँगै हराउँदै जाने डरले टुटे-फुटेका साना तिनैलाई आफ्नो स्मृति-कोष उघारी पोख्नु अहिले उचित ठानी कमजोर कलमका साथ उपस्थित छु वस्तुता यही।

सात दशक भेट्न दौडिरहेको मेरा यस उमेरले दुई दशक पनि राम्ररी नफाट्तैका त्यस कच्चा उमेरले पालेका दुई स्मृति-बिम्ब सबै अक्षरमा कसरी उत्रेलान् भन्नेमा आफैँ उत्सुक बनिरहेको तथ्य फेरि लुकाऊँ म कसोरी ? उमेरहरू छोपिँदै मेटिँदै जाने गर्छन्, विस्तारै थाहै नपाई। उसैगरी 'स्मृति' भित्रका स्मृतिहरू हराउँछन्, धेरै। केही मात्र जमेर बस्छन्, भित्रभित्र ती सक्कली छोयो कि जाग्छन्, आफ्नै सुरले र अगाडि आई उभिन्छन्। करिब करिब हालत मेरो छ यही।

'संयोग' आफैँमा अनौठो स्व. लक्ष्मीप्रसाद देवकोटासँगका जीवितावस्थामा हुन पुगेका (केही वर्ष अघि र पछिका) छोटो भेट-दर्शन यही पोल्टामा छन्। तिनको भिन्न कालक्रम, आयतन र चिनारीसमेत छोटा छन्। तिनै स्मृति-बिन्दुमाथि टेकी रचना सिङ्गो उभिने कुरो सुरुमै निवेदन गर्न चाहेँ, छाती उघारी। खासैमा 'मधुपर्क' का साथ अहिले सामेलसम्म भएको छ। श्रद्धाका 'शब्द-कुसुमाञ्जलि' का साथ यहीँ।

स्वर्गीय देवकोटा मेरा श्रद्धाका पात्र। भोक-शोक र रोगले ग्रस्त बनी दुर्दमनीय शरीर ढल्यो-ढाल्यो चाँडै। यसरी सङ्गति र सामग्रीको बाहुल्यसमेत हुन सकेन मेरो। भाग्यले साथ दिएन राम्रो भनौं। तैपनि, पाको आफ्नो यस उमेरलाई मूकदर्शक पारी निकै टाढा राखी पुरानाका रेशमी स्मृति तन्तु तान्दैछु। अरू के गरौं।

महाकवि देवकोटासँगको मेरो पहिलो भेट एकप्रकार नियमित आकस्मिकता। तिथिमिति र कार्यक्रमबारे केहीबुझी विनायोजना र उद्देश्य कार्यक्रमस्थलमा अकस्मात पुगेछु म। त्यो काठमाडौं राजधानीको मुटुमा भइरहेको थियो, एक विराट 'कवि गोष्ठी'। सर्वप्रथम त्यहीँ देखे अगाडि आदरणीय मूर्ति,

अग्लो मञ्चमा विराजमान महाकवि लक्ष्मीप्रसाद देवकोटा। हृष्टपुष्ट शरीरमाथिका उन्नत भाल। धाराप्रवाह वाणीमा ओज र अपूर्व मिठास। एकपछि अर्को तालीको हुने गड्गडाहट फेरि थियो, ठीक त्यसै भवनका सामुन्ने बेलाबेलामा घण्टी बजाउँदै उभिरहेको 'घण्टाघर' भित्र हलमा लयबद्ध कविताका सुन्दर पङ्क्तिहरूको एकपछि अर्को कविले गर्ने राम्रो पाठ, वाचित सबै 'मधु' !

प्रसिद्ध 'रानीपोखरी' को पूर्वी शिरानी र 'त्रिचन्द्र कलेज'को ठीक पश्चिमपट्टि भागमा अवस्थित 'सरस्वती सदन' भने आफ्नो काम निधारैमा लेखी यस गरिमामय क्षण उचाली मुस्कुराइरहेको देखिन्थ्यो। यी सबै क्षण र दृश्यलाई मोह र उत्सुकताले भरेथें, आफ्नो सानो हृदय-पटलमा धेरै अगि।

मेरा तनमन लागे (गोष्ठी सकिनासाथ) महाकविका अघि-पछि, दायाँबायाँ। कति लोभलाग्दो त्यो फुर्तिलो अनुहार, स-सानाकाला मुन्द्रे/घुँघुरिएका कपाल बेलाबेलामा छप्पछप्प हान्न पुग्थे, आफ्नै निधारमा। सायद, मेरा त्यस उमेरले यति लोभलाग्दा अनुहार त्यस अघि देखेको थिएन, कतै मेरो राम पुलकित भई उठे। नजिकैबाट कविका हात कसरी कसरी मेरो कुममाथि पुग्दा। छिटै एउटा छाप पऱ्यो, नौलो र पहिलो। त्यहीं मेरा भित्री मनको देवकोटाको हस्ताक्षर माग्ने केही क्षण अगिको सुर देवकोटाको त्यस मृदु संस्पर्शले बेसुर भई त्यसै त्यहीं हरायो। कविता साहित्यको टूना-मोहनी लाग्यो मनमा। त्यसै पल देखिन्थ्यो क्यार ! कुन दिनको अपरान्ह यसरी उज्यालो बन्यो मेरो। सायद यो 'गोष्ठी' को कार्यक्रम २०१२।१३ सालतिरको हुनुपर्छ-भन्छु। तिथिमितिको यकीनसाथ हेक्काचाहिँ भएन मलाई। सुधारिँदा मान्छु, राम्रो।

फेरि, बिस्तारै समय बढ्यो अगाडि। हाम्रा र कविका 'शरद-वसन्त केही आए-गए, दिन रात र रात दिन बन्यो। रूपान्तरणमा स्थानान्तरण मान्छेको प्रकृति र अनिवार्य नियति। 'यायाबरी' रूप छ हाम्रो।

केही वर्षपछि वर्ष गयो भागेर। केही थोरै वर्षको अन्तरालमा मैले भेटेको सुन्दर रूप सबै भेटियो र त्यहीं खडा भयो, अर्कै असुन्दर अनुहार। यसबीच स्व. देवकोटाले भोगे हुन्न धेरै कुरा। हामी नेपाली प्रायः मृत्युपछि मात्र 'मान्छे' चिन्छौं राम्ररी। संस्कार र संस्कृति नै बेग्लै। भनौं 'शतवार्षिकीभित्र छ लुकेको एक श्राद्ध यो हाम्रो संस्कृति र श्रद्धाले समर्पित भई गरिने 'श्राद्ध' राम्रो। त नराम्रो खबर पुग्यो कानमा कसरी कसरी कुँदेर एक दिन बिहानी नै। महाकविको रोगाक्रान्त, पछिल्लो अवस्थाको पहिलो एक क्षण अस्पतालको ढोकादेखि पाएथे कतै झुलुक्क दर्शन टाढाको त्यो उल्लेख्य कुरो छैन यहाँ। नराम्रो यो खबर पाउनासाथ दौडी म पुगें, 'पाशुपत क्षेत्र' भित्रैको प्रसिद्ध 'कविकुञ्ज', भित्र मृत्युशय्यामा अस्ताउँदैका सूर्यको विदीर्ण छियाछिया कलेबर। दुःसाध्य 'क्यान्सर' रोगको आक्रमण।

त्यतिखेर 'क्यान्सर' रोगको सुनिने नाम अत्यन्त कम तर अत्यन्त असहनीय चौबीसै घण्टा पूरै हुने पीडादायी रोग। केही विष यस दुर्नियतिको शिकार बन्नमा पनि होलान् अनेक कार्यका कारणहरू त्यता अहिले नजाऔं। आखिर अपार क्षति त्यो २०१६ साल भाद्र २९ गते महाकविको निधनले हुन पुग्यो।

साधारणतः अचिन्त्य स्थिति। ठूलाबडा भनाउँदाहरूले उल्टो मबाट जान्न चाहे बाटामा रोकी सबै कुरो। सिधै कोठाभित्र पुग्दा सबै मेरो भयो, विपनी सपनी। एकदम अचिन्त्य प्रतिकूल स्थिति। हाम्रालागि असह्य र अकल्पनीय। तुरुन्त भेटियो, मेरो पुरानो स्मृति-चित्र। अर्कै 'भावबिम्ब' खडाभो अगाडि। सिङ्गो देशकै प्रतिष्ठाको यो दुर्दशा भिजे परेली बिग्रे कि सबैका अनुहार त्यहाँ। मभन्दा अघि नै पुग्ने थुप्रै श्रद्धालु अग्रज-अनुजहरू पनि देवकोटालाई श्रद्धा गर्नेमा थिए। सबै चिकित्सक र अस्पतालले माया मारेपछि यता राखेको कुरो सुने विस्तारै गजब छ यो स्मृतिको दोहरी चिनारी पनि कमै हुने गर्छ।

अनुहार पूरै कविको हाड कङ्कालको मात्र बनेको। आँखा धसिँदै तल भित्र पुगिसकेका। सुकाएछ सबै मांसपेशी। स्वर विस्तारै उकालो चढी मलिनो स्वरमा कविकी धर्मपत्नी (बज्यै) सितको संवादमा थियो। जलाउने काठ र किरिया गर्नका लागि पैसा पुग्छ बज्यै। यस्तै-यस्तै मार्मिक-कारुणिक। भैगो, आँखा र मन मेरो आफैं लाग्न थाले चूप। सम्झन्छु, यस्तैमा परम्परावादी एक सज्जनले कविको अन्तिम इच्छाबारे सोधे। त्यसैको उत्तरमा कविले 'मुनामदन' छोडी अरू सबै जलाइदिँदा पनि हुन्छ भनेको वाक्य त्यो मेरा नजिकैबाट स्पष्टसाथ बाहिर पुग्यो, विस्तारै। महाकविका विरक्त स्वरको यो थियो अन्तर्ध्वनि। त्यहाँ सबै छक्कपक्क भयौं। अब पशुपतिको आर्यघाट धेरै टाढा थिएन क्षण प्रतिक्षण।

-ल.पु. झम्सिखेल

देवकोटाको पहिलो कथा उनको मने र म

–इद्रिस सायल

महाकवि देवकोटाले साहित्यका अरू विधामा भन्दा काव्य (कविता, खण्डकाव्य, महाकाव्य)मा सङ्ख्यात्मक रूपमा बढी योगदान गरेकाले काव्यमा नै उनको बढी चर्चा–परिचर्चा हुने गरेको पाइन्छ। उनको योगदान नाटक निबन्ध, आख्यान (कथा र उपन्यास) समालोचना, बालसाहित्य, लोकसाहित्य र अनुवादसाहित्यमा पनि भएको विदितै छ।

विशेषगरी देवकोटाले आख्यानको क्षेत्रमा गरेको योदानलाई ओझेलमा पार्ने गरिएको छ। किन ? के उनले आख्यानमा योगदान गर्न कञ्जुस्याइँ गरेकाले यस्तो गरिएको हो ? होइन, वास्तविकता यस्तो नहुन सक्छ। देवकोटाले साहित्यका अरू विधामा जस्तै आख्यानमा पनि सशक्त योगदान गरेका हुन्। उनको कलम सदा तेज थियो र त काव्य, नाटक, निबन्ध, आख्यान, समालोचनाजस्ता विभिन्न साहित्यिक विधामा थुप्रै साहित्यिक कृतिलाई जन्म दिन सकेका थिए।

देवकोटाभित्र आख्यानको ठूलो भण्डार थियो, जसले गर्दा उनले दर्जनौँ कथा र एक उपन्यासलाई जन्म दिन सकेका थिए। उनीभित्र रहेको आख्यानको धेरैजसो भाग खण्डकाव्य, महाकाव्य र नाटकमा पनि रित्तिइसकेको थियो। किनकि आख्यानले कथा र उपन्यासलाई मात्र होइन, खण्डकाव्य, महाकाव्य र नाटकलाई पनि माया गर्दोरहेछ।

यसरी देवकोटाले आफूभित्र बाँकी बचेको आख्यान भण्डारको बाँकी भाग दर्जनौँ कथा र एक उपन्यासमा खर्च गरे। देवकोटाले आफ्नो साहित्यिक जीवनमा जम्मा तेह्रवटा कथा (लक्ष्मीकथासङ्ग्रहभित्र सङ्कलित) र एउटा मात्र उपन्यास 'चम्पा' लेखे भन्न खोजिएको होइन। उनले अरू थुप्रै कथा र अरू उपन्यास लेखेका हुनसक्छ यसको सम्भावना धेरै छ। मात्र हाम्रा आँखामा नपरेको हुन सक्छ। अथवा खोज–अनुसन्धानको कमी भएको पनि हुनसक्छ। अथवा कसैले नाममा प्रकाशित गराएर आफूलाई ठूलो साहित्यकार बनाएको पनि हुनसक्छ।

प्रसङ्ग हो, आख्यानभित्रको एक विधा 'कथा' को देवकोटा कहिलेदेखि कथा लेख्न थाले र उनले लेखेको पहिलो कथा कुन हो। यो कुरा प्रकाशनमा आउन बाँकी नै छ। यद्यपि हालसम्म बाहिर आइरहेको जानकारीअनुसार उनको पहिलो प्रकाशित कथा 'उनको मने' हो र यो कथा वि.सं. १९९६ मा 'शारदा' साहित्यिक मासिक पत्रिकामा प्रकाशित भएको थियो। नेपाली साहित्यमा अविस्मरणीय योगदान रहेको साहित्यिक पत्रिका 'शारदा' मा देवकोटाको पहिलो कथा 'उनको मने' प्रकाशित भएपछि अन्य एक दर्जन कथाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका थिए। पछि तिनै प्रकाशित कथाहरूलाई सङ्कलन गरेर वि.सं. २०३२ मा 'लक्ष्मी कथासङ्ग्रह' प्रकाशित गरिएको थियो। त्यो उनको एक मात्र कथासङ्ग्रह पनि हो।

देवकोटाले आधुनिक नेपाली कथालेखनको सुरुवाती समयमा लेखेका ती तेह्रवटा कथाहरू नै नेपाली जनजीवनलाई गहिरोसित स्पर्श गरेकाले उनीद्वारा लेखिएका अरू थुप्रै कथाहरू प्रकाशित/अप्रकाशित अवस्थामा रहेका हुनसक्छन्। अहिलेसम्म उनको पहिलो प्रकाशित कथा मानिएको 'उनको मने' नै हो अथवा पर्दामा रहेका उनका अरू नै कथाहरू हुन् ? प्रश्नहरू उब्जिन थालेका छन्। तैपनि अर्को वास्तविकता बाहिर नआएसम्म यसैलाई वास्तविकता मान्नुपर्ने हुन्छ– 'उनको मने' नै देवकोटाको पहिलो प्रकाशित कथा हो।

आफ्नो लेखनको सुरुवाती समयमा बढी मन पराएर पढेका कृतिहरूमा देवकोटाको 'लक्ष्मी कथासङ्ग्रह' पनि एक हो। सङ्ग्रहभित्रको एक कथा 'तारा'ले मलाई धर्धरी रुवायो भने अर्को कथा 'बङ्गाली बाबु'ले उनमा विविध भाषाको ज्ञान रहेको जानकारी दियो। यसरी नै देवकोटाको यो पहिलो

कथा 'उनको मने' मेरो लागि विशेष रह्यो। सो कथाले चाडपर्वमा हुने गरेका र पशुहत्याको विषयवस्तुलाई समेटेको छ। निर्दोष पशुपक्षीहरूलाई चाडपर्व र पूजाआजाका नाममा किन मारिन्छ। पशुहत्याको विपक्षमा रहेका कथाकार देवकोटाले आफ्नो कथा 'उनको मने'को माध्यमबाट सबैलाई पशुहत्याको विपक्षमा उभिन आह्वान गरेका छन्। देवकोटाले सन्देश दिएका छन्- बालबालिकाझैं सबै भैदिए यो संसार स्वर्गजस्तै हुनेथियो। यो कथाको अर्को सन्देश अहिंसाको बाटोमा लाग्नु पनि हो।

देवकोटाको पहिलो कथा 'उनको मने' पढेर मलाई 'ईद/बकरीद' जस्ता मुस्लिम चाडपर्वहरूको याद गरायो। यी चाडपर्वहरूमा पनि थुप्रै निर्दोष पशुपक्षीहरूको हत्या हुने गर्दछ, विशेष गरेर 'बकरीद' चाडमा। यी चाडपर्वहरूमा जनतालाई मुल्लाहरूले नउक्साउँदा हुन् त केही हदसम्म पशुहत्या रोकिँदो हो। चाडपर्वहरूमा पशुहत्याको लागि जनतालाई उक्साउने मुल्लाहरू नै हुन्।

देवकोटाको कथा पढेपछि मैले पनि त्यस्तै विषयवस्तुको कथा लेखेको थिएँ। देवकोटाको पहिलो कथा 'उनको मने' चाडपर्व (दसैँ/तिहार)मा हुने पशुहत्या जस्तो विषयवस्तुमा आधारित थियो भने मेरो 'वर्षदिन' शीर्षकको कथा मुस्लिमहरूको चाड 'बकरीद'मा मुल्लाहरूले उक्साइउक्साइ गराउने पशुहत्या जस्तो घृणित विषयवस्तुमा आधारित थियो।

मैले त्यो कथा लेखेपछि बकरीद चाडमा मस्जिदको माइकबाट पढेर सुनाएँ पनि। सुनेर मुल्लाहरू रिसाए भने केही बूढापाकाका भलाद्मीहरूले मसँग यसरी हाँसोठट्टा गरेका थिए- इद्रिस, तिमीले लेखेर सुनाएको यो कहानी सुनेर तिम्रो नाना (बाजे/हजुरबा)को याद आयो। उहाँ कहिलेकाहीँ यहाँ आउनुहुन्थ्यो र नोहा (लोककाव्य) सुनाउनुहुन्थ्यो। 'नोहा' सुन्न उहाँलाई गाउँभरिका मानिसहरूले घेरेर बस्ने गर्दथे। अब तिम्रो कहानी सुन्न तिमीलाई पनि घेर्नेभयौं हामीले।"

हाम्रो स्थानीय भाषामा 'नाना' भनेर बाजे अर्थात् आमाको पिताजीलाई सम्बोधन गर्ने गरिन्छ। मेरो नाना अजमुल खाँ अवधी/उर्दूभाषाका राम्रा लोककवि हुनुहुन्थ्यो।

मेरो त्यो 'वर्ष दिन' कथा मसँग छैन, सायद हरायो। मेरो त्यो कथा कुनै पत्रपत्रिकामा प्रकाशित पनि भएको थिएन, कुनै सङ्ग्रहमा सङ्कलित हुनु त कुरै छोडौं। यद्यपि त्यो कथा मस्जिदको माइकबाट बजेको थियो र मुल्लाहरूको आँखाको कसिङ्गर बनेको थियो तर पनि आजपर्यन्त म कथा लेखिरहेको छु, देवकोटाको पहिलो कथा 'उनको मने' बाट अत्यधिक प्रभावित भएर।

-सोनपुर-१, बर्गदही, बाँके

श्रद्धाञ्जली

-रविबाबु प्रतीक्षा

कस्तो फूल तिमी फुलेर कहिल्यै झर्दै नझर्ने भयौ
कस्तो मूल तिमी फुटेर जगमा साँच्चै नमर्ने भयौ।
तिम्रो शिल्प बन्यो विराट प्रतिभा आलोक छर्दै यहाँ
तिम्रा शब्द बने सुमार्ग सबमा सन्देश छर्दै यहाँ।

विधा लाख दियो लिई कलमले संसार पोती दियौ
जल्दै रात दिनै दियो-कलश झैं हाँसेर ज्योति दियौ।
शब्दै दृष्य बन्यो, बन्यो विविधता सिंगो महासागर
जसको जीवन नै अनन्त छरियो संज्ञानमा उर्बर।

लेख्दै काव्य-सुधार रचेर रचना थाकेन जो क्यै गरी
थप्दै रंगथरी विशाल नभमा आजन्म जीवनभरि।
गर्छौं भक्ति सदा पवित्र दिनमा अर्पेर पुष्पाञ्जली
आत्मा शान्त रहोस् महाकवि सधैँ हाम्रो छ श्रद्धाञ्जली।

बलिया-८, भुरुवा-कैलाली
हालः त्रि. वि. कीर्तिपुर



अप्रकाशित कविता

'दार्जीलिङको बाघचूली'मा देवकोटा

-गीता त्रिपाठी

कञ्चनजङ्घा लेकभरिभर
ब्रह्ममुहूर्तमा मिरमिर, मिरमिर,
आँग जोरी भँडा उँग्छन्, दलका दल,
पाठा, माउ सब बादलका निश्चल !
भँडीगोठमा उचाइका, बाफ-पसिना, परिणत जल,
भेषभूत, विभूति रङ्गका बादल !
निशिभर हावाघरमा सुतेका,
बिउँझिन लागे पलपल !

पहिले बिउँभ्यौ निद्रित समीरण,
हल्ले निद्रित पत्रहरू, त्यक्त-तरु,
फुत्त झरेका पँखेरू-उरले, उत्सुकतासँग हुर्री धकेले,
अलि गतिवाधक तर उच्चालक छालहरू !

विभा खुसीले भइन् उज्याली,
मौन प्रतीक्षा भो बादल !
स्वर्णिम, उर्णिम जीवन, जागृति, परिणति पाउन,
पर्खिरहेको जस्तो जल !
उषा-किरणका भक्तहरूको
वाष्पित आत्माको झैं जल !
दर्शनको मृदु भावस्फुरणमा
ध्यान-निद्रा बनेझैं सजल !

छिर्क्यो गुलाफी क्षितिज किनारा,
प्रथम उषाको लाली सरी !
पहिलो छिर्का लागी फुटेको,
सृष्टिको कुड्मल-जाली सरी !
अथवा बिउँझिरहेको कविको
मुटुको बुबुल्के प्यालीसरी !

छिर्दै आयो भुवा,भुवामा
कवि-स्वपनाको धूली भरि !
साक्षात्कृता क्वै सुन्दरताको
स्मृतिको गुलाफी लचक सरी,
खुल्दछ पूर्व किनारा लम्बिई, भू-सगरी !
सिर्जनधूलीमा रङ छिरबिर भो ! स्रष्टा चल्थ्यो !
उसका हात चलेझैं लागी,
आँखा घुमिकन लरबर भो !
छोएजति सब जिउँथ्यो, बल्थ्यो,
सुन्दरले सब, सुन्दर भो !
कोही रङ्ग्थ्यो तरलाकारी, भावभुवामा,
बल्दो क्षणको जल्दो रङ्ग ! ज्वाला-तरङ्ग !

सिँगार्न थाल्यो प्रकृति पुरुषले,
शर्मी प्रकृति बन्थिन् दङ्ग !
ब्रीडा जन्मी जपाकुसुममा
उत्सव बोल्थे विहङ्ग !

यस्तो रङ्गिएको आकाश !
हरेक ठाउँमा अद्‌भूतताले चुम्बित,
होइन, सेता तपस्या-चूली
उपर खुलेको स्वर्ग हि खास ?

माला कहीँ क्या विवाहोत्सवमा
क्या लच्के !
कहीँ परीहरू हातेमालो,
नाची मनोहर, क्या मस्के !
स्वर्ग र पृथिवीको छ विवाह !
वह !
इन्द्र आफैं ऐरावतमा क्या लस्के !
आए ऊ ! ऊ ! वनमाली ती, मुरली अधर ती, निस्के !
दिल उर्ली !
कलपूर्जा सब मेरा, चुम्बक अगाडि झस्के !

मानव कल्पना भरखर बिउँझी,
आँखा मिचेझैं जिल्ल परी !
सारा प्रथम पुराण कथाका,
आत्मा लागी, बुझूँ अलिकति, चौँकीवरी !
वेद जन्मियो कमलपत्रमा ऊ त्यो कुनामा ! ऊ त्यो कुनामा !
ज्ञान वैरियो किरणहरूझैं घन-तनमा ऊ ! आँसुवूनामा !
शिवले गरल पिइकन तमको, उम्ल्यो अमृत, उम्ल्यो अमृत !
यो के ?
मायाउपर परेको सच्चित्, सच्चित् ! आनन्द हो ए !
हयग्रीव छन् गाइरहेका काहीँ, करलहरीमा, हरलहरीमा !
चित्रकला छन् जन्मिरहेकी स्वर्गधुरीमा, स्वर्गधुरीमा !
सारा कलाको अभिनय देख्दछु
अप्रत्याशित, यो अनमोल,
जीवन-घडीमा ! जीवन-घडीमा !

कञ्चनजङ्घा काञ्चन भो,
आयो हिरण्मय, आयो किरणमय !
अमृत बनाई सकल मरणमय !
मृत्युको एक छिन् लान्छन् भो !
तब देखें एक सेतो कचौरा हिउँको !
त्यसले अगणित युग भर पिएथ्यो,
यस्तो मदिरा, यस्तो मदिरा,
त्यसको आत्मासाथ मितेरी लाउन पाऊँ त
एक छिनको !
प्रभात पागल भनीकन हेर्थे, आँखा चकित रे सबजनको

फर्के !
फर्के, फर्की नजरले हेर्न, फर्की-फर्की,
अद्‌भूत हिमाल !
दृश्य कमाल !
अद्‌भूतताको आदिम सदन त्यो,
कञ्चनजङ्घा गिरिको भाल !
प्रकृति त्यहाँ छन् प्रदर्शिनीमा, कल्पनाको सब धन ली,
नवसृष्टिधूलिका घन ली !
बाघचूली चढेकी देवी,
त्रिभुवनसुन्दरी, बल्दी, जल्दी,
देखें केही, सुनें पनि केही,
छाड्यो शरीर यो एकछिन देही !
एक दर्शनमा ज्ञान अनन्त छ,
एक वाणीमा वेद हजार !
धर्म यसैगरी जन्मे होलान्,
साहित्य, कला, औ संसार !

महाकविका प्रकृतिपरक महान् कविताहरू अझै कति लुकेका होलान् कुहिरोका चोइटाहरूभित्र अथवा लेखिएका होलान् हरिया जङ्गलका पात–पातहरूमा। पश्चिमी साहित्यका प्रथम समीक्षक एरिस्टोटलले आफ्ना गुरु प्लेटोको 'साहित्य केवल अनुकरण हो' भन्ने अवधारणालाई घुमाउरो पाराले अस्वीकार गरे, साहित्य हुबहु अनुकरण होइन, कलात्मक अनुकरण हो भनेर साहित्यको आदर्श र विशिष्ट व्याख्या गर्ने कोसिस गरे। स्वच्छन्दानुभूत–स्पर्शका महारथी देवकोटा प्रकृतिका सन्दर्भमा एरिस्टोटलीय व्याख्यानमा अभिव्यक्त यस्तै कलात्मकताका पुजारी हुन् प्राकृतिक सौन्दर्यका, जसले जस्तो छ मात्र होइन, जस्तो हुनुपर्छको काव्यिक–चेतनाले नुहाइदिएका छन् प्रकृतिका हरेका वस्तुलाई आत्माभिव्यञ्जनापूर्ण बनाएर, अटल अमर बनाएर।

महाकविको उल्लेखित कविता सम्भवतः यसअघि अन्यत्र छापिएको छैन, छापिएकै भए पनि सहृदयीहरू माझ यथेष्टभावले पुग्न सकेको छैन। मैले पनि यस कवितालाई अनायासै पाएकी थिएँ, अर्थात् एक प्रसङ्गमा पाएको अर्को सुन्दर उपहार जसरी नै र टाइप गरेर राखेकी थिएँ। प्रसङ्ग शङ्कर लामिछानेसँग जोडिएको थियो। उनका कृतिका बारेमा अनुसन्धानात्मक अध्ययन गर्ने हुटहुटी चलिरहेके बेला केही हस्तलिखित पाण्डुलिपिका साथमा उनैका आदरणीय गुरु देवकोटाको यो कविता पनि सँगै प्राप्त भएको थियो। पुराना पुस्ताका लागि आराध्य स्रष्टा महाकवि देवकोटा पछिल्लो पुस्तामा आइपुग्दा अलौकिक पात्रझैं अवतरित हुने गरेका छन्, श्रोताका मानसमा। केही वर्ष यताको अध्यापन कार्यका सिलसिलामा नयाँ पुस्ताले देवकोटालाई यसरी नै बुझ्ने गरेको पाएको छु। उनका कवितालाई भन्दा उनका जीवनयात्राका अनौठा प्रसङ्गहरूलाई रुचिकर मानेको देख्दा उनी साँच्चै पारलौकिक नै थिए कि जस्तो पनि लाग्छ तर यसो भनेर उनलाई अपमान गर्न मिल्दैन, कारण 'नमरी स्वर्ग देखिँदैन' भन्ने उखानलाई गलत साबित गर्नसक्ने धर्तीपुत्र लौकिक जीवनका अनुयायी थिए, कर्मप्रिय थिए अर्थात् उनमा निहित ईश्वर भनेकै मानवता थियो, स्वर्ग भनेकै धर्ती।

सायद वि. सं. २०१३ तिर लेखिएको हुनुपर्छ यो कविता। इलामको करफोकमा भएको साहित्य सम्मेलनमा भाग लिने क्रममा देवकोटा दार्जीलिङ पुगेका बेला यो कविता जन्मिएको हो भन्ने लाग्छ। उनका काव्यिक गर्भबाट कति कविता जन्मिए होलान्, त्यसको लेखाजोखा राख्नु त्यति सजिलो छैन। उनका कविताका भावविस्तार गर्नु त अर्को असम्भव काम हो। स्नातकोत्तर तहको विद्यार्थी रहेका बेला आदरणीय विद्वान् गुरु जगन्नाथ त्रिपाठीले शाकुन्तल महाकाव्यका केही सर्ग पढाउने सन्दर्भमा भन्नुभएको सम्झन्छु– "मैले यो महाकाव्य तेह्र वर्षदेखि पढ्दै आएको छु र अझै बुझिसकेको छैन भने तपाईंहरूलाई विश्वविद्यालयले छुट्याएका केही कक्षा समयभित्र म कसरी बुझाएर सकूँला ?"

अवश्य गुरुको यो भनाइमा देवकोटाको कवित्वप्रतिको सच्चा समीक्षा छ भन्ने लाग्छ मलाई। उनको व्यञ्जनाको व्याख्यातीत विषय र कल्पनाशीलताभित्र पस्नसक्ने सचेतनाको जादू आज पनि अभावमय नै छ यो नेपाली साहित्यजगत्मा। यसैले नै होला समीक्षकहरूले तुलनात्मक अध्ययन गर्ने क्रममा भनेको पाइन्छ– "देवकोटा देवकोटा नै हुन्, उनको तुलना उनी स्वयंसँग मात्र सम्भव छ।"

दार्जीलिङको टाइगर हिल नाम पाएको चूली टेकेपछि नजाने देवकोटाका मनमा कस्ता भाव–तरङ्गहरू ब्यूँझिए हुन्। प्रमिथसका अनन्य सेवक देवकोटा सृष्टिको अविचल आकाङ्क्षाले पुलकित हुनपुगे जस्तो लाग्छ, त्यस पहाड्मा। उनले तिनै अनायासका झिल्काहरूको किरणवर्षा हुने ठाउँलाई प्रेमले शीर्षक बनाए– 'दार्जीलिङको बाघचूली'। उनको कवि मन सौन्दर्य र कर्मको अविभाज्य संयोजनमा बेस्सरी नाचेझैं भान हुन्छ, कविताका शब्द–छन्दमा। पहाड उनको मनपर्ने साथी हो। उनले भनेकै छन् पागल कवितामा– 'पहाडलाई तिमी लाटा भन्छौ, म बाचाल।' उनी भाषाका अद्भुत आविष्कारक हुन्। भावअनुकूलको भाषा खेलाउनकै निम्ति छन्दको ज्ञान हुँदाहुँदै पनि उनले मुक्त गद्यलयलाई आत्मसात् गरेका छन्। उनलाई लय मनपर्छ तर बन्धन उनको स्वभाव होइन। बाघचूलीको सौन्दर्य वर्णनमा उनी अतिशय भावुक देखिएका छन्, सामान्य पाठकलाई यो कविता सरल भाषामा भइकन पनि गहिराइ भेट्न हम्मेहम्मे नै पर्छ। प्रकृतिको जुन सघनता उनको आत्माले सजीव ठम्याउँछ, त्यो मानवीय इन्द्रियगोचर हुँदैन कहिलेकाहीं। यस्तै कवि–स्रष्टाका निम्ति होला शिक्षासेवी केदारभक्त माथेमाले एक भेटको एक बसाइमा पुस्तक–चर्चाका क्रममा भन्नुभएको थियो– "सर्जकहरू भनेका साँच्चै नै सुपर ह्युम्यान विइङ् हुन्, तिनका इम्याजिनेसनले यो संसारलाई कति ब्यूटिफूल बनाएको छ, वाह !"

देवकोटा कृत्रिमताभन्दा परको सम्भावनालाई हृदयले स्वीकारिरहेका छन्, आशावादी भएर, जीवनवादी भएर। उनी छालले गतिलाई अल्मल्याए पनि केही उच्चाल तरङ्गहरू ल्याउने कुरामा विश्वस्त हुन्छन्, त्यहीँनेर उनको सकारात्मक भावनाको माला गाँसिन्छ। रहस्यमय स्वर्गलाई बाघचूलीमा प्रत्यक्ष भेट्छन् कवि। स्वर्ग र धर्तीको विवाह समारोहमा उनको पौराणिक बिम्बहरू कल्पनापथभरि सग्बगाउन थाल्छन्। मानवीकृत प्रकृतिको विराट् अनुगमन गर्ने उनको तुफानी अनुभूतिको पराकाष्ठा हो यो कविता। उनको शिल्प भाषाले होइन भावले बनेको छ, उनी भावअनुकूलको भाषा जन्माउँदै बगेका छन् यस प्रवाहमा।

कुन आकर्षणले तानेर लैजान्थ्यो उनको आत्मालाई घरीघरी पहाडतिर। उनी काठमाडौँमै हुँदा पनि बारम्बार पहाडी–यात्रामा निस्कन रमाउँथे। आफ्ना अन्तरङ्ग मित्रहरूसँग शिवपुरिको शिखर धेरैपटक उक्लिएका थिए उनी। सायद उनलाई तपस्वीहरूको दीग्–दर्शन हुने शान्त परिवेश मनपर्थ्यो अथवा उनका निम्ति प्रकृतिका हरेक सजीव अनुभूतिको केन्द्र थियो पहाड। रात छिचोलेर पहाडबाट चियाउने उषामा कविको काव्यचित्र सुनौला रङको बनेको छ। लाग्छ, उनी सदियौँदेखि त्यही बिहानीको ब्यूँझाइ पर्खिरहेका छन्। बादल, बतास, वन–जङ्गल र तिनैका काखमा लुकामारी खेल्ने प्राणी मात्रका संसर्गमा रमाउने देवकोटा बाघचूलीमा सिङ्गै मानव–अस्तित्व भेट्छन्, मानव–सभ्यता भेट्छन्, ज्ञान, कर्म र भक्तिको मधुर योग भेट्छन्, संस्कृति र जीवनको क्रम भेट्छन्, अनि भेट्छन् प्रकृतिको निर्मल आवाजमा भरीभरी वेदका सूक्तहरू र त्यसैमा घोलिएर मीठो बनेको धर्म, दर्शन, साहित्य र कला। अनि त्यही हुन्छ एउटा सुन्दर संसार, उनको परिकल्पना र खोजको लौकिक–स्वर्ग। यसै भन्छ उनको कविताको भाव–

एक दर्शनमा ज्ञान अनन्त छ,
एक वाणीमा वेद हजार !
धर्म यसैगरी जन्मे होलान्,
साहित्य, कला औ संसार !

–बालुवाटार, काठमाडौँ

नेपाल बाहिर देवकोटा

–महेश पौड्याल 'प्रारम्भ'

महाकवि लक्ष्मीप्रसाद देवकोटाको चर्चा नेपालमा साहित्यिक वृत्तका अतिरिक्त पत्रपत्रिमा, घर–घरमा, सभा–समारोहमा, प्रतियोगिताहरूमा, सामान्य ज्ञानका सन्दर्भमा, राजनीतिमा र पाठ्यक्रममा सबैतिर हुने गरेको छ। देवकोटाको स्थान नेपाल बाहिर के–कस्तो छ, उनलाई नेपाल बाहिरको मुलुकका पाठक, समालोचक र विज्ञहरूले कसरी र कति बुझेका छन्, यो सबैका लगि चासोको विषय बन्नसक्छ। यदाकदा सुनिन्छ र धेरै विद्वान्हरू यस भनाइसँग सहमत पनि देखिन्छन् कि देवकोटाजस्तो विलक्षण प्रतिभा नेपालजस्तो गरिब, र बौद्धिकताको कदर गर्न नजान्ने देशमा नजन्मिएर कुनै अर्कै देशमा जन्मिएका भए आज विश्वसाहित्यमा उनको स्थान धेरै ऊँचो र सम्मानित हुने थियो। राहुल सांकृत्यायनलाई सायद थाह थियो, देवकोटाजस्तो विलक्षण प्रतिभा एक जुगमा एकपटक आउँछ र विश्वलाई नयाँ बाटो दिएर जान्छ। हो सबै लेखक सोफोक्लिस, होमर, दाँते, शेक्सपियर, टोल्सटय र वर्डस्वर्थ हुन सक्दैनन्। उनीहरू लामो कालखण्डमा जन्मन्छन् र संसारलाई ज्ञानको दिव्य आलोकले प्रज्वलित पारेर जान्छन्। प्रस्तुत लेखले नेपाल बाहिर र विषेश गरी पश्चिमी विद्यार्थी, प्राज्ञ र समालोचकहरूको दृष्टिमा देवकोटालाई हेर्ने चेष्टा गरेको छ।

वास्तवमा देवकोटाको देशमा जति चर्चा भए पनि परदेशमा निश्चय नै कम र फाट्टफुट्ट मात्रै चर्चा भएको छ। हामीले देवकोटाको प्रतिभालाई अन्तर्राष्ट्रीयकरण गर्न नसकेर यसो भएको हुनसक्छ।

अमेरिकाको कोलोम्बिया विश्वविद्यालयले प्रकाशित गरेको, डेभिड रुबनद्वारा अनूदित देवकोटाको एउटा कविताकृतिमाथि टिप्पणी गर्दै समालोचक अलेन थ्रेसरलले देवकोटालाई नेपाली साहित्यको वास्तविक विकासका एक महत्त्वपूर्ण सिल्पी मानेका छन्। उनी भन्छन्: नेपाली साहित्यको इतिहास पाँच सय वर्षभन्दा पुरानो भए पनि यसको वास्तविक विकास बीसौँ शताब्दीमा आएर मात्रै भएको हो र यो कालका महानतम लेखक लक्ष्मीप्रसाद देवकोटा हुन्। उनले विभिन्न विधाहरूमा रचनाको विशाल निधि तयार पारे र उनी अङ्ग्रेजी छायाँवादी कविहरूबाट प्रभावित थिए। उनीहरूलेझैँ देवकोटाले पनि स्वच्छन्दता, सलिलता र भावपरकतालाई प्राथमिकता दिए।

देवकोटा हृदयप्रधान कवि हुन्। उनको स्वभाव पनि त्यस्तै थियो। उनी भावनाका लहरमा उन्मुक्त उडान भर्थे र स्वभाव पनि त्यस्तै थियो भनिन्छ। थ्रेसरले देवकोटाको लेखकीय स्वभावको बारेमा यसो भनेका छन्– "उनी आफ्ना रचनाहरूको पुनरलेखन गर्दैनथे, र कतिपय अवस्थामा उनको हस्तलेखन नबुझेर उनका प्रकाशकहरू खाली छोडिदिन्थे।"

देवकोटाको महत्त्वलाई नेपालको भौगोलिक सीमाको परिधिभित्र हेरिनु उनका विचारको सार्वभौमिकतालाई खुम्च्याइनु हो। थ्रेसरले देवकोटाको यो पक्षलाई पनि उजागर गरेका छन् उनले भारतीय भूखण्ड र मिश्र, दुवै क्षेत्रका प्राचीन मिथकमा आधारित धेरै लामा पद्य कथा लेख्नुका अतिरिक्त सामाजिक विद्रोह, बालकविता, गान्धीको निधनमा अङ्ग्रेजी सोनेटहरूको एक शृङ्खला, प्राकृतिक सौन्दर्य, पारम्परिक, लोकगायकहरूको अनुकरणमा रचना, र गरिबी र मृत्युमाथिका विलाप आदि विषयमा कविता पनि लेखे।

नेपाली वाङ्मयमा देवकोटालाई विभिन्न काल र विभिन्न परिस्थितिसँग जोडेर हेरिएको छ। जी. एन. यु. फ्री. डक्युमेन्टेसन अनुमति पत्रअन्तर्गत प्रकाशित नेपाली साहित्यबारे एक अनलाइन लेखमा देवकोटालाई नेपाली साहित्यमा *क्रान्तिपूर्व काल* भनेर उल्लेखित कालखण्डमा गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालासँगै अत्यन्त महत्त्वपूर्ण लेखकका रूपमा हेरिएको छ।

देवकोटा क्लिष्ट पनि छन्, सरल पनि। उनको भाषा सरल होला तर भाव भने अवस्यै गम्भीर छ। यो यथार्थलाई कतिपय लेखकहरूले ठाउँठाउँमा औंल्याएका छन्। पल्लव रञ्जनले देवकोटाका कविताकृति 'यात्री' को अनुवाद गर्नेक्रममा महाकविका बारेमा लेखेका छन्– "देवकोटाका लेखहरूको मूल भावलाई बुझ्नु भनेको हुस्सुमा वाष्प देख्नु वा हजारौँ जुनकीरीहरूको उज्यालो एकैचोटि हेर्नु जत्तिकै कठिन

(महाकविका साथमा बालकृष्ण सम र अन्य समकालीन व्यक्तित्व)

छ।" जून २२, १९९५ मा *पिपल्स रिभ्यु*मा प्रकाशित एम. आर. रोस्को एउटा लेखमा भावको यो क्लिष्टताका बाबजुद देवकोटालाई नेपालकै सर्वाधिक लेकप्रिय कवि भनिएको छ।

देवकोटा अङ्ग्रेजीमा पनि लेख्थे र उनको यो खुबीले उनलाई अन्तर्राष्ट्रियरूपमा आफूलाई स्थापित गर्न सहयोग गऱ्यो। निश्चय नै उनका नेपाली कृति वा तिनको अनुवादभन्दा बढी मूलरूपमै अङ्ग्रेजीमा लेखिएका कृतिहरू बाहिर बढी वितरित र चर्चित भए। अक्टुबर ५, २००० मा बीबीसीबाट प्रसारित दक्षिण एसियाली साहित्य विषयक बहसमा देवकोटा र अन्य दक्षिण एसियाली स्रष्टाहरूका बारेमा यसो भनिएको छः हरिवंश राय, मुल्कराज आनन्द, माइकल ओन्दात्जे र लक्ष्मीप्रसाद देवकोटाले अङ्ग्रेजीमा उत्कृष्ट सामग्रीको श्रृष्टि गरेका छन्, जुन आफैँमा विशिष्ट छन् तर अङ्ग्रेजी भाषामा एउटा महाकाव्य र धेरै कविता लेख्ने पहिला नेपाली लेखक देवकोटा र हिन्दी कविहरू पन्त, प्रसाद र निरालामा एउटा छुट्टै मिठास् पाइन्छ, जसले उनीहरूका रचनालाई अन्य अङ्ग्रेजी भाषाका लेखकहरूका रचनाभन्दा पृथक् बनाएको छ।

देवकोटा महान् छन्, यस कुरामा मतभिन्नता छैन तर यस्ता विलक्षण प्रतिभा विषेश कार्यक्रमको सेरोफेरो र पाठ्यक्रमले सिर्जना गरेका बाध्यात्मक स्थितिबाहेक आज आम पाठकको चयनमा पर्दैनन् भन्ने कुरालाई स्वदेशी मात्र नभई विदेशी विद्वान्हरूले पनि औँल्याएका छन्। २००३, अप्रिलको अन्तिम सातातिर हिमाल एसोसिएसनले काठमाडौँमा आयोजित नेपाली साहित्यबारेको एक अन्तर्क्रियामा माइकल हटले देवकोटाको ऐतिहासिक महत्त्व ठूलो भए पनि उनी अहिलेका पाठकको चयनमा पर्न छोडेको बताएका थिए।

देवकोटाको योगदानलाई साहित्यमा जति महत्त्वका साथ हेरिन्छ, नेपाली भाषाको परिस्कार र सामाजिक मूल्य मान्यताको जगेर्नाका सन्दर्भमा पनि उत्तिकै महत्त्वका साथ हेरिन्छ। कोर्नेल विश्वविद्यालयले एसियाली भाषाको पाठ्यक्रम निर्देशिकामा नेपाली भाषाको उल्लेख गर्दै भनेको छ– "लक्ष्मीप्रसाद देवकोटा, भानुभक्त आचार्य र लेखनाथ पौड्यालजस्ता लेखकहरूले नेपाली भाषालाई एक साहित्यिक भाषाको रूपमा स्थापित गरे।" उता देवकोटाको सामाजिक मूल्यप्रतिको प्रतिबद्धताका बारेमा पनि पश्चिमी जगत्मा यदाकदा चर्चा गरिएको पाइन्छ। अक्स्फोर्ड इन्स्टिच्युट अफ एजिङ्ले प्रकाशित गरेको एउटा कार्यपत्रमा लेस्ली कर्कलीले देवकोटाले नेपालमा ज्येष्ठ नागरिकप्रति सम्मान भाव सिर्जना गराउनमा महत्त्वपूर्ण योगदान गरेको उल्लेख गरेका छन्। ❒

महाकवि : उपेक्षा, असहयोग र लेखकस्व विवाद

–कृष्ण अविरल

मान्छे होस् या प्राणी, मृत्यु कसैको पनि सुखद हुँदैन। हाम्रो हिन्दू संस्कारअनुसार पनि अग्रज वा आफन्तजन मृत्युको दिनलाई शोकको रूपमा लिइन्छ। मृत्यु र त्यसपछिको एक वर्ष चोखोनितो भई बरखी बारेर मृतदेह (मृतआत्मा होइन, किनकि हिन्दू धर्मग्रन्थहरूका अनुसार आत्मा मर्दैन)प्रति सम्मान प्रकट गर्ने गरिन्छ। त्यसपछिका वार्षिकीहरूमा पनि मृतदेहको सम्झना गर्दै शब्द श्रद्धाञ्जलि मात्रै होइन, अग्रज वा आफन्तजनका अधूरा सपनालाई व्याहारिकरूपमा उतार्ने, जीवनकालमा गरेका योगदानहरूलाई अझ फैलाउने, चीरस्थायी बनाउने काम गरेर हार्दिक श्रद्धाञ्जली प्रकट गरिनु पर्ने हो तर हामी यति यान्त्रिक र यति कृतघ्न हुँदै गएका छौँ कि हामीलाई दिवङ्गत पात्रका योगदानबारे सोच्ने फुर्सद पनि छैन। हाम्रा श्रद्धाञ्जलीहरू औपचारिकता र आडम्बरमा सीमित हुन थालेका छन्, बिरालो बाँधेर गरिने श्राद्धजस्तो।

भन्ने गरिन्छ भाषा, साहित्य र कलाका साधकहरूको उपेक्षा गर्ने कृतघ्न जातिको कहीँ पनि उन्नति हुँदैन। त्यसैले होला अचेल हामी हाम्रा अग्रज स्रष्टाहरूका मृत्युका दिनलाई पनि सुखदझैँ ठानेर 'उत्सव'को रूपमा मनाउन थालेका छौँ। हामी यति स्वार्थी बन्दै गएका छौँ कि ती स्रष्टाका नाममा केही गरिटोपलेर आफैँ लोकप्रिय हुने रहर गर्न थालेका छौँ। यसै मेसोमा परेको छ, महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी पनि।

हुन त महाकवि देवकोटा दिवङ्गत हुनुभएको विगत पचास वर्षको अवधिमा बागमतीमा थुप्रै पानी–ढल बगिसकेको छ। महाकवि देवकोटाको सम्झनामा बर्सेनि सयौँ कार्यक्रम सम्पन्न हुँदै आएका छन्। स्वदेशमा मात्रै होइन, १५ जना नेपालीहरू मात्रै भएको विदेशीभूमिमा समेत महाकविको सम्झना गर्ने गरिएको छ। यस आधारमा हेर्दा पनि यो पचास वर्षको अवधिमा लाखौँले 'भावपूर्ण' श्रद्धाञ्जली प्रकट गरिसकेका छन्। उहाँको नाममा लाखौँ घन्टा व्यतित भइसकेको छ तर व्यावहारिकताको कसीमा राखेर हेर्ने हो भने सम्पूर्ण नेपालीहरूका श्रद्धाका पात्र रहेका महाकविको योगदानको तुलनामा हामीले सिन्को बराबर पनि काम गर्न सकेका छैनौँ। वास्तवमा महाकवि देवकोटाका नाममा आयोजना हुँदै आएका वार्षिकीहरू केवल औपचारिकता र कथित 'भावपूर्ण श्रद्धाञ्जली'मा सीमित हुँदै आएका छन्।

"यतिधेरै सालिक बनेका छन्, पुस्तकालय बनेका छन्, उहाँका रचनाहरू पाठ्यक्रममा पढाइएका छन्, यहाँभन्दा बढी के हुनुपर्‍यो ?" माथिल्लो अनुच्छेद पढिरहँदा कोही कसैको मनमा स्वतःस्फूर्त जवाफ तयार हुनसक्छ तर महाकविको योगदानलाई आधार मान्ने हो भने धुवाँ धूलोले पुरिने, चराले विस्ट्याउने गरी सडकमा सालिक राख्तैमा वा पुस्तकालय बनाउँदैमा उहाँप्रतिको असली श्रद्धा प्रकट हुँदैन। वास्तवमा त्यो भद्दा, आडम्बरी र निकृष्टको श्रद्धा प्रकट गराई हो। जब महाकवि देवकोटाको नामभन्दा ठूला अक्षरमा त्यो सालिक वा पुस्तकालय बनाउन लगाउनेहरूका नाम शिलामा कुँदिन्छ भने त्यसलाई महाकवि देवकोटाको नाममा जबर्जस्त आफ्नो नाम 'अमर' बनाउने निकृष्ट हरकत नभनेर के भन्ने ?

महाकवि कसका ?

२०४६ सालको राजनीतिक परिवर्तन भएयता थुप्रै राजनीतिज्ञहरूका नाममा ट्रस्ट खोलिसकिएका छन्। उनीहरूका नाममा स्कुल, कलेज, अस्पतालहरू बनाइएका छन्, बडेबडे पुरस्कारहरू स्थापना गरिएका छन्, सडकहरूको नामकरण गरिएका छन्। त्यति मात्रै होइन, राजनीतिक पार्टीको कार्यकर्ता भएकै आधारमा समाजमा कुनै योगदान नभएका अपराधी, ज्यानमारा, डाँकाहरू राज्यस्तरका सहिदको कोटिमा दरिएका छन् तर महाकवि देवकोटाको नाममा केही हुनसकेन। फगत, दुई–चारवटा सालिक थपिनेबाहेक। यतिसम्म कि उनी राज्यस्तरबाट 'महाकवि' घोषित हुनसमेत सकेका छैनन्। जनजनले हृदयदेखि महाकविको पदवी दिइसक्दा पनि राज्यले वास्ता नगर्नु उपेक्षा होइन ?

त्यति मात्रै होइन, उहाँले प्रयोग गरेका वस्तुहरू राज्यस्तरबाट खोजीनीति गर्ने काम हुन सकेको छैन। उहाँले आफ्नो जीवनकालमा के कति साहित्य रचना गर्नुभएको थियो भन्ने कुरो अझै टुङ्गो लागिसकेको छैन। चरम आर्थिक अभाव बेहोरेका बेला बाध्यताले बिक्री गरेका रचनाहरूको नालीबेली पहिल्याउने काम भएकै छैन। राज्यको उपेक्षाकै कारण उहाँ जन्मिएको–हुर्किएको काठमाडौँ धोबीधाराको घर यसै अवधिमा माटोमा मिलिसकेको छ। पछिल्लो समय बसोबास गर्नुभएको मैतीदेवीस्थित घर परिसर अहिले पनि झारपातले भरिरहेको छ। नेता–मन्त्रीहरूका महल–घुम्यान मात्रै होइन, तिनका सालासाली र रखेलका महलसम्म सडक पुर्‍याउने काठमाडौँ महानगरपालिकाले महाकवि देवकोटाको जीर्ण निवाससम्म पुग्ने कालोपत्रे सडकसम्म बनाउन आवश्यक ठानेको छैन। (यो आलेख छापिएर बजारमा पुग्दासम्म चाहिँ सडक बनिसक्ला कि ?)

हुन त हामी नेपालीहरूको बानी नै हो आफूले केही नगर्ने, दोष जति सबै सरकारको थाप्लोमा थुपारेर आफूलाई

साखुल्ले देखाउने। यद्यपि महाकवि देवकोटाको योगदानको अवमूल्यन हुनुको पछाडि सरकारलाई मात्रै दोष दिएर पुग्दैन, आफूलाई सचेत ठान्ने हामी प्रत्येक नेपालीले पनि आफूले महाकविका लागि के गरें भनेर सोच्न जरुरी छ। हामीले जागरुक भएर सरकारलाई दबाब दिन सकेको भए पक्कै पनि महाकवि यति उपेक्षित हुने थिएनन्। जनजनका मात्रै नभएर राज्यकै महाकवि भइसक्ने थिए।

तर्क आफ्नै आफ्नै

महाकवि बितेको यतिका वर्ष गुज्रिसक्दा पनि उहाँको नाममा किन हुनुपर्ने जति काम हुनसकेन त ? तर्कहरू आ-आफ्नै हुनसक्छन्। कतिपय जानकारहरू महाकवि देवकोटाको परिवार, खासगरी उहाँका पुत्र डा. पद्मप्रसाद देवकोटाको असहयोगी र दम्भी व्यवहारका कारण हुनुपर्ने जति काम हुन नसकेको धारणा राख्छन्। "उहाँ आफू केही नगर्ने मात्रै होइन, गर्न चाहनेलाई पनि अनेक ठाउँमा उजुरी हालेर असहयोग गर्नुहुन्छ।" उनीहरू भन्छन्- "नत्र नरेन्द्रराज प्रसाईंले महाकवि देवकोटाको नाममा लाखौं रुपियाँ चन्दा सङ्कलन गरेर काम गर्नसक्छन् भने महाकवि देवकोटा-पुत्रले नै पहल गर्ने हो भने कसले सहयोग गर्दैनथ्यो होला ?"

महाकविको योगदानलाई चीरस्थायी बनाउने पहल परिवारका सदस्यहरूबाटै हुने हो भने सुनमा सुगन्ध हुने धारणा अधिकांशको छ। महाकविका उत्तराधिकारहरू छँदाछँदै अरूले पहल गर्नु जाँतोलाई भन्दा हातोलाई खसखस भनेजस्तो हुने धारणा उनीहरूको छ। "महाकवि माथि काम गर्न रहर हुनेले पनि गर्नसक्ने अवस्था छैन।" महाकवि देवकोटामाथि केही काम गरिसकेका एक जना साहित्यकार नाम उल्लेख नगरिदिन आग्रह गर्दै भन्छन्- "महाकविका छोरा पद्मप्रसादजी यति दम्भी हुनुहुन्छ कि उहाँको व्यवहार देखेर काम गर्न खोज्नेको समेत जाँगर मरेर आउँछ।"

तर डा. पद्मप्रसाद यस्तो आरोप स्वीकार्दैनन्। महाकवि सबैको साझा भएकाले उहाँमाथि काम गर्न कसैलाई पनि आफूले छेकवार नलगाएको उनको भनाइ छ। कान नसुन्ने समस्याका कारण अरूले बोलाएको नसुन्ने गरेको, नमस्कार गरेको जवाफ फर्काउन नसकेका कारण कतिपयले घमण्डी भन्ने गरेको आफूले थाहा पाएको उनी बताउँछन्। धोबीधाराको घर जोगाउन नसके पनि सरकारी तवरबाट सङ्ग्रहालयमा परिणत गर्ने काम हुन्छ कि भनेर मैतीदेवीस्थित कविकुञ्ज जोगाएर राखेको उनी बताउँछन्। "मेरो नाममा नभए पनि मैले जोगाएर राखेको छु।" उनले भने "मर्मत गर्नुपर्ने भएको छ तर व्यक्तिले मात्रै खर्च गर्न सम्भव नहुनेरहेछ।" उनका अनुसार त्यो घर मीरा देवकोटाको नाममा छ।



महाकवि देवकोटाको नाममा ट्रस्ट बनाउनका लागि देवकोटा बन्धु समाजका तर्फबाट पहल गरेर पनि असफल भएको भनाइ उनको छ। "हामीले उहाँको नाममा ट्रस्ट बनाउन खोजेका थियौं तर सरकारले नै बनाउन दिएन।" उनले भने- "सरकारको नीतिनियमअनुसार ट्रस्ट बनाउनका लागि राजनीतिज्ञ चाहिने रहेछ, प्रशस्त सम्पत्ति चाहिने रहेछ। हामीसँग नभएकोले बनाउन सकेनौं।" ट्रस्ट बनाएर कविकुञ्जलाई सङ्ग्रहालयमा परिणत गर्ने प्रयास असफल भएपछि "महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र"मा सीमित हुनुपरेको दुखेसो उनले गरे।

वृत्तचित्र विवाद

स्रष्टा यादव खरेलका भनाइमा महाकवि देवकोटा सबैभन्दा ठूला, सम्मानित र विवादरहित स्रष्टा मात्रै होइनन्, सबैभन्दा बढी लेखिएका र सबैभन्दा बढी पढिएका स्रष्टा पनि हुन्। देवकोटाबारे खोजीनीति गरिसकेका खरेलका अनुसार उनी सबैभन्दा कम श्रव्यदृश्य सामग्री उपलब्ध भएका र सम्पूर्ण सिर्जनाहरू प्राप्त हुन नसकेका स्रष्टा पनि हुन्। यतिसम्म कि उनी मन्त्री हुँदाको तस्बिरसमेत उपलब्ध छैन। विडम्बना भन्नुपर्छ, उनीबारे सम्पूर्णरूपमा खोजीनीति गर्ने संस्थागत पहल अझै हुन सकेको छैन।

त्यसो त दुई वर्षअघि काठमाडौंको डिल्लीबजारस्थित नेपाल सांस्कृतिक सङ्घले महाकवि देवकोटामाथि वृत्तचित्र बनाउने लक्ष्यसहित खोजीनीतिको काम थालेको थियो। यादव खरेलको अगुवाइमा भएको त्यो काममा संलग्न सम्पूर्णले निःशुल्क योगदान गरेका थिए तर महाकविपुत्र डा. पद्मप्रसादलगायत परिवारका सदस्यहरूको असहयोगका कारण वृत्तचित्र निर्माणले पूर्णता पाउनसकेन। "पुरानो घरमा छायाङ्कन गर्ने र केही पुस्तकको तस्बिर खिच्न दिनेबाहेक उहाँहरू (महाकविका परिवारका सदस्यहरू) छलफल र छायाङ्कनस्थलमा एक दिन पनि उपलब्ध हुनुभएन।" वृत्तचित्र निर्माणमा संलग्न एक भुक्तभोगीले तीतो ओकले, "उहाँहरूकै बाबुमाथि वृत्तचित्र बनाउने कुरा उहाँहरूकै सहयोगबिना कसरी सफल हुनसक्छ ?" उनका अनुसार त्यो वृत्तचित्र महाकविमाथिको सुरुआत मात्रै हो।

कुरा त्यतिमा मात्रै टुङ्गिदैन। ती भुक्तभोगीका अनुसार अरू व्यावसायिक काममा प्रतिघन्टा दसौं हजार मूल्य लिने विज्ञहरूले आफ्ना कयौं हप्ता महाकविकै लागि भनेर वृत्तचित्र निर्माणमा निःशुल्क खर्चेका थिए। बौद्धिक मात्रै होइन, उनीहरूको नगद पनि खर्च भएको थियो, निर्माण सामग्री प्रयोग स्टेसनरी खरिद, सवारीसाधन गुडाउनमा। वृत्तचित्र निर्माणपछि संवादलाई जब अङ्ग्रेजी भाषामा उल्था गर्ने बेला आयो, त्यसबखत निर्माण टोलीले यो दायित्व महाकवि पुत्र डा. पद्मप्रसादलाई सुम्पनु उचित ठान्यो, बाबुबारे जानकार एवं अङ्ग्रेजी भाषामा विद्यावारिधि प्राप्त प्राध्यापक भएका कारण तर डा. पद्मप्रसादले यो काम गरिदिएनन्। निर्माण टोलीले अरू कसैलाई जिम्मा दिनुपऱ्यो। "हामीले सम्पूर्ण काम सित्तैमा गऱ्यौं डा. पद्मप्रसादलाई चाहिँ पैसा चाहिने रे।" निर्माण टोलीका एक सदस्यले दुःखेसो गरे। यसबारेको जिज्ञासामा डा. पद्मप्रसाद चाहिँ आफूलाई "फुर्सद नभएकोले

समय दिन नसकेको” बताउँछन्।

तर असहयोग त्यतिमा मात्रै सीमित रहेन। आफू र आफ्नो परिवारको कुनै योगदान नरहेको त्यो वृत्तचित्र निर्माणमा संलग्न टोलीविरुद्ध डा. पद्मप्रसाद देवकोटाले उल्टो उजुरी हालिदिए। प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, कालिकास्थानमा हालिएको उजुरीमा बिक्रीबापतको रोयल्टी आफूहरूले पाउनुपर्ने दावी गरिएको छ। यसबारेमा डा. पद्मप्रसादको भनाइ छ, “मेरा बाबुको नाम बेचेबापतको रोयल्टी मैले किन नपाउने ?”

वृत्तचित्रको गुणस्तरका बारेमा पनि डा. देवकोटाको आफ्नै गुनासो छ। वृत्तचित्रमा महाकवि र उहाँसँग सम्बन्धित सामग्री, तस्बिर देखाउनु पर्नेमा डा. अभि सुवेदीलाई अनावश्यकरूपमा ‘हाइलाइट’ गरेर वृत्तचित्रलाई बिटुल्याइएको उनको भनाइ छ। “यादव खरेलको साथी भएकोले होला महाकविसँग सम्बन्धित सामग्रीलाई भन्दा अभि सुवेदीलाई देखाउने काम गरिएको छ।” उनले भने– “त्यही भएर पनि मलाई सहयोग गर्न मन लागेन।”

वृत्तचित्र निर्माणका संलग्न टोलीका सदस्यहरू भने डा. देवकोटाको त्यो भनाइलाई त्रिभुवन विश्वविद्यालयको अङ्ग्रेजी विभागमा डा. सुवेदीसँगको ‘इगो’को रूपमा लिन्छन्। “त्यो इगोलाई आफ्नै पितामाथि निर्माण हुने वृत्तचित्रमा ल्याएर जोड्नु हुँदैनथ्यो।” सांस्कृतिक सङ्घका एक पदाधिकारीले गुनासो गर्दै भने– “वृत्तचित्र निर्माणताका उहाँले समय दिनुभएको भए डा. सुवेदीको ठाउँमा उहाँ (डा. पद्मप्रसाद) लाई नै राख्न सकिन्थ्यो।” महाकविबारे वृत्तचित्रमा जति तस्बिर एकमुष्टरूपमा अन्यत्र कहीँ नभएको दावी गर्ने उनले थपे, “सामग्री उपलब्ध भएर त्यसलाई नदेखाइ डा. सुवेदीलाई मात्रै देखाएको भए पो त्यो आरोप लगाउन मिल्छ ?”

‘धन देख्दा लामो हात’

त्यसो त डा. देवकोटामाथि आर्थिक लाभ हुने विषयमा मात्रै चासो देखाउने गरेको आरोप पनि भुक्तभोगीहरूको छ। उनीहरू महाकविको पुत्रको हैसियतले लाखौं रोयल्टी प्राप्त गरेको तर केही काम नगरेको गम्भीर आक्षेप लगाउँछन्।

तर डा. देवकोटा त्यसलाई निकृष्टताको हद ठान्छन्। विगतमा पनि आफूले पाउने रोयल्टीको बारेमा अनावश्यक चर्चा चल्ने गरेको गुनासो पनि गरे। “त्यो सब विकृत मानसिकताको उपज हो।” आक्रोशित मुद्रामा उनले भने– “जति रोयल्टी पाए पनि मैले आफ्नै बाउको सम्पत्ति खाएँ, त्यसमा अरूलाई किन चासो ?”

महाकवि देवकोटाका कुनकुन कृतिहरू अहिलेसम्म कति सङ्ख्यामा प्रकाशित भए ? र महाकविको परिवारले कति लेखकस्व प्राप्त गऱ्यो ? त्यससम्बन्धी विवरण कतै उपलब्ध छैन। उहाँका कृति एकलौटीरूपमा प्रकाशित गर्दै आएको साझा प्रकाशनका महाप्रबन्धक भिक्टर प्रधान “व्यक्तिगत आम्दानीको कुरा भएकोले विवरण दिन नसकिने” बताउँछन्।

साझाका अध्यक्ष प्रधानको यो जवाफपछि डा. देवकोटाले त्ससम्बन्धी विवरण दिनका लागि हस्ताक्षरसहितको लिखितपत्र पनि दिए, २०६६ भदौ ३१ को मितिमा। पत्रमा “हालसम्मको विवरण दिन नसके पनि विगत पाँच वर्षको विवरण दिनहुन” अनुरोध गरिएको छ।

डा. देवकोटाको अख्तियारीपत्र लिएर गएको यो पङ्क्तिकारलाई साझाका कर्मचारीले हालसम्मको विवरण साझामै उपलब्ध नभएको बताए। विगत पाँच वर्षको विवरण दिन अनुरोध गर्दा समेत “थुप्रै ढड्डा पल्टाउनु पर्ने भएकोले दसैं अघि दिन नसकिने” बताएर पङ्क्तिकारलाई पन्छाए। अनुमान गरौँ महाकविको कृति र लेखकस्वको विवरणसमेत मागेको समयमा दिन नसक्ने साझा अरू लेखकहरूको हकमा झन् कसरी “साझा” हुनसक्ला ?

लेखकस्वमा विवाद

यही असोज ३१ गते महाकवि लक्ष्मीप्रसाद देवकोटा दिवङ्गत हुनुभएको पचास वर्ष पुग्दैछ। कुनै पनि स्रष्टा दिवङ्गत भएको पचास वर्ष नाघेपछि उसका सिर्जना सार्वजनिक सम्पत्ति हुने अन्तर्राष्ट्रिय प्रचलनअनुसार महाकविका कृतिहरू प्रकाशित गर्दै आएको साझा प्रकाशनले असोज ३१ गतेपछिबाट उहाँका पुस्तक बिक्रीबाट प्राप्त हुने लेखकस्व उहाँको परिवारका सदस्यहरूलाई नदिने निर्णय गरिसकेको छ। साझाको सञ्चालक समितिको निर्णयअनुसार महाकविका पुस्तकका बिक्रीबापत प्राप्त रोयल्टीको आधा लेखक कोषमा राखिने तथा आधा साझाको आम्दानीमा बाँधिने छ।

डा. पद्मप्रसादले साझाको यो निर्णयलाई ‘एकलौटी र हचुवा’ भनी टिप्पणी गरेका छन्। कतिपय देशहरूमा स्रष्टा बितेको पचासी वर्षपछिसम्म पनि उसका शाखा सन्तानले रोयल्टी पाउने गरेको उदाहारण दिँदै आफूले प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयमा पचास वर्षको सट्टा सय वर्ष बनाउनुपर्ने मागसहित निवेदन हालेको उनले जानकारी दिए। “हाम्रो निवेदन थाती हुँदाहुँदै साझाले कसरी एकलौटी निर्णय गऱ्यो ?” पङ्क्तिकारका मुखबाट पहिलोपटक साझाले गरेको निर्णयबारे जानकारी पाएको बताउने उनले भने– “रोयल्टी बुझ्दै आएको पक्षलाई एकपटक सोध्ने शिष्टाचार पनि निर्वाह नगरी त्यति गम्भीर निर्णय गर्न मिल्छ ?” साथै उनले महाकविभन्दा अघि बितेका स्रष्टाका कृतिको लेखकस्वको हकमा निर्णय नभएर अहिले महाकविकै हकमा आएपछि निर्णय हुनु पूर्वाग्रही भएको पनि बताए।

डा. देवकोटाले आफ्ना पिताका कृति साझा प्रकाशनले विनालिखित सम्झौता हचुवाको भरमा छापिरहेको आरोप पनि लगाए। “मैले आमा जीवित छँदैदेखि सम्झौता गरौँ भने तर कुनै पदाधिकारीले वास्ता गरेनन्।” उनले भने– “के स्रष्टाको सम्पत्तिमा त्यसरी मनपरी गर्न पाइन्छ ?” विगतमा खासगरी वि. सं. २०६४ सालपछि लेखकस्व लिन जाँदा पनि थुप्रै हैरानी व्यहोर्नु परेको दुखेसो उनले गरे।

तर साझा प्रकाशनका महाप्रबन्धक भिक्टर प्रधान भने आरोप स्वीकार्दैनन्। साझा प्रकाशन पहिलेको गोर्खा भाषा प्रकाशनी समिति र पछिको नेपाली भाषा प्रकाशनी समितिको उत्तराधिकार संस्था भएको र महाकविका कृतिका हकमा सोही समितिको स्वामित्वमा रहेका पाण्डुलिपि छाप्ने र बिक्री–वितरण गर्ने काम मात्रै गरेको उनको भनाइ छ। “हामीले छापेका कृति महाकविले नेपाली भाषा प्रकाशनी समितिको जागिरे भएबापत लेखेका कृतिहरू मात्रै हुन्।” त्यस आधारमा पनि साझाले महाकविको परिवारलाई लेखकस्व दिइरहनु पर्ने कानुनी बाध्यता नभएको दावी गर्ने उनले भने– “तर साझाले उदारतापूर्वक दिँदै आएकोले पचास वर्ष नाघेपछि लेखकस्व नदिने भनी निर्णय गर्नुअघि हामीले परिवारलाई किन सोध्ने ? ❐

मुनामदन र जि वया ला लाछि मदुनि गीतिकथा

–प्रा. नर्मदेश्वर प्रधान

कुनै पनि कृति, रचना, पाठ एक्लै उभिन सक्दैन। अरूबाट असम्बन्धित भई आफै पूर्ण हुन सक्दैन। भानुभक्तले रामायण लेखे। भानुभक्तले लेखनमा प्रतिभा, विशिष्टता देखाए तर रामायणका कथावस्तु उनले पूर्वजहरूबाट लिएका थिए। कतिपय कवि लेखकहरूका कृति, रचनाहरूमा मिथकीय, पौराणिक घटना, पात्रहरू प्रतीक बिम्बको रूपमा प्रयोग भएको पाइन्छ। ज्ञानका अनेक दर्शनहरूका सन्दर्भ भेटिन्छ। इतिहासका प्रसङ्गहरू बुझ्न पर्ने हुन्छ। पुस्तकहरू पढ्दा सम्बन्धित सान्दर्भिक ग्रन्थ, रचना, विचार, सिद्धान्तहरूबारे स्पष्ट हुनपर्ने हुन्छ। कुनै पनि पुस्तक रचनामा अन्य ग्रन्थ, विचार, सिद्धान्तका अन्तर्सम्बन्ध भइरहन्छ। कुनै पनि पाठ टापुझैं अलग्ग रहन सक्दैन। जुलिया क्रिष्टिभाले आफ्ना अन्तरपाठीय सिद्धान्तमा यस विषय चर्चा गरेको पाइन्छ।

'मुनामदन' खण्डकाव्य महाकवि देवकोटाको लोकप्रिय कृति हो। यसको रचना वि.सं.१९९२ मा भएको थियो। यस खण्डकाव्य अद्यापि उतिकै प्रिय छ। नेपाली साहित्यमा सबभन्दा बढी बिक्री भएको पुस्तकको रूपमा यसले स्थान पाएको छ। यसमा सबैलाई छुने कविप्रतिभा मुनामदनमा अधिकतम प्रस्फुटित भएको पाइन्छ। मुनामदन झ्याउरे लयमा रचित खण्डकाव्य हो। यसको भाषा सरल छ। सरल शैलीका कारण मुनामदनले साधारण पाठकलाई पनि छुन्छ। गम्भीर पाठकलाई पनि मुनामदन उत्तिकै गहन रचना भइदिन्छ। मानववादी, प्रकृतिदर्शन, आध्यात्मिक चिन्तनका गहिराई 'मुनामदन' को विशेषता हो। यसभित्र डुब्न चाहनेहरूले यसभित्र अनमोल बौद्धिक रत्नहरू भेट्टाउन सक्दछन्। मुनामदन महाकवि देवकोटाको मौलिक रचना हो तर यसलाई पृथक टापुको रूपमा हेर्न मिल्दैन। यसको रचना क्रममा कवि देवकोटालाई अनेक ग्रन्थ, घटना, विचार, दर्शनले प्रभाव पारेको हुन सक्दछ।

'मुनामदन' शास्त्रीय मान्यतामा आधारित खण्डकाव्य हैन। शास्त्रीय आधारबाट यस खण्डकाव्यमा विचलन देखिन्छ। 'मुनामदन'मा महाकवि देवकोटाले नवीन प्रयोग गरेको पाइन्छ। महाकवि देवकोटा अङ्ग्रेजी साहित्यको धुरन्धुर विद्वान् हुनुहुन्थ्यो। अङ्ग्रेजी, रोमानी काव्य प्रवृत्तिको प्रचुर प्रभाव उहाँमा पाइन्छ। नेपाल साहित्यमा रोमानीवादी आन्दोलन उहाँकै नेतृत्वमा भएको देखिन्छ। संस्कृत काव्यशास्त्र, शैलीको पूर्ण प्रभावमा परेको नेपाली साहित्य वि.सं. १९९० बाट आधुनिक युगमा प्रवेश गर्दछ। पूर्वीय काव्यशास्त्र, पौराणिक, विषय, नैतिक उपदेशात्मक वृत्त तोढी विषय चयन, शैली प्रयोगमा यसपश्चात् कविलेखकहरूले बढी स्वतन्त्रता अपनाउन थालेको देखिन्छ।

मुनामदन खण्डकाव्यमा लक्ष्मीप्रसादको विषय चयन शैलीमा नौलोपन छ। दक्षिणी अर्थात् भारतीय शिक्षा, साहित्य, संस्कृतिको प्रभावबाट निस्केर मुनामदनमा कवि देवकोटाले उत्तरतर्फको तिब्बतीय विषयलाई ग्रहण गर्न पुगेको छ। तिब्बतीय क्षेत्रलाई केन्द्र बनाएर मुनामदन रच्नु नेपाली साहित्यमा उनको नौलो कदम मान्न सकिन्छ। मुनामदनको भाषा, लय, शैली पूर्वीय छन्द शास्त्रमा आधारित छैन। यो झ्याउरे लयमा रचिएको छ। झ्याउरे लोक शैली हो। देशको माटोमा उब्जेको लोक शैलीमा यस्तो महत्त्वपूर्ण ग्रन्थ लेख्नु महाकवि देवकोटाको आँटिलो निर्णय थियो। भनिन्छ झ्याउरे शैली प्रयोगमा ल्याउँदा संस्कृतवाज पण्डितहरूबाट कवि देवकोटाले ठूलो उपहास खेप्नु परेको थियो। स्वयं संस्कृत, अङ्ग्रेजी भाषा, साहित्यको विद्वान् भएरै पनि महाकवि देवकोटाले लोक शैली झ्याउरेलाई अपनाउन पुगे। मुनामदन लोकप्रिय हुनुको मुख्य कारण उनको यो निर्णयलाई लिन सहिन्छ।

मुनामदन आख्यान काव्य हो। आख्यान र कविताको संयोगले यो खण्डकाव्य भएको छ। प्रस्तुत आख्यानको सीमित दायरा, घेराको कारण यो महाकाव्य नभई खण्ड काव्य भएको छ। महाकवि देवकोटाको मुनामदनको कथा नेपाल भाषाको 'जि वया ला लाछि मदुनि' (म आएको एक महिना भएको छैन) नामको गीति नाटकमा आधारित देखिन्छ। 'जि वया ला लाछि मदुनि' करिब २०० वर्ष अगाडि राजेन्द्रविक्रम शाहका (वि.सं.१८७३-१९०४) पालामा नेपालभाषामा रचेको गीतिकथा हो। मुनामदनमा कवि देवकोटाले यसै रचनाको कथालाई गर्भकथाको रूपमा चयन गरेको पाइन्छ। कवि देवकोटाको आफ्नो अत्यन्त निकट सहपाठी चन्द्रबहादुर श्रेष्ठबाट यस गीतिकथाबारे सुनेका थिए। यसबाट अत्यन्त प्रभावित भई

महाकवि देवकोटाले यस कथालाई मुनामदनको आधार कथा बनाए।

नेपालभाषाको काव्य इतिहास ५०० वर्ष पुरानो छ। हालसम्मको खोजीअनुसार प्रथम कवि महेन्द्र मल्ल (वि.सं.१६१७–१६३६) देखि पछिका धेरै राजाहरूले असङ्ख्य स्तरीय गीतिकाव्य रचना गरेको पाइन्छ। मल्लकालपछि पनि नेपाल भाषामा गीति काव्य रचनाको प्रवाह रोकिएको थिएन। कोतपर्व (वि.सं.१९०३) पछि मात्र यसको विकास ठप्प हुन गयो। नेवारहरू व्यापार गर्न ल्हासामा जाने गर्थे। तिब्बतसँग नेपालको ब्यापार सम्बन्ध थियो। तिब्बत उत्तरतर्फको कठिन प्रदेश हो। ल्हासामा अन्य विदेशीहरू निषेधित थिए। नेपालीहरूले ल्हासामा व्यापार गर्ने विशेष अवसर पाएका थिए। नेपाल भाषामा ल्हासा व्यापारसँग सम्बन्धित विषयमा थुप्रै गीतिकथाहरू छन्। ल्हासामा उसबेला महिलाहरू जान पाउँदैन थिए। व्यापारीहरू ल्हासामा व्यापारको लागि जाँदा आफ्ना पत्नीहरूसँग विछोड खप्न बाध्य हुन्थे। वर्षौंसम्म पुरुषहरू ल्हासामा बस्दा महिलाहरूले ठूलो त्रासदिय नियति भोग्नु पर्थ्यो। आर्थिक दृष्टिकोणले लाभदायी भए पनि ल्हासा गई व्यापार गर्ने प्रथा दाम्पत्य जीवनको लागि ठूलो अभिशाप हुन्थ्यो। युवा रोजगारीको लागि ल्हासामा जाँदा विवाहित जवान महिलाहरू अत्यन्त पीडित हुन्थे। रातदिन आफूलाई दुःखको भुमरीमा परेको अनुभव गर्थे। गएका केही पुरुषहरू फर्कन्थे। पुनर्मिलन सम्भव भइदिन्थ्यो। कतिपयको दाम्पत्य जीवन वियोगान्तमा टुङ्गिन्थ्यो। ल्हासा व्यापार गर्न जाँदा श्रीमान्/श्रीमतीभित्र हुने विरह, विरक्ति विषयमा केन्द्रित पुराना गीति कथाहरू नेपालभाषामा थुप्रै छन्। आधुनिक कालमा आएरै पनि ल्हासा विषयमा कवि धर्मरत्न 'यमि' ले 'सँदेया लिसः' (भोट देशको उत्तर) नामको खण्डकाव्य रच्नु भएको छ। महाकवि चित्तधरका पनि ल्हासा व्यापारीहरूसँग सम्बन्धित कथा, गद्य रचनाहरू छन्। नेपालभाषामा रचिएको ल्हासा प्यापारसँग सम्बन्धित अत्यन्त मार्मिक 'जि वया ला लाछि मदुनि', गीतिकथा मुनामदनको कथावस्तुसँग अत्यन्त निकट छ। महाकवि देवकोटाले मुनामदनमा 'जि वया ला लाछि मदुनि' गीतिकथालाई स्रोत कथा वस्तुको रूपमा अपनाएको देखिए पनि मूल कथावस्तुमा हृदयस्पर्शी, कला, मार्मिक मोडहरू थप्नु भएको छ। फलस्वरूप मुनामदनको कथा संरचनाले

आफ्नैपन उहाँले प्राप्त गरेको पाइन्छ।

जि वया ला लाछि मदुनि गीतिकथाको सारांश

यसमा आमा, छोरा, बुहारी मूल पात्रहरू। विवाह गरेर एक महिना नबित्दै पतिले ल्हासामा व्यापार गर्न जाने निधो गर्छ। पत्नी रोक्न खोज्छे। छोरालाई ल्हासा जानबाट रोकिदिन बुहारीले सासूलाई अनुनय विनय गर्छिन्। 'देशमा रोजगारी छैन। सासूको उत्तर हुन्छ। देशमा बसेर काम गरून्। आफ्नो दाइजो बेचेर लगानी जुटाइदिने प्रण पत्नी गर्छे तर पतिले जाने नै निश्चित गर्छ। पत्नी पतिसँग पारपाचुके माग्छिन्। पति उल्टो पत्नीलाई घर सम्हाल्ने जिम्मा दिन्छ। पति ल्हासातर्फ जान्छ। पत्नी विरहव्यथामा डुब्छिन्। बरोबर दुस्वप्न देख्छिन। एकदिन आफनो लोग्नेको मित्र भेट्छिन्। ऊ उनको पतिको मृत्युको खबर सुनाउँछे। प्रमाणस्वरूप उनको पतिको औंठी देखाउँछ। बुहारी सासूलाई यो खबर सुनाउँछ। सासु पत्याउँदैन। पत्नी पतिको मृत्युको खबरबाट मर्माहत हुन पुग्छिन्। पत्नी आफ्ना दिवङ्गत पतिको चितासँगै सती जाने निधो गर्छिन्। पतिको चिनो चित्तामा हालेर पत्नी चित्ताको अग्नि कुण्डमा आफूलाई समर्पित गर्छिन्।

तीन वर्षपछि छोरा ल्हासाबाट फर्किन्छ। घरमा फगत आमा मात्र हुन्छ। पत्नी पाउँदैन। आमासँग प्रिय पत्नीबारे सोधपुछ गर्छ। आमाले छोरालाई सबकुरा बताउँछिन। गुण्डा मित्रको षड्यन्त्र, बुहारीलाई त्यसबाट परेको आघात, बुहारीको मृत्युबारे सुनाउँछिन्। पत्नीको मृत्युको खबर सुनेर पतिमा वैराग्यभाव आउँछ। ऊ फकीर भएर घरबाट निस्कन्छ। यसरी 'जि वया ला लाछि मदुनि' दुखान्तमा अन्त्य हुन्छ।

मुनामदनको कथाको सारांश–

मुनामदनको मूल पात्रहरू आमा, मदन र मुना हुन्। मदन धन कमाउन भोट जाने निधो गर्दछ। पत्नी मुना आफूलाई छाडेर नजान मदनलाई आग्रह गर्छिन्। मदन मुनालाई ल्हासा जानुपर्ने आफ्नो उद्देश्यबारे सम्झाउँछ। ल्हासातर्फ जान्छ। कठिन यात्रा पार गरी ल्हासा पुग्छ। पतिसँगको विछोडमा मुना दुखित हुन्छिन्। एउटा गुण्डाले मुनामाथि आँखा लगाउँछ। षड्यन्त्र रच्छ। पतिव्रता मुना आफ्ना पतिको सम्झनामा रातदिन लीन रहन्छिन्। मुनाले एकदिन

दुस्वप्न देखिछन। उता जङ्गल बाटोमा मदनलाई हैजा लाग्छ। जङ्गलमा एउटा दयालु भोटेले मदनलाई बचाउँछ। एकदिन गुण्डाले मुनालाई मदन मरेको खबर सुनाउँछ। मुना शोकग्रस्त हुन्छिन्। असह्य वेदनाले मुनाको अन्त हुन्छ। पछि मदन ल्हासाबाट घर फर्किन्छ। धन कमाएर। उसले घरमा मुना देख्दैन। आफ्ना दिदीसँग आमा, मुनाबारे सोध्छ। दिदीले आमा, मुनाको मृत्युको खबर सुनाउँछिन्। मदनलाई यसबाट मानसिक आघात हुन्छ। अन्त्यमा उसको पनि मृत्यु हुन्छ।

समानता

- जि वया ला लाछि मदुनि गीतिकथा र खण्डकाव्य मुनामदन दुवैमा मूल पात्र आमा, छोरा, बुहारी हुन्।
- दुवैमा छोराहरू व्यापारको लागि ल्हासा जान्छन्।
- पत्नीहरूले ल्हासा नजान आग्रह गर्छन्।
- नायकहरूको ल्हासा गमन–
- नायिकाहरूलाई दुस्वप्न
- नायकको मृत्युबारे नायिकाहरूलाई सूचना पतिका साथीहरूबाट
- नायिकाहरूको मृत्यु।
- दुवैमा विप्रलम्व श्रृङ्गार। करुण रस प्रधान
- दुवैमा लोकलयको प्रयोग
- मुनामदन रचनाको लय भ्याउरे जि वया ला लाछि मदुनि गीतिकथा नेवारी लोकलय सिनाज्या लय (रोपाँइ गीत) मा आधारित

    यसको विषय हाँसखेल, मनोरञ्जन हुने गर्दछ तर सिनाज्या लय गम्भीर विषय वस्तुमा पनि प्रयोग गरिएको पाइन्छ। जि वया ला लाछि मदुनि यस तथ्यको उदाहरण भएको छ।)
- जि वया ला लाछि मदुनि, मुनामदन दुवैमा संवाद शैली प्रयोग भएको पाइन्छ।

अन्तर_

समानताहरू भएरै पनि जि वया ला लाछि मदुनि र मुनामदनबीच मननीय अन्तरहरू छन।

- जि वया ला लाछि मदुनि आख्यान कविता ब्याले गीतको रूपमा छ। खण्डकाव्य महाकाव्यभन्दा यो फरक छ। यसको संरचना लघु आकारको छ। यसमा घटना र उपकथाहरूको सङ्क्षिप्त वर्णन मात्र छ।
- मुनामदन खण्डकाव्य हो। यसमा पात्र चित्रण, घटना विवरणमा विस्तृतीकरण देखिन्छ। उपकथा छ ।
- जि वया ला लाछि मदुनिमा नायक ल्हासाबाट फर्केपछि आमाबाट पत्नीको मृत्युबारे खबर सुन्छ।
- मुनामदनमा मुना र आमाको मृत्युको खबर मदनले आफ्नी दिदीबाट प्राप्त गर्छ।
- जि वया ला लाछि मदुनि गीतिकथामा नायक अन्तमा जोगी बन्छ।
- मुनामदनको नायकको अन्तमा शोकग्रस्त भई मृत्यु हुन्छ।
- जि वया ला लाछि मदुनि गीतिकथाको लेखक उल्लेख छैन। रचनाको अन्तमा तत्कालीन शासकको नाम उल्लेख छ, रचनाकाल यसैबाट बुझिन्छ।

यसरी दुवै रचनाहरूको समानता र अन्तरलाई हेर्दा दुवैको कथावस्तुको मूलस्वरूपमा निकटता बढी अनुभव गर्न सकिन्छ।

देवकोटाको मुनामदन अत्यन्त प्रभावशाली मौलिक ग्रन्थ भए पनि यसलाई एक्लै राखेर हेर्न मिल्दैन। अन्तर्पाठको सिद्धान्तले इङ्गित गरेझैँ यसका निर्माणमा धेरै आधार सामग्रीहरूको भूमिका हुन्छ। कविले ल्हासा व्यापारमा आधारित कथावस्तु निर्माण गर्दा नेपाल तिब्बतको सम्बन्ध, नेपाल तिब्बतबीचका व्यापारिक, सांस्कृतिक, भौगोलिक, साहित्यिक पक्षहरूको अन्तर्सम्बन्ध पूर्वाधार, पृष्ठभूमिको रूपमा रहन्छन्। रचना निर्माणमा स्रष्टा यी विषयका ज्ञान, परिवेशबाट पृथक रहन सक्दैन।

प्रसिद्ध अमेरिकी समीक्षक हारोल्ड ब्लुमको anxiety of Influence बारे चर्चा गर्न यहाँ प्रासङ्गिक होला। नयाँ लेखकहरू पूर्व कृति, लेखक, परम्पराको प्रभावमा कसरी पर्दछन् र कसरी उनीहरू यस्ता प्रभावहरूबाट विचलन खोज्छन भन्ने विषयमा भन्छन्, ब्लोम कुनै पनि लेखक पूर्वज लेखकको प्रभावबाट पलायन हुन सक्दैन तर प्रभावमा परे पनि पूर्वज लेखकहरूको अन्धानुकरण नयाँ लेखकहरू गर्न चाहँदैनन। नयाँ पुस्ताका लेखकहरू पुराना प्रवृति, अग्रज लेखक, परम्पराको प्रभावलाई तोडमोड गरी आफ्ना रचनालाई आफ्नोपनमा ढाल्न खोज्छन। हरेक युगमा नयाँ पुस्ताका लेखक एकातर्फ पूर्वज लेखकहरूबाट प्रभावित हुन्छन् भने अर्कोतर्फ पूर्वज लेखकहरूको प्रभावलाई नयाँपनमा रूपान्तरित गर्न उनीहरू उतिकै चिन्तित हुन्छन। पूर्वज लेखकहरूसँग नयाँ पुस्ताका लेखकहरूको सम्बन्ध 'प्रेम र घृणा' दुवै विपरित भावमा आधारित हुने पनि र नयाँ लेखकहरू पुराना लेखकहरूमा आदर पोख्छन् तर उनीहरू पुराना लेखकहरूप्रति ईर्ष्याभाव पनि प्रबल राख्छन्। यस्तै ईर्ष्या भावले नयाँ लेखकहरू पुरानो लेखकहरूभन्दा फरक मौलिक, आफ्नै विशेषता भएका रचना गर्न उत्प्रेरित हुन्छन। हरेक नयाँ पुस्ताले यसरी साहित्य लेखनमा नयाँ देन दिँदै जाने हारोल्ड ब्लुमले विश्वास राखेका छन्।

महाकवि देवकोटाले मित्र चन्द्रबहादुर श्रेष्ठबाट सुन्न पाए। उनी यसबाट प्रभावित भए तर यस गीतिकथा अन्धानुसरण मुनामदनमा छैन। आधार कथावस्तुबाट प्रभावित भएरै पनि महाकवि देवकोटाले मुनामदन खण्डकाव्यलाई जि वया ला लाछि मदुनि गीतिकथाभन्दा कता हो कता भिन्न मौलिक, सिर्जनात्मकताले सम्पन्न गरी मुनामदनको कथावस्तुलाई अत्यन्त मार्मिक लयबद्ध सङ्गीतात्मक शैलीमा प्रस्तुत गर्नुभएको छ। अन्य ग्रन्थको विचार, दर्शनको अन्तरसम्बन्धले प्रतिभाशाली स्रष्टाको मौलिक सिर्जनात्मकता ह्रास हुँदैन। मुनामदनमा महाकवि देवकोटाले यो कुरा प्रमाणित गर्नुभएको छ। ❐

महाकवि देवकोटा चित्रकला महोत्सव

• रमेश खनाल

विश्वका नामुद कलाकारहरूले व्यक्तिचित्र बनाएर ख्याति कमाएका छन् । यसक्रममा लियोनार्दो दा भिन्चीले बनाएको **मोनालिसा**को व्यक्तिचित्र अहिलेसम्म पनि सर्वाधिक चर्चित रहेको छ । हाँसो र आँसुको सङ्गमको रूपमा रहेको उक्त चित्र पेरिसको लुभ्रमा छ । बर्सेनि लाखौँलाख कलापारखीहरू लुभ्र पुगेर मोनालिसा अवलोकन गर्छन् ।

खासगरी व्यक्तिचित्र जीवन्त हुनुपर्छ । भावपूर्ण हुनुपर्छ । दर्शकसँग कुरा गर्न सक्ने हुनुपर्छ । रङको माधुर्य त्यत्तिकै देखिने हुनुपर्दछ । प्रकाश र छायाँको बेजोड मेल हुनुपर्छ ।

नेपालमा झण्डै डेढ–दुई सय वर्ष अगाडिदेखि नै व्यक्तिचित्र बनाउन थालिएको कुरा इतिहासबाट थाहा हुन्छ । त्यसबेला बनेका व्यक्तिचित्रहरू निकै उत्कृष्ट हुन्थे । त्यस समयका कलाकारहरूले स्वअध्ययनबाट बनाएका व्यक्तिचित्रहरू राजघरानामा टाङ्गिन्थे । राणाका घर दरबारहरूमा झुण्ड्याइन्थे । राणाहरूलाई व्यक्तिचित्र बनाउने सोख जङ्गबहादुरको बेलायत भ्रमणपछि नै जागेको हो । जङ्गबहादुरले त भाजुमान नाम गरेको कलाकारलाई पनि साथै बेलायत लगेका थिए । भाजुमान बेलायतबाट नेपाल फर्किएपछि व्यक्तिचित्रहरू बनाए तर उनले बनाएका व्यक्तिचित्रहरूका सम्बन्धमा अझ पनि विवाद नै छ ।

'भाजुमानदेखि प्रारम्भ भएको व्यक्तिचित्रको परम्परालाई मात्र लिने हो भने पनि पूर्णमान, समरशमशेर, दीर्घमान, चन्द्रमानसिंह मास्के, बालकृष्ण सम, तेजबहादुर चित्रकार, अमर चित्रकारसम्मलाई उत्कृष्ट व्यक्तिचित्र बनाउने कलाकारहरूका रूपमा लिनुपर्दछ ।' (स्रोत : समसामयिक नेपाली चित्रकलाको इतिहास)

हाल नेपालमा व्यक्तिचित्र बनाउने कलाकारहरू मनुजबाबु मिश्र, विजय थापा, आई.बी. मल्ल, के.के. कर्माचार्य, राजन काफ्ले, आलोक गुरुङ, डी.राम पाल्पाली, डी.बी. चित्रकारलगायत अन्य केही कलाकारहरू पनि सक्रिय देखाएका छन् । व्यक्तिचित्र विद्यालाई जीवन्त बनाउन आवश्यक ठानेर त्रिमूर्ति निकेतनद्वारा स्थापित लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोह समितिले २०६६ साउन २३ देखि २५ गतेसम्म महाकवि देवकोटा चित्रकला महोत्सव कार्यक्रम सम्पन्न गरेको थियो । साहित्य र कलाको सङ्गम ठान्दै व्यक्तिचित्र एवं महाकवि लक्ष्मीप्रसाद देवकोटालाई अमर बनाउन शतवार्षिकी समारोह समितिबाट प्रयास गरिएको कार्य निश्चय नै प्रशंसायोग्य थियो । अझ कार्यक्रमको गरिमा एवं महिमा प्रधानमन्त्री माधवकुमार नेपालको आगमन एवं प्रमुख आतिथ्य ग्रहणबाट बढ्यो । महाकवि देवकोटा कलाकारहरूको हेराइमा कस्ता देखिए त त्यो चासोको विषय अवश्य पनि हो ।

कतिपय कलाकारहरूले महाकविलाई भावपूर्ण मुद्रामा उतारेका छन् भने कतिपयले चुरोटको धुवाँ बुङ्बुङ्ती उडाउँदै बसिरहेको देखाए । कतिपयले हिटलरकट जुँगा राखेर गमक्क गम्किरहेका देखाए । कतिपयले मुस्कुराइरहेका देवकोटा बनाए । कसैले माओजस्तै देखेर चित्रमा उतारे । कतिले चौधरी कटका महाकवि बनाए । कतिले व्यथित देवकोटा देखाए । कतिले कविता लेख्दै गरेका, कविता पाठ गर्दै गरेका देवकोटालाई क्यानभासमा उतारे । ५५ जना वरिष्ठदेखि कनिष्ठ कलाकारहरूले देवकोटालाई आफूले जसरी बुझेका थिए त्यसरी नै उतार्ने प्रयास गरेको पाइयो ।

महाकवि देवकोटा चित्रकला महोत्सवमा नेपालका मूर्धन्य कलाकार स्व. अमर चित्रकारले त्यसबेला बनाउनुभएको तेल रङको माधूर्य र गाम्भीर्ययुक्त देवकोटाको चित्रलाई राखिएर महोत्सवको शोभा बढेको अनुभव हुन्थ्यो । व्यक्तिचित्रका हस्ती अमर चित्रकारले अनगिन्ती व्यक्तिचित्र एवं मूर्तिहरू बनाउनुभएको छ । उहाँको व्यक्तिचित्रमा लालित्यलाई विषेश ध्यान दिइएको हुन्छ ।

अर्का पोट्रेट चित्र बनाउन कहलिनुभएका कलाकार विजय थापाको पनि कविता, रेखा भावयुक्त चित्र टाङ्गिएको थियो । कलाकार डी.बी. चित्रकारले चुरोटको धुवाँ तान्नमा व्यस्त देखाउनुभएको छ । उहाँले चारकोल माध्यम प्रयोग गर्नुभएको छ । पोट्रेट त आई. बी. मल्लको पनि सुन्दर बन्छ । यस पटक उनले दाँत देखाएर हाँसिरहनुभएका महाकविलाई तेल रङबाट बनाउनुभएको छ । मल्लको पोट्रेट

कला जीवन्त र भावपूर्ण छ। के. के. कर्मचार्यले माला लगाएर कुर्सीमा बसिरहनुभएका महाकविलाई बनाउनुभएको छ। उहाँको पोट्रेटमा मालाको चाहक बढी देखिएको छ।

महाकवि देवकोटा चित्रकला महोत्सवमा केही युवा कलाकार राजन काफ्ले, रोशन प्रधान, उमेश श्रेष्ठ, जीवन राजोपाध्याय, इन्द्र खत्री, अनाम चित्रकार, चन्द्रकुमार ताम्राकार र एस. बी. धिमालले बनाएका महाकवि देवकोटाको व्यक्तिचित्र स्तरीय थिए। भविष्यमा आशालाग्दो कलाकारका रूपमा उहाँहरू देखिनुभएको छ।

अन्य कलाकारहरूले महाकविको आकृति मिलाउने प्रयास मात्र गरेको देखियो। महाकविलाई हृदयबाट क्यानभासमा समर्पण गर्न खोजेको प्रतित हुन्थ्यो। कलाकार भएर कलाकारहरूले सच्चा हृदयबाट महाकविलाई उतार्न प्रयास गर्नु नै ठूलो कुरो हो। साहित्यकार र कलाकार एक-अर्काका पूरक नै हुन्। कलाकारलाई साहित्य चाहिन्छ। उसले बनाएका चित्रहरू शब्दद्वारा सम्प्रेषित गरिनुपर्छ।

महाकविलाई कलाकारहरूले जुन आँखाले देखे त्यसैलाई क्यानभासमा जीवन्त बनाउन चाहन्थे। यसरी महाकविलाई जीवन्त बनाउन प्रयास गर्ने अन्य कलाकारहरू राकेश महर्जन, सुदन श्रेष्ठ, राजकृष्ण महर्जन, रत्नकाजी शाक्य, रमेश खनाल, पूर्ण अनिस, अमृत घले, पूर्ण बनेम, श्यामकृष्ण महर्जन, रमेश कडायत, प्रकाश पौडेल, विष्णुप्रसाद चौधरी, विपना महर्जन, अरविन नन्दा शाक्य, रवीन्द्र बलामी, भीष्म खत्री, गेहेन्द्रमान अमात्य, डा. मोदनाथ प्रश्रित, रवीन्द्रकुमार श्रेष्ठ, शारदा शर्मा, चन्द्र महर्जन, शङ्करनाथ रिमाल, सजु उपाध्याय, किशोर नकर्मी, रवीन्द्र श्रेष्ठ, अशोकप्रसाद थपलिया, गौतमरत्न तुलाधर, करिनदेवी महर्जन, सविता गुरुङ, हेम पौडेल, मदन श्रेष्ठ, धिरज चौधरी, रोहन कपाली, शारदा चित्रकार, राजु चित्रकार, प्रकाश मानन्धर, हरि खड्कालगायत थिए।

उक्त चित्रकला महोत्सवमा कलाकारहरूले तेल रङ, पेस्टल रङ, पेन्सिल, भुत्ला, एक्रेलिक रङ, जल रङ, चारकोल माध्यम प्रयोग गरेर महाकविको व्यक्तिचित्र बनाएका थिए। यसक्रममा उनीहरूले यथार्थवादी, प्रभाववादी, धनवादी, अभिव्यञ्जनालाई आत्मसात् गरेका थिए।

महाकवि देवकोटा जन्म शताव्दी महोत्सवअन्तर्गत आयोजित प्रदर्शनीमा राखिएका प्रतियोगी चित्रहरू (केही चित्रहरू अप्रतियोगी थिए) मध्येबाट उत्कृष्ट १० छनोट गरी त्यसका स्रस्टालाई पुरस्कारस्वरूप जनही दस-दस हजार दिइने कुरा सदस्य सचिव नरेन्द्रराज प्रसाईंले कार्यक्रममा बताएका थिए भने पुरस्कृत स्रस्टाहरूको नाम घोषणा भइसकेको पनि छ।

तीन दिने प्रदर्शनी थोरै भएको कुरा कला अनुरागीहरूले व्यक्त गरेका थिए। जे होस् महाकवि देवकोटा चित्रकला महोत्सव स्वयंमा एक भव्य कार्यक्रम थियो। ❒

देवकोटाका साहित्यिक विकासका धेरै चरणहरु छन्। सुरूको चरणमा केही सामन्तवादी, केही निस्क्रिय रोमान्सवादी प्रवृत्तिहरु देखापरेका थिए। पछि क्रान्तिकारी र मानवतावादी, रोमान्सवादी, आलोचनात्मक र समाजोन्मुख प्रवृत्तिहरु देखापरे। माओत्सेतुङको बारेमा लेखिएको कविता, तासकन्दमा भएको एसियाली लेखक सम्मेलनमा दिइएको क्रान्तिकारी भाषण लगायतका कुराहरुबाट उनलाई गर्नुपर्ने सम्मानमा कसैले पनि हिचकिचाउनुपर्ने अवस्था छैन। उनी साहित्यिक क्षेत्रका महान् हस्ती हुन्।

-मोहन वैद्य 'चैतन्य'

जुनसुकै बेला, स्थिति र ठाउँमा पनि उनी लेख्न उपस्थित हुन सक्तछन्, चाहे दुःखकै स्थितिमा होस् , चाहे आनन्दी अवस्थामा, अनि चाहे हल्लागुल्ला र कोलाहल मचेको ठाउँमा होस्, उनी हुं हुं गरेर कलमको साथ दगुड्न सक्तछन् र एकैछिनमा पेजका पेज रचनाले कापी भर्न सक्तछन्। उनलाई कलम समाउने अवसर मात्र दिनुपर्छ उनीसँग भएका वा उनका अगाडि परेका सेता कागज सबै तुरुन्तै कविताहरुले भरिन थाल्छन्।

-हृदयचन्द्रसिंह प्रधान

उहाँले डसना पल्टाउनुभयो। फूलमार चुरोटका ठुटा कमसेकम २७ जति होलान् डसनाको कापमा। एउटा झिकेर मतिर हेर्नुभयो। खल्तीबाट सिङ्गो चुरोट एवं सलाई झिकेर मैले उहाँलाई दिएँ। असल चुरोटलाई ओल्टाईपल्टाई हेरिदिंदा मलाई त्यसबखत आफैंमाथि लाज लाग्यो, किन, किन ! चुरोट सल्काएर उहाँले आफ्नो अनुसन्धान जारी राख्नुभयो। अन्त्यमा निराश भएर मतिर हेरी भन्नुभयो-

"तपाईंसँग कलम छ ?"

बानीले होला दाहिने हात झट्ट माथिल्लो खल्तीमा पुगिहाल्यो तर अपसोचसाथ मैले भनें- "छैन, घरमा छुटेछ।" थाहा छैन कुन कुनाबाट कान्छी औंला जत्रो सिसाकलम झिकेर उहाँले अगाडि राख्नुभयो। त्यो पनि नतिखारेको।

"चक्कु छ ?"

"आजकल ठिटा कहाँ खल्तीमा चक्कु हालेर हिंड्छन् र !" ओढ्ने छोडेर उहाँ उठ्नुभयो। अनि देखें- महाकविको सच्चा रुप। जिउमा सिर्फ एउटा धोती छ। न भोटो, न गञ्जी, न कमीज।

-शङ्कर लामिछाने

बडो बल परेजस्तो गरेर कविजीले मतिर हेर्नुभयो र मसिनो स्वरमा 'पण्डितजी !' भन्नुभयो। म नजिकै गएँ, मेरो हात समातेर 'अलिकति विष ल्याइदिनुभएको छ ? मलाई डाहा भैरहेछ ! मलाई चाँडै मारिदिनुहोस् !! तपाईंलाई धर्म हुन्छ पण्डितजी मलाई विष खान दिनुहेस् ! म मर्छु !!! भन्नुभयो। त्यो मधुरो आवाज पनि मेरो कानभित्र आगाको ज्वाला भएर पस्यो !

-वासुदेव शर्मा लुइँटेल

पुस्तक समीक्षा

सङ्ग्रहणीय अभिनन्दन ग्रन्थ

गीतकार, सङ्गीतकार र गायकका रूपमा प्रतिष्ठित प्रेमप्रकाश मल्लले गजलकार, कवि र संस्मरणकारका रूपमा पनि पहिचान बनाएका छन्। विशेषतः मुलुकमा पञ्चायती व्यवस्था विद्यमान रहँदाको अवस्थामा 'सबै नेपाली पञ्च हुन्, सबै नै पञ्च नेपाली' तथा 'पञ्च हुन् जनता, जनता नै पञ्च हुन्' जस्ता गीतहरूका स्रष्टा र गायक भएका कारण तत्कालीन सत्ता निकट देखिएका मल्ल २०४६ को जनआन्दोलनपश्चात् पर्दा पछाडि परेको दृष्टिगत हुन्छ। मल्लले जीवन र प्रकृतिसँग सम्बद्ध धेरै राम्राराम्रा गीतहरू लेखेका र गाएका पनि छन्। वस्तुतः उनी लोकप्रिय गायकहरूको कोटिमा पर्ने व्यक्ति हुन्। राजनीतिक विचारका कारण नै कुनै पनि विशिष्ट बहुमुखी प्रतिभालाई बेवास्ता गर्नु र मानमर्यादामा आघात पुऱ्याउनु किमार्थ उचित कार्य होइन। यही कुरालाई हृदयङ्गम गरेर नेपालगन्जका स्रष्टाहरूको सक्रियतामा मध्यपश्चिम स्रष्टा समाजद्वारा प्रेमप्रकाश मल्ललाई अभिनन्दन गर्दै उनका र उनका बारेमा लेखिएका लेख–रचनाहरूको सङ्कलन "पीडाको सगरमाथा : प्रेमप्रकाश मल्ल" नामकृत ग्रन्थ प्रकाशित भएको छ।

सिर्जन लम्साल प्रधानसम्पादक र भाउपन्थी अतिथि सम्पादक रहेर प्रकाशित भएको यस कृतिले प्रेमप्रकाश मल्लको विगत र वर्तमान तथा उनीबाट साङ्गीतिक र साहित्यिक क्षेत्रमा भएको योगदानका विषयमा बुझ्न सहयोग पुऱ्याउने देखिन्छ। यस ग्रन्थमा तीन खण्ड छन् र अन्तर्वार्ता र परिशिष्टहरू पनि समाविष्ट छन्। आत्मकथ्य खण्डअन्तर्गत प्रेमप्रकाश मल्लका आफ्नै तीनवटा लेखहरू रहेका छन्। यी लेखहरूबाट एकातिर मल्लको कण्टकाकीर्ण पीडामय जीवनको यथार्थ बुझ्न र अर्कातिर उनको गद्यलेखनको स्तर ठम्याउन सहयोग पुग्दछ। व्यक्तित्व–कृतित्व खण्डअन्तर्गत आठवटा समीक्षात्मक आलेखहरू छन्। यी आलेखहरूमा केही मल्लको गीतकार व्यक्तित्व र गीतहरूको चर्चामा आधारित छन् भने केही 'अनुभूतिका स्वरहरू' नामक कृतिको समीक्षा रहेका छन्।

समीक्ष्य ग्रन्थको व्यक्तिबिम्ब खण्डको आयाम सर्वाधिक व्यापक छ। यसमा निकै मर्मस्पर्शी लेख–रचनाहरू पनि सङ्गृहीत छन्। यी समीक्षा र आलेखहरूबाट मूलतः प्रेमप्रकाश मल्ललाई बहिरङ्ग र अन्तरङ्गरूपमा चिन्न र बुझ्न निकै सघाउ पुग्ने देखिन्छ।

सम्प्रति मल्लको रेखदेख, स्याहार–सुसार तथा पालनपोषणसमेत गर्दै आएका उनकै कान्छी छोरी ज्वाइँ बखतबहादुर मल्लसँग भोजराज शर्मा 'नादिर' ले लिएको अन्तर्वार्ता पनि यसमा रहेको छ र परिशिष्ट खण्डमा 'मध्यपश्चिम स्रष्टा समाज' द्वारा समर्पित अभिनन्दन पत्रका साथै अन्यान्य विभिन्न सङ्घ–संस्थाहरूद्वारा प्रदत्त अभिनन्दन पत्र, सम्मानपत्र, कदरपत्रहरूका प्रतिलिपि र मल्लको जीवनका विभिन्न पाटा' झल्कने फोटोहरू पनि छापिएका छन्।

'माछापुच्छ्रे फेवातालमा पौडी खेल्दो रै'छ,' 'म मरे पनि मेरो देश बाँचिरहोस्', 'वनकी म चरी कल्ले सुन्ला कठैबरी मेरो मनको बिलौना' जस्ता बोलका प्रकृति प्रेम, देश भक्ति र विरह गानमय गीतहरू गाएर लोकप्रियताको शिखर टेकेका प्रेमप्रकाश मल्ललाई अधिकांशले एउटा गीतकार र गायकका रूपमा मात्र चिनेका छन्। उनको जीवनकथा व्यथामय आँधीबेरी जस्तै छ, उनी दुःख सागरमा पीडा र वेदनाको डुङ्गामा चढेर सयर गरिरहेका छन् भन्ने कुरा सायद धेरैलाई थाहा छैन। वस्तुतः जीवनमा नियतिबाट घातप्रतिघात सहँदै मानसिकरूपमा मात्र पीडित नभएर शारीरिकरूपमा समेत अपाङ्गता जीवन व्यतित गरिरहेका मल्लको वास्तविक यथार्थको प्रतिबिम्ब देखाउने ऐना बनेको छ यो ग्रन्थ। यसर्थ अभिनन्दन ग्रन्थको नामकरण 'पीडाको सगरमाथा : प्रेमप्रकाश मल्ल' राखिएको छ जुन युक्तिसङ्गत र सार्थक प्रतीत हुन्छ।

प्रेमप्रकाश मल्लको स्वभाव, प्रवृत्ति, चारित्रिक विशेषता आदिका साथै साङ्गीतिक र साहित्यिक व्यक्तित्व झल्काउने खालका तथा उनको दुःखकष्ट र यन्त्रणामय जीवनको चित्रण गरिएका सामग्रीहरूको सङ्ग्रहण भएकाले एउटा वाङ्मय जगत्को लोकप्रिय व्यक्तित्वसँग सम्बन्धित यो ग्रन्थ पठनीय र सङ्ग्रहणीयसमेत छ।

कृति : **पीडाको सगरमाथा : प्रेमप्रकाश मल्ल** (अभिनन्दन ग्रन्थ)
प्रधान सम्पादक : **सिर्जन लम्साल**
प्रकाशक : **मध्यपश्चिम स्रष्टा समाज, नेपालगन्ज**
संस्करण : **प्रथम** (२०६५)
पृष्ठ सङ्ख्या : २१२+८
मूल्य : रु. ३००/-

–डा. घनश्याम परिश्रमी

प्रणयभावका गजलहरु

युवापुस्ताबीच लोकप्रिय बन्दै गइरहेको गजल विधामा चिनिन थालेका प्रतिभा दिनमान गुर्मछान 'दिगु'को पहिलो गजलसङ्ग्रह 'भो गजल लेख्दिन म' ५४ वटा गजल बोकेर पाठकसामु झुल्केको छ। जसरी वर्षाको भेलमा बगेर आउने सबै माछा हुँदैनन्, त्यसमा जुका, भ्यागुता र गँगोटा पनि हुनसक्दछन्, ठीक त्यसरी नै 'दिगु' को सङ्ग्रहमा समाविष्ट सबै गजल गजल नबनेका हुन सक्दछन्। त्यसका लागि उनले गजलको संरचना र सैद्धान्तिक पक्षको गहिरो अध्ययन गर्नुपर्ने हुन्छ। टीकाराम उदासी र वियोगी बुढाथोकीका उपदेशलाई आत्मसात् गर्नसके उनको गजल विधामा चिनिएर स्थापित हुने प्रयास सफल हुनसक्ने देखिन्छ।

'दिगु' का गजलमा मिठास छ, विविधभाव र विचारको सम्मिश्रण छ, गद्यात्मक र पद्यात्मक शैलीको मिश्रण पनि छ तर

उनमा वैचारिक अस्पष्टता छ, जसले गर्दा उनका गजल निर्दिष्ट गोरेटोमा हिँड्न सकेका छैनन्।

पद्य शैलीमा मात्र बाँधिदा नेपाली कविताको फाँट साँगुरो थियो, गद्यशैलीमा टेक्नासाथै यसले जसरी भाव सम्प्रेषणको पक्षमा व्यापक विकास गर्‍यो त्यो कुरा नबुझ्ने केही गजलकारले नेपाली गजललाई बहर वा छन्दको दाम्लोले बाँधेर प्रतिगामी कदम चाल्न बाध्य तुल्याइरहेको वर्तमान परिप्रेक्ष्यमा त्यस्तो विचारको विपक्षमा उभिएर 'दिगु'ले प्रशंसायोग्य काम गरेका छन्। परम्परागत छन्द वा बहरको पक्षमा लागेर प्रतिगामी कदम चाल्नुभन्दा गजल सिर्जना गर्दा हामीले हाम्रो आफ्नै संस्कृति र भूगोलका स्वनिर्मित छन्दको प्रयोग गर्नु बुद्धिमानी ठहर्छ।

प्रणयपूर्ण गजलले प्राथमिकता पाएको 'दिगु' को प्रस्तुत सङ्ग्रहमा शान्ति, देशप्रेम, प्रकृति, अन्याय, अत्याचार, शोषण, दमन, भेदभाव, महँगी, भ्रष्टाचार, घातप्रतिघात, मिलन, वियोग आदिले थोरै भए पनि ठाउँ पाएका छन्।

शान्तिको देशमा अशान्ति गरेको हेर्नुस् न
भाइफुट्टा बनाई आफैँ चरेको हेर्नुस् न।
कुर्सीको मोह पनि सबैलाई हुँदो रहेछ
हो त्यही ठाउँ त पुग्न लौ मरेको हेर्नुस् न।

अध्ययन र साधनाले रचनामा साहित्यिक लेप लगाउन सिकाउँछ भन्ने मन्त्रलाई आत्मसात् गर्दै अगाडि बढ्न सके 'दिगु' को भविष्य उज्ज्वल छ।

कृति :	**भो गजल लेख्दिन म (गजलसङ्ग्रह)**
गजलकार :	**दिनमान गुर्मछान 'दिगु'**
प्रकाशक :	**शिवपुरी साहित्य समाज**
पृष्ठ :	६४
संस्करण :	**पहिलो, २०६५**
मूल्य :	रु. ७५।–

–देवी पन्थी

चिन्तनको दरिलो शृङ्खला

नेपाली साहित्यलाई गतिशील र परिपक्वतर्फ उन्मुख गराउने अभियानमा साहित्यिक विधा र उपविधाको योगदान उल्लेखनीय रहेको छ। स्रष्टा–साधकहरूले आफ्ना निपुण कलमका माध्यमद्वारा समग्रमा नेपाली वाङ्मयलाई समृद्ध तुल्याएका छन्। यसै सेरोफेरोमा वरिष्ठ साहित्यकार एवं वाङ्मयको उत्थानमा सङ्गठितरूपमा अगाडि बढेका स्रष्टा परशु प्रधानको अन्तरसंवाद नामक अन्तर्वार्ता सङ्ग्रह लिएर प्रकाशक टङ्कबहादुर श्रेष्ठ पाठकसमक्ष उदाएका छन्।

सङ्ग्रहमा वरिष्ठ स्रष्टा परशु प्रधानका सम्बन्धमा अन्तरनिहित यावत् पक्षहरू समेटेर राष्ट्रका प्रतिष्ठित साहित्यिक व्यक्तित्वहरूले विभिन्न समयमा विभिन्न प्रकारले ख्याति आर्जन गरेका पत्रिकाहरूमा अन्तरसंवाद नामकरण गरी उनका विचार र भावनाहरूलाई प्रभावकारीरूपमा लिखतमा उतारेका छन्। सङ्ग्रहको अद्योपान्त अध्ययनपश्चात् परशु प्रधानको सिङ्गो व्यक्तित्वचित्र पाठकसामु छर्लङ्गिन्छ।

भिन्नभिन्न समयमा प्रकाशित २० वटा अन्तर्वार्ता समाहित सङ्ग्रहमा वि.सं. २०३९ मा प्रकाशित मिर्मिरे साहित्यिक पत्रिकाबाट आरम्भ भएर २०६४ मा टुङ्गिएको छ। यसमा परशु प्रधानको जन्म, शिक्षादेखि १२।१३ वर्षको कलिलो उमेरबाटै लेखनयात्रा, लेखन विधा, प्रवृत्ति र दृष्टिकोणका सम्बन्धमा मनग्गे ज्ञान हुन्छ। सङ्ग्रहमा स्रष्टामाथि बारम्बार थोपरिएको आरोप–प्रत्यारोपलगायत उत्तरआधुनिकता, रचनागर्भ र सीताहरूका विषयमा कतै पनि कुराहरू लुकाएको देखिँदैन। आफ्नो मनमा लागेका कुरा निर्धक्कसँग फुकाएका छन्। यस सम्बन्धमा स्रष्टालाई आलोचना गरून्–नगरून् रत्तीभर पनि डगेको देखिँदैन। यो स्रष्टाको आत्मस्वीकृतिको जीवन प्रमाण हो।

हुन त साहित्यका बहुमुखी विधाका स्रष्टा परशु प्रधानलाई किन लेख्छौ भन्ने प्रसङ्गमा जीवन र जगत्प्रतिको भोगाइ, सामाजिक परिस्थिति, वातावरण र त्यसबाट उत्पन्न विकृति र विसङ्गतिबाट बल्झेको घाउलाई मलहमपट्टी लगाउन तथा यी अन्याय, अत्याचार र अमानवीय असन्तुष्टिहरूलाई न्युनीकरण गर्न आफूले कलमलाई माध्यम बनाएको स्पष्ट पारेका छन् त्यसो त उनीमाथि लगाइएको यौनवादी साहित्यकारको दोषारोपणलाई पनि पाठकको मन छुने रूपमा दिइएको प्रतिउत्तरले सङ्ग्रहको पठनीयतामा उचाइ थपेको छ।

आफ्नो सामाजिक परिवेश, भोगाइ र अभिलाषाका शृङ्खला र विषयवस्तुलाई लेखनको आधार मान्ने स्रष्टा परशु प्रधानलाई प्रस्तुत सङ्ग्रहमा समालोचक वासु रिमाल 'यात्री' ले शङ्कर लामिछानेको शैली, दौलतविक्रम विष्ट तथा गोविन्दबहादुर मल्ल 'गोठाले' को लेखन सीमा सामाजिक, सांस्कृतिक चिन्तनको त्रिवेणी भनेर उद्घोष गरेका छन् र यो सङ्ग्रहको महत्त्वपूर्ण पाटो हो।

सङ्ग्रहमा स्रष्टाको अन्तर्वार्ताका हरेक पाटाहरू पढेपछि २५ वर्षे अन्तरालमा साधकमा आएको परिपक्व र खारिएको चिन्तन र दृष्टिकोणलाई मापन गर्नसक्ने आधारहरू निर्माण भएको प्रतीत हुन्छ।

पुस्तकः	**अन्तर–संवाद (अन्तर्वार्ता सङ्ग्रह)**
स्रष्टाः	**परशु प्रधान**
प्रकाशकः	**टङ्कबहादुर श्रेष्ठ**
पृष्ठः	१५४+१६, **दिक्तेलबजार, खोटाङ**
संस्करणः	**प्रथम, २०६५**
मूल्यः	रू. १०१।

–कपिल घिमिरे

फरक स्वादको बालकथासङ्ग्रह

विजय चालिसेबाट सम्पादित तथा बालसंसार प्रा.लि. बाट प्रकाशित विश्वका बालकथासङ्ग्रह–१ भर्खरै सार्वजनिक भएको छ। यस कथासङ्ग्रहमा १७ वटा कथा १०० पृष्ठमा सङ्गृहीत छन्।

आयरल्यान्ड, भारत, बेलायत, अमेरिका, चीन, डेनमार्क, जर्जिया, जापान आदि देशका प्रसिद्ध बालसाहित्यकारका कथालाई विजय चालिसे, तेजप्रकाश श्रेष्ठ, प्रमोद प्रधान, रामबहादुर पहाडी, रामबाबु सुवेदी, विजयराज आचार्य, विनय कसजू आदि प्रसिद्ध बालसाहित्यकारहरूले अनुवाद गरेका छन्। अङ्ग्रेजी र हिन्दी भाषामा प्रकाशित भएका उल्लिखित प्रसिद्ध कथाहरूलाई नेपाली भाषामा अनुवाद तथा भावानुवाद गरी नेपाली बालसाहित्यमा एउटा इँटा थप्ने कार्य भएको छ।

विशेष गरी ९–१२ वर्ष उमेर समूहका लागि भनेर तोकिए पनि कथाहरू १५ वर्ष उमेरसम्मका बालबालिकाले पढ्न सक्छन्। बालसाहित्यका क्षेत्रमा लागेका र यसमा रुचि भएका पाठकलाई समेत यस सङ्ग्रहले निकै नै सहयोग गर्ने देखिन्छ।

विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित कथाहरू भएकाले कथा पढ्दै जाँदा आनन्द आउँछ। प्रत्येक कथामा फरकफरक स्वाद पाइने भएकाले पढाइमा मिठास थप्नेछ।

नेपाली बालसाहित्यमा अझ पनि परम्परागत सोचमा आधारित नैतिक सन्देशमूलक कथाले जरो गाडेकै अवस्थामा विदेशी कथालाई नेपालीमा अनुवाद तथा भावानुवाद गरी लेखन शैली, सीप र आधुनिकता प्रदान गर्ने कुरामा सम्पादक र अनुवादकले अहं भूमिका निर्वाह गरेका छन्। यस सङ्ग्रहबाट अवश्य पनि धेरै नयाँ कुरा सिक्ने अवसर प्राप्त हुनेछ। कथाभित्र भएको विषयवस्तु, चरित्र, संवाद आदि पक्षले कुतूहलता र रोचकता बढाउने काम गरेको छ। बालकथाको मूल कडी नै कुतूहलता र रोचकता हो। यो बालकथासङ्ग्रह यसर्थ नै महत्त्वपूर्ण छ।

भाषिक शुद्धतालाई हेर्दा चाहिँ कतैकतै अशुद्धि भेट्न सकिन्छ। यो प्रथम संस्करण भएकाले यसलाई सामान्य पक्ष नै मान्नुपर्छ। आगामी संस्करणमा यसले सुध्रने मौका अवश्य नै पाउनेछ। कथा छनोटमा विविधता कायम गरी प्रसिद्ध बालसाहित्यकारलाई नै अनुवादको जिम्मा लगाइएकाले पनि कथाहरू विशेष रोचक र बालसुलभ भाषिक पक्षले ठाउँ पाएको छ।

कृति : **विश्वका बालकथा सङ्ग्रह –१**
सम्पादक : **विजय चालिसे**
प्रकाशक : **बालसंसार प्रा.लि.**
प्रकाशन : २०६६
पृष्ठ : १००
मूल्य : रू.१००।–

–देवेन्द्रप्रसाद उप्रेती

नियात्रात्मक कवितासङ्ग्रह



खेमनाथ दाहाल कविताको क्षेत्रमा परिचित भइसकेको नाम हो। उनका श्रद्धाञ्जलि (२०५४), रश्मी (२०५६) र योद्धा (२०६०) पछि बेग्लै स्वाद र बान्कीको कविता कृति 'हार्वडको चौतारीमा' प्रकाशित भएको छ। 'नियात्रा कविता' का रूपमा जम्मा सत्ताइसवटा कविताहरू सङ्गृहीत यस कृतिमा अमेरिकी विषय र सन्दर्भहरूलाई कवितात्मक शैलीमा प्रस्तुत गरिएको पाइन्छ।

अमेरिका धेरैको सपनाको देश भएको छ, एकपटक पुग्न पाए कस्तो हुन्थ्यो होला भनेर बाटाहरू खोज्न मरिमेट्नेहरू, पाएर खुसी हुनेहरू, नपाएर खिस्रिक्क पर्नेहरू, जान पाएर उतै भासिनेहरू, बाटो बनाएर ओहोर–दोहोर गरिरहनेहरू, डीभी चिठ्ठामा जानेहरू, यहाँ नाम चलेका र ठूला कहलिएकाहरूसमेत त्यहाँ पुगेपछि अवैधरूपमा लुक्नेहरू, धेरैका कथाव्यथा र यथार्थको सेरोफेरोमा रहेर कवि खेमनाथ दाहालले 'हार्वडको चौतारीमा' प्रकाशित गरेका छन्। सन् २००४ जुन १२ मा छोरी ज्वाइँको निम्तोमा अमेरिका उत्रिएका कवि दाहाल पनि बाटो बनाएर ओहोर–दोहोर गरिरहनेहरूमा परिसकेका छन्। जुनसुकै विधामा कलम चलाउने साहित्यकारले पनि वरपर घुम्ने मौका पाउनासाथ यात्रासंस्मरण लेखिहाल्ने प्रवृत्ति बढिरहेको अवस्थामा दाहालले भने आफ्नो कवित्व धर्मलाई कायम राखेर यात्रा संस्मरणात्मक कवितासङ्ग्रहका रूपमा कृति तयार पारेर केहीले मात्र यसो गर्न सकेकोमा उनी पनि थपिएका छन्।

अमेरिकाको हार्वड विश्वविद्यालय विश्वप्रसिद्ध छ र यस्तो ठाउँमा तेह्रथुम जिल्लाको विकट गाउँ लाब्रीको कान्छो पुगेको छ। उनी त्यहाँ चौतारीको कल्पना गर्छन् र अमेरिकी परिवेश, सन्दर्भ, वैभव, चालचलन आदिलाई नेपाली परिवेष, पृष्ठभूमि र आफ्नोपनमा मिश्रण गर्दै कविता कोर्छन्।

सङ्ग्रहको पहिलो कविता 'हार्वडको चौतारीमा' शीर्षकबाटै सङ्ग्रहको नामकरण गरिएको छ। उनले अमेरिकी भूमि टेकेपछि लेखेको पहिलो कविताचाहिँ सम्भवतः आमन्त्रण शीर्षकको हुनुपर्छ र यसपछिको लगभग दुई वर्षमा लेखिएका विभिन्न स्थान र परिवेशका कविताहरू सङ्ग्रहमा छन्। कविले स्वतन्त्रताकी प्रतिमूर्तिसँग वार्तालापको शैलीमा शान्तिको प्रतीक सगरमाथासँग समागम गराएर शान्ति र स्वतन्त्रताका लागि अपराजेय सन्तति जन्माउन चाहेका छन्। नायग्रा झरनाको वर्णनदेखि लिएर मातृभूमिको अगाध प्रेम देखाउनेहरू विभिन्न सन्दर्भमा अमेरिका छिरेर यतै हराउँदा सँगै गएकी मातृभूमिसँग जम्काभेटको कल्पना गर्दछन्। अमेरिकामा डलर मोहमा भासिएर किस्ताबन्दीको ऋणैऋणमा भासिएकाहरूको कथा व्यथा, यन्त्रमानव बनेकाहरूको कथाव्यथा आवश्यकै नभएको ठाउँमा हिमपात हुँदाको कल्पना, आफ्नो अमेरिकी दिनचर्या, सुखदुःख, अनुभवलगायतका कुराहरू, अमेरिकी भूमिमा अदालतसामु बयानका लागि उभिनुपर्दाको हतास मनस्थितिलगायतका धेरै विषय र सन्दर्भहरूलाई यथार्थपरक शैलीमा कविले प्रस्तुत गरेका छन्। उनी ह्वाइटहाउस अगाडि रहेका भियतनाम युद्धपीडितहरूका छाप्रो कविता लेख्छन्, अमेरिकालाई हिटलरवादको अनुयायी ठान्छन्। उनले अमेरिकी पृष्ठभूमिमा यथार्थ सत्य र भावसत्यलाई मिश्रण गराएका छन्। उनको कल्पनापक्ष सबल छ तर बिम्ब र प्रतीकको लालित्यको चाहिँ अभाव छ। यसले गर्दा अधिकांश कविताहरू सपाट वर्णनका भएका छन्, विवरणात्मक लाग्दछन्।

'हार्वडको चौतारीमा' पाइने मूल सन्दर्भ भनेको आप्रवासी चेतना हो र यसमा समय, प्रकृति, स्वतन्त्रतालगायतका सहायक सन्दर्भहरू जोडिएका छन्। समग्रमा भन्दा दाहालका कवितामा यात्रा वर्णन ज्यादा पाइन्छ।

कृतिः **हार्वडको चौतारीमा (नियात्रात्मक कवितासङ्ग्रह)**
कविः **खेमनाथ दाहाल**
प्रकाशकः **बगर फाउण्डेसन, नेपाल**
प्रकाशनः **२०६४ वैशाख**
पृष्ठः **७५+२४**
मूल्यः **रु. उल्लेख छैन**

–तुलसी

उज्यालोको उपासना गर्ने तमसोत्सव

कविता, धेरैले लेख्छन् तर लेख्ने सबै स्थापित बन्न सक्दैनन्। कवितामा उठाइएका विषयलाई कलात्मक ढङ्गले बुन्न सक्नेहरू नै कविताबाट परिचित भइरहेका छन्। कवि साम्ब ढकाललाई पनि कवितामार्फत नै चिनिन्छ। उनी तीन दशकदेखि कवितायात्राका अथक यात्री हुन्। यो यात्रामा उनले देशको गौरवसँगै पीडा भएर कविता बोलेका छन्। घर, आँगनको यथार्थ, समाज परम्पराको विधि र विडम्बनासँग शब्द भएर साक्षात्कार गरेका छन्। मानिसका सुन्दर, विकृत, नदेखिने र चिन्न नसकिने मनलाई कविताहरूमा आत्मसात् गरेका छन् साम्बले।

'मान्छेहरू अजङ्गको यात्रामा' (२०५७) कवितासङ्ग्रहमार्फत कवितामा लागिरहने प्रतिबद्धता सार्वजनिक गरेका कवि साम्ब

ढकाल दोस्रो सङ्ग्रहमा आइपुग्दा शब्द बुनौट र विषय छनोटमा बढी माझिएको प्रमाणित गराएका छन्।

एक सय एक कविताहरू सङ्गृहीत 'तमसोत्सव' शीर्षक स्वयंमा काव्यात्मक छ। तमसोत्सव अर्थात् अँध्यारोको उत्सवले लामो समयदेखि देश र जनताले भोग्नुपरेको नियतिलाई स्पष्ट पारेको छ। तमसोमा ज्योतिर्गमय भन्ने हरफ पढिएको भए पनि हामी हाम्रै कारण उज्यालोबाट अँध्यारोतर्फ गइरहेको कवि ढकालको सङ्केत स्पष्ट छ। बाध्यताले हरेक क्षेत्रमा अँध्यारोसँग खेल्दाखेल्दा अँध्यारोको उत्सव मनाउन उद्यत भएकाहरूसँग सचेत गराउँछन् र कवि उज्यालोको उपासना गर्नुपर्नेमा जोड गर्छन्। यसरी बिम्बको शक्तिशाली प्रयोग गरेर कलात्मकरूपमा पुष्टि गरेका छन्।

भएर भोग गर्न नपाउने जीवन, अभाव र कष्टसाध्य आजको जीवन, छट्पटी र त्रासदी जीवन छ। देश, कालले विसङ्गत बनाएको समाजलाई कविले सहजरूपमा अभिव्यक्ति गरेका छन्।

आजको मान्छे दुःखपीडाहरूको पहाडजस्तै भरिएको छ तर कोही कसैसँग प्रदर्शित हुन चाहँदैनन्। जस्तै आपत्विपत्मा पनि बाध्यताले जीवन घस्रिरहनसकेको देखेर कविले मान्छेलाई दुनियाँमा कहिल्यै नहार्ने प्राणी भनेर पनि व्यक्त गरेका छन्। कवि, जिन्दगीको स्थिरताको लागि समुद्र, सीमाहीनताको लागि आकाश र निरन्तरताको लागि नदीको अपेक्षा पनि राख्दछन्। अर्थात् तमसोत्सवका कविताहरूले हरपल आशाको पोखरीमा पौडिएर उज्यालोसँग उत्रिन बल गरेका छन्।

समकालीन कवितालेखनमा कवि साम्ब ढकालको आफ्नैपन छ। उनले प्रत्येक पाइतालामा भेटिएका दुःख र समस्यालाई आत्मसात् गरेका छन्। कविताको मर्म र संवेदनासँग कवि साम्ब ढकाल निथ्रुक्क भिज्न सकेकैले हुनुपर्छ कविताहरू पढेपछि मनको भित्री तहसम्म गुन्जिन्छ। तसर्थ 'तमसोत्सव' नेपाली कविताहरूमा विशेष महत्त्व राख्न सक्षम हुने विश्वास गर्न सकिन्छ।

पुस्तकः	**तमसोत्सव (कवितासङ्ग्रह)**
कविः	**साम्ब ढकाल**
प्रकाशकः	**गैरआवासीय नेपाली महासङ्घ, नाइजेरिया**
संस्करणः	**प्रथम, २०६६**
पृष्ठः	२०+११६
मूल्यः	रू.२००।–

–श्रीओम रोदन

विविध भाव र शैलीका गजलहरु

जिल्लातिरका साहित्यिक कार्यक्रमहरूमा रचनावाचनक्रममा गजलले जुन किसिमको प्राथमिकता र ताली पाउँछ, त्यसको

तुलनामा कविता र गीतको मूल्यमा कमी हुँदै आएको हो कि जस्तो अनुभव हुन्छ। गजल लेखनमा छोटो समयमै आएको जागरण र उत्साहले गजललाई निकै हराभरा बनाउँदै चासो र चर्चा बढाइरहेको अनुभव हुन्छ। पछिल्लो पुस्ताका साहित्यकारहरू मात्र नभएर अघिल्लो पुस्ताका स्थापित र चर्चित साहित्यकारहरू पनि गजल लेखनमा जोस–जाँगरका साथ लागेको देखिन्छ। यस्तैमा पर्दछन् साहित्यकार रामबहादुर पहाडी पनि। 'घाउ रै' छ जिन्दगी' नामक गजलसङ्ग्रह प्रकाशित गरिसकेका पहाडी अब गजलप्रेमीहरू माझ 'पहाडीका गजलहरू' शीर्षकमा अठसठ्ठीवटा गजलहरूको सङ्ग्रहमार्फत प्रतिबद्ध गजलकारका रूपमा आएका छन्।

गजलको मूल विषयवस्तु भनेको प्रेम–प्रणय, विरह–वेदना हो भनिन्छ तर पछिल्लो समयका गजलमा विषयवस्तुका दृष्टिकोणले व्यापकता पाउन थालिएको छ। प्रकृति, विकास–निर्माण, राजनीति, असन्तुष्टि, हत्या–हिंसालगायतका विविध विषय र सन्दर्भहरूले गजलमा प्रवेश पाइसकेका छन्। पहाडीका गजलमा पनि जीवनबोधका विविध विषयवस्तुलाई व्यङ्ग्यात्मक, प्रयोगात्मक, रोचक एवं लालित्यपूर्ण लोकलयलाई समातेर गेयात्मक बनाउनेतिर गजलकारको प्रयत्न रहेको स्पष्ट हुन्छ।

जहाँ बसेर हेरूँ जात्रै रहेछ जीवन
सुरु कहाँ खतम भो यात्रै रहेछ जीवन
तेरो र मेरो भन्दै आए गए ती नाङ्गै
कागजमा कोरिएको चित्रै रहेछ जीवन।

राजनीतिक विषयवस्तुलाई पनि गजलका शेरहरूमा समेट्दा व्यङ्ग्यात्मक शैली र चेतना जागृत गराउने शब्दहरू भर्न सक्दा गजलको मिठासमा कमी हुँदोरहेनछ भन्ने कुराको अनुभव पहाडीका गजलहरूले गराउँछन्। नेपालको राजनीतिमा विदेशीहरूको चासो र हस्तक्षेपप्रति पहाडी यसो भन्छन्–

घरभित्रको यो मुद्दा छिन्दा पराईले त्यो
इन्साफ रुँदै सिमानापारि तरेझैं लाग्छ।

गजलकार रामबहादुर पहाडी गजललेखनमा जति सक्रिय छन्, उत्तिकै सक्रिय गायनमा पनि छन्। कार्यक्रमहरूमा आफ्ना गजलहरू गाएर मन्त्रमुग्ध पार्नसक्ने क्षमता उनमा भएको धेरै पटक प्रमाणित गरिसकेका छन्। 'गजलको राजधानी' भनेर चितवन जिल्लालाई गजलकारहरू भन्दछन् र त्यहाँ गजलमा दोहोरी खेलिन्छ। अग्रज पुस्ताका स्रष्टा नै त्यस्ता कार्यक्रमहरूमा सहभागी भएको पाइन्छ। त्यस्तै, पहाडीले पनि केही गजलमा दोहोरी शैलीलाई समातेका छन्। गजलका क्षेत्रमा लामो समयदेखि लागेर अग्रज कहलिइसकेकाहरूका गजलमा पनि नियम मिचिएको, रदीफ, काफिया नमिलेको लगायतका आरोपहरू लागिरहेकै हुन्छन्। पहाडीको सङ्ग्रहमा पनि सबै गजलहरू आरोपमुक्त छन् भन्न सकिन्न। अन्य विधाहरूमा नयाँनयाँ प्रयोगहरू गरिँदै आएकोमा गजलमा पनि केही प्रयोगहरू हुँदैआएका छन्। नियम र परिधिले बाँधिएर दायाँबायाँ नहेरी लेख्दा मिठास पक्षमा कमी हुनेतर्फ पहाडीको ध्यान पुगेको अनुभव हुन्छ। वि.सं. २०५८ देखि २०६४ सम्ममा सिर्जित गजलहरूले पहाडीलाई समग्रमा भन्नुपर्दा अब्बल गजलकारका रूपमा उभ्याएका छन्।

कृतिः	**पहाडीका गजलहरु**
गजलकारः	**रामबहादुर पहाडी**
प्रकाशकः	**भानु प्रकाशन, काठमाडौँ**
प्रकाशनः	२०६५
पृष्ठः	६८+१२
मूल्यः	रू. २००।–

–देवी सिग्देल ❐

विचारमञ्च

–तुलसीहरि कोइराला

जनताबाट अनुमोदित 'महाकवि'

"हिन्दी कवितालाई सोह्रौँ शताब्दीदेखि बीसौँ शताब्दीको मध्यसम्म जे जस्ता अवस्था पार गर्नुपर्‍यो, नेपाली कवितालाई हाम्रो चार शताब्दीको यात्रा एकै शताब्दीमा पूरा गर्नु पर्‍यो तर यस्तो हतारलाई हेरी त्यसलाई अपरिपक्व सम्झिन हुन्न। यसको लागि एउटा प्रमाण महाकवि देवकोटा नै छन्, जसमा हामी हाम्रा हिन्दीमा पन्त, प्रसाद, निरालाहरूलाई सम्पूर्णरूपमा पाउने मात्र होइन, बरु हामी उनमा प्रिय प्रवासका कवि हरि औधलाई विकसित रूपमा पाउँछौँ भने अर्कोतिर अर्के महाकवि पनि पाउँछौँ, जो अहिलेसम्म हिन्दीमा जन्मेकै छैन।"

राहुल सांकृत्यायन

महाकवि लक्ष्मीप्रसाद देवकोटालाई नजिकबाट चिनेका र उनको लेखनीबाट प्रभावित भएर देवकोटाप्रति नतमस्तक हुँदै भारतीय प्रसिद्ध साहित्यकार राहुल सांकृत्यायनले देवकोटाका बारेमा लेखेको लामो लेख धेरैतिर प्रकाशित भइसकेको छ। एउटा कविले अर्को कविलाई गरेको यस्तो सम्मान उसको गुण र क्षमताको पहिचान नगरी पक्कै पनि होइन। वास्तवमा लक्ष्मीप्रसाद देवकोटा अद्वितीय प्रतिभा हुन्, युगले पाएको महापुरुष हुन्। यस्ता महापुरुषको शतवार्षिकी समारोहको सेरोफेरोमा छौँ हामी। सिङ्गो देश र जनताका महाकविको शतवार्षिक समारोह मनाउनेक्रममा विभिन्न सङ्घ, संस्थाहरू आ–आफ्नो क्षमता र तरिकाअनुसार सक्रिय भइरहेका छन्। यस्तो अवस्थामा पनि देशको सिङ्गो कला, साहित्य, भाषा र संस्कृतिको उत्थान र जगेर्ना गर्ने उद्देश्यले गठित नेपाल प्रज्ञाप्रतिष्ठान पदाधिकारीविहीन अवस्थामा छ। सरकारी तवरमा गर्नुपर्ने कामहरू संस्कृति मन्त्रालय र प्रज्ञाप्रतिष्ठानमार्फत हुनुपर्ने हो। यो हुन नसक्नु राष्ट्रकै लागि ठूलो घाटा हो। सरकारले राष्ट्रका बौद्धिक सम्पत्तिलाई बेवास्ता मात्र गरेको छैन, यो त सरकारी अकर्मण्यता र लाचारीपन पनि हो।

भनिन्छ, देवकोटाका अहिलेसम्म प्रकाशित कृतिहरूभन्दा अप्रकाशित पाण्डुलिपिहरू ज्यादा थिए। अपशोच ! ती कहाँ छन् ? कसको जिम्मामा छन् ? छन् कि छैनन् ? प्रकाशित गर्न लायकका छन् कि छैनन् ? अहिलेसम्म खोज अनुसन्धान नै गरिएको छैन। नेपाली साहित्यमा उपाधि दिने र लिने अपसंस्कृतिको विकास अघिदेखि नै भएको हो। राजाले मन पराएर 'ल तिमीलाई यो उपाधि' भनिदिँदा त्यस्तो उपाधिको पगरी गुथेकाहरूको हामी नाम लिँदै आइरहेका छौँ तर देवकोटालाई महाकविका रूपमा जनबोलीले दिएको र सर्वस्वीकार्य भएको उपाधि हो। नेपाली साहित्यका क्षेत्रमा कसैले मेट्न चाहेर पनि मेटिन सक्दैन महाकवि। मान्छेमा गुणैगुण मात्र हुँदैनन्, उसमा दोष पनि हुन्छन्, अबगुण पनि हुन्छन्। देवकोटा पनि त्यस्ता दोषहरू थिए। उनमा जिम्मेवारी बोध थिएन, उनमा समयको ख्याल थिएन, उनी सञ्चित गर्दैनथेलगायतका कुराहरू नजिकबाट चिन्नेजान्नेहरू भन्दछन् र लेखेका पनि छन् तर सबैभन्दा ठूलो गुण लेखन प्रतिभाले ढाकिदिएकाले अरू सबै कुराहरू आफैँ ओझेलमा परेको स्पष्ट हुन्छ।

नित्यराज पाण्डे

प्रस्तुत छ, यसै सन्दर्भमा देवकोटालाई अत्यन्त नजिकबाट चिनेका र अनुभव गरेका र 'महाकवि देवकोटा' कृति माथि मदन पुरस्कार प्राप्त व्यक्तित्व नित्यराज पाण्डे, देवकोटाबाट ज्यादै प्रभावित र सहयोगीसमेत बनेका हरि श्रेष्ठ र देवकोटाका कृतिहरूमाथि गहिरो अध्ययन गर्नुभएका समालोचक डा. चूडामणि 'बन्धु'सँग गरिएका कराकानी :

◆ **नेपाली साहित्यका क्षेत्रमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको योगदानलाई तपाईंले कसरी मूल्याङ्कन गर्नुभएको छ ?**

■**नित्यराज पाण्डे** लक्ष्मीप्रसाद देवकोटा यस धर्तीका एक अत्यन्त सुयोग्य व्यक्ति, राष्ट्रका ज्योति, दस वर्षको उमेरदेखि जीवनभर सिर्जनारत प्रतिभा हुन्। धेरै पटक, धेरै प्रकारका पदमा पनि पुगे तर कहिल्यै लिप्त भएनन्। मलाई सम्झना छ– वि.सं. २०१४ सालमा उनी मन्त्री हुँदा शुभकामना दिन गएको थिएँ। त्यतिबेला उनी सल्यानी राजाको घरमा बहालमा बसेका थिए। म जाँदा त्यहाँ २५/३० जना खाना खानलाई वरिपरि बसेका थिए। उनले मन्त्री भएर केही कमाएनन् बरु गुमाए। राष्ट्र र गरिबका लागि उनी धनमान थिए। बाँड्न मन लाग्छ हरर भनेर कवितै लेखेका छन्। रोगले ग्रस्त भइसक्दा पनि यातना र पीडा सहेर लेखिरहे। त्यस्तो व्यक्तिले मर्ने बेलामा पीडाले विष माग्नुपर्‍यो। उनी एक्ला विभूति हुन् ।

■ **हरि श्रेष्ठ–** नेपाली साहित्यका क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको अर्को जोडा साहित्यकार अहिलेसम्म जन्मिएकै छैन। त्यस्तो व्यक्तित्वको के मूल्याङ्कन गर्नु। उनीसँग मेरो धेरै नजिकको सम्बन्ध थियो। उनमा कुनैखालको छलकपट र लोभलालच थिएन। एकदम सिधासाधा मान्छे हो। म जो पायो

उहीसँग सङ्गतै गर्दिन। मेरो जागिर भन्ने जीवनीपरक किताबको भूमिका लेख्न लगाएको थिएँ। लेख्दाको हाउभाउ हेर्दा लाग्थ्यो। भावहरू तँछाडमछाड गर्दै उर्लिएर आएका छन् र कलमले उतार्न भ्याइरहेको छैन। अत्यन्त बिरामी अवस्थामा पनि साथमा कोही थिएनन्। विद्यार्थीहरूले गोल्टेनबट्टा थापेर खर्च उठाएका थिए। त्यसरी उठाएको पैसा पनि चोरी भएको थियो। नर्सले चोरलाई देखेकी र देवकोटालाई भन्दा भैगो हुन्देउ, चिनेको मान्छे हो, आफ्नै हो भनेको कुरा नर्सले भनेकी थिइन्। देवकोटा जत्तिको सालिन र सिर्जनशील व्यक्तित्व भेट्टाउन मुस्किल छ।

■ **डा. चूडामणि 'बन्धु'**– देवकोटाको बारेमा लेख्दा मैले त उल्लेख गरेकै छु– नेपाली साहित्यकै सर्वोच्च शिखर व्यक्तित्व हुन् उनी, उनीविनाको नेपाली साहित्य कमजोर हुन्छ। उनी नेपाली साहित्यमा अहिलेसम्मकै सर्वश्रेष्ठ महापुरुष हुन्। उनले लिएको उच्चतामा अरूको दाँजो हुन सक्दैन। नेपाली साहित्यमा कविता, खण्डकाव्य र महाकाव्य (काव्यविधा)मा उच्चतम् अनि निबन्धका क्षेत्रमा त्यसपछि राख्नुपर्ने हुन्छ सिर्जनाका हिसाबले। अन्यमा पनि उत्तिकै सशक्त कृतिहरू छन् तर ज्यादा महत्त्वपूर्ण यी हुन्।

◆व्यक्तिगत रूपमा देवकोटालाई तपाईं कस्तो खालको व्यक्तित्वको रूपमा चिन्नुहुन्छ ?

हरि श्रेष्ठ

■ **नित्यराज पाण्डे**– देवकोटा ज्यादै सिधासाधा हुन्। उनी छरछिमेकीको पनि ख्याल राख्थे भने आफ्नामा आएकालाई अत्यन्त सम्मान गर्दथे। उनी गेहेन्द्रदेव पाठकको बाबु मर्दा समवेदना प्रकट गर्न घरैमा गएका थिए तर आफ्नो कविता लेख्दाको धूनमा चाहिँ व्यस्त हुन्थे, कुनै कुराको वास्ता राख्दैनथे। उनी धोबीधाराको घरको छतमा रातभर चन्द्रमा हेरेर पनि बस्थे। उनको स्वभाव–विचार कविताहरूमा भित्रैबाट निस्किएको हो। गरिब, किसानजस्ता कवितामा र मुनामदनमा भनेका 'हातका मैला, सुनका थैला के गर्नु धनले' उनका भित्री हृदयका उद्‌गार हुन्। उनलाई बौलाह पनि भने, भारतको राँची पनि पुर्‍याए। राँचीमा डाक्टरले यो मान्छे बौलाहा होइन, यसको धून नै यस्तै हो भनेका थिए। त्यसपछि हो उनले पागल शीर्षकको कविता लेखेको। उनले आफ्ना हरेक काव्यमा समाजवाद र मानवतावाद छर्लङ्ग्याएका छन्।

■ **हरि श्रेष्ठ**– ज्यादै शिष्ट र सालिन व्यक्तित्वका धनी देवकोटा काव्यका खानी नै थिए। कसैलाई पनि नराम्रो र अप्रिय वचन नबोल्ने उनी आफ्नी श्रीमतीलाई बज्यै भन्थे। आर्थिक अवस्था कमजोर भएकाले जीविका चलाउन दुई भैँसी पनि पालेका थिए। देवकोटाका भैँसीको दूध सिद्धिचरणले पनि खाएका थिए। उनको मित्रता डा. मिलरसँग ज्यादै राम्रो थियो। आर्यघाटमा लैजानुअघिसम्म पनि डा. मिलरले उनलाई बचाउन रुसको मस्को अस्पताल लैजान चाहेका थिए तर बज्यैले स्वीकृति दिइनन्। तासकन्द सम्मेलनमा भाग लिएका बेला पनि केही समय बसेर उपचार गरेर फर्किन उनलाई धेरैले आग्रह गरेका थिए, त्यतिबेला पनि बज्यैकै कारण छिट्टै फर्किनु परेको थियो।

■ **डा. चूडामणि 'बन्धु'**– सशरीर चाहिँ मैले देवकोटालाई भेट्ने अवसर पाइँन। उनका कृतिहरूमार्फत मात्रै हो। उनका निकटतम व्यक्तिहरूबाट धेरै कुरा थाहा पाएँ। उनका कृतिहरू जस्ता छन्, व्यक्तित्व पनि त्यस्तै थियो। मैले आफ्ना कृतिहरूमा देवकोटाका मानवतावादी विचारहरूलाई केलाएर नै महामानव भनेको हुँ। उनको अन्तर्मनबाट निस्किएका विचार हुन् उनका कृति।

◆जनबोलीले दिएको 'महाकवि'को उपाधिलाई राष्ट्रियस्तरबाटै प्रदान गरिए कसो होला ?

■ **नित्यराज पाण्डे**– भारतीय प्रसिद्ध साहित्यकार राहुल सांकृत्यायनले देवकोटालाई उनी एक्लै तीन भारतीय कवि पन्त, प्रसाद, निराला हुन् भनेका छन्। उनी वि.सं. २०१० सालमा नेपाल आएका थिए। यस्तो व्यक्तिलाई सम्मान दिनु भनेको राष्ट्कै सम्मान हो। मरणोपरान्त भनेर प्रदान गरिए हुने हो तर गरे पनि, नगरे पनि उनी महाकवि भइसके। महाकवि भनेर जनताले मानिसके। ल्हासामा समेत त्यत्रो सम्मानका साथ सालिक राखिसकियो।

■ **हरि श्रेष्ठ**– राष्ट्रियस्तरमा भए राम्रो हुन्थ्यो तर जनताले मानिसकेकोले अनुमोदन भइसकेको छ। जनबोलीले दिएको सम्मान झन् ठूलो सम्मान हो। उनलाई नभनेर अर्को कसलाई महाकवि भन्ने ? उनी बिरामी भएको बेला कविशिरोमणि लेखनाथ पौड्याल धरधरी रुँदै ऊभन्दा म पहिले जानुपर्ने, उमेरले पनि योगदानले पनि उसले राष्ट्का लागि अझै कतिकति गर्ने थियो भन्थे।

■ **डा. चूडामणि बन्धु**– नेपाली विद्वान्हरूमा ईश्वर बरालले पहिले भनेका हुन्। वि.सं. २००४ सालतिर आफ्नो लेखमा सबैभन्दा पहिले महाकविको उपाधि दिएर लेखेका थिए। राहुल सांकृत्यायनले पछि थपे। उनी जनस्तरबाटै 'महाकवि' भनेर उठेका हुन्। महाकाव्य लेखेर मात्र नभई नेपालीहरूले सबभन्दा बढी मन पराएर भनिएको हो। यो पदवी सर्वस्वीकृत भइसक्यो भने अब राष्ट्ले गरे पनि, नगरे पनि के फरक पर्छ र।

◆जीवनभर नपाएको सम्मान निधनपछि र त्यसमा पनि सय वर्षपछि यति भव्यरूपमा पाउनको कारण के हुनसक्छ ?

■ **नित्यराज पाण्डे**– मान्छेले देवकोटाको भावना बुझ्दै आए। उनका यति कृति छन् भनेर अझै पनि भन्नै सकिन्न, जुनसुकै धारमा बगेका छन्। भारतमा पनि देवकोटा भनेपछि ज्यादै सम्मानले नाम लिन्छन्। नेपाली साहित्यका माध्यमबाट विश्वमा परिचित कुनै व्यक्ति छ भने त्यो एक मात्र व्यक्ति देवकोटा हुन्।

■ **हरि श्रेष्ठ**– हाम्रो देशै यस्तै छ। उतिबेला मान्छेले चिनेनन्, योगदान देखेनन्। समयले क्रमशः चिनाउँदै ल्यायो। त्यतिबेला पनि राजारानी र सरकारले समेत पटकपटक आर्थिक सहयोग गरेका छन्। पद प्रतिष्ठा भनेको पनि त्यतिको पाएकै हो। उनी गरिब पनि होइनन्। खै, किनकिन व्यवहारै नमिलेर त्यस्तो भएको हो। सम्मान गर्न लायक व्यक्तिको झन्झन् सम्मान बढ्दै जान्छ।

■ **डा. चूडामणि 'बन्धु'**– खास त मान्छेको जीवनमा उसले पाएको सबैभन्दा ठूलो सम्पत्ति भनेको भाषा हो। भाषामा पनि कविता सबैभन्दा राम्रो साहित्य हो। भाषाको महिमा, श्रेष्ठता, उच्चता, काव्य साहित्यबाट हुन्छ। अर्को शब्दमा स्रष्टाबाट हुन्छ। राष्ट्रलाई सम्मान र उच्चता दिलाउने भनेको स्रष्टाले हो। हाम्रो भाषामा यस्ता स्रष्टा छन् भनेर गौरव गर्ने माध्यम पनि हो। सबै देशमा यस्ता स्रष्टाको वार्षिकी भव्यरूपमा मनाइन्छ। हाम्रो त अझै पुगेको छैन जस्तो लाग्छ। अन्य देशमा राष्ट्रका स्रष्टाहरूको शतवार्षिकी समारोह धूमधामका साथ मनाएको देखेको छु।

◆देवकोटाका कृतिहरूको प्रकाशनबाट प्राप्त लेखकस्व (रोयल्टी) उनका परिवारले उपभोग गर्दै आएको पचास वर्ष पुग्न लागेको छ। त्यस्तो रकम अब के गर्नु उपयुक्त ठान्नुहुन्छ ?

■ **नित्यराज पाण्डे**– पैसाको मुख रातो भन्छन्। उनका परिवार छन्, पद्मप्रसाद देवकोटा विद्वान् छोरा छन्। उनले पनि देवकोटा अध्ययन प्रतिष्ठानमार्फत काम गरिरहेकै छन्। यसै गर्नुपर्छ भन्नुभन्दा पनि प्रकाशन संस्था, परिवार र नियम कानुनअनुसार गर्दा राम्रो हुन्छ। विवाद र झगडा राम्रो होइन।

■ ***हरि श्रेष्ठ***– पैसाको कुरामा परिवारको विचारअनुसार गरिदिनु राम्रो हो। म त भन्छु पहिले पनि पारिवारिक वातावरण राम्रो नभएर नै देवकोटाको त्यो हालत भएको हो। देवकोटा जत्तिको कमाउन सक्ने अर्को साहित्यिक व्यक्ति त्यतिबेला अर्को कोही थिएन। वि.सं. २००७ साल अघिकै कुरा हो, साढे दुई वर्षमा असी हजार कमाएको तर उल्टै आठ हजार ऋण थपिएको उनी भन्थे। त्यतिबेलाको असी हजार भनेको मामुली पैसा होइन। बज्यैले राम्रोसँग घरव्यवहार चलाउन नजानेर हो। व्यक्तिगतरूपमा मैले पनि देवकोटालाई सहयोग गरेको हुँ र अझै धेरै सहयोग गर्न त चाहन्थेँ तर आफैँ उतिसारो सक्षम थिइँन। राजा, महाराजाका छोराछोरीलाई ट्युसन पढाउँथे, पदमा हुँदा तलब आउँथ्यो। रामै हो कमाई तर त्यस्तो व्यक्ति अभावै अभावमा रहेर मरेपछि पनि निवेदन लेखेर तीन सय रुपियाँ वी.पी. मार्फत मैले नै बज्यैलाई पुऱ्याइदिएँ। पछि फेरि सरकारले अरू खर्च दिएथ्यो।

डा. चूडामणि– 'बन्धु'

• डा. चूडामणि– 'बन्धु'– रोयल्टीको विषय कानुनी कुरा पनि हो ?

यससम्बन्धी नीति–नियम हरेक देशमा हुन्छ। सायद पचास वर्षपछि मरेको लेखकको बौद्धिक सम्पत्ति सबैको साझा हुन्छ। हाम्रो देशमा अझै व्यवस्थित हुन सकेको छैन। परिवारलाई दिनु पनि सम्मान हो। लेखकका कृतिजस्तै हो परिवार–सन्तान पनि। साझा प्रकाशनले देवकोटाका धेरैजसो कृतिको प्रकाशन गर्दैआएको छ। हिजोसम्म दिएकोमा आजबाट नदिँदा नराम्रो हुन्छ। राम्रोका लागि सोच्नुपर्छ। बरु सजिला र राम्रा बाटाहरू पहिल्याउनुपर्छ।

• महाकवि लक्ष्मीप्रसाद देवकोटालाई 'राष्ट्रिय विभूति' घोषणा गर्नेतिर सिङ्गो साहित्यिक क्षेत्रले आवाज उठाउन नसक्नुको कारण के होला ?

■ **नित्यराज पाण्डे**– साहित्यकारहरू सङ्गठित हुनै सक्दैनन् तर पनि देवकोटाको विषयमा सरकारलाई दबाब नै दिनुपर्छ भन्ने छैन। उनलाई चीन, भारत, रुस जस्ता ठूला देशमा पनि सम्मानका साथ हेरिन्छ। राजा महेन्द्रका पालामा आदिकवि भानुभक्त आचार्य र मोतीराम भट्टलाई 'विभूति' घोषणा गरिएको थियो। अब कुनै साहित्यकार राष्ट्रको विभूति **घोषित हुन्छ भने त्यो देवकोटै हुन्।**

■ ***हरि श्रेष्ठ***– कविशिरोमणि लेखनाथ पौड्यालले देवकोटालाई निको नहुने रोग 'क्यान्सर' लागेको थाहा पाएपछि "जानुपर्ने त मैले हो, उसको अझै आवश्यकता थियो, ऊ त राष्ट्रिय विभूति हो" भनेर सबैभन्दा पहिले 'विभूति' शब्द प्रयोग गरेका थिए। कस्तो प्रतिभाशाली मान्छे भने– चितवनमा जग्गा लिएर खेती गर्ने प्रसङ्गमा मैले देवकोटालाई 'कलमभन्दा कोदालीको आवश्यकता पर्छ खेतीमा' भनेको कुरालाई १६ पेज लामो अङ्ग्रेजीमा मेरो बारेमा निबन्ध लेखेर मलाई दिएका थिए। उनी मानवतावादी र साझा विचारका थिए। यस्तो व्यक्ति 'राष्ट्रिय विभूति' नभए को हुन्छ।

■ **डा. चूडामणि 'बन्धु'**– राष्ट्रिय विभूति घोषणा गर्नलायक व्यक्तित्व हो तर लोकतन्त्र आगमनपश्चात्को युग परिवर्तनमा सबै बदलिएको छ। विभूतिहरूलाई सम्झिने उसको कीर्तिले हो। अहिलेसम्म घोषित विभूतिहरू भन्दा देवकोटा कम छैनन्। सार्थक प्रयास भए हुनसक्छ। यो शतवार्षिक समारोहभित्र घोषणा गर्दा ज्यादै राम्रो हुन्थ्यो। टिकट, मुद्रा, विभूति, जेजे गरे पनि उपयुक्त हुने सम्मानित व्यक्तित्व हो।

❒❒❒

महाकवि लक्ष्मीप्रसाद देवकोटाको पहिलो रचना वि.सं. १९९१ मा गोरखापत्रमा 'पूर्णिमाको जलधि' शीर्षकमा प्रकाशित भएकोलाई मानिएको छ। यसभन्दा अघिदेखि नै उनले कैयौँ कविताहरू सिर्जना गरिसकेको हुनुपर्छ किनभने वि.सं. १९९२ मा पहिलो कृतिको रूपमा प्रकाशित झ्याउरे लोकलयको मुनामदन त्यति मार्मिक र परिष्कृतरूपमा आउने थिएन। देवकोटाजस्ता महान् प्रतिभाले नेपाली भाषा अनुवाद परिषद्को जागिरे, प्राध्यापक, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य, शिक्षामन्त्री वि.सं. २०१५) जस्ता पद र सम्मान पाउनु स्वाभाविक हो तर पनि आफ्नो जीवनकालमा अभावैअभाव भोग्नुपरेकोले उनका कतिपय रचनाहरू कौडीको मोलमा बेचिएको, चिया र चुरोटमा साटिएको, अरूकै नामबाट छापिएको, अप्रकाशितरूपमा छरपष्ट रहेको जस्ता प्रसङ्गहरू उठ्दा जुनसुकै साहित्यप्रेमीको मन अमिलिन्छ।

देवकोटाको अन्तर्राष्ट्रियस्तरको छवि बनेको विभिन्न अन्तर्राष्ट्रिय साहित्यिक सम्मेलनहरूमा भाग लिएर विचारहरू प्रस्तुत गरेपछि नै हो। वि.सं. २००९ सालमा करफोकको नेपाली भाषा प्रचारक संघले दार्जीलिङ र कालिङपोङमा गरेको सम्मेलन, वि.सं. २०११ मा दिल्लीमा भएको एसियाली लेखक सम्मेलन, वि.सं. २०१५ मा रुसको तासकन्दमा भएको अफ्रो एसियाली लेखक सम्मेलन, आदिमा भाग लिएर देवकोटाले आफ्नो विद्वत्ता र नेपाली साहित्यको अवस्थाका बारेमा विश्वमा परिचित गराएका थिए। एउटा महान् साहित्यकारको शतवार्षिकी समारोह भव्यरूपमा मनाएर थोरैभए पनि ऋण तिर्ने अभियानमा हामी जुटेका छौँ। यस्तो अवस्थामा उनका कृतिहरू प्रकाशन गर्दै आएको संस्था साझा प्रकाशन र रोयल्टी प्राप्त गर्दैआएका परिवारका बीचमा द्वन्द्व सिर्जना भएका समाचारहरू प्रकाशमा आउनु निश्चय पनि राम्रो होइन। आपसी सल्लाह र छलफलबाट विना विवाद समस्याको हल गरिनुपर्छ। देवकोटा राष्ट्रका साझा निधि र गौरवपूर्ण व्यक्तित्व हुन् भन्नेतर्फ आम नेपाली सहमत भएकै कारण उनी 'महाकवि' ठहरिएका हुन्। ❒

प्रसङ्गवश

–श्रीओम रोदन

महाकविका गणेशकवि भन्नुहुन्छ-

उमेरले पचासी वर्षमा हुनुहुन्छ वरिष्ठ साहित्यकार श्यामदास वैष्णव तर उहाँको सिर्जना र सक्रियताले त्यस्तो अनुभव गराउँदैन।

वि.सं. १९८१ मा जन्मनुभएका वैष्णवको रचना सर्वप्रथम वि.सं. २००१ मा प्रकाशित भएको थियो। प्रकाशन वर्षलाई आधार भन्दा पनि साढे छ दशकको लामो साहित्यिक यात्रा गरिसक्नु भएको छ उहाँले। साहित्यका अतिरिक्त उहाँ रेडियो नेपालको कार्यक्रम सञ्चालक तथा गीत, रूपक र नाटक लेखकका रूपमा पनि प्रसिद्धि कायमै छ। सिर्जना र श्रवण विधाका अनुभवी वैष्णव रेडियोमा सफलतापूर्वक बोल्नलाई विषयवस्तुलाई आत्मसात् गरेर मनलाई स्वरमा प्रस्तुत गर्नुपर्ने बताउनुहुन्छ।

सुन्दर अक्षर र सरल स्वभावका कारण उहाँ महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठजस्ता साहित्यकारहरूको सहयोगी हुनुभयो। त्यसमध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटाका गणेश रूपमा चिनिनुहुन्छ श्यामदास वैष्णव।

• तपाईंको सिर्जना यात्रा कहिले र कसरी प्रारम्भ भयो ?

– वि.सं. १९९५ मा कवि शिरोमणि लेखनाथ पौड्यालको कविताबाट प्रभावित भएपछि सिर्जनातर्फ आकर्षित भएको हुँ। मेरो प्रकाशन शारदा मासिक वि.सं. २००१ देखि सुरु भएको हो।

• लेखनको कुनै उद्देश्य थियो कि ?

– खास कुनै उद्देश्य थिएन। रमाइलो लागेर लेख्न थालेको हुँ।

• अहिलेसम्म के गरेँ भन्ने लाग्छ ?

–नयाँहरूलाई प्रोत्साहन गर्न र स्थापित लेखकहरूलाई सघाउन सकेँ। नेपाली साहित्यमा केही न केही गरेँ भन्ने लाग्छ तर आत्मसन्तोष भने पूरा भएको छैन।

• वैष्णव किन राख्नु भएको ?

– वैष्णव भनेको विष्णुको उपासक हो। बाबुबाजे विष्णु मन्दिरका पुजारी थिए। बाजेहरूका थरको सट्टामा बैरागी लेख्थे। बाबुको पालादेखि वैरागीको सट्टामा वैष्णव राख्न थालेकोले मैले पनि राखेको हुँ।

• महाकवि देवकोटासँग कहिले र कसरी भेट भयो ?

–वि.सं. १९९७ तिर डिल्लीबजार नाटक मण्डलीका केशवराज कर्णिकारले गाईजात्रामा नाटक देखाउन महाकविलाई लेखाउन लगाएका थिए।

त्यही नाटक 'भरत मिलन' को ताकेता गर्न उहाँकहाँ पहिलो पटक गएको थिएँ।

• कसरी नजिकिनु भयो त ?

– त्यही नाटक महाकविले मलाई सार्न लगाउनु भो। मेरो अक्षर देख्नासाथ उहाँले मैले खोजिरहेको मान्छेजस्तै रहेछौ भन्नुभयो त्यसपछि नजिकिएँ। मेरो अक्षरको कारण महाकविले आफ्नो सहायक बनाउने गरी भाषानुवाद परिषद्मा मासिक पन्ध्र रुपियाँ तलब पाउने गरी जागिर खुवाउनु भएपछि झन् नजिकिएँ।

• तपाईंलाई गणेश कवि किन भनिएको हो ?

एक दिन परिषद्मा महाकाव्य लेखनको सम्बन्धमा पुष्करशमशेरसँग महाकवि निकै झोक्किनु भयो। धेरै बेरपछि पुष्करशमशेरले अप्रत्यक्षरूपमा माफी माग्नु भएपछि स्थिति सामान्य भयो। त्यसपछि महाकवि र म बाहिर जाँदै थियौँ। भित्र हुनुभएका इतिहास शिरोमणि बाबुराम आचार्य, पूर्णप्रसाद ब्राह्मण, बदरीनाथ भट्टराईहरूले महाकविलाई वेदव्यास र मलाई गणेश भनेर कुरा गरिरहनु भएको सुनियो।

•तपाईंको लेखनमा महाकविको कत्तिको प्रभाव परेको छ ?

–महाकवि अलि जटिल लेख्नुहुने तर म सरल, सरस र मार्मिक पक्षमा लागेकोले उहाँको खासै प्रभाव ममा परेन तर उहाँको बौद्धिक प्रभाव त परेकै छ भन्छु।

•महाकविका कुनै अप्रकाशित रचना तपाईंसँग बाँकी छन् ?

–छैनन्। मसँग दुईवटा कृति थिए। जसमध्ये 'वन कुसुम' महाकाव्यको खेस्रा साझामा र महाकविले वि.सं. २००४ मा हिउँ परेको बेला रातभरमा लेख्नुभएको 'तुषार वर्णन' सांस्कृतिक सङ्घलाई प्रकाशनार्थ दिएको थिएँ।

•महाकविको कविता छपाएर कवि बन्नेहरू पनि छन् भनिन्छ नि ?

–मलाई त्यस्तो लाग्दैन। महाकविका कविता जसको नामबाट छपाए पनि उहाँको शैलीबाट थाहा पाइहालिन्छ नि।

•'मुनामदन' बाहेक सबै जलाइदिनु किन भन्नुभएको हो ?_

–यो भनिएको नै होइन। यो संवेदनात्मक गफ मात्र हो। 'मुनामदन' को सर्वाधिकारसहित नेपाली भाषा प्रकाशिनी समितिलाई असी रुपियाँमा बेच्नुभएको थियो। साझामा क्षेत्रप्रतापजी अध्यक्ष हुनुभएपछि मुनामदनको प्रकाशनैपिच्छे लेखकस्व दिने व्यवस्था गर्नुभएको चाहिँ सत्य हो।

•देवकोटाले महाकविको उपाधि कसरी पाउनुभएको थियो ?

–त्यतिबेलाको आधिकारिक संस्था भाषानुवाद परिषद् र नेपाली भाषा प्रकाशिनी समितिले 'शाकुन्तल' महाकाव्य पहिलोपटक प्रकाशित गरेपछि विद्वान् बदरीनाथ भट्टराईले आदरपूर्वक महाकवि भन्नुभएको थियो। त्यसपछि स्वतः महाकवि हुनुभयो।

•महाकविले आफ्नो नामको अगाडि 'महाकवि' लेख्नु हुन्थ्यो ?

–उहाँले कहिलै पनि महाकवि लेख्नु भएन।

•लेखनको सुरूवात कसरी गर्नुहुन्थ्यो ?

– उहाँ लेख्नुअघि कपीमा टाउकोमा कलमै नउठाई पञ्चकोण बनाउनु हुन्थ्यो। त्यसलाई सरस्वतीको आराधना गरेको भन्नुहुन्थ्यो। लेख्नुअघि दायाँबायाँतिर हेर्नुहुन्थ्यो र घोप्टो परेर लेख्न थालेपछि लेख्यालेख्यै। कहिलेकाहीँ लेख्दालेख्दै छन्दमा गुनगुनाउनु हुन्थ्यो।

•प्रायः लेख्ने काम कहाँ गर्नु हुन्थ्यो ?

–उहाँ अफिसमा त्यति बस्नु हुन्थेन। हाजिर भएर केही कुराकानी गरेर घरमै गएर लेख्नु हुन्थ्यो।

•महाकविले कुनै पुरस्कार, सम्मान पाउनु भएको थियो ?

–'शाकुन्तल' महाकाव्य घरमै बसेर अतिरिक्त समयमा लेख्ने काम गरेको भनेर महाकविको छोरीको विवाहमा रू. ५००।– विशेष मेहनतबापत पाउनुभएको थियो।

•कस्ता पुस्तक पढ्न रूचाउनु हुन्थ्यो ?

–कहिलेकाहीँ अङ्ग्रेजीका पुस्तक पढेको देख्थेँ। उहाँको लेख्ने र पढाउनेजस्तै अद्वितीय क्षमता पढ्नेमा पनि थियो। कुनै पनि पुस्तक सरर पल्टाएर सुरुमा, बीचमा र अन्त्यमा पढ्नु भएपछि के सोध्नुपर्छ सोध भन्ने गर्नुहुन्थ्यो।

•लुगाफाटोमा कत्तिको ध्यान दिनु हुन्थ्यो ?

–लुगामा पूरै बेवास्ता गर्नुहुन्थ्यो। न लुगामा इस्त्री हुन्थ्यो, न जुत्तामा पालिस नै।

•खानामा विशेष स्वाद थियो कि ?

–खसीको टाउकोको रस र मासु खान असाध्य मन पराउनु हुन्थ्यो।

•पूजा गर्ने, मन्दिर जाने पनि गर्नु हुन्थ्यो ?

– कहिलै देखिनँ। सामाजिक चाडपर्वमा टीकोटालो भने गर्नुहुन्थ्यो।

• कस्तो समयमा दुःखी हुनुहुन्थ्यो ?

–दुःख जति कलममै पोख्ने भएकोले शब्दले दुःख प्रकट गर्नुहुन्थेन।

• कुनै गुनासो गर्नु हुन्थ्यो ?

–मैले लेखेको सबैले तारिफ गर्छन् तर शङ्करदेव पन्तले कहिल्यै श्रेय दिएन भनेर एकपटक मसँग गुनासो गर्नुभएको थियो।

•जुवा, तास खेल्नु हुन्थ्यो ?

कहिलेकहीँ दाजुभाइसँग पासा खेल्नुहुन्थ्यो। उहाँ कहिलै जित्नु हुन्थेन। एकपटक त उहाँले फाउण्टेन पेन पनि पासामा थाप्नु भयो र हार्नुभयो। त्यो कुरा मैले परिषद्मा भन्दिएँ। पछि उहाँले मलाई हप्काउनु भएको थियो।

•कस्ता विद्यार्थीहरू ट्युसन पढ्न आउँथे ?

–राणाजी र सम्पन्न व्यापारीका छोराहरू आउँथे। ट्युसन फी. रू. १००।– थियो तर चार जनाको समूहमा पढेर रु २५।–का दरले पनि दिन्थे।

•उहाँको कविता वाचन कला कस्तो थियो ?

–कविता पढ्दा कहिले बनावटी स्वर निकाल्नु हुन्थ्यो तर धेरै जसो नाके स्वर आउँथ्यो उहाँको।

• महाकविका कुनै रचनाको सस्वर अभिलेख छ ?

–मृत्यु शय्यामा केदारमान व्यथितले देवकोटाको वेदना रेकर्ड गर्नुभएको थियो। त्यो थाहा पाएपछि माधव घिमिरेले पनि भोलिपल्ट देवकोटाका भनाइहरू रेकर्ड गर्नुभएको थियो।

• उहाँ कसैलाई प्रतिस्पर्धी ठान्नु हुन्थ्यो कि ?

–त्यस्तो त थाहा छैन तर महाकवि भन्ने गर्नुहुन्थ्यो– 'बाबुसाप (सम) ले जस्तो माझेर, पुछेर, सिनित्त पारेर लेख्न सक्दिन म।'

एकपटक रूद्रराज पाण्डेले महाकवि, सम र म एकै ठाउँ भएको बेलामा 'देवकोटा नाटक नलेख, काव्य नै ठीक छ। नाटकमा बाबुसाप हुनुहुन्छ भन्नुभएको पनि सम्झन्छु।

• भाषानुवाद परिषद्मा कसरी लेखक हुनु भो ?

–नेपालमा बीएसम्मको पढाइ गराउनुपर्ने भएपछि पाठ्यपुस्तक लेखाउनलाई परिषद्ले लेखकमा नियुक्ति गरेको थियो।

• नेपाल एकेडेमीमा कसरी सदस्य बन्नु भयो ?

–देशको प्रतिष्ठाको लागि एकेडेमी स्थापना गर्नुपर्छ भन्ने अभियान महाकविले नै थाल्नु भएको थियो। त्यही विषयमा कुरा गर्न एकपटक प्रधानमन्त्री टङ्कप्रसाद आचार्य महाकविकै घरमा पुग्नुभएको थियो। त्यसपछि एकेडेमी गठनमा उहाँ सदस्य बन्नुभयो।

•उहाँको प्रज्ञाको तलब किन रोकिएको थियो ?

तासकन्द सम्मेलनमा जानु हुँदा नेपालको पासपोर्ट नलिई दिल्लीको पासपोर्ट लिनु, एकेडेमीको सदस्य भएर पनि भाइस चान्सलरसँग स्वीकृत नलिनु, एक कवि जसलाई काखी च्याप्नु भएको थियो, उनैले कम्युनिस्ट भएको पोल लगाएको कारणले पनि हुनसक्छ।

•तलब रोक्दा कत्तिको आक्रोशित हुनुहुन्थ्यो ?

–धेरै बाँचेछु, अब बाँच्न पुग्यो भनेर एक गिलास पानी खानुभएको थियो लप्टनको होटलमा।

• मन्त्री हुँदा कस्तो हुनुहुन्थ्यो ?

–कुनै घमण्ड थिएन तर दाल भात डुकुको कविता लेख्ने मान्छे मन्त्री भएपछि सधैँको भोजले उहाँको स्वास्थ्य बिग्रिएको कुरा समजीले पनि भन्नुभएको थियो।

• कुनै विवादमा पर्नुभएको थियो ?

–शिक्षामन्त्री हुँदा तराईमा अनिवार्यरूपमा नेपाली पढाउनुपर्ने व्यवस्था गरिदिएपछि तराईवासीले प्रतिशोध लिने भनेका थिए रे।

•महाकवि नौ भाषाका ज्ञाता हुनुहुन्थ्यो भनिन्छ नि ?

–उहाँको दक्षता नेपाली र अङ्ग्रेजी भाषामा मात्रै थियो। अन्य भाषामा उति परिष्कार थिएन।

•कसैको चाकडी गर्नुहुन्थ्यो ?

–जनता र शासक रिझाएर सुधार गर्न चाहनुहुन्थ्यो।

•महाकविको मृत्युमा राष्ट्रिय शोक मनाइएको थियो ?

राष्ट्रिय झण्डा आधा झुक्काएर शोक मनाइएको थियो। ❐